# चितवनका प्रतिनिधि उपन्यास कृतिहरूको अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


शोधार्थी
चन्दा के.सी.
शैक्षिक सत्र : २०६८–२०७०
त्रि.वि. दर्ता नं. : ४३९७४–९१


त्रिभुवन विश्वविद्यालय
**वीरेन्द्र बहुमुखी क्याम्पस**
नेपाली विभाग
भरतपुर, चितवन

२०७७/२०२०

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्रा चन्दा के.सी.ले 'चितवनका प्रतिनिधि उपन्यास कृतिहरूको अध्ययन' शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७७/०८/१३
२८/११/२०२०

**प्रा.डा. होमनाथ सापकोटा**
**नेपाली विभाग**
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन

# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन
## नेपाली विभाग

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनका विद्यार्थी चन्दा के.सी. ले नेपाली स्नातकोत्तर तह (एम.ए.) दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरेको ‘चितवनका प्रतिनिधि उपन्यास कृतिहरूको अध्ययन’ शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

प्रा.डा. होमनाथ सापकोटा ____________________
विभागीय प्रमुख हस्ताक्षर

प्रा.डा. होमनाथ सापकोटा ____________________
शोधनिर्देशक हस्ताक्षर

डा. एकनारायण पौड्याल ____________________
सहप्राध्यापक हस्ताक्षर
बाह्य परीक्षक

मिति : २०७७/०८/१९

०४/१२/२०२०

# प्रतिबद्धता-पत्र

यस शोधपत्रभित्रका सामग्रीहरू कतैबाट साभार गरिएको छैन । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा पनि आएको छैन । तसर्थ यो प्रतिवेदन नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

मिति : २०७७/०८/१०

२५/११/२०२०

............................

**चन्दा के.सी.**

# कृतज्ञताज्ञापन

'चितवनका प्रतिनिधि उपन्यास कृतिहरूको अध्ययन' शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार गरिएको हो । यस शोधपत्र तयार गर्ने क्रममा कतिपय जटिल परिस्थितिहरूमा निर्देशन र आवश्यक सल्लाह दिनुका साथै शोधप्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी शोधपत्र लेख्ने अवसर प्रदान गर्नुहुने नेपाली विभागका विभागीय प्रमुख तथा शोधनिर्देशक आदरणीय गुरु प्रा.डा. होमनाथ सापकोटाज्यू तथा नेपाली विभाग परिवारप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । प्रस्तुत शोध लेखनका क्रममा शीर्षक चयन र सामग्री सङ्कलनका लागि आवश्यक सल्लाह र सुझाव दिनुहुने पूर्व नेपाली विभागका विभागीय प्रमुख तथा वरिष्ठ समालोचक प्रा.डा. नारायणप्रसाद खनालप्रति पनि म कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्र लेखनका लागि आफ्नो अमूल्य कृतिहरु उपलब्ध गराइदिनुहुने चितवनका आदरणीय उपन्यासकारज्यूहरुप्रति म आभारी छु । त्यस्तै यस शोधपत्र तयार गर्ने क्रममा आइपरेका कतिपय समस्याहरूमा सही सल्लाह र सुझाव दिनुहुने चितवनका समालोचकज्यूहरू डा. लक्ष्मणप्रसाद गौतम र डी.आर. पोखरेलज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यस्तै कतिपय पुस्तकहरू उपलब्ध गराइदिनुहुने चितवनका साहित्यकारहरू पुष्प अधिकारी 'अञ्जली', किसान प्रेमी, सुप्रदीप्ति भण्डारीप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु । यस शोधलेखनकै क्रममा आवश्यक पुस्तक तथा पत्रपत्रिका उपलब्ध गराइदिनुहुने उद्योग वाणिज्य सङ्घ नारायणगढ, नारायणी कला मन्दिर नारायणगढ, रामेश्वर पुस्तकालय क्षेत्रपुर, वीरेन्द्र बहुमुखी क्याम्पस पुस्तकालय र श्री चितवन माध्यमिक विद्यालय परिवारप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु साथै मेरो अध्ययन कार्यमा सहयोग गर्ने भाइ सुधिरविक्रम के.सी. तथा यस शोधपत्रलाई शुद्धसँग समयमै टङ्कन गरिदिनुहुने लिङ्क कम्प्युटर, भरतपुरका सञ्चालक जीवननाथ ढुङ्गानाज्यूलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवनको नेपाली विभाग समक्ष पेस गर्दछु ।

मिति : २०७७/०८/१२

२७/११/२०२०

............................

चन्दा के.सी.

# विषयसूची


आवरण पृष्ठ

प्रतिबद्धता-पत्र

स्वीकृति-पत्र

शोधनिर्देशकको मन्तव्य

कृतज्ञताज्ञापन

सङ्केतीकृत शब्दसूची

विषयसूची

परिच्छेद : एक

शोधपरिचय

१.१ विषयप्रवेश १

१.२ समस्याकथन १

१.३ शोधकार्यका उद्देश्यहरू २

१.४ पूर्वकार्यको विवरण र समीक्षा २

१.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता ६

१.६ शोधकार्यको सीमाङ्कन ६

१.७ शोधविधि ६

१.७.१ सामग्री सङ्कलन विधि ७

१.७.२ अध्ययन विधि ७

१.८ शोधपत्रको रूपरेखा ७

परिच्छेद : दुई

उपन्यास विश्लेषणका विधातात्विक आधार

२.१ विषयप्रवेश ९

२.२ उपन्यास रचनाका आधारभूत तत्त्वहरू ९
२.२.१ कथानक ९
२.२.२ पात्रविधान १०
२.२.३ परिवेश ११
२.२.४ उद्देश्य ११
२.२.५ दृष्टिविन्दु १२
२.२.६ भाषाशैली १३
२.२.७ द्वन्द्व विधान १३
२.२.८ शीर्षक १४
२.२.९ संवाद १४
२.३ निष्कर्ष १४

## परिच्छेद : तीन

## चितवनमा उपन्यास लेखनपरम्परा

३.१ विषयप्रवेश १६
३.२ चितवनमा उपन्यास लेखनको परम्परा १६
३.३ निष्कर्ष २१

## परिच्छेद : चार

## चितवनका प्रतिनिधि उपन्यास कृतिहरूको अध्ययन

४.१ विषयप्रवेश २२
४.२ चितवनका प्रतिनिधि उपन्यास कृतिहरूको तत्त्वगत अध्ययन २२
४.२.१ *रित्तो आकाश* उपन्यासको अध्ययन २२
४.२.१.१ उपन्यासकार रामबाबु घिमिरेको परिचय २२
४.२.१.२ कथानक २३
४.२.१.३ पात्रविधान २५
४.२.१.४ परिवेश २८
४.२.१.५ उद्देश्य २८

४.२.१.६ दृष्टिविन्दु २९
४.२.१.७ भाषाशैली २९
४.२.१.८ द्वन्द्व विधान ३०
४.२.१.९ शीर्षक ३०
४.२.१.१० संवाद ३०
४.२.२ *बेवारिसे* उपन्यासको अध्ययन ३१
४.२.२.१ उपन्यासकार शोभा रानाको परिचय ३१
४.२.२.२ कथानक ३२
४.२.२.३ पात्रविधान ३३
४.२.२.४ परिवेश ३५
४.२.२.५ उद्देश्य ३६
४.२.२.६ दृष्टिविन्दु ३६
४.२.२.७ भाषाशैली ३७
४.२.२.८ द्वन्द्व विधान ३७
४.२.२.९ शीर्षक ३७
४.२.२.१० संवाद ३८
४.२.३ *कालो कर्णालीको सेतो छायाँ* उपन्यासको अध्ययन ३९
४.२.३.१ उपन्यासकार रविकिरण निर्जीवको परिचय ३९
४.२.३.२ कथानक ४०
४.२.३.३ पात्रविधान ४१
४.२.३.४ परिवेश ४४
४.२.३.५ उद्देश्य ४५
४.२.३.६ दृष्टिविन्दु ४५
४.२.३.७ भाषाशैली ४५
४.२.३.८ द्वन्द्व विधान ४६
४.२.३.९ शीर्षक ४६
४.२.३.१० संवाद ४६
४.२.४ *अन्तिम द्वन्द्व* उपन्यासको अध्ययन ४८

४.२.४.१ उपन्यासकार शारदा ढुङ्गानाको परिचय ४८
४.२.४.२ कथानक ४९
४.२.४.३ पात्रविधान ५०
४.२.४.४ परिवेश ५३
४.२.४.५ उद्देश्य ५४
४.२.४.६ दृष्टिविन्दु ५४
४.२.४.७ भाषाशैली ५५
४.२.४.८ द्वन्द्व विधान ५५
४.२.४.९ शीर्षक ५५
४.२.४.१० संवाद ५६
४.२.५ *समयको रेखाचित्र* उपन्यासको अध्ययन ५७
४.२.५.१ उपन्यासकार हरिहर खनालको परिचय ५७
४.२.५.२ कथानक ५९
४.२.५.३ पात्रविधान ६०
४.२.५.४ परिवेश ६३
४.२.५.५ उद्देश्य ६४
४.२.५.६ दृष्टिविन्दु ६४
४.२.५.७ भाषाशैली ६४
४.२.५.८ द्वन्द्व विधान ६५
४.२.५.९ शीर्षक ६५
४.२.५.१० संवाद ६५
४.२.६ *इतिहासको एक पैका* उपन्यासको अध्ययन ६७
४.२.६.१ उपन्यासकार रणेन्द्र बरालीको परिचय ६७
४.२.६.२ कथानक ६८
४.२.६.३ पात्रविधान ७१
४.२.६.४ परिवेश ७४
४.२.६.५ उद्देश्य ७५
४.२.६.६ दृष्टिविन्दु ७६

४.२.६.७ भाषाशैली ७६

४.२.६.८ द्वन्द्व विधान ७६

४.२.६.९ शीर्षक ७७

४.२.६.१० संवाद ७७

४.२.७ *अनन्त पाइला* उपन्यासको अध्ययन ७९

४.२.७.१ उपन्यासकार धनराज गिरीको परिचय ७९

४.२.७.२ कथानक ८०

४.२.७.३ पात्रविधान ८१

४.२.७.४ परिवेश ८३

४.२.७.५ उद्देश्य ८४

४.२.७.६ दृष्टिविन्दु ८५

४.२.७.७ भाषाशैली ८५

४.२.७.८ द्वन्द्व विधान ८५

४.२.७.९ शीर्षक ८६

४.२.७.१० संवाद ८६

४.२.८ *सेतो धरती* उपन्यासको अध्ययन ८८

४.२.८.१ उपन्यासकार अमरको परिचय ८८

४.२.८.२ कथानक ८९

४.२.८.३ पात्रविधान ९०

४.२.८.४ परिवेश ९४

४.२.८.५ उद्देश्य ९५

४.२.८.६ दृष्टिविन्दु ९६

४.२.८.७ भाषाशैली ९६

४.२.८.८ द्वन्द्व विधान ९६

४.२.८.९ शीर्षक ९७

४.२.८.१० संवाद ९७

४.२.९ *नियति चक्र* उपन्यासको अध्ययन ९९

४.२.९.१ उपन्यासकार रामबाबु घिमिरेको परिचय ९९

४.२.९.२ कथानक १००
४.२.९.३ पात्रविधान १०१
४.२.९.४ परिवेश १०३
४.२.९.५ उद्देश्य १०४
४.२.९.६ दृष्टिविन्दु १०५
४.२.९.७ भाषाशैली १०५
४.२.९.८ द्वन्द्व विधान १०५
४.२.९.९ शीर्षक १०६
४.२.९.१० संवाद १०६
४.३ निष्कर्ष १०८

## परिच्छेद : पाँच

## उपसंहार तथा निष्कर्ष

५.१ उपसंहार १०९
५.१.१ परिच्छेद : एकको निष्कर्ष १०९
५.१.२ परिच्छेद : दुईको निष्कर्ष १०९
५.१.३ परिच्छेद : तीनको निष्कर्ष १०९
५.१.४ परिच्छेद : चारको निष्कर्ष ११०
५.२ समग्र निष्कर्ष १११
**सन्दर्भ सामग्रीसूची**

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| अनु. | अनुवादक |
| अ.सं. | अध्ययन संस्थान |
| आइ.ए. | इन्टरमिडियट अफ आर्टस |
| इ.सं. | इस्वी सम्वत् |
| उप.प्रा. | उप-प्राध्यापक |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| एम.ए. | मास्टर अफ आर्टस् |
| एस.एल.सी. | स्कुल लिभिङ सर्टिफिकेट |
| क्र.सं. | क्रम सङ्ख्या |
| गा.वि.स. | गाउँ विकास समिति |
| चौ.सं. | चौथो संस्करण |
| डा. | डाक्टर |
| तृ.सं. | तृतीय संस्करण |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | दोस्रो संस्करण |
| न.पा. | नगरपालिका |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| ने.रा.प्र.प. | नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान |
| नं. | नम्बर |
| पृ. | पृष्ठ |
| प्रलेस | प्रगतिशील लेखक संघ |
| प्रा. | प्राध्यापक |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| बि.ए. | ब्याचलर अर्फ आर्टस् |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि.सं. | विक्रम संवत् |
| सम्पा. | सम्पादक |
| सा.प्र. | साझा प्रकाशन |
| स्व. | स्वर्गीय |

## परिच्छेद : एक
# शोधपरिचय

### १.१ विषयप्रवेश

आवागमन, भौगोलिक र बसोवासका दृष्टिले चितवन देशको मध्य वा केन्द्र भागमा अवस्थित छ । यस जिल्लाका लेखकहरू साहित्य सिर्जनाका विविध क्षेत्रमा क्रियाशील रहँदै आएका छन् । उपन्यास सिर्जनामा समेत चितवनको गतिशीलता महत्त्वपूर्ण देखिँदै आएको छ । वि.सं. २०३० को दशकदेखि आरम्भ भएको चितवनको औपन्यासिक यात्रा २०७६ सालसम्म आइपुग्दा विविधतामय देखिएको छ । चितवनमा लामो समय स्थायी बसोवास गरी चितवनलाई मुख्य कार्यक्षेत्र बनाई उपन्यास लेखनमा सक्रिय रहेका लेखकहरूबाट लिखित, प्रकाशित उपन्यासहरूको सङ्ख्या यस अवधिमा तीन दर्जनभन्दा बढी देखिन आएको छ । ऐतिहासिक र गुणात्मक दुवै दृष्टिले यी उपन्यासहरू महत्त्वपूर्ण देखिएका छन् ।

हालसम्म प्रकाशित चितवनका छत्तीसवटा उपन्यासहरूमध्ये आख्यानीकरणको सबलता, गुणात्मकता र कालक्रमिकतालाई आधार बनाई नौवटा उपन्यासहरूलाई प्रतिनिधि उपन्यासका रूपमा छनोट गरिएको छ । रामबाबु घिमिरेको *रित्तो आकाश* (२०३४), शोभा रानाको *बेवारिसे* (२०५२), रविकिरण निर्जीवको *कालो कर्णालीको सेतो छायाँ* (२०५६), शारदा ढुङ्गानाको *अन्तिम द्वन्द्व* (२०६२), हरिहर खनालको *समयको रेखाचित्र* (२०६५), रणेन्द्र बरालीको *इतिहासको एक पैका* (२०६६), धनराज गिरीको *अनन्त पाइला* (२०६८), अमर न्यौपानेको *सेतो धरती* (२०६८) र जलेश्वरी श्रेष्ठको *नियति चक्र* (२०६९) प्रस्तुत अध्ययनमा प्रतिनिधि उपन्यासका रूपमा छनोट गरिएका उपन्यासहरू हुन् । यस आधारमा प्रस्तुत अध्ययनको शीर्षक 'चितवनका प्रतिनिधि उपन्यास कृतिहरूको अध्ययन' हुन आएको छ ।

### १.२ समस्याकथन

चितवनका उपन्यासहरूको कालक्रमिक अध्ययन र चितवनका प्रतिनिधि उपन्यासहरूको विधातात्त्विक अध्ययन यस शोधकार्यको मुख्य समस्या हो । यसका समस्याहरू बुँदागत रूपमा निम्न रहेका छन् :

(क) चिवतनमा उपन्यास लेखनपरम्परा के-कस्तो रहेको छ ?

(ख) चितवनका प्रतिनिधि उपन्यासहरू विधातत्त्वका आधारमा के-कस्ता देखिन्छन् ?

यिनै समस्याहरूमा केन्द्रित रहेर चितवनका प्रतिनिधि उपन्यासहरूको विस्तृत अध्ययन र विश्लेषण यस शोधपत्रमा गरिएको छ ।

## १.३ शोधकार्यका उद्देश्यहरू

उल्लिखित शोध समस्यामा आधारित प्रश्नहरूमा केन्द्रित रहेर चितवनका प्रतिनिधि औपन्यासिक कृतिहरूको अध्ययन गरिएको यस शोधकार्यका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

(क) चितवनमा उपन्यास लेखनपरम्पराको अध्ययन गर्नु ।

(ख) चितवनका प्रतिनिधि उपन्यासहरूको विधातात्त्विक अध्ययन गर्नु ।

उपर्युक्त उद्देश्यहरूमा आधारित रहेर यो शोधकार्य सम्पन्न गरिएको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

चितवनमा २०३० को दशक प्रारम्भदेखि उपन्यास लेखन कार्य सुरु भएको पाइन्छ । यहाँका उपन्यासहरू तीन दर्जनभन्दा बढी रहेका छन् । चितवनको साहित्यका सन्दर्भमा चितवनका उपन्यासका बारेमा हालसम्म भएका पूवकार्यहरू यसप्रकार रहेका छन् :

लक्ष्मणप्रसाद गौतमले *चितवनको साहित्य : सर्वेक्षण विश्लेषण* (२०५२) ग्रन्थमा चितवनका साहित्यिक कृतिहरूको विश्लेषण गर्ने क्रममा नारायण गौतमको *त्यो को हो ?*, केशवराज भट्टराई र लीलामणी भट्टराईको *हिमाल रुन्छ,* माधव खनालको *परित्याग,* मित्रबन्धु पौडेलको *बिर्सन नसकेको तस्वीर* र शोभा रानाको *बेवारिसे* गरी पाँचवटा उपन्यासहरूको विश्लेषण गरेका छन् । विश्लेषण गर्ने क्रममा उनले कविता, कथा आदि अन्य विधाका तुलनामा औपन्यासिक विधातिर चितवनका साहित्य साधकहरूको त्यति संलग्नता नरहेको देखिन्छ भन्दै प्रकाशित भएका उपर्लिखित उपन्यासहरूले पनि त्यति कलात्मक मूल्य प्राप्त गर्न सकेका छैनन् भनेका छन् ।

हरिहर खनालले “साहित्य : एक विहङ्गम दृष्टि” (२०५५) शीर्षकको लेखमा चितवनका साहित्यकार र चितवनका कृतिहरूको परिचय दिने क्रममा चितवनका उपन्यासकार र उपन्यासहरूको पनि चर्चा गरेका छन् । यस क्रममा केशवराज भट्टराइ ‘आमोदी’ र लिलामणि भट्टराईको *हिमाल रुन्छ,* मित्रबन्धु पौडेलको *बिर्सन नसकेको तस्वीर,* शोभा रानाको *बेवारिसे,* कृष्ण सुदामा घायलको *जय-पराजय* लगायत केही उपन्यासहरूको उल्लेख गरेका छन् ।

हरिहर खनालले “चितवनको साहित्यिक प्रकाशन” (२०६७) शीर्षकको लेखमा चितवनबाट प्रकाशित विभिन्न पत्र-पत्रिकाका साथै विभिन्न कृतिहरूको उल्लेख गर्ने क्रममा केशवराज भट्टराइ ‘आमोदी’ र लिलामणि भट्टराईको *हिमाल रुन्छ,* नारायण गौतमको *त्यो को हो ?*, मित्रबन्धु पौडेलको *बिर्सन नसकेको तस्बिर,* माधव खनालको *परित्याग,* शोभा रानाको *बेवारिसे,* गोवर्द्धन पूजाको *शून्यताको आँचलभित्र,* हरिनारायण सापकोटाको *मन पराएको*

*केटो,* कृष्ण सुदामा घायलको *जय पराजय* र रविकिरण निर्जीवको *कालो कर्णालीको सेतो छायाँ* उपन्यसको नाम उल्लेख गरेका छन् ।

लक्ष्मणप्रसाद गौतमले "चितवनको साहित्य : यात्रा र प्रवृत्ति" (२०५७) शीर्षकको लेखमा चितवनका विभिन्न कृतिहरूको उल्लेख गर्ने क्रममा केशवराज भट्टराइ 'आमोदी' र लिलामणि भट्टराईको *हिमाल रुन्छ,* केशवकान्त ढकालको *तिम्रो कसम,* माधव खनालको *परित्याग,* मित्रबन्धु पौडेलको *बिर्सन नसकेको तस्बिर,* नारायण गौतमको *त्यो को हो ?,* शोभा रानाको *बेवारिसे,* हरिनारायण सापकोटाको *मन पराएको केटो,* कृष्ण सुदामा घायलको *जय पराजय* र रविकिरण निर्जीवको *कालो कर्णालीको सेतो छायाँ* उपन्यासहरूको उल्लेख गरेका छन् ।

लक्ष्मणप्रसाद गौतमले "प्रजातन्त्र पुनर्स्थापनापछिको चितवनको साहित्य" (२०६०) शीर्षकको लेखमा २०४६ सालको राजनीतिक परिवर्तन वा प्रजातन्त्रको पुनर्स्थापनापछिको चितवनको साहित्यिक कृतिहरूको उल्लेख गर्ने क्रममा केशवराज भट्टराइ 'आमोदी' र लिलामणि भट्टराईको *हिमाल रुन्छ,* केशवकान्त ढकालको *तिम्रो कसम,* माधव खनालको *परित्याग,* मित्रबन्धु पौडेलको *बिर्सन नसकेको तस्बिर,* रविकिरण निर्जीवको *कालो कर्णालीको सेतो छायाँ,* गोवर्द्धन पूजाको *शून्यताको आँचलभित्र,* शोभा रानाको *बेवारिसे* र नारायण गौतमको *त्यो को हो ?* उपन्यासहरूको नाम उल्लेख गर्दै २०४७ साल यताका उपन्यासहरू मूलतः सामाजिक यथार्थवादी देखिएका र केही उपन्यास भने भावुकतावादी प्रवृत्तिको पाइन्छ भनेका छन् ।

रमेश प्रभातले "चितवनका साहित्यिक कृतिहरूको अभिरेखाङ्कन" (२०६४) शीर्षकको लेखमा चितवनका विविध विधाका कृतिहरूको चर्चा गर्दै कृतिहरूको विश्लेषण गर्ने क्रममा रामबाबु घिमिरेका *रित्तो आकाश,* केशवराज भट्टराइ 'आमोदी' र लिलामणि भट्टराईको *हिमाल रुन्छ,* नारायण गौतमको *त्यो को हो ?,* मित्रबन्धु पौडेलको *बिर्सन नसकेको तस्बिर,* माधव खनालको *परित्याग,* शोभा रानाको *बेवारिसे,* हरिनारायण सापकोटाको *मन पराएको केटो,* कृष्ण सुदामा घायलको *जय पराजय,* रविकिरण निर्जीवको *कालो कर्णालीको सेतो छायाँ* र सरला जोशीको *अन्तिम स्वीकार* उपन्यासको नाम मात्र उल्लेख गर्दै कलात्मक चेतनाका दृष्टिले चितवनका औपन्यासिक कृतिहरू त्यति प्रभावपूर्ण देखिँदैनन् भनेका छन् ।

गोविन्दराज विनोदीले "चितवनका स्रष्टा र साहित्य" (२०६७) शीर्षकको लेखमा चितवनका स्रष्टा र साहित्यबारे अत्यन्त सङ्क्षेपमा चर्चा गर्ने क्रममा रामबाबु घिमिरेका *रित्तो आकाश,* केशवराज भट्टराइ 'आमोदी' र लिलामणि भट्टराईको *हिमाल रुन्छ* उपन्यासको नाम उल्लेख गर्दै उपन्यासकार नारायण गौतम, मित्रबन्धु पौडेल, गोवर्द्धन पूजा, माधव खनाल, शोभा राना, कृष्ण सुदामा घायल, हरिहर खनाल, हरिनारायण सापकोटा, रणेन्द्र बराली, रविकिरण निर्जीव, सरला जोशी र शारदा ढुङ्गानाको नाम उल्लेख गरेका छन् ।

डी.आर. पोखरेलले “चितवनको पुस्तक र पत्रिकाहरूको नालीबेली” (२०६८) शीर्षकको लेखमा चितवनको साहित्यको चर्चा गर्ने क्रममा २०४७ देखि २०६६ सालसम्मका केशवराज भट्टराइ ‘आमोदी’ र लिलामणि भट्टराईको *हिमाल रुन्छ,* कृष्ण सुदामा घायलको *जय पराजय,* रविकिरण निर्जीवको *कालो कर्णालीको सेतो छायाँ* र सरला जोशीको *अन्तिम स्वीकार* उपन्यासहरूको उल्लेख गरेका छन् ।

लक्ष्मणप्रसाद गौतमले “चितवनको साहित्य : विगत र वर्तमान” (२०७०) शीर्षकको लेखमा चितवनको विभिन्न साहित्यिक विधाहरूको जानकारी गराउँदै चितवनको उपन्यासको विशेषता र विवरण दिने क्रममा रामबाबु घिमिरेका *रित्तो आकाश,* केशवराज भट्टराइ ‘आमोदी’ र लिलामणि भट्टराईको *हिमाल रुन्छ,* नारायण गौतमको *त्यो को हो ?,* मित्रबन्धु पौडेलको *बिर्सन नसकेको तस्बिर,* माधव खनालको *परित्याग,* शोभा रानाको *बेवारिसे* र *शिकार,* कृष्ण सुदामा घायलको *जय पराजय,* हरिनारायण सापकोटाको *मनपराएको केटो,* रविकिरण निर्जीवको *कालो कर्णालीको सेतो छायाँ,* सरला जोशीको *अन्तिम स्वीकार,* हरिहर खनालको *उज्यालोको खोजीमा* र *समयको रेखाचित्र,* रणेन्द्र बरालीको *इतिहासको एक पैका,* निरुपा प्रसूनको *अभिषेक,* धनराज गिरीको *अनन्त पाइला,* अमर न्यौपानेको *सेतो धरती* हरिनारायण सापकोटाको *मन पराएको केटो* उपन्यासको उल्लेख गर्दै उनले भनेका छन् - चितवनका केही उपन्यासले नेपाली साहित्यको मूलधारमा समाहित हुने हैसियत राख्छन् भने केही उपन्यास हल्का र सतही पनि देखिन्छन् ।

प्रेमविनोद नन्दनले “चितवनको साहित्य : विगत, वर्तमान र आगत” (२०७१) विषयक परिचर्चा गर्ने सन्दर्भमा चितवनको साहित्य विगतलाई उपलब्धिमूलकभन्दा अभ्यासमूलकको स्थितिमा मूल्याङ्कन गर्नु उपयुक्त ठानेका छन् । आजसम्मका उपलब्धिको परिप्रेक्ष्यमा यहाँका स्रष्टाहरूले पनि केन्द्रीयतालाई भत्काउने चुनौतिलाई आ-आफ्नो उपस्थितिद्वारा सार्थक बनाइसकेका छन् भन्दै अमर न्यौपानेको *सेतो धरती* उपन्यासको उल्लेख गरेका छन् ।

रविकिरण निर्जीवले “चितवनको साहित्य : विगत, वर्तमान र आगत” (२०७१) विषयक परिचर्चा गर्ने सन्दर्भमा नाटक र उपन्यासबाहेक अरू विधामा चितवनको साहित्यले राम्रो उचाइ तथा उपलब्धि प्राप्त गरेको अनुभव गरेको छु’ भनेका छन् ।

लक्ष्मणप्रसाद गौतमले *चितवनको साहित्यिक रूपरेखा* (२०७२) ग्रन्थमा चितवनका उपन्यासहरूको विशेषता र विवरण दिने क्रममा चितवनका उपन्यासकार, उपन्यास, प्रकाशन वर्ष दिने क्रममा रामबाबु घिमिरेका *रित्तो आकाश,* केशवराज भट्टराइ ‘आमोदी’ र लिलामणि भट्टराईको *हिमाल रुन्छ,* नारायण गौतमको *त्यो को हो ?,* मित्रबन्धु पौडेलको *बिर्सन नसकेको तस्बिर,* माधव खनालको *परित्याग,* शोभा रानाको *बेवारिसे* र *शिकार,* कृष्ण सुदामा घायलको *जय पराजय,* हरिनारायण सापकोटाको *मन पराएको केटो* रविकिरण निर्जीवको *कालो कर्णालीको सेतो छायाँ,* सरला जोशीको *अन्तिम स्वीकार,* हरिहर खनालको *उज्यालोको खोजीमा* र *समयको रेखाचित्र,* रणेन्द्र बरालीको *इतिहासको एक पैका,* निरुपा

प्रसूनको *अभिषेक*, धनराज गिरीको *अनन्त पाइला*, अमर न्यौपानेको *सेतो धरती* र *करोडौँ कस्तुरी* उपन्यासको उल्लेख गर्दै चितवनका केही उपन्यासमा आख्यानीकरण र कलात्मकताका बीच सन्तुलन पाइन्छ भने धेरै उपन्यासमा त्यो सन्तुलन पाइँदैन भनेका छन् ।

निनु चापगाइले "पहिलो पाठपछि परेको प्रभाव" (बराली, २०६६) शीर्षकको भूमिका लेखमा उपन्यासकार रणेन्द्र बरालीको *इतिहासको एक पैका* उपन्यासमा आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक सबै पक्षबाट पिछडिएको दलित समुदायको नेतृत्व गर्दै दलित मुक्ति आन्दोलनको मात्र नभै सर्वहारा आन्दोलनकै शीर्ष व्यक्तित्वको वर्णन गर्दै नेपाली जनताको मुक्ति आन्दोलनको वर्णन गरिएकोछ भन्दै उपन्यास एक किसिमले ऐतिहासिक अभिलेख समेत बन्न पुगेको बताएका छन् ।

शारदा पौडेल (रिमाल) ले "जीवन्त चित्र" (बराली, २०६६) शीर्षकको भूमिका लेखमा उपन्यासकार रणेन्द्र बरालीको *इतिहासको एक पैका* उपन्यासको विशेषताहरू चर्चा गर्दै राजनीतिक नेतृत्व गर्ने मान्छेले भोग्नु परेका नियतिका बारेमा केलाएकी छिन् र यसमा आफ्नो आस्था र विश्वासका बिम्बहरू भत्किँदा मान्छे कति आहत हुन्छ भन्ने स्वयम्का अनुभूतिहरूलाई प्रस्तुत कृतिमा समेटिएको छ भनेकी छिन् ।

कृष्ण गौतमले "भूमिका" (न्यौपाने, २०६८) शीर्षकको लेखमा उपन्यासकार अमर न्यौपानेको *सेतो धरती* उपन्यास पूर्वआधुनिक विषयलाई आधुनिक शैलीमा लेखिएको नवयथार्थवादी उपन्यास मान्दै यस उपन्यासलाई नवयथार्थवादमा केन्द्रित नभएर फेन्टासी र स्वप्निलतामा समेत आरोहण गर्दै मायावी यथार्थवादलाई पनि समट्ने उपन्यास भनेका छन् ।

ध्रुवचन्द्र गौतमले "औपन्यासिक यात्रालाई शुभकामना" (श्रेष्ठ, २०६९) शीर्षकको भूमिका लेखमा उपन्यासकार जलेश्वरी श्रेष्ठको *नियति चक्र*मा नारी स्वतन्त्रतालाई साहसका साथ प्रस्तुत गरिएको यस उपन्यासमा एउटै समाजमा समान महत्त्व राख्ने स्त्री र पुरुषका बीच दोहोरो नैतिक मापदण्ड राखिएको, अन्यायपूर्ण वास्तविकताको यसमा खुलेरै विरोध गरिएको छ भन्दै नारीवादी स्वर उपन्यासमा सफलतापूर्वक घन्काइएको र यौन स्वतन्त्रता र यौन शोषण दुवै पक्षको चित्रण गरिएको छ भनेका छन् ।

राजेन्द्र सुवेदीले "सामाजिक दुर्नियतिको नियति चक्र : जलेश्वरी श्रेष्ठको औपन्यासिक सृजना-चेत" (श्रेष्ठ, २०६९) शीर्षकको भूमिका लेखमा उपन्यासकार श्रेष्ठको औपन्यासिक चेतना सांस्कृतिक दृष्टिले वर्तमानको स्वतन्त्रता र लैङ्गिक सीमान्तीयताको अवस्था समेटेर उपन्यासको कार्य निर्माण भएको छ भन्दै पुराना र नयाँ पुस्ताका बीचका संस्कारगत विषमता, जातीयता र वर्गीयताका बीचका सांस्कृतिक विषमता, आस्था र निष्ठाका बीचमा रहेका धर्मका विसङ्गत पक्षहरू श्रेष्ठको उपन्यासका विषयगत कणहरू बनेका छन् भन्दै श्रेष्ठका प्रवृत्तिका साथै प्रस्तुत कृतिको विशेषताको चर्चा गरेका छन् ।

विष्णुप्रसाद पौडेलले 'चितवनका नारी स्रष्टाका औपन्यासिक कृतिहरूको अध्ययन' (२०७२) नामक स्नातकोत्तर शोधपत्रमा चितवनका नारी स्रष्टाका औपन्यासिक कृतिहरूको

अध्ययन र विश्लेषण गर्ने क्रममा बाल उपन्याससहित एघारवटा उपन्यासको अध्ययन-विश्लेषण गरेका छन् । यिनले चितवनका नारी उपन्यासकारहरूको आफ्ना उपन्यासहरूमा समाजका यथार्थ घटनाहरूलाई प्रस्तुत गर्ने प्रयास गरेका छन्, जसमा नारी समस्यालाई मूल समस्या बनाएर जीवनसङ्घर्ष, प्रेरणा, गरिबी, अशिक्षा, लैङ्गिक विभेदजस्ता विषयलाई समेटिएको छ भनेका छन् ।

माथि प्रस्तुत भएका विवरणहरूमा चितवनका उपन्यासबारे प्रासङ्गिक तथा फुटकर रूपमा चर्चा गरिएको भए तापनि चितवनका उपन्यासहरूको विस्तृत समग्र अध्ययन-अनुसन्धान भएको छैन । त्यसैले प्रस्तृत शोधकार्य चितवन जिल्लामा उपन्यास लेखनपरम्पराको सर्वेक्षण गर्दै 'चितवनका प्रतिनिधि उपन्यास कृतिहरूको अध्ययन' मा केन्द्रित रहेको छ ।

## १.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

नेपाली साहित्यमा चितवन जिल्लाका उपन्यासकार र तिनका उपन्यासहरूको महत्त्वपूर्ण स्थान छ । अन्य साहित्यिक विधाहरूसँग मिसाएर चर्चा-परिचर्चा गरिएको भए पनि चितवनका उपन्यास विधामा मात्र केन्द्रित भई अध्ययन-अनुसन्धान भएको छैन । नेपाली साहित्यमा राम्रो प्रभाव पार्न सफल चितवनका औपन्यासिक कृतिहरूको सर्वेक्षण, विश्लेषण र मूल्याङ्कन हुन आवश्यक छ । यसबाट चितवनका समग्र उपन्यास र उपन्यासकारहरूको यथार्थ विवरण आउँछ । प्रस्तुत शोधकार्यबाट चितवनको समग्र उपन्यासकारिताको विश्लेषण र मूल्याङ्कन गर्न र थप अध्ययन-अनुसन्धान गर्न ठूलो सहयोग पुग्नुका साथै चितवनका उपन्यासहरूको बारेमा जान्न इच्छुक व्यक्ति वा सङ्घ-संस्था सबैका लागि उपादेय हुने भएकाले प्रस्तुत शोधकार्य स्वाभाविक रूपमा औचित्ययुक्त, महत्त्वपूर्ण र उपयोगी हुनेछ ।

## १.६ शोधकार्यको सीमाङ्कन

हालसम्म प्रकाशित छत्तीसवटा उपन्यासहरूमध्ये आख्यानीकरणको सबलता र गुणात्मकताका दृष्टिले स्तरीय देखिएका *रित्तो आकाश* (२०३४), *बेवारिसे* (२०५२), *कालो कर्णालीको सेतो छायाँ* (२०५६), *अन्तिम द्वन्द्व* (२०६२), *समयको रेखाचित्र* (२०६५), *इतिहासको एक पैका* (२०६६), *अनन्त पाइला* (२०६८), *सेतो धरती* (२०६८) र *नियति चक्र* (२०६९) उपन्यासलाई प्रतिनिधि उपन्यासका रूपमा ग्रहण गरी विधातत्त्वका आधारमा तिनको अध्ययन गर्नु प्रस्तुत अध्ययनको सीमा रहेको छ ।

## १.७ शोधविधि

अध्ययन एक औपचारिक एवम् व्यवस्थित कार्य भएकाले यसमा विषयसँग सम्बन्धित खास विधिहरूको प्रयोग गरी अध्ययन विश्लेषण गरिन्छ । शोधकार्यलाई निश्चित उद्देश्य प्राप्तितर्फ डोहोऱ्याउनका लागि स्पष्ट अध्ययन विधिको आवश्यकता पर्ने हुनाले शोधविधिको

विवरण दिनु महत्त्वपूर्ण हुन्छ । यसैले यस शोधलाई पूर्ण गर्नका लागि निम्नानुसारका विधिहरू अपनाइएको छ :

### १.७.१ सामग्री सङ्कलन विधि

यस शोधकार्य सम्पन्न गर्ने क्रममा सामग्री सङ्कलन गर्दा सम्बद्ध वयक्तिहरूसँग सम्पर्क, विभिन्न व्यक्ति वा सङ्घ-संस्थाबाट प्रकाशित पत्र-पत्रिका सङ्कलन र पुस्तकालीय अध्ययनबाट सामग्री सङ्कलन गरिएको छ । औपन्यासिक कृतिहरू प्राप्तिका निम्ति मूललेखक, चितवनका साहित्यकारहरू, समालोचकहरू र पुस्तकालयहरूबाट सहयोग लिनुका साथै सम्बन्धित विषय विशेषज्ञ व्यक्तिहरूसँग आवश्यक सल्लाह, सुझाव र परामर्श समेत लिइएको छ । यसका साथै औपन्यासिक कृतिहरूको सैद्धान्तिक अध्ययनका लागि पुस्तकालयीय अध्ययनबाट आवश्यक सामग्री सङ्कलन गरिएको छ ।

### १.७.२ अध्ययनविधि

प्रस्तुत शोधकार्यमा कृतिहरूको सैद्धान्तिक अध्ययनका निम्ति उपन्यासका विधागत प्रमुख तत्त्वहरू संरचना, कथानक, पात्रविधान, परिवेश, उद्देश्य, दृष्टिविन्दु, भाषाशैली, द्वन्द्वविधान, शीर्षक, संवादलाई सैद्धान्तिक आधार बनाइएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा शोधपत्रको आन्तरिक संरचनालाई व्यवस्थित एवम् परस्पर शृङ्खलित र सुसङ्गठित बनाउन यस शोधपत्रलाई पाँच परिच्छेदहरूमा विभक्त गरी प्रस्तुत गरिएको छ । यस शोधपत्रको रूपरेखा निम्नानुसार रहेका छन् :

**परिच्छेद एक : शोधपरिचय**

यस परिच्छेदमा विषयप्रवेश, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखा उपशीर्षकहरू रहेका छन् ।

**परिच्छेद दुई : उपन्यास विश्लेषणका विधातात्विक आधार**

यस परिच्छेदमा विषयप्रवेश, उपन्यास विश्लेषणका विधातात्त्विक आधारहरूमा कथानक, पात्रविधान, परिवेश, उद्देश्य, दृष्टिविन्दु, भाषाशैली, द्वन्द्वविधान, शीर्षक, संवाद र निष्कर्ष प्रस्तुत गरिएको छ ।

**परिच्छेद तीन : चितवनमा उपन्यास लेखनपरम्परा**

यस परिच्छेदमा विषयप्रवेश, चितवनमा उपन्यास लेखनको परम्परा प्रथम चरण र द्वितीय चरणको प्रस्तुतीकरण र निष्कर्ष प्रस्तुत गरिएको छ ।

**परिच्छेद चार : चितवनका प्रतिनिधि उपन्यासहरूको अध्ययन**

यस परिच्छेदमा विषयप्रवेश, चितवनका प्रतिनिधि उपन्यास कृतिहरू जसमा *रित्तो आकाश, बेवारिसे, कालो कर्णालीको सेतो छायाँ, अन्तिम द्वन्द्व, समयको रेखाचित्र, इतिहासको एक पैका, अनन्त पाइला, सेतो धरती* र *नियति चक्र* गरी नौवटा प्रतिनिधि उपन्यासहरूको विधातात्त्विक अध्ययन र निष्कर्ष प्रस्तुत गरिएको छ ।

**परिच्छेद पाँच : उपसंहार तथा निष्कर्ष**

यस परिच्छेदमा शोधको उपसंहार तथा निष्कर्ष प्रस्तुति गरिएको छ । यसमा अलग-अलग रूपमा परिच्छेदअन्तर्गत सार र समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

यस शोधपत्रको आदि भागमा प्रतिबद्धतापत्र, स्वीकृतिपत्र, शोधनिर्देशकको मन्तव्य, कृतज्ञता ज्ञापन र सङ्क्षेपीकृत शब्दसूची, विषयसूची तथा अन्त्य भागमा सन्दर्भ सामग्रीसूची प्रस्तुत गरिएको छ ।

# परिच्छेद दुई

# उपन्यास विश्लेषणका विधातात्त्विक आधार

## २.१ विषयप्रवेश

प्रस्तुत परिच्छेदमा उपन्यासको विधातात्त्विक अध्ययनका आधारसहित त्यसको निष्कर्ष प्रस्तुत गरिएको छ ।

## २.२ उपन्यास रचनाका आधारभूत तत्त्वहरू

उपन्यास साहित्यको एउटा छुट्टै बिधा हो । विद्वान्हरूले गरेका परिभाषाअनुरूप विभिन्न उपन्यासको स्वरूप फरक-फरक भए पनि उपन्यासको निर्माणका लागि यसलाई निश्चित आकार प्रदान गर्न केही संरचक घटकहरूको आवश्यकता पर्नुका साथै ती घटकहरू बीच पारस्परिक संयोजनको आवश्यकता पर्दछ । ती आवश्यक संरचक घटकहरूलाई उपन्यासको तत्त्व भनिन्छ । यस्ता तत्त्वहरूमा कथानक, पात्रविधान, परिवेश, उद्देश्य, दृष्टिविन्दु, भाषाशैली, द्वन्द्व विधानजस्ता तत्त्वहरू अनिवार्य र प्राथमिक स्तरका हुन्छन् भने बिम्ब, प्रतीक, अलङ्कार, शीर्षक, संवाद आदि सहायक तत्त्वमा समावेश हुन्छन् । यहाँ उपन्यासका तिनै तत्त्वहरूको चर्चा गरिएको छ :

### २.२.१ कथानक

उपन्यास संरचनाको आधारशिला मानिने कथानकले उपन्यासमा आउने घटनालाई समय, परिवेश र परिस्थितिअनुकूल एक-आपसमा कार्यकारण शृङ्खला मिलाउने काम गर्दछ । यसले उपन्यासमा उपन्यासकारको विचार वा धारणालाई मूर्तरूप प्रदान गर्दछ । कथानकभित्र विभिन्न घटना, कार्यव्यापार, परिवेश र द्वन्द्व हुन्छन् । कथानकले उपन्यासको शीर्षक, पात्र, परिवेश, समय, सारवस्तुजस्ता अन्तर्बस्तुहरूलाई गति प्रदान गर्दछ । उपन्यासमा मानसिक उतार-चढाव, घात-प्रतिघात र क्रिया-प्रतिक्रियाद्वारा औपन्यासिक कथानकलाई अगाडि बढाइन्छ । कथानक इतिहास, राजनीति, समाज, आदिमग्रन्थ, सौन्दर्य र स्वैरकल्पनाजस्ता पक्षहरूबाट लिइन्छ । प्रारम्भकालीन समयमा कथानकालाई प्रमुख तत्त्व मानिए पनि आजभोलि कथानकको महत्त्व र आवश्यकता केही मात्रामा घट्दै गएको छ । आजभोलि कथानकलाई गौण स्थान दिएर पनि उपन्यास रचना गरिएको पाइन्छ । घटनाप्रधान उपन्यासमा भने कथानक प्रमुख तत्त्व भएर आउँछ । धेरै घटनाहरू समाविष्ट भएको कथानकलाई जटिल कथानक भनिन्छ ।

कथानकका आदि, मध्य र अन्त्यका रूपमा अन्वित अङ्गहरूले एउटा व्यवस्थित आख्यान प्रस्तुत गर्दछन् । यस्तो प्रस्तुतिका क्रममा आदि भागमा आख्यानभित्रको परिचय खण्ड रहन्छ । मध्य भागमा आख्यानभित्र विकसित हुने समस्या र अवस्थाले द्वन्द्वबाट सङ्घर्ष

बढ्दै जान्छ र अन्य सङ्कटावस्थाको सिर्जना गराउँछ । यस स्थितिमा जटिलता र कौतुहलता जागृत हुन्छ । यस्तै मध्य भागमा कथानकले उपल्लो स्तर कायम गर्दछ, जसले पात्रहरू गम्भीर बन्न पुग्दछन् र कथानकले एउटा निर्णयमा पुग्ने मोड सिर्जना गर्दछ । यो स्थिति आख्यानको चरम रूप हो । जसमा पाठकहरू अन्योलग्रस्त बन्न पुग्दछन् । अन्त्य भागमा सङ्घर्ष ह्रास हुँदै उपसंहारमा कथानकको अन्त्य हुन्छ (बराल र एटम, २०६६ : पृ. २६) ।

सबै कथानक एकै प्रकारको नभई विभिन्न प्रकारका हुन्छन् । समालोचकहरूले आ-आफ्नै किसिमले विभिन्न आधारमा कथानकलाई विभाजन गरेका छन् । यसैले कथानक यति नै प्रकारका हुन्छन् भन्न सकिँदैन । कथानकीय बनोटका हिसाबले कथानक रैखिक र वृत्ताकारीय गरी दुई प्रकारका हुन्छन् (बराल र एटम, २०६६ : पृ. २५) । त्यस्तै कथानकको अन्त्य गर्दा दुःखान्तक, सुखान्तक, हास्य-व्यङ्ग्यात्मक र रागात्मक गरी चार प्रकारले अन्त्य गर्ने गरिन्छ ।

## २.२.२ पात्रविधान

पात्र वा चरित्र उपन्यासको आधिकारिक र विशिष्ट तत्त्व हो । उपन्यासमा कथानकलाई अगाडि बढाउन पात्र वा चरित्रहरूले संवाहकको काम गर्दछन् (लामिछाने, २०६३ : पृ. १८८) । उपन्यासको कथानकलाई पाठकसामु जीवन्त रूपमा उतार्ने काममा चरित्रले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । औपन्यासिक पात्रका रूपमा मानव र मानवेत्तर प्राणीलाई लिन सकिन्छ । कतिपय उपन्यासहरूमा देवदेवी, पशुपक्षी, सजीव-निर्जीव, गतिशील-स्थिर पात्रहरूको प्रयोग गरिएको पाइन्छ । पात्रलाई उपन्यासको गतिशील तत्त्व मानिन्छ । यो तत्त्वलाई कर्ताहरूको समूह पनि भनिन्छ । यही तत्त्वले कथानकलाई कार्य रूपमा परिणत गर्दछ । पात्र लेखकीय उद्देश्य एवम् औपन्यासिक केन्द्रीय कथ्य तथा विचार तत्त्वलाई पूर्णतातर्फ लैजाने तत्त्व हो । पात्रलाई मानवीय प्रवृत्तिको उद्घाटन गर्ने तत्त्वका रूपमा लिइन्छ ।

हाम्रो समाजमा देखिने विभिन्न प्रकारका मानवीय प्रवृत्तिहरूलाई उपन्यासकारले उपन्यासमा चरित्रका माध्यमबाट प्रस्तुत गर्दछन् । आ-आफ्ना सामाजिक, वैयक्तिक र भौगोलिक विशेषताहरूले गर्दा मानव जातिमा असङ्ख्य विविधता पाइन्छ । यस्ता चारित्रिक विषमता र विविधतालाई स्पष्ट रूपमा चित्रण गर्दै उपन्यासमा अन्तः वैयक्तिक भिन्नताको सजीव चित्र उतारिएको हुन्छ । उपन्यासमा मानिसका जातीय विशेषताहरू, मानवीय शास्वत सत्यहरू र व्यक्तिका प्रवृत्तिगत वैचित्र्यहरू उद्घाटित हुन्छन् (प्रधान, २०५२ : पृ. ८) । उपन्यासमा विषयानुकूल पात्रको सिर्जना गरिन्छ, जस्तै : तिलस्मी उपन्यासमा अद्भूत र यथार्थवादी उपन्यासमा यथार्थिक पात्रलाई उभ्याइनु । उपन्यासमा हरेक पात्रले आ-आफ्नै विशेष पहिचानका साथ कार्य सम्पादन गरिरहेका हुन्छन् । विद्वान्हरूले आ-आफ्नै दृष्टिकोणबाट पात्र वा चरित्रलाई विभिन्न आधारमा विभाजन गरेको पाइन्छ

### २.२.३ परिवेश

उपन्यासमा वर्णित पात्रहरूको कार्यव्यापार गर्ने र घटनाहरू घटित हुने कार्यपीठिका मञ्च र समयावधिलाई परिवेश भनिन्छ । कुन घटना, कुन भौगोलिक स्थलमा घटेको छ र त्यस ठाउँको भू-बनोट वा प्राकृतिक वातावरण कस्तो छ, त्यस ठाउँको समाज, संस्कृति कस्तो छ जस्ता कुराहरूको एकमुष्ट उत्तर प्राप्त हुने उपन्यासको तत्त्वलाई नै परिवेश भनिन्छ । देश, कालको तात्पर्य वातावरणको कुनै सीमा हो, जसको परिवेशअन्तर्गत उपन्यासले आफ्नो संसार सृष्टि गर्दछ । देश, काल, वातावरणको संयुक्त रूप नै परिवेश हो । जसअन्तर्गत घटना घटित स्थल, घटना घटित हुँदा खर्चिएको समयावधि र त्यहाँको सामाजिक, सांस्कृतिक, धार्मिक, राजनीतिक परिस्थितिका साथै त्यहाँको भाषिक अवस्था र व्यावहारिक र वैचारिक पक्षहरूलाई पनि समेट्दछ ।

उपन्यास लेखन गर्दा उपन्यासको कथानकले जुन समयसीमालाई तोकेको छ, त्यस समय र स्थानको परिवेशलाई समेटर उपन्यासको रचना गर्नुपर्दछ । विभिन्न समयमा भएका आन्दोलन, परिवर्तन तथा नवीनताहरूको युगीन परिप्रेक्ष्यमा निर्मित उपन्यासले त्यस कालकै समाजको चित्रण गरेको हुनुका साथै पात्रहरूको विचारधारा र मनोभाव पनि उपन्यासले तोकेकै समयसीमा र परिस्थितिद्वारा प्रभावित र निर्मित हुनुपर्दछ । पात्रहरूको वैचारिक र चारित्रिक परिचयमा ती जीवन्त परिस्थितिहरूको चित्रण हुनु आवश्यक छ (प्रधान, २०५२ : पृ. १०) । यसरी देश, काल, वातावरणलाई प्रस्तुत नगरी उपन्यासको कथानकले सजीव रूप लिँदै अगाडि बढ्न सक्दैन । यसैले उपन्यासको कथानकलाई अगाडि बढाउन परिवेशले विशेष सहयोग पुऱ्याउने भएकाले यसलाई एक प्रमुख संरचक घटक वा तत्त्व मानिएको छ ।

### २.२.४ उद्देश्य

उपन्यासमा उपन्यासकारले निश्चित उद्देश्य प्राप्तिका लागि वा कुनै न कुनै प्रयोजनको लागि विचारहरू व्यक्त गरेका हुन्छन् । यिनै विचारहरूको सार वा लेखकीय उद्देश्यलाई सारवस्तु वा उपन्यासको उद्देश्य भनिन्छ (लामिछाने, २०६३ : पृ. १८९) । उद्देश्यबिना उपन्यासको कल्पना पनि गर्न सकिँदैन । त्यसैले कुनै न कुनै उद्देश्य राखेर नै उपन्यासको रचना गरिएको हुन्छ । उपन्यासको मूल सन्देशका रूपमा रहेको सारवस्तुलाई सिङ्गो औपन्यासिक संरचनाबाट प्राप्त गर्न सकिन्छ । सारवस्तुलाई उपन्यासको केन्द्रीय र विशिष्ट तत्त्व मानिन्छ । सारवस्तु भनेको विचारतत्त्व भएकाले यो उपन्यासको आन्तरिक तत्त्वभित्र पर्दछ र यो अमूर्त तत्त्व हो । उपन्यासको स्वरूप, उपन्यासको सारवस्तु वा उद्देश्यले निर्धारण गर्दछ । पहिला-पहिला साहित्य रचनाको मुख्य उद्देश्य भनेको नैतिक उपदेश दिनु वा मनोविनोद गर्नु हुन्थ्यो । तर आज भने सामाजिक तथ्यको उद्घाटन गर्ने लक्ष्य राखिएको पाइन्छ । आजका आधुनिक उपन्यासहरूमा मुख्यतः सामाजिक समस्या, समाजको अँध्यारो पक्ष, गरीबी, अन्धविश्वासयुक्त समाजको चित्रण, जीवनको कुनै विशेष क्षण वा अवस्थाको चित्रण, नीतिचेतना, मनका विभिन्न वृत्तिहरूको वर्णन, सौन्दर्यात्मक प्रभाव आदि विभिन्न पक्षहरूको चित्रण गरिएको पाइन्छ ।

### २.२.५ दृष्टिविन्दु

दृष्टिविन्दु भनेको कथयिताले आख्यानको आख्यानीकरण गर्ने बिन्दु हो (लामिछाने, २०६३ : पृ. १९०) । लेखकका अनुभव, चिन्तन, मनोभाव वा दृष्टिकोणको अभिव्यक्तिकरण गर्ने मुख्य प्रक्रिया नै दृष्टिविन्दु हो । दृष्टिविन्दु प्रस्तुतीकरणसँग सम्बद्ध तत्त्व हो । यसलाई उपन्यास संरचनाको निम्ति अपरिहार्य तत्त्व मानिन्छ । उपन्यासको सारवस्तु वा विचार तत्त्व पात्र र परिवेशका माध्यमद्वारा पाठक सामु पुऱ्याउने माध्यम तत्त्व नै दृष्टिविन्दु हो । त्यसैले दृष्टिविन्दुबाट नै उपन्यासमा कस्को कथा, कसले, कसरी व्यक्त गरिरहेको छ भन्ने थाहा पाउन सकिन्छ (लामिछाने, २०६३ : पृ. १९०) । लेखकले मुख्य भाव वा विचारको प्रस्तुतिका निम्ति कुनै एक वा एकभन्दा बढी पात्रलाई दृष्टिविन्दु पात्रका रूपमा चयन गर्दछ र पात्रका कार्य व्यापारलाई पाठकका सामु प्रस्तुत गर्दछ । यसरी लेखकले पाठकका सामु प्रस्तुत हुने पद्दति विशेषलाई दृष्टिविन्दु भनिन्छ । दृष्टिविन्दुको सम्बन्ध कथावस्तु र चरित्रसँग रहेको हुन्छ । दृष्टिविन्दु आन्तरिक र बाह्य गरी दुई प्रकारका हुन्छन् :

**(क) आन्तरिक (प्रथम पुरुष) दृष्टिविन्दु**

स्रष्टा स्वयम् औपन्यासिक बुनोटभित्र छिरेर उपन्यासका केन्द्रीय कथ्य पाठकहरू समक्ष पुऱ्याउनका निमित्त म पात्रका रूपमा उपस्थित भएका छन् भने यस प्रकारको माध्यमलाई आन्तरिक दृष्टिविन्दु वा प्रथम पुरुष दृष्टिविन्दु भनिन्छ । जसमा उपन्यासको वर्णन गर्दा 'म' वा 'हामी' पात्रद्वारा हुने गर्दछ । पाठकसँग म पात्रले आफ्नै कथा भनिरहँदा त्यस्ता उपन्यासमा भावको सजिलैसँग प्रत्यक्षीकरण हुन्छ । आन्तरिक दृष्टिविन्दुलाई पनि केन्द्रीय आन्तरिक दृष्टिविन्दु र परिधीय आन्तरिक दृष्टिविन्दु गरी दुई भेद गरी छुट्याउन सकिन्छ (लामिछाने, २०६३ : पृ. १९१) ।

**(ख) बाह्य (तृतीय पुरुष) दृष्टिविन्दु**

उपन्यासभित्र केन्द्रीय कथ्यलाई पाठकहरू समक्ष पुऱ्याउनका निम्ति तृतीय पुरुष प्रधान पात्रहरूको सर्वोपरिता छ भने यस प्रकारको माध्यमलाई बाह्य वा तृतीय पुरुष दृष्टिविन्दु भनिन्छ । जसमा उपन्यासको समाख्याता म पात्र नभै ऊ, त्यो वा कुनै व्यक्तिको नामबाट कथा भनिन्छ । यसमा कथाभित्रै समाख्याता नहुने हुँदा यस्तो दृष्टिविन्दुलाई बाह्य दृष्टिविन्दु भनिन्छ । यसमा उपन्यासको पात्र तृतीय पुरुषका रूपमा रहने हुनाले उपन्यासकारले सबै पात्रहरूको मनभित्र स्वतन्त्र रूपमा अवलोकन गर्न सक्ने अवस्था रहेको हुन्छ । यस दृष्टिविन्दुलाई पनि सर्वज्ञ वा सर्वदर्शी दृष्टिविन्दु र सीमितदर्शी दृष्टिविन्दु गरी दुई भेदमा वर्गीकरण गर्न सकिन्छ ( लामिछाने, २०६३ : पृ. १९२) ।

### २.२.६ भाषाशैली

भाषा विचार विनिमयको माध्यम हो । साहित्यमा यसको प्रयोग अनिवार्य मानिन्छ । साहित्यको विधाअनुसार भाषा अभिव्यक्त गर्ने शैली फरक-फरक हुन्छ । साहित्यमा प्रयोग गरिएका शब्द, पदावली र वाक्यजस्ता भाषिक इकाइहरूको समष्टि रूपलाई शैली भनिन्छ । उपन्यास लेखन कार्यमा उपन्यासकारले आफ्ना विचार भाषाको माध्यमबाट सम्प्रेषित गर्दछन् ।

भाषा उपन्यासको अभिव्यक्तिको माध्यम भएकाले भाषाको माध्यमबाट उपन्यासकारले आफ्ना विचारहरू सम्प्रेषित गर्दछन् । उपन्यास लेखन भनेको साहित्यिक सिर्जना भएकोले यसको भाषा सामान्य मात्र नभएर विशिष्टतातर्फ उन्मुख हुन्छ (लामिछाने, २०६३ : पृ. १९६) । साहित्यका विधाअनुसार भाषाको रूप, रचना फरक-फरक हुन्छन् । उपन्यासका निम्ति प्रयुक्त हुने भाषा सरल, सरस, गद्यात्मक र आलङ्कारिक प्रकृतिको हुनु पर्दछ । उपन्यासको भाषा क्लिष्ट र जटिल हुनुहुँदैन । उपन्यासको भाषा आवश्यकताअनुसार संवादात्मक बनाउन सकिन्छ र त्यस्तै सन्दर्भअनुसार यसलाई आलङ्कारिक पनि बनाउन सकिन्छ ।

कुनै पनि कृतिको समग्र प्रस्तुतिबाट शैली झल्कन्छ । शैली कुनै पनि रचनाको विशिष्ट प्रकार हो वा कृतिको निजत्वको विशिष्ट रूप हो । शैलीलाई उपन्यासको सूक्ष्म तत्त्व मानिए पनि शैलीकै माध्यमबाट उपन्यासको कथानक अगाडि बढिरहेको हुन्छ । उपन्यासको सबै आन्तरिक तत्त्वसित सम्बन्ध राखेर शैलीको रूप निर्माण भएको हुन्छ । कुनै पनि रचनामा प्रयोग गरिएका शब्द, पदावली, वाक्यजस्ता भाषिक इकाइहरूको समष्टी रूपमा शैली प्रस्तुत भएको हुन्छ । कुनै पनि उपन्यास अध्ययनमा पाठकले प्राप्त गर्ने विशिष्टताको अनुभव नै शैली हो । शैली स्वयम्मा रूपहीनजस्तो लागे पनि वास्तवमा उपन्यासको रूप-व्यक्तित्व, सीप-सौन्दर्य र भाव-वैशिष्ट्य यसकै रूपाकृति हुन् (प्रधान, २०५२ : पृ. ९) । शैली विभिन्न प्रकारका हुन्छन् । हरेक शैलीले आ-आफ्नै किसिमले उपन्यासलाई रोचक र आकर्षक तुल्याउँदै उपन्यासको कथावस्तुमा सजीवता ल्याउने गर्दछन् ।

### २.२.७ द्वन्द्व विधान

उपन्यासमा घटनाहरू शृङ्खलाबद्ध रूपमा आएका हुन्छन् । घटनाहरू घट्नमा द्वन्द्वको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । पात्रहरूमा उत्पन्न हुने द्वन्द्वका आधारमा पात्रले गर्ने क्रियाकलाप वा घटनाहरू घट्दछन् । जसका आधारमा कथावस्तु अगाडि बढ्दछन् । त्यसैले उपन्यासमा द्वन्द्व विधानको आवश्यकता पर्दछ । उपन्यासमा आन्तरिक र बाह्य गरी दुई प्रकारका द्वन्द्व हुन्छन् । आन्तरिक द्वन्द्वमा मान्छेको मनभित्र हुने द्वन्द्व पर्दछ, जसलाई मनोद्वन्द्व पनि भनिन्छ । बाह्य द्वन्द्वमा मानिस-मानिस बीच, मानिस र समाजका बीच, समाज र समाजका बीच तथा मानव र मानवेत्तर वस्तुका बीच भएका द्वन्द्वहरू पर्दछन् (बराल र एटम, २०६६ : पृ. २४) । उपन्यासमा आउने द्वन्द्वहरू स्वाभाविक र पात्रअनुरूप सुहाउँदो हुनुपर्दछ । द्वन्द्वहरू स्वाभाविक भएका उपन्यासहरू वास्तविकताको नजिक पुग्दछन् । जसले

गर्दा पाठक वर्गमा विश्वसनीयता बढ्दछ । यदि द्वन्द्व रोचक भएमा पाठकहरूमा कुतूहलता बढ्दछ ।

### २.२.८ शीर्षक

कुनै पनि उपन्यासलाई शीर्षक वा नामका आधारमा चिनिने हुनाले उपन्यासको शीर्षक हुन आवश्यक छ । यो तत्त्व कृतिको नामकरणसँग सम्बद्ध हुन्छ । उपन्यासको विशिष्ट तत्त्वमध्ये कुनै एकद्वारा सञ्चालित हुने भएकोले शीर्षक नभै नुहने तत्त्व भए पनि यसलाई सामान्य तत्त्व मानिन्छ । पात्रबाट सञ्चालित शीर्षकलाई चरित्रचित्रण शीर्षक भनिन्छ । कथानकद्वारा निर्देशित शीर्षकलाई भावप्रधान शीर्षक भनिन्छ । सारवस्तुद्वारा निर्देशित शीर्षकलाई विचारप्रधान शीर्षक भनिन्छ । विशेषत: लेखकीय उद्देश्य वा विचारलाई झल्काउन सक्ने शब्दलाई शीर्षकको रूपमा चयन गरिन्छ ।

### २.२.९ संवाद

उपन्यास रचना गर्दा लेखकीय विचार प्रस्तुत गर्न, कथाको विकास गर्न र चरित्र चित्रण गर्न कथोपकथन वा संवादको आवश्यकता पर्दछ । संवादले औपन्यासिक पात्रलाई वास्तविक जीवनसँग जोड्न मद्दत गर्दछ । संवाद पात्रको माध्यमबाट व्यक्त गरिन्छ । संवाद कथावस्तुमा आधारित हुने गर्दछ । उपन्यासको प्रकृति, वर्णित घटना, परिवेश र पात्रको सामाजिक, बौद्धिक स्तरअनुरूपको संवाद हुन आवश्यक छ । यस्तो भयो भने उपन्यासमा विश्वसनीयता र स्वाभाविकता प्रकट हुन्छ । पात्रानुकूल संवाद भएन भने त्यस्तो उपन्यासले जीवन्तता प्राप्त गर्न सक्दैन । उपन्यासमा वर्णित घटना र दृश्यहरूमा सजीवता ल्याउन कथोपकथनले सहयोग पुऱ्याउँदछ । उपन्यासलाई स्वाभाविक, प्रभावकारी, रोचक बनाउन र कुतुहलपूर्ण प्रस्तुति गर्न कथोपकथन वा संवादले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । उपन्यासमा पात्रको बाह्य र आन्तरिक जगत्का जटिलता, अन्तर्मनका कुण्ठा, मानसिक स्थिति, सङ्घर्ष, आन्तरिक द्वन्द्व आदि भावहरूलाई संवादकै माध्यमबाट प्रस्तुत गरिएको हुन्छ (प्रधान, २०५२ : पृ. ८) । संवाद नाटकीय प्रभाव दिने खालको हुनु पर्दछ ।

## २.३ निष्कर्ष

यसरी उपन्यासका तत्त्वहरूलाई हेर्दा उपन्यास संरचनाका लागि नभई नहुने आवश्यक सामग्रीहरू नै उपन्यासका तत्त्वहरू हुन् । यिनै तत्त्वका आधारमा उपन्यास विधालाई साहित्यका अन्य विधाबाट छुट्याउन सकिन्छ । उपन्यासका तत्त्वहरूलाई विशिष्ट र सामान्य गरी छुट्याउन सकिन्छ । विशिष्ट तत्त्वहरूमा कथानक, चरित्र, परिवेश, उद्देश्य, दृष्टिविन्दु, द्वन्द्व विधान र भाषाशैलीलाई लिन सकिन्छ भने सामान्य वा सहायक तत्त्वहरूमा शीर्षक, संवाद, प्रतीक-बिम्ब, गति-लय र अलङ्कार विधान आदिलाई लिइन्छ । स्थान र अवस्थाअनुसार सहायक तत्त्वहरूले पनि महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । कतिपय सहायक तत्त्वहरू अति आवश्यक हुँदाहुँदै पनि उपन्यासको विशिष्ट तत्त्वमध्ये कुनै एकबाट सञ्चालित हुने हुनाले त्यसलाई सामान्य तत्त्व मानिन्छ । जस्तै : प्रतीक-बिम्ब, गति-लय र

अलङ्कार विधान आदि पनि उपन्यासका तत्त्वहरू हुन् तर यिनीहरू भाषाकै प्रयोगात्मक रूपहरू भएकाले भाषाअन्तर्गत नै यिनीहरूलाई अध्ययन गर्न सकिन्छ । यसरी उपन्यासका विभिन्न तत्त्वहरूबीच एक-अर्कासँग अन्तर्सम्बन्धित हुँदै घटनाक्रमहरू शृङ्खलित रूपमा अगाडि बढ्दै कथानकको विकास गराइँदै उपन्यासको संरचना गरिएको हुन्छ ।

परिच्छेद तीन

# चितवनमा उपन्यास लेखनको परम्परा

## ३.१ विषयप्रवेश

प्रस्तुत परिच्छेद 'चितवनमा उपन्यास लेखनपरम्परा' मा केन्द्रित छ । यसमा मूलतः चितवनमा उपन्यास लेखनपरम्परा, उपन्यास लेखनपरम्पराको चरण विभाजन र निष्कर्ष उपशीर्षकहरू रहेका छन् । चितवनमा कृतिगत प्रकाशन राप्ती उपत्यका (२०१४) बाट सुरु भएको देखिए पनि उपन्यास लेखनको आरम्भ भने *रित्तो आकाश* (२०३४) बाट मात्र सुरु भएको पाइन्छ । यस परिच्छेदमा २०३४ सालदेखि हालसम्म चितवनको उपन्यास लेखनपरम्परा के-कस्तो रहेको छ त्यसको सर्वेक्षणात्मक अध्ययन प्रस्तुत गरी निष्कर्षमा पुग्ने काम गरिएको छ ।

## ३.२ चितवनमा उपन्यास लेखनको परम्परा

चितवनमा पुस्तकाकार कृति प्रकाशनको बीस वर्षपछि उपन्यास लेखन आरम्भ भएको पाइन्छ । रामबाबु घिमिरेद्वारा लिखित *रित्तो आकाश* (२०३४) चितवनको पहिलो उपन्यास हो । चितवनसँग सम्बद्ध लेखकहरूका उपन्यासहरू हालसम्म आइपुग्दा तीन दर्जनभन्दा बढी प्रकाशित भइसकेका छन् । तिनको कालक्रमिक तालिकागत विवरण तल प्रस्तुत गरिएको

| क्र.सं. | उपन्यास | उपन्यासकार | प्रकाशन वर्ष |
|---|---|---|---|
| 1 | *रित्तो आकाश* | रामबाबु घिमिरे | 2034 |
| 2 | *हिमाल रुन्छ* (सहलेखन) | केशव भट्टराई 'आमोदी', लीलामणि भट्टराई | 2047 |
| 3 | *बिर्सन नसकेको तस्बिर* | मित्रबन्धु पौडेल | 2049 |
| 4 | *परित्याग* | माधव खनाल | 2049 |
| 5 | *त्यो को हो ?* | नारायण गौतम | 2050 |
| 6 | *तिम्रो कसम* | केशवकान्त ढकाल | 2050 |
| 7 | *बेवारिसे* | शोभा राना | 2052 |
| 8 | *शून्यताको आँचलभित्र* | राजेन्द्र श्रेष्ठ 'गोवर्धनपूजा' | 2053 |
| 9 | *यात्रा नै जीवनसाथी* | नारद पौड्याल | 2053 |
| 10 | *मन पराएको केटो* | हरिनारायण सापकोटा | 2055 |
| 11 | *जय पराजय* | कृष्ण सुदामा घायल | 2055 |
| 12 | *शिकार* | शोभा राना | 2056 |
| 13 | *कालो कर्णालीको सेतो छायाँ* | रविकिरण निर्जीव | 2056 |

| | | | |
|---|---|---|---|
| 14 | *अब इतिहास रुँदैन* (धारावाहिक) | राजेन्द्र श्रेष्ठ 'गोवर्धनपूजा' | 2056 |
| 15 | *अन्तिम स्वीकार* | सरला जोशी | 2058 |
| 16 | *विडम्बना* | नवराज तिमिल्सिना | 2060 |
| 17 | *अन्तिम द्वन्द्व* | शारदा ढुङ्गाना | 2062 |
| 18 | *अचानो परेको जीवन* | शारदा ढुङ्गाना | 2063 |
| 19 | *प्रश्न चिह्न* | शारदा ढुङ्गाना | 2065 |
| 20 | *समयको रेखाचित्र* | हरिहर खनाल | 2065 |
| 21 | *उज्यालोको खोजीमा* | हरिहर खनाल | 2065 |
| 22 | *इतिहासको एक पैका* | रणेन्द्र बराली | 2066 |
| 23 | *अभिषेक* | निरूपा प्रसुन | 2066 |
| 24 | *थोते जर्नेल* | लक्ष्मीप्रसाद तिमिल्सिना | 2067 |
| 25 | *अनन्त पाइला* | धनराज गिरी | 2068 |
| 26 | *अर्काकी स्वास्नी* | लक्ष्मीप्रसाद तिमिल्सिना | 2068 |
| 27 | *सेतो धरती* | अमर न्यौपाने | 2068 |
| 28 | *दुखेको दिन* | शारदा ढुङ्गाना | 2069 |
| 29 | *नियति चक्र* | जलेश्वरी श्रेष्ठ | 2069 |
| 30 | *सुशीला* | चिरञ्जीवी कोइराला 'नेपाली' | 2070 |
| 31 | *करोडौँ कस्तुरी* | अमर न्यौपाने | 2072 |
| 32 | *आमाको दूधको भारा* | रविकिरण निर्जीव | 2072 |
| 33 | *मौनता* | सुमन घिमिरे | 2073 |
| 34 | *टुकी* | मनोज 'अज्ञात' | 2075 |
| 35 | *ईप्सान्त* | रह शर्मा | 2075 |
| 36 | *गुलाबी उमेर* | अमर न्यौपाने | 2076 |

चितवनको उपन्यास लेखनपरम्परालाई निम्नलिखित रूपमा चरणबद्ध गरी अध्ययन गरिएको छ :

(क) **प्रथम चरण (२०३४ देखि २०६१ सालसम्म)**

आधुनिक नेपाली उपन्यास लेखन सुरु भएको चार दशकभन्दा पछि मात्र चितवनमा उपन्यास लेखन कार्य प्रारम्भ भएको देखिन्छ । रामबाबु घिमिरेद्वारा लिखित *रित्तो आकाश* (२०३४) बाट चितवनको औपन्यासिक यात्रा सुरु भएको हो । यसपछि केशवराज भट्टराई (आमोदी) र लीलामणि भट्टराईको सहलेखन स्वरूप

*हिमाल रुन्छ* (२०४७) प्रकाशित भएको छ । यसमा प्रेम र रतिरागात्मकतालाई मुख्य विषय बनाइएको छ । त्यसपछि मित्रबन्धु पौडेलको *बिर्सन नसकेको तस्वीर* (२०४९) मा प्रेम-प्रणयका विषयका साथै सूक्ष्मरूपमा भारतको सिलाङ, मेघालयबाट नेपालीहरू लखेटिनु परेको स्थितिलाई चित्रण गरिएको छ । यसैक्रममा माधव खनालको *परित्याग* (२०४९) प्रकाशित भएको छ । जसमा आत्मिक प्रेमलाई प्रस्तुत गरिएको छ । यसपछि नारायण गौतमको *त्यो को हो ?* (२०५०) देखापर्छ । यसमा काम र मामको खोजीमा विदेशिने नेपालीहरूको बाध्यता प्रस्तुत गरिएको छ (गौतम, २०५२ : पृ. १०४-१०९) । क्रमशः केशवकान्त ढकालको *तिम्रो कसम* (२०५०) प्रकाशित छ । यसपछि शोभा रानाको *बेवारिसे* (२०५२) प्रकाशित भएको छ । शोभा राना चितवनको पहिलो महिला उपन्यासकार हुन् । उनको यस उपन्यासमा बेवारिसे शिशुले जीवनभर भोग्नु परेको मानसिक र शारीरिक पीडालाई प्रस्तुत गरिएको छ । यसै क्रममा राजेन्द्र श्रेष्ठ (गोबर्द्धन पूजा) को *शून्यताको आँचलभित्र* (२०५३) प्रकाशित भएको छ भने यसपछि नारद पौड्यालको 'यात्रा नै जीवनसाथी' (२०५३) र कृष्णसुदामा घायलको *जय पराजय* (२०५५) आदि देखापर्दछ । यसमा एक जमिन्दारले गरिब टुहुरो तर शिक्षित, समझदार युवालाई ज्वाइँको रूपमा स्वीकार गरेको देखाएर समाज सुधारको अपेक्षा गरिएको छ । यस क्रममा हरिनारायण सापकोटाको *मन पराएको केटो* (२०५५) प्रकाशित छ, त्यसपछि शोभा रानाको *शिकार* (२०५६) देखापर्छ । यो उपन्यास यौन सम्बन्ध र एड्स रोगप्रतिको सजगतासित सम्बन्धित छ र रविकिरण निर्जीवको *कालो कर्णालीको सेतो छायाँ* (२०५६) देखापर्दछ । यो पश्चिम नेपालको जनजीवन र भूगोलको चित्रण तथा छोरीलाई शिक्षा दिनुपर्छ भन्ने विषयमा केन्द्रित रहेको छ । क्रमशः राजेन्द्र श्रेष्ठ (गोबर्द्धन पूजा) को *अब इतिहास रुँदैन* (२०५६, धारावाहिक उपन्यास) प्रकाशित भएको छ । त्यसपछि सरला जोशीको *अन्तिम स्वीकार* (२०५८) प्रकाशित भएको छ । यस उपन्यासमा धनी र गरिबका बीचको विभेदका कारण हुन पुगेको पवित्र प्रेमको विछोड र पछि पुनः मिलन भएको देखाइएको छ । अन्तमा यस चरणको अन्तिम उपन्यास नवराज तिमिल्सिनाको *विडम्बना* (२०६०) प्रकाशित भएको पाइन्छ ।

यस चरणका उपन्यासहरू प्रायः लघु आकारमा नै सीमित छन् । तत्कालीन समाजको सामाजिक, आर्थिक अवस्था, रीतिरिवाज, चालचलन, धर्म र संस्कारको चित्रण गर्न यी उपन्यासहरू सफल भएका छन् । यिनमा सरल र सरस भाषाको प्रयोग भएको पाइन्छ । धेरैजसो उपन्यासहरूले प्रेम-प्रणयलाई नै मूलविषय बनाएका छन् । यिनमा केही मात्रामा व्याकरणिक र भाषिक त्रुटिहरू पाइनुका साथै नवीन शिल्पशैलीको प्रयोग छैन र  कलात्मकताको न्यूनता छ ।

### (ख) द्वितीय चरण (२०६२ देखि हालसम्म)

द्वितीय चरणलाई पूर्वार्द्ध (२०६२ देखि २०६७ सालसम्म) र उत्तरार्द्ध (२०६८ सालदेखि हालसम्म) को दुईवटा उप-चरणमा वर्गीकरण गरेर निम्नानुसार अध्ययन गरिएको छ :

(अ) पूर्वार्द्ध (२०६२ देखि २०६७ सालसम्म)

दोस्रो चरणको पूर्वार्द्धमा शारदा ढुङ्गाना, हरिहर खनाल र रणेन्द्र बरालीका उपन्यासहरू देखापर्छन् । शारदा ढुङ्गानाको *अन्तिम द्वन्द्व* (२०६२) बाट यस चरणको थालनी भएको छ । यसमा लैङ्गिक विभेदका कारण एक निर्दोष नारीले जीवनभर भोग्नु परेका पीडा, व्यथा, वेदना र उसको दुर्गतिलाई प्रस्तुत गरिएको छ । क्रमशः उनकै *अचानो परेको जीवन* (२०६३) र *प्रश्नचिह्न* (२०६५) प्रकाशित छन् । उनका तीनवटै उपन्यासहरूमा ग्रामीण सामाजिक पृष्ठभूमिमा नारीहरूको समस्या, पीडा, ब्यथा, वेदना, बालविवाह, बहुविवाह, अनमेल विवाह, लैङ्गिक भेद र नारीको कारुणिक अवस्थालाई प्रस्तुत गरिएको छ ।

यस चरणका उपन्यासहरूमा हरिहर खनालका उपन्यासहरूले राजनैतिक र सामाजिक परिवर्तनहरूलाई लिएर समाजमा चेतनाको स्तर र सामाजिक जागरणलाई प्रस्तुत गरेका छन् । यिनको *उज्यालोको खोजीमा* (२०६५) मा २०३६ सालको आन्दोलनले ल्याएको सामाजिक, राजनीति परिवर्तनलाई प्रस्तुत गरेको छ भने यिनको *समयको रेखाचित्र* (२०६५) मा २०३६ देखि २०४६ सालसम्मको समयावधिमा नेपाली राजनीतिमा घटेका केही स्थानीय र राष्ट्रिय घटनाहरूलाई समावेश गर्दै २०४६ सालको जनआन्दोलनको बलिदानीपूर्ण सङ्घर्षको एउटा पाटालाई प्रस्तुत गरिएको छ । त्यसपछि रणेन्द्र बरालीको *इतिहासको एक पैका* ( २०६५) मा २०२४ देखि २०५६ बीचका जनसङ्घर्षका घटनाहरू आएका छन् । जसमा हाम्रो नेपाली समाजमा विद्यमान छुवाछुत, वर्गभेद, सामन्ती शोषण, अन्धविश्वास, अन्याय, अत्याचार, शोषण, दमनजस्ता समस्याहरूको अन्त्य गर्न सुधारवादी र क्रान्तिकारी आवाज उठाइएको छ । यसै चरणमा निरूपा प्रसूनको *अभिषेक* (२०६६) प्रकाशित भएको छ । यसमा भावनात्मक र आत्मिक प्रेमको चरमोत्कर्ष अवस्थालाई देखाइएको छ । यो पूर्णरूपमा प्रेम-प्रणयमा केन्द्रित छ । यसपछि लक्ष्मीप्रसाद तिमिल्सिनाको *थोते जर्नेल* (२०६७) देखापर्छ । यसमा दरवारीया परिवेश, राजनीतिक वातावरण, भाइ-भारदारहरू बचिको मनमुटाव र गृहयुद्धलाई प्रस्तुत गरिएको छ ।

प्रथम चरणका उपन्यासहरूलाई हेरी यस चरणका पूर्वार्द्धका उपन्यासहरू परिष्कृत र परिमार्जित छन् । यस चरणका उपन्यासहरू आकारका आधारमा हेर्दा लघुदेखि बृहद्सम्मका छन् । यस चरणका उपन्यासहरूले सामाजिक यथार्थको

चित्रण, नारीमाथि हुने शोषण, दमन, अन्याय र अत्याचारलाई प्रस्तुत गरेका छन् । यी उपन्यासहरूमा मानवीय व्यवहार, मानवीय स्वभाव, मानवीय प्रेम र आदर्शलाई ज्यादा महत्त्व दिइएको छ । यस चरणका उपन्यासमा दलित मुक्ति आन्दोलन, सर्वहारा वर्गको मुक्तिका लागि भएका आन्दोलन, कम्युनिष्ट आन्दोलन, जनसङ्घर्षका घटनाहरूका साथै २०४६ सालको जनआन्दोलनको घटना समावेश गरिएका छन् । यस चरणमा प्रेम-प्रणयको विषय भने अत्यन्तै न्यून छ ।

(आ) उत्तरार्द्ध (२०६८ देखि हालसम्म)

वि.सं. २०६८ देखि यताको समय चितवनको उपन्यासको द्वितीय चरणको उत्तरार्द्ध समय हो । २०६८ सालमा *अनन्त पाइला, अर्काकी स्वास्नी* र *सेतो धरती* तीनवटा उपन्यासहरू प्रकाशित भएका छन् । धनराज गिरीको *अनन्त पाइला* चितवनको सौराहा र त्यस वरपरको परिवेशलाई चिनाउने कृति हो । यसमा पात्र गोपीको अटोबायोग्राफी र सौराहको बायोग्राफिकल स्केच धेरै पाइन्छ । यसै वर्ष लक्ष्मीप्रसाद तिमिल्सिनाको *अर्काकी स्वास्नी* शीर्षकको उपन्यास प्रकाशित भएको छ । यसमा मानिसहरू बढी आधुनिक हुने क्रममा सुविधा र सम्पन्नता बढ्दै जाँदा आडम्बरी जीवन जिउन चाहनेहरूको जीवनमा घट्न सक्ने घटनालाई प्रस्तुत गरिएको छ । यसै वर्ष अमर न्यौपानेको *सेतो धरती* नामक उपन्यास प्रकाशित भएको छ । यो २०६८ सालको मदन पुरस्कार प्राप्त कृति हो । यसमा हिन्दु समाजमा हुने गरेका बालविवाह र विधवाहरूको समस्यालाई यौन मनोविज्ञान र समाज मनोविज्ञानका दृष्टिले हेरिएको छ । यसपछि प्रकाशित शारदा ढुङ्गानाको *दुखेका दिन* (२०६९) दश वर्षे माओवादी युद्धको समयमा नेपालीले भोग्नु परेका कहालीलाग्दा दर्दनाक तीतो घटनामा आधारित छ । यसै क्रममा जलेश्वरी श्रेष्ठको *नियति चक्र* (२०६९) प्रकाशित भएको छ । यसमा नारी समस्यालाई मुख्य विषय बनाइएको छ । पितृसत्तात्मक समाजमा एउटी साहसी नारीले जीवनभर नारी स्वतन्त्रताका लागि उठाउनु परेका कदमहरूलाई यसमा प्रस्तुत गरिएको छ । यसपछि चिरञ्जीवी नेपालीको *सुशीला* (२०७०) प्रकाशित भएको छ । यो *मृत्यु पराजित छ* (२०७०) कृतिमा समाविष्ट छ र यो अपूर्ण पनि छ । यसमा गाउँले जनजीवन, बालविवाह, गरिबी, आमाको आफ्ना सन्तानप्रतिको स्नेह, बुहारीले भोग्नु पर्ने बुहार्तन आदिलाई प्रस्तुत गरिएको छ । यसपछि अमर न्यौपानेको *करोडौँ कस्तुरी* (२०७२) प्रकाशित भएको छ । यसमा जन्मजातै लिएर आएको प्रतिभालाई प्रस्तुत गर्न नपाएको मान्छे कस्तो हुन्छ भन्ने कुरा देखाइएको छ । त्यसपछि क्रमशः रविकिरण निर्जीवको *आमाको दूधको भारा* (२०७२), सुमन घिमिरेको *मौनता* (२०७३), मनोज अज्ञातको *टुकी* (२०७५), रह शर्माको *ईप्सान्त* (२०७५) र अमर न्यौपानेको *गुलाबी उमेर* (२०७६) प्रकाशित छन् ।

यी उपन्यासहरूले विविध विषयहरूलाई समेट्दै अगाडि बढ्ने क्रममा समाजमा विद्यमान कुरीति, कुसंस्कार, अन्याय, अत्याचार र भेदभावपूर्ण परिपाटीका साथै बालविवाह, बहुविवाह र अनमेल विवाहको कारण समाजमा आउने समस्या र हिन्दु समाजमा विधवाहरूको अवस्थालाई प्रस्तुत गर्दै त्यस्ता कुप्रथाहरूको अन्त्यको अपेक्षा गरिएको छ । कतिपय उपन्यासहरूमा भने पुरुषप्रधान समाजको चित्रण गर्दै पुरुष मानसिकता र प्रवृत्तिको विरोधमा नारीले चाल्नुपरेको साहसिक कदमहरूलाई प्रस्तुत गर्दै नारी स्वतन्त्रताका लागि आवाज उठाइएको छ । यस समयमा नयाँनयाँ विषयवस्तु र नयाँनयाँ शैलीको प्रयोग भएका उपन्यासहरू प्रकाशित भएका छन् ।

## ३.३ निष्कर्ष

चितवनका उपन्यासहरू २०३४ सालदेखि हालसम्म आइपुग्दा तीन दर्जनभन्दा बढी प्रकाशित भइसकेका छन् । चितवनका यी उपन्यासहरूलाई दुई चरणमा विभाजन गरिएको छ । २०३४ देखि २०६१ सालसम्मको समयावधि चितवनको उपन्यास लेखनपरम्पराको प्रथम चरण हो । यस चरणका उपन्यासहरू प्रायः लघु आकारको हुनुका साथै सामाजिक विषयवस्तुमा आधारित छन् । सरल र सरस भाषाको प्रयोग भएका यी उपन्यासहरूमा वर्णनात्मक र संवादात्मक शैलीको ज्यादा प्रयोग भएको छ । यी उपन्यासहरूमा केही व्याकरणिक र भाषिक त्रुटिहरू रहेका छन् । २०६२ देखि २०६७ सालसम्मको समयावधि चितवनको उपन्यास परम्पराको दोस्रो चरणको पूर्वार्द्धको समय हो । यस चरणका उपन्यासहरू प्रथम चरणका उपन्यासहरूभन्दा परिष्कृत र परिमार्जित छन् । यस समयका केही उपन्यासहरू सामाजिक यथार्थलाई प्रस्तुत गर्दै सामाजिक संस्कार र चालचलनका कारण नारीमाथि पर्नजाने असरलाई प्रस्तुत गरिएको छ र केही उपन्यासहरूमा भने राजनैतिक विषयवस्तुलाई समेट्दै हाम्रो देशमा घटेका कतिपय राजनैतिक घटनाहरूमा आधारित रहेर वीरता र साहसिक कार्यको वर्णन गर्दै जनसङ्घर्ष र आन्दोलनहरूलाई प्रस्तुत गरिएको छ । २०६८ सालभन्दा पछाडिको समय चितवनको उपन्यास लेखनपरम्पराको दोस्रो चरणको उत्तरार्द्ध समय हो । २०६८ सालभन्दा पछाडिको समयमा नयाँनयाँ शैली र विषयवस्तुको प्रयोग भएका उपन्यासहरू प्रकाशित छन् । कतिपय उपन्यासहरूमा जातिभेद, वर्गभेदको अन्त्य देखाउँदै समाज परिवर्तनको चाहना राखिएको छ । अहिलेका उपन्यासहरू समयसान्दर्भिक, परिष्कृत र परिमार्जित हुँदै जीवन्त बन्दै आएका छन् । यी उपन्यासहरूमा नवीनतम बिम्ब, प्रतीक र अलङ्कारहरूको प्रयोग भएका छन् । यिनमा रोमाञ्चक भाव र रोचकता पाइन्छ ।

परिच्छेद चार

# चितवनका प्रतिनिधि उपन्यासहरूको अध्ययन

## ४.१ विषयप्रवेश

यस परिच्छेदअन्तर्गत विषयप्रवेश र चितवनका प्रतिनिधि उपन्यास कृतिहरूको तत्त्वगत अध्ययन गरिएको छ । जसमा *रित्तो आकाश, बेवारिसे, कालो कर्णालीको सेतो छायाँ, अन्तिम द्वन्द्व, समयको रेखाचित्र, इतिहासको एक पैका, अनन्त पाइला, सेतो धरती* र *नियति चक्र* गरी नौवटा प्रतिनिधि उपन्यासहरूको तत्त्वगत अध्ययन र निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ४.२ चितवनका प्रतिनिधि उपन्यास कृतिहरूको तत्त्वगत अध्ययन

प्रस्तुत परिच्छेद चितवनका प्रतिनिधि उपन्यासहरूसँग सम्बन्धित छ । यसमा चितवनका प्रतिनिधि उपन्यासहरू रामबाबु घिमिरेको *रित्तो आकाश* (२०३४), शोभा रानाको *बेवारिसे* (२०५२), रविकिरण निर्जीवको *कालो कर्णालीको सेतो छायाँ* (२०५६), शारदा ढुङ्गानाको *अन्तिम द्वन्द्व* (२०६२), हरिहर खनालको *समयको रेखाचित्र* (२०६५), रणेन्द्र बरालीको *इतिहासको एक पैका* (२०६६), धनराज गिरीको *अनन्त पाइला* (२०६८), अमर न्यौपानेको *सेतो धरती* (२०६८) र जलेश्वरी श्रेष्ठको *नियति चक्र* (२०६९) उपन्यासलाई उपन्यासका तत्त्वहरूका आधारमा अध्ययन गर्नुका साथै यस परिच्छेदको निष्कर्ष निम्नानुसार प्रस्तुत गरिएको छ :

### ४.२.१ *रित्तो आकाश* उपन्यासको अध्ययन

रामबाबु घिमिरेद्वारा लिखित *रित्तो आकाश* (२०३४) चितवनको औपन्यासिक इतिहासको प्रथम उपन्यास हो । यस उपन्यास केही मात्रामा संशोधित रूपमा दोस्रो संस्करण २०७४ सालमा अभिव्यञ्जना साहित्य प्रतिष्ठान, चितवनद्वारा प्रकाशित भएको छ । यहाँ दोस्रो संस्करणको पुस्तकलाई आधार मानेर अध्ययन गरिएको छ । प्रस्तुत उपन्यास जम्मा सतासी पृष्ठमा संरचित लघु आकार भएको सामाजिक यथार्थवादी उपन्यास हो । प्रस्तुत उपन्यासलाई परिच्छेद भन्न मिल्ने चार खण्डमा विभाजन गरिएको छ । जसको अगाडिको तीन खण्ड निकै छोटो छ भने अन्तिमा वा चौथो खण्ड भने निकै लामो रहेको छ । प्रस्तुत उपन्यास पुरुषप्रधान समाजमा पुरुष प्रवृत्तिद्वारा क्षतबिक्षत भएको नारी मनका विभिन्न पाटाहरूलाई केलाउनमा केन्द्रित रहेको छ ।

#### ४.२.१.१ उपन्यासकार रामबाबु घिमिरेको परिचय

रामबाबु घिमिरेले २०२६ सालमा *राष्ट्र पुकार* पत्रिकामार्फत् “मेरो अनुहार” शीर्षकको कविता प्रकाशित गरी साहित्यिक यात्रा आरम्भ गरेका हुन् । चितवनको रत्ननगर नगरपालिकामा स्थायी घर भएका घिमिरेको जन्म २०११ साल जेठ २१ गते चितवनको चण्डीभन्ज्याङ गा.वि.स. वडा नं. २, तोलाङमा भएको हो । पिता गम्भीरध्वज घिमिरे र

माता चन्द्रकुमारी घिमिरेका उनी कान्छा सन्तान हुन् । उनले औपचारिक शिक्षा त्रि.वि. बाट नेपाली विषयमा स्नातकोत्तर गरेका छन् । उनले गद्य र पद्य दुवै विधामा कलम चलाएका छन् । उनले साहित्यिक क्षेत्रमा कविता, कथा, उपन्यास, मुक्तक र निबन्धमा कलम चलाए पनि निबन्धका क्षेत्रमा भने ज्यादा सफल रहेको देखिन्छ । उनको पहिलो कृति *रित्तो आकाश* (उपन्यास, २०३४) हो भने त्यसपछि क्रमशः *म हरेश खान थालेको छु* (निबन्धसङ्ग्रह, २०४७), *लेख्न नपर्ने कुराहरू* (निबन्धसङ्ग्रह, २०५६) र *मुक्तकसङ्ग्रह* (२०५६) प्रकाशित छन् । यसबाहेक उनका अन्य फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । जसमा "आगो बलिरहेको थियो" (कथा, २०४२) र "नयाँ घरको चाहना" (लघुकथा, २०५४) का साथै अन्य धेरै रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । यसभन्दा बाहेक उनले विभिन्न समयमा *ज्योत्स्ना, वन्दना, सम्प्रेषण* र *वागीश्वरी* पत्रिकाको सम्पादन कार्य गर्नुका साथै सम्पादकीय लेखहरू लेखेका पाइन्छन् । घिमिरेले हालसम्म विभिन्न पुरस्कार तथा सम्मानहरू प्राप्त गरिसकेका छन् । जसमा शिक्षा मन्त्रालय-राष्ट्रिय शिक्षा समितिबाट 'राष्ट्रिय शिक्षा सेवा पदक-२०४१' प्राप्त गरेका छन् । त्यस्तै साहित्यिक व्यक्तित्वका लागि नेपाली साहित्यिक गुठी काठमाडौँबाट उनलाई २०५० सालमा 'सम्मान-पत्र' प्रदान गरिएको छ । उनको *म हरेश खान थालेको छु* निबन्धसङ्ग्रहका लागि चितवन साहित्य परिषदबाट 'प्रतिभा पुरस्कार-२०५४' र *लेख्न नपर्ने कुराहरू* निबन्धसङ्ग्रले नारायणी वाङ्मय प्रतिष्ठान विरगञ्जबाट 'सम्मान-पत्र-२०५७' प्राप्त गरेका छन् । उनलाई रत्ननगर नगरपालिका कार्यालय, चितवनबाट उत्कृष्ट साहित्यकार स्वरूप 'कदर-पत्र, २०५९', प्रेस काउन्सिल नेपालका तर्फबाट *सम्प्रेषण* त्रैमासिक पत्रिकाका लागि 'सम्मान-पत्र, २०५९', रामयुग मल्ल प्रतिष्ठानबाट साहित्यिक व्यक्तित्वका लागि 'सम्मान-पत्र, २०६०' प्रदान गरिएको छ । लामो समय शिक्षा सेवामा आवद्ध रहेका साहित्यकार घिमिरेलाई कवि, कथाकार, उपन्यासकार, निबन्धकार र शिक्षक व्यक्तित्वका रूपमा हेरिन्छ ।

### ४.२.१.२ कथानक

*रित्तो आकाश* उपन्यासले २०३४ सालतिरको समयमा समाजमा नारीप्रति गरिने व्यवहार, नारीप्रति राखिने धारणा र जातीय विभेदलाई मुख्य विषयवस्तु बनाएको छ । प्रस्तुत उपन्यासका मुख्य पात्र नवीन विवाहित भएर पनि एक्लो महसुस गरिरहेको बाट उपन्यासको आरम्भ भएको छ । उसमा ज्यादा पिउने बानी हुँदै गएको र ऊ मानसिक र शारीरिक रूपमा जीर्ण हुँदै, गल्दै गएको छ । यसै क्रममा उसका मानसपटलमा विगतका सम्झनाहरू आइरहेका छन् ।

सानै छँदा पिताको मृत्यु हुनु, चोटै-चोटले जीर्ण भैसकेकी एक्ली आमाको पालन-पोषणबाट तीन छोराछोरी हुर्कनु, दुःखै गरेर भए पनि पढ्नु, आमाको ज्यादै आग्रहले गर्दा उनको जिद्दी टार्न नसकी निलुसँग विवाह गर्नु, विवाहले गर्दा नवीनको जीवनमा नयाँ मोड आउनु, विवाह हुने बित्तिकैदेखि नवीनले निलुलाई वास्ता नगर्नु, उसको विवाह केवल सम्झौता मात्र हुन पुग्नु, धार्मिक, सामाजिक र परम्परागत दृष्टिले उनीहरू पति-पत्नीको

रूपमा बाँधिए पनि मानसिक, आत्मिक र हार्दिक रूपले धेरै टाढाको महसुस भइरहनु, आफ्नो इच्छा नै नभइ र मन नपरी विवाह भएको सम्झेर उसले निलुलाई सधैँ टाढा गर्नु, विवाह भइसकेकी उर्मिला दिदी बारम्बार माइत आइ नवीनको कान फुकिरहनु, दिदीको कुरा पत्याएर नवीनले निलुप्रति सधैँ अविश्वासको भावना राख्नु, कहिले शीलाप्रति आकर्षित भएर शीलाको सम्झनामा चुर्लुम्म डुब्नु, कहिले आफू विवाहित भएर पनि अविवाहित नारी सरिताप्रति प्रेम प्रकट गर्न खोज्नु त कहिले हस्पिटलमा नर्सलाई देखेर मन्त्रमुग्ध हुनु, यतिमात्र नभएर उर्मिला दिदीको नन्दलाई पनि ठोकुवा गरेर विवाह गर्दिन भनेर नभनेकाले उर्मिला दिदी बारम्बार उसको नन्दको विवाह नवीनसँग गराउने उद्देश्यले माइत आइरहनु, नवीन आफै पनि उर्मिलाको घर जानु, लामो समयको बिछोडपछि निलुसँग केही मात्रामा नजिक भए पनि फेरि निलु गर्भवती हुँदा मनले निलुको अवस्था बोध हुँदाहुँदै पनि व्यवहारले निलुप्रति कुनै वास्ता नगर्नु, बहिनी मीनाको इच्छा, चाहनालाई बुझ्न नखोजी सामाजिक मर्यादाका लागि बहिनीको इच्छा, आकाङ्क्षामाथि कुठाराघात गर्न खोज्नु, बहिनी मीनाले भने जातपातको वास्ता नगरी आफ्नो इच्छाअनुरूप नेवार केटा आनन्दसँग विवाह गरी सामाजिक मर्यादा र परम्परा विरुद्ध कदम चाल्नु जस्ता घटनाक्रम विकसित भएको पाइन्छ (पृ. १-५९) ।

निलुले छोरो जन्माइसक्दा पनि नवीनले कर्तव्यबोध गर्न नसक्नु, नवीनको यस्तो कठोर व्यवहारले गर्दा निलुमा ठूलो मानसिक चोट पर्नु, एकदिन उनले आफ्नो विवाह पूर्वका दिनहरू सम्झनु, जहाँ उनको हरि भन्ने केटोसँग आत्मिक प्रेम अङ्कुराएको भए पनि घरबाट गरेको मागी विवाहबाटै पतिको माया, विश्वास र सुरक्षित छहारी पाउने सुखद भविष्यको आशामा आफ्नो प्रेमलाई लत्याएर विवाह गरेको सम्झनु, विवाहपछि आफ्नै पतिलाई ईश्वर समान मानी जति सेवा गरे पनि पतिले आफूप्रति कहिल्यै पनि कर्तब्यबोध नगरेको देखेर निलुलाई हृदयघात हुनु, जब नवीनले वास्तविकतालाई बुझ्दछ, उर्मिला दिदीले उनको नन्द आफूसँग विवाह गराउनका लागि निलुको कुरा लगाइरहेको ज्ञात हुनु, नवीनले निलुप्रति विश्वास र माया दर्शाउन खोज्नु, समय धेरै ढिलो भैसकेको हुनु, निलुको अन्तिम समयमा भने नवीनले अगाध माया गर्नु, यत्तिकैमा निलुले संसार त्याग्नु, अन्ततः नवीन एक्लो हुनु, उसले संसार सधैँका लागि अन्धकार भएको महसुस गर्नु, आफूले निलुलाई कहिल्यै राम्रो व्यवहार नगरेको सम्झेर छट्पटाइ रहनु, आफूले निलुलाई दुर्व्यवहार गरेर मानसिक यातना दिएको सम्झी आत्मग्लानी हुनु, उसले आफूलाई सधैँ अपराधी महसुस गर्नु, अन्तमा उसलाई आफ्नो कोठामात्र नभई आफ्नो जिन्दगी रित्तो आकाशजस्तै सून्य-सून्य लादछ (पृ. ६०-८७) । यिनै विषयलाई समेट्दै यस उपन्यासको कथानक अन्त्य भएको छ ।

यसका साथै मुख्य कथालाई अगाडि बढाउने क्रममा अन्य केही सहायक कथाहरू पनि आएका छन् । जस्तै : बहिनी मीना र आनन्द सरको प्रसङ्ग, उर्मिला, उर्मिलाको नन्द,

शिक्षिका सरिता, शीला, केशव, दीपक, ड्राइभरद्वारा जन्माइएका भट्टीवाल्नीका छोराछोरीहरू आदिका प्रसङ्ग प्रासङ्गिक कथाहरू हुन् ।

### ४.२.१.३ पात्रविधान

*रित्तो आकाश* उपन्यासमा विषयवस्तु र परिवेशअनुरूपका पात्रहरू आएका छन् । यसमा मुख्य, सहायक र गौण गरी करिव बाइसजना जति पात्रहरू आएका छन् । यसका पात्रहरू केही प्रत्यक्ष र केही परोक्ष रूपमा आएको देखिन्छ । जसमा प्रमुख पुरुष पात्र नवीन र प्रमुख नारीपात्र निलु हुन् भने सहायक पात्रहरूमा नवीनकी आमा, मीना, उर्मिला, सरिता, दीपक, आनन्द आएका छन् र गौण पात्रहरूमा शीला, उर्मिलाको नन्द, निलुकी आमा, हरि, विजय, नवीनको जेठान, नवीनको काका, नवीनकी काकी, केशव, निलुको मामा-माइजू, उर्मिलाको जेठानीको भाइ, ड्राइभर, भट्टीवाल्नी (कान्छी लमिनी), गाउँलेहरू आदि आएका छन् । यिनै पात्रहरूको माध्यमद्वारा उपन्यासकाले हाम्रो समाजले पुरुष र नारीलाई हेर्ने छुट्टाछुट्टै दृष्टिकोणलाई प्रस्तुत गर्दै पुरुष प्रवृत्तिले नारीमा पर्ने मानसिक असरहरूलाई देखाएका छन् । यसका पात्रहरूमध्ये मुख्य भूमिकामा रहेका केही पात्रहरूको चरित्रचित्रण यहाँ प्रस्तुत गरिएको छ :

(क) **नवीन :** नवीन यस उपन्यासको प्रमुख पुरुष पात्र हो । यस उपन्यासमा सुरुदेखि अन्त्यसम्म सशक्त भूमिका निभाउने ऊ गतिशील पात्र हो । ऊ आई.ए. सम्मको अध्ययन गरेको स्कुलमा पढाउने अस्थायी शिक्षक हो । नवीन सानै उमेरको हुँदा बुवाको मृत्यु भएपछि एक्ली आमाको रेखदेखमा हर्किएको ब्राह्मण परिवारको युवक हो । ऊ बूढी आमाको एउटै सहारा हो । उसको विवाह गर्ने इच्छा नहुँदा-नहुँदै पनि आमाको आग्रहलाई नकार्न नसकी निलुसँग विवाह गर्दछ । उसले त्यस विवाहलाई केवल सम्झौता मात्र सम्झेर धार्मिक, सामाजिक र परम्परागत रूपमा निलुसँग पति-पत्नीको सम्बन्ध गाँसिए पनि मानसिक र आत्मिक रूपले धेरै टाढाको महसुस गरिरहन्छ । उर्मिला दिदीको षड्यन्त्रलाई बुझ्न नसकी निलुप्रति सधैँ अविश्वास गरिरहन्छ । निलुलाई शारीरिक यातना नदिए पनि दुव्यंवहार गरेर मानसिक यातना भने दिइरहन्छ ।

नवीन कहिले शीलाप्रति आकर्षित भएर कल्पनामा डुब्दछ, कहिले हस्पिटलका नर्सलाई देखेर मन्त्रमुग्ध हुन्छ भने कहिले सँगै पढाउने अविवाहित शिक्षिका सरिताप्रति प्रेम प्रकट गर्न खोजिरहन्छ । यति मात्र नभएर उर्मिला दिदीको नन्दलाई विवाह गर्दिन भन्ने स्पष्ट रूपमा जवाफ दिँदैन । यसरी घरमा पत्नी हुँदाहँदै पनि दोस्रो विवाह गर्ने चाहना राखिरहने ऊ एक धोकेबाज व्यक्तिको रूपमा आएको छ । पत्नीप्रतिको शङ्काकै कारण हृदयदेखि निलुलाई स्वीकार्न नसक्नु उसको ठूलो कमजोरी हो । पत्नीको प्रेम र समर्पणलाई बुझ्न नसक्ने आफैँमा मनोद्वन्द्व पैदा गरेर मानसिक रूपमा पत्नीबाट सधैँ टाढा रहने, यतिसम्मकी निलु गर्भवती हँदा मनले निलुको अवस्था बुझेर पनि व्यवहारले भने पत्नीप्रति वेवास्ता

गर्ने, पत्नीको शरीर भोग गरेर पनि पत्नीप्रतिको कर्तव्य र जिम्मेवारी बोध गर्न नसक्ने एक स्वार्थी र व्यभिचारी व्यक्तिको रूपमा नवीन आएको छ । बहिनी मीनाको चाहनालाई बुझ्न नखोजी सामाजिक मर्यादाका लागि उसको इच्छा, आकाङ्क्षामाथि कुठाराघात गर्न खोज्ने नवीन शिक्षित भइकन पनि अन्धविश्वासी र कठोर हृदय भएको व्यक्तिको रूपमा आएको छ । नवीनमा निर्णयात्मक क्षमताको अभाव रहेको देखिन्छ । उसमा दुई किसिमको मन छन् र हरेक क्षण उसले दोमन-दोमन गरिरहन्छ । बेलाबेलामा विगतका सारा कुरा बिर्सिएर पत्नीलाई हृदयदेखि नै माया गर्न खोज्दछ भने बेलाबेलामा निलुसँग सधैंका लागि टाढा हुन् चाहेर निलुको कुनै कसुरविना नै नराम्रो व्यवहार गर्छ । आफूप्रति समर्पित पत्नीलाई सधैं अवहेलना गर्छ । जब उसले वास्तविक यथार्थलाई बुझ्रेर पत्नी निलुलाई आत्मिक प्रेम र विश्वास गर्दै माया प्रस्तुत गर्दछ, समय धेरै ढिला भइसकेको हुन्छ । जव निलुले संसार त्याग्दछिन् नवीनलाई सबै संसार रित्तो लाग्दछ र पागलजस्तो बन्न पुग्दछ । नवीनका जीवनका हरेक उतार-चढावलाई हेर्दा नवीन समयलाई बुझ्न नसक्ने अव्यावहारिक व्यक्ति हुनुका साथै गैर जिम्मेवार व्यक्ति हो । ऊ कहिल्यै पनि स्पष्ट रूपमा खुलेर व्यवहार गर्न नसक्ने कमजोर मनस्थिति भएको, पुरुषार्थविहीन, अविश्वासी, धोकेबाज, स्वार्थी, निर्दयी, ठोस निर्णय नभएको, कर्तव्यहीन व्यक्ति हो ।

**(ख) निलु** : निलु यस उपन्यासकी प्रमुख स्त्री पात्र तथा नायिका हुन् । उनी यौवन अवस्थामा विवाहपूर्व हरिसँग चोखो आत्मिक प्रेम अङ्कुराए पनि सामाजिक मर्यादाका दृष्टिले घरबाट गरिदिएको मागी विवाहबाट सुरक्षित र उज्यालो भविष्य पाइने विश्वासका साथ नवीनसँग विवाह गरेर नवीनको घर भित्रिन्छे । सुन्दर संसार सजाउने कल्पना गरी आएको घरमा उनले पतिबाट कहिल्यै पनि आत्मिक र हार्दिक माया पाउन सक्दिन । उनीहरू समाजिक दृष्टिकोणबाट पति-पत्नी भए पनि मानसिक रूपमा धेरै टाढाको महसुस गर्दछे । उनी त्यस घरमा आत्मिक प्रेमको भोको भएर प्रेमका लागि सधैं तड्पिरहन्छिन् । उनी हिन्दु आदर्श नारीको चरित्र भएकी कोमल र सुन्दर नारी हुन् । उनका सुन्दरता देख्दा उनको पति नवीनले बारम्बार 'निलु राम्री छ' भनिरहन्छ । निलुले आफनो विगतलाई बिर्सन खोजी विवाह पश्चात् पूर्णरूपमा आफनो पतिप्रति समर्पित भएर उनैलाई ईश्वर समान मानी आत्मिक प्रेमको पूजा गरिरहन्छे । उनलाई पतिले जे-जति दुर्व्यवहार गरे पनि पतिप्रति कुनै गुनासो पोख्दिन । परिवारमा कसैलाई पनि नराम्रो गर्दिन । सासुको सधैं सेवा गरिरहन्छे । निलु एउटी आदर्श पत्नीको रूपमा रहेर पतिबाट शारीरिक रूपबाट मात्र नभई वास्तविक, हार्दिक र मानसिक रूपबाटै माया र विश्वास चाहिरहन्छे । पतिबाट शारीरिक यातना नपाए पनि मानसिक तनाव खेपिरहनु पर्दा उनी भित्रभित्रै पिल्सिरहन्छे । निलुले पतिप्रति इमान्दार भएर सच्चा हृदयले समर्पित

हुँदा पनि नवीनले सधैँ शङ्का गरिरहन्छ । सन्तानप्राप्तिपछि पनि उनको पतिले परिवारप्रतिको कर्तव्यबोध गर्न नसकी पारिवारिक जिम्मेवारी नलिएको देखी निष्ठुरी र निर्दयी नवीनबाट माया, स्नेह, विश्वास र सुरक्षित भविष्यका आशा नै मर्दै गएर मानसिक रुग्णताका कारण हृदयघात भई मृत्युवरण गर्न पुग्दछे । यसरी उपन्यासमा निलुको जीवनलाई हेर्दा उनी एक इमान्दार, कोमल, पतिप्रति सच्चा हृदयले समर्पित, त्यागी, अतृप्त चाहना र कुण्ठाले ग्रस्त भएकी आदर्श नारी हुन् । प्रवृत्तिको आधारमा उनी अनुकूल पात्र हुन् भने सुरुदेखि अन्त्यसम्म पतिप्रति समर्पित रहेको देखिएकाले उनी स्थिर पात्रको रूपमा आएकी छिन् ।

यस उपन्यासमा प्रमुख पात्रको भूमिकालाई सशक्त बनाउन अन्य केही पात्रहरू पनि आएका छन् । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) **नवीनकी आमा** : नवीनकी आमा वैंशमैं पति वियोगको पीडा खेपेर जीर्ण भइसकेकी छिन् । बच्चाहरू नहुर्कंदै पतिको मृत्युले दुःखै-दुःखमा जेलिएको छ उनको जीवन । उनमा छोराछोरी पढाउनु पर्छ भन्ने धारणा छ, त्यसैले दुःख गरेर भए पनि छोराछोरीलाई पढाएर शिक्षित बनाएकी छिन् । उनले अर्ती, उपदेश दिए पनि पारिवारिक समस्याको समाधान पहिल्याउन सकेकी छैनन् । उनी बहुविवाह गर्दैमा सुखी हुन् सकिँदैन भन्ने विचार भएकी, सन्तानको उज्ज्वल भविष्य चाहने एक आदर्श आमा हुन् ।

(ख) **मीना** : मीना आधुनिक नारीको प्रतिनिधित्व गर्ने एक शिक्षित नारी पात्र हुन् । उनीभित्र आफैँमा पीडा, व्यथा र समस्याहरू छन् । उनले परम्परागत कुसंस्कार, हाम्रो सामाजिक रीतिरिवाज र चालचलनको विरोध गर्दै सामाजिक मर्यादालाई नाघेर घरबाट गरिने मागीविवाह गर्न नमानी मन पराएको नेवार केटासँग आफूखुसी सुटुक्क विवाह गर्छिन् । उनी शिक्षित नारी भए पनि सबैका सामु स्पष्ट कुरा राख्न नसक्ने घुसघुसे पात्र हुन् ।

(ग) **उर्मिला** : उर्मिला नवीनकी दिदी हुन् । उनी कुरौटे पाराकी छिन् । उनी आफ्नी नन्दको विवाह आफ्नै भाइसँग गराउन नवीनलाई निलु विरुद्ध उचालिरहन्छिन् । उनी आफ्नो स्वार्थपूर्तिका लागि आफ्नै भाइको घर बिगार्न षड्यन्त्र गरिरहन्छिन् । त्यसैले उनी स्वार्थी, कपटी, खराब स्वभाव भएकी नारी पात्र हुन् ।

(घ) **दीपक** :दीपक नवीनको मिल्ने साथी हो । ऊ खर्चालु स्वभावको छ । ऊ आफू पनि रक्सी पिउने र नवीनलाई पनि रक्सी पिउन उक्साइरहने जँड्याहा स्वभावको पात्र हो । ऊ पैसा भएको, नारी सौन्दर्यको प्रसंशा गरिरहने सौन्दर्यको पारखी हुन् । उनी विवाहित नवीनलाई पनि यस्ता कुरामा उक्साइरहन्छ । यस उपन्यासमा उसको खासै भूमिका रहेको छैन ।

यसरी यस उपन्यासका सम्पूर्ण पात्रहरूले प्रमुख पात्रको भूमिकालाई क्रियाशील बनाउन सबैले प्रत्यक्ष वा परोक्ष रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । त्यसैले प्रस्तुत उपन्यासका पात्रहरू सहज, स्वाभाविक र विश्वसनीय रूपमा आएका देखिन्छन् ।

### ४.२.१.४ परिवेश

*रित्तो आकाश* उपन्यास समयको हिसाबले हेर्दा आजभन्दा चार दशक पहिलाको समय र त्यस समयको हाम्रो नेपाली समाजको चित्रण पाइन्छ । भौगोलिक परिवेशको हिसाबले हेर्दा यसमा मुख्य रूपमा आएका स्थानहरू प्रमुख पात्र नवीनको घर, नवीनले पढाउने स्कुल, चिया र रक्सी पसल, पँधेरा, वनपाखा, अस्पताल, बाटो, उर्मिलाको घर, निलुको घरदेखि माइतसम्मको भौगोलिक दूरी आदि हुन् । कुनै खास स्थान नतोकिएकाले यस उपन्यासको सहरी परिवेश वा ग्रामीण परिवेश भनेर छुट्याउन सक्ने अवस्था भने छैन, तैपनि उपन्यासमा वर्णित पात्र र त्यहाँको वातावरण, भट्टीपसल आदिले ग्रामीण परिवेश नै हो कि भन्ने प्रतीत हुन्छ । सामाजिक परिवेशका हिसाबले हेर्दा यसमा पुरुष प्रधान समाजमा नारीहरूप्रतिको दृष्टिकोण, पुरुष प्रवृत्तिको चित्रण, बहुविवाह प्रथा, जातीय भेदभावलाई टड्कारा रूपमा प्रस्तुत गरिएको छ । नायिका निलुलाई शारीरिक यातना नदिए पनि मानसिक तनाव दिइएका दृश्यको चित्रण, समाजमा हुने गरेका जातीय भेदभावले भरिएको मानसिकता, बाबुका मृत्युले गर्दा सानैदेखि एक्ली आमाले दुःख-सुख गरी हुर्काइ-बढाइएको नवीनका घरको पारिवारिक वातावरण, समाजमा प्रेम विवाहलाईभन्दा मागी विवाहलाई विशेष मान्यता दिइनु, यौवनावस्थामा विवाहपूर्व निलुको हरिसँग प्रेम अङ्कुराए पनि मागीविवाहबाट सुन्दर भविष्य पाउने सोचले नवीनसँग विवाह गर्नु, घरमा पत्नी हुँदाहुँदै पनि सधैँ नवीन अन्य स्त्रीप्रति आर्कषत हुनु र आमाले पनि "मनपरेकी ल्याउने भए ल्या" भन्नु, उर्मिला दिदीले पनि विवाह भइसकेको भाइलाई आफ्नो नन्द दिने उद्देश्यले उक्साइरहनुजस्ता नारीहरूले नै नारीमाथि गर्न चाहेको अन्याय र अत्याचारले त्यस समाजमा नारी अस्तित्त्वमाथि प्रश्न उठेको छ । हाम्रा समाजमा नारीको स्थान र जस्ता परिस्थितिमा पनि उनीहरूले सहनु पर्ने तीतो यथार्थलाई प्रस्तुत गरिएको छ । यसमा धार्मिक तथा सांस्कृतिक परिवेशका झलकहरू पनि आएका छन् । हिन्द धर्मअनुसार समाजमा जातीय भेदभाव देखाउँदै धार्मिक र सामाजिक मूल्य, मान्यतालाई नाघेर मीनाले नेवार जातका केटासँग अन्तर्जातीय विवाह गरेको देखिन्छ । जन्म, मत्यु, विवाह, तीज, दशैं आदि सामाजिक संस्कार र चाडपर्वहरू समेत यस उपन्यासको परिवेशमा आएका छन् । सामाजिक परम्परालाई प्रस्तुत गर्दै प्रेम-प्रणयका विषयहरूमा निलु र हरिको असफल प्रेम प्रसङ्ग, नवीन र सरिताको एकतर्फी प्रेम प्रसङ्ग, मीना र आनन्दको सफल प्रेम प्रसङ्ग आदि यसमा पाइन्छन् ।

### ४.२.१.५ उद्देश्य

*रित्तो आकाश* उपन्यासले हाम्रो पुरुषप्रधान समाजका नारी जीवनका विभिन्न पाटाहरूलाई केलाउँदै पुरुष प्रवृत्तिबाट क्षतविक्षत भएको नारी मानसिकतालाई चित्रण गर्नु

नै मूल उद्देश्य बनाएको छ । यसमा पुरुष प्रधान समाजमा नारीहरूको स्थान, पुरुष प्रवृत्ति, पुरुष अहम्, नारीका समस्याहरू, नारीका दुःख, कष्ट, व्यथा र विवशतालाई टड्कारो रूपमा प्रस्तुत गरिएको छ । यसमा नारी जीवनका विभिन्न पाटाहरू माया, प्रेम, श्रद्धा, विश्वास, निराशता, कुण्ठा, घृणा, रिक्तता, एक्लोपन, अतृप्त चाहना, जीवन बचाइका सङ्घर्षहरूलाई प्रस्तुत गर्दै जीवनमा आत्मिक र हार्दिक प्रेम, श्रद्धा र विश्वास नभएमा जिन्दगी रित्तो र शून्य हुने वास्तविकतालाई प्रस्तुत गरिएको छ । विवाह पश्चात् नारीहरूले कर्मघरमा जे-जस्तो व्यवहार पाए पनि मौन रहनु पर्ने विवशतालाई चित्रण गर्दै नारी समस्याका यावत् पक्षलाई समेटेर नारी मूल्य र मान्यताको खोजी गर्नु नै यस उपन्यासको अर्को उद्देश्य रहेको छ । यस उपन्यासमा आत्मिक प्रेमको अभिलाषा राख्दा निलु पतिबाट मानसिक रूपमा तिरस्कृत भई टाढा भएर बाँच्न विवश नायिका अन्तमा मत्यु पश्चात् मानसिक रूपमा नायकसँग नजिक भए पनि शारीरिक रूपमा घरै टाढा पुग्दछिन् । यसरी आत्मिक प्रेम र समर्पणलाई समयमा बुझ्न नसक्दा नायकको आफ्नो जीवन, घर, समाज, संसार सबै अन्धकार, निरस र रित्तो आकाशजस्तै हुन पुग्दछ भन्ने देखाउँदै आत्मिक प्रेमबाट मात्र मानिस सुखी र खुशी रहन सक्ने यथार्थलाई प्रस्तुत गर्नु नै यस उपन्यासको मुख्य उद्देश्य रहेको देखिन्छ ।

### ४.२.१.६ **दृष्टिविन्दु**

*रित्तो आकाश* उपन्यासमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । यस उपन्यासमा विभिन्न पात्रहरूको माध्यमबाट औपन्यासिक गतिविधि र क्रियाकलापहरूलाई प्रस्तुत गरिएको छ । जसमा नवीन, निलु, नवीनकी आमा, मीना, उर्मिला, दीपक, ड्राईभर, कान्छी लमिनी आदि पात्रहरू रहेका छन् । यिनै पात्रहरूको माध्यमबाट उपन्यासकारले आफ्नो विचार वा चिन्तनलाई व्यक्त गरेका छन् ।

### ४.२.१.७ **भाषाशैली**

*रित्तो आकाश* उपन्यासमा सरल, सरस, सहज र स्वाभाविक भाषाको प्रयोग गर्दै पूर्वस्मृति शैली अपनाइएको छ । यसमा तत्सम, तद्भव, झर्रा र आगन्तुक शब्दहरूको प्रयोगका साथै केही मात्रामा अङ्ग्रेजी शब्दको पनि प्रयोग पाइएको छ । छोटो-छरितो, ज्यादै मिठो र रसिलो वाक्य गठनको प्रयोगले उपन्यासमा रोचकता थपेको छ । पात्रको बौद्धिक, स्तर र परिस्थितिअनुसार बोलीचालीको भाषाको प्रयोगले उपन्यासलाई वास्तविकताको नजिक पुऱ्याएको आभास हुन्छ । पात्रअनुरूप भाषाको अभिव्यक्ति गर्ने शैलीको प्रयोग गरिएको छ । वर्णनात्मक र संवादात्मक दुवै शैली प्रयोग भएका छन् । केही मात्रामा आलङ्कारिक र प्रतीकात्मकताको पनि प्रयोग पाइनुका साथै उखान-टुक्काको प्रयोगले उपन्यासमा रोचकता थपेको छ । यसमा मनोवैज्ञानिक पक्षको चित्रण गर्न आत्मगत शैलीको प्रयोग गरिएको छ ।

### ४.२.१.८ द्वन्द्व विधान

*रित्तो आकाश* उपन्यासमा नायक-नायिकाबीच आएका द्वन्द्वलाई उपन्यासकारले सशक्त रूपमा प्रस्तुत गरेका छन् । यस उपन्यासमा सुरुदेखि अन्तसम्म प्रेमप्रणय पक्ष र सामाजिक संस्कारबीचको द्वन्द्वलाई प्रस्तुत गरिएको छ । नायक-नायिकाबीच मुख्य रूपमा प्रेम र तिरस्कारका बीच द्वन्द्व, विश्वास र अविश्वासबीच द्वन्द्व, कर्तव्य र अकर्तव्यबीच द्वन्द्व तथा मनोद्वन्द्व प्रभावकारी र सशक्त ढङ्गले आएका छन् । प्रस्तुत उपन्यासमा नायक र नायिकाबीच आएको द्वन्द्व नायिकाको मृत्युपश्चात् मात्र अन्त्य हुन्छ ।

### ४.२.१.९ शीर्षक

*रित्तो आकाश* सामाजिक विषयवस्तुभित्र विसङ्गतिबोध र अस्तित्त्ववादी चिन्तन प्रवाहित भएको उपन्यास हो । यहाँ नायकले नायिकाप्रतिको अविश्वासकै कारण जिन्दगीभर तिरस्कार गरिरहन्छ । जसको कारण नायिकाको जीवन छउन्जेलसम्म पतिबाट माया, ममता, हार्दिक र आत्मिक प्रेम, विश्वास पाउन नसकी उनी मानसिक रूपमा पतिबाट धेरै टाढाको अनुभव गर्दछे र आफ्नो जीवन रित्तो आकाशजस्तै शून्य र निस्सार मान्दै विक्षिप्त भएर मृत्युवरण गर्दछे भने नायिकाको समर्पण र त्यागलाई कुल्चने नायक नायिकाको मृत्युपछि आफू एक्लो भएको अनुभव गर्दै आफ्नो जीवन रित्तो आकाशजस्तै शून्य महसुस गर्दछ । रित्तो आकाश शब्द आफै प्रतीकात्मक अर्थ भएको शब्द हो । यसैले यहाँ नायक-नायिकाको जीवन रित्तो आकाशजस्तै सारहीन भएकाले शीर्षक सार्थक र औचित्यपूर्ण रहेको छ ।

### ४.२.१.१० संवाद

*रित्तो आकाश* उपन्यासमा पात्रानुकूल, स्वाभाविक किसिमका संवादहरू आएका छन् । पात्रका सामाजिक स्तर र परिवेशअनुसारका संवादहरू आएकाले संवादमा जीवन्तता पाइएको छ । यस उपन्यासमा संवादहरू प्रशस्त मात्रामा आएका छन् । यस उपन्यासको संवादहरूमा सजीवता, स्वाभाविकता, कौतुहलता र रोचकता पाइन्छ । यस उपन्यासको कतिपय ठाउँहरूमा मनका कुण्ठा र मानसिक स्थितिलाई पनि संवादकै माध्यमबाट व्यक्त गरिएका छ । यस उपन्यासमा प्रयुक्त केही संवादका नमुनाहरू निम्नानुसार रहेका छन् :

(क) **मीना र नवीनबीचको संवाद**

"नवीन दाइ, निलु भाउजू किन रोएकी ?"

"रोएकी होली नि आफना विगतका दिनहरू सम्झेर ।" (पृ. २०)

(ख) **नवीन र निलुबीचको संवाद**

"निलु आखिर तिमी के चाहन्छौ ?"

"मैले बुझिन । हजुरले के भन्नु भएको ?"

"निलु तिमीले बुझेकी छयौ । मलाई मूर्ख नबनाउ ।"

"निलु मेरो जीवन बरबाद भयो । म अब जीवन हेरर रुन मात्र बाँकी छ ।"

"हजुरको जीवन मैले बिगारिदिएँ । यही भनाइ होइन त ?" (पृ. ३०)

(ग) **सरिता र नवीनबीचको संवाद**

“नवीनजी म केही दिनपछि घर जाँदैछु । हिजो घरबाट आएको पत्र पाएँ ।”

“अनि कति दिनपछि आउने नि ?”

“आउने-नआउने निधो छैन । आएँ भने पन्ध्र दिनभित्र ।”

“सरिताजी यति चाँडा नै जानु थियो भने बरू नआउनु भएको भए नै वेश हुने थियो” (पृ. ४०) ।

**निष्कर्ष**

*रित्तो आकाश* उपन्यास मुख्यतः बहुविवाहको प्रचलन रहेको तत्कालीन सामाजिक मानसिकताले नारीहरूमा पर्न जाने मानसिक चोटलाई टड्कारो रूपमा प्रस्तुत गर्नुमा केन्द्रित रहेको छ । समाजमा नारीको स्थान र नारीप्रतिको दृष्टिकोणलाई मुख्य कथानक बनाइएको यस उपन्यासको प्रमुख भूमिकामा नवीन र निलु आएका छन् । उनीहरूसँग सम्बन्धित भएर अन्य केही पात्रहरू नवीनकी आमा, उर्मिला, दीपक, मीना आदि आएका छन् । यसमा कुनै खास स्थान तोकिएको छैन । उपन्यासले चार दशक पहिलाको जातिभेदले जरो गाडेको गाउँले परिवेशलाई चित्रण गरेको छ ।

पुरुषप्रधान समाजमा पुरुष प्रवृत्तिबाट नारी मानसिकतामा पर्न गएको चोटका कारण विक्षिप्त भएको नारी मनस्थितिको विभिन्न पक्षलाई चित्रण गर्नु नै यसको मुख्य उद्देश्य रहेको छ । यस उपन्यासमा पात्रकै माध्यमबाट औपन्यासिक विषयवस्तु अगाडि बढेको छ । जसमा पात्रको स्तर र उपन्यासको समाजअनुरूपका संवादहरू आएकाले तदनुरूप भाषाशैलीको पनि प्रयोग भएको छ । जसमा आत्मिक वा हार्दिक प्रेम र विश्वास विनाको जीवन रित्तो आकाशजस्तै शून्य हुन्छ भन्नु नै मुख्य विषय बनाइएकोले उपन्यासको शीर्षक सार्थक रहेको देखिन्छ । अविश्वासकै कारण नायक-नायिकाबीच उठेको प्रेम-प्रणयसम्बन्धी द्वन्द्व सुरुदेखि अन्त्यसम्म आएको छ । यसरी तत्कालीन पुरुषप्रधान समाजको सामाजिक मानसिकतालाई सामाजिक यथार्थको धरातलबाट हेरिएको छ ।

## ४.२.२ *बेवारिसे* उपन्यासको अध्ययन

चितवनको उपन्यास परम्परामा शोभा रानाद्वारा लिखित *बेवारिसे* (२०५२) प्रथम नारी हस्ताक्षर हो । यसको प्रकाशन नवीन रानाद्वारा गरिएको छ । प्रस्तुत उपन्यास जम्मा-जम्मी सत्तरी पृष्ठ र साना-ठूला गरी सत्र परिच्छेदमा विभाजन गरिएको लघु आकारको कृति हो । प्रस्तुत उपन्यासमा अवैध यौन सम्बन्धबाट जन्मेकी बेवारिसे बालिकाले जीवनभर भोग्नुपर्ने मानसिक र शारीरिक पीडालाई मूल केन्द्र बनाउँदै सामाजिक-यथार्थवादी शैलीमा उपन्यासको रचना गरिएको छ ।

### ४.२.२.१ उपन्यासकार शोभा रानाको परिचय

२०५२ सालमा *बेवारिसे* उपन्यास प्रकाशित गरी औपचारिक रूपमा साहित्यिक यात्रा आरम्भ गरेकी शोभा रानाले चितवनको औपन्यासिक क्षेत्रमा पहिलो नारी उपन्यासकारको

स्थान प्राप्त गरेकी छन् । उनको जन्म २०३२ साल कात्तिक ९ गते पिता रामबहादुर राना र आमा गङ्गा रानाको कोखबाट मंगलपुर गा.वि.स., वडा नं. ४, मोहनपुर, चितवनमा भएको हो । जहाँ उनको जन्मघर रहेको र २०५८ सालमा विवाह पश्चात् काठमाडौँमा बसोबास गरेको पाइन्छ । उनले औपचारिक शिक्षा वीरेन्द्र बहुमुखी क्याम्पसबाट आइ.ए. सम्मको अध्ययन पुरा गरेकी छन् । त्यसपछि इन्स्टिच्युट अफ प्रोफेसनल जर्नालिजम मिडिया प्वाइन्टबाट पत्रकारिता गरेर *जनस्पर्श* साप्ताहिक पत्रिका र *प्रकट* मासिक पत्रिकामा प्रमुख व्यवस्थापक बनेर काम गरेको देखिन्छ । उनका पुस्तकाकार कृतिहरूको क्रममा पहिलो प्रकाशित कृतिका रूपमा *बेवारिसे* (उपन्यास, २०५२) रहेको छ भने दोस्रो कृतिका रूपमा *शिकार* (उपन्यास, २०५६) रहेको छ । उनले २०५५ सालमा चितवन जिल्लाव्यापी कविता प्रतियोगितामा "आलोचना" शीर्षकको कविता वाचन गरी दोस्रो स्थान ओगटेर राष्ट्रकवि माधवप्रसाद घिमिरेबाट पुरस्कृत भएको देखिन्छ (पौडेल, २०७२ : पृ. ५६) । उनलाई कवि, उपन्यासकारका साथै पत्रकार र कुशल व्यवस्थापक व्यक्तित्वको रूपमा हेरिन्छ ।

### ४.२.२.२ कथानक

*बेवारिसे* उपन्यास मुख्यतः एउटा बेवारिसे शिशुको सेरोफेरोमा केन्द्रित रहेको छ । एउटा सालनालसहित फालिएकी बच्चीलाई मास्टरले टिपेर ल्याउनुबाट कथानकको आरम्भ भएको छ । मास्टरले दोजिया श्रीमती र एक छोरी हुँदाहुँदै बेवारिसे शिशुको पालन-पोषणको पूर्ण जिम्मा लिनु, बच्चीको नाम सुरक्षा राखिनु, चार महिनापछि मास्टर्नीले अर्की छोरीलाई जन्म दिनु, त्यसपछि मास्टर-मास्टर्नीलाई तीन छोरी हुर्काउने जिम्मेवारी थपिनु, मास्टर्नीको छोरा पाउने धोको तुहिएर जानु, मास्टर्नीले सुरक्षाप्रति इर्ष्यालु र हेयको भावना राख्नु, मास्टर्नीले रातदिन घरमा झै-झगडा मच्चाइरहनु, जेठी छोरी सपनाको रमेश परियारसँग प्रेम सम्बन्ध गाँसिनु, उनीहरूले सामाजिक मूल्य र मान्यतालाई तोडेर अर्न्तजातीय विवाह गर्नु । मास्टर्नीले पारिवारिक समस्याको मुख्य कारकतत्त्व सुरक्षा हो भन्ने मानेर मास्टर्नी र कान्छी छोरी मिलेर सुरक्षालाई विष खुवाउने षड्यन्त्र गर्नु, सुरक्षाले यो षड्यन्त्र थाहा पाई आफै झुन्डिएर मर्ने प्रयास गर्दा एक शिकारीले बचाउनु (पृ. १-५३) ।

त्यसपछिका दिनमा सुरक्षाको पालन-पोषणको जिम्मा हेडसरले लिनु, सुरक्षाले प्रवेशिका उत्तीर्ण गरी नर्सिङ पढ्नु, एकदिन सुरक्षाले बुबा (हरि मास्टर) को मृत्युको खबर पाउनु, सुरक्षा अस्पतालमा कार्यरत रहँदा युवक शिकारी घाइते अवस्थामा पुनः भेट हुनु, उनीहरूबीच आत्मीयता गाँसिनु, त्यसैबेला अर्न्तजातीय विवाहका कारण लत्याइएकी सपना दोजिया भई आइपुग्नु, उनको उपचार हुनु, सुरक्षा र शिकारी संयोग विवाह बन्धनमा बाँधिनु, हेडसरसँग आर्शीवाद माग्न गाउँ पुग्नु, आमा (मास्टर्नी) बिरामी भएको खबर पाउनु, सुरक्षा र संयोग आमालाई भेट्न घर पुग्नु, सबै परिवारसँग उनको भेट हुनु, उनीहरूले आमाको स्वास्थ्योपचारका लागि अस्पताल लैजानु, रगतको खाँचो पर्नु, सुरक्षाको रगत मिलेका कारण सुरक्षा स्वयम्ले आमालाई रगत दिनु, मास्टर्नी सन्चो हुनु, अन्त्यमा सुरक्षाको सुखी दाम्पत्य जीवनको चित्रण गरिनु (पृ. ५३-७०) ।

यसका साथै अन्य केही प्रासङ्गिक कथाहरू पनि यसमा आएका छन् । जस्तै : मास्टरको कान्छी छोरीको न्वारनको प्रसङ्ग, मास्टर जँड्याहा हुँदै गएको प्रसङ्ग, सुरक्षा जङ्गल जाँदा बाच्छो हराएको प्रसङ्ग, सपना र रमेश परियारबीचका प्रसङ्ग आदि मूल कथावस्तुलाई अगाडि बढाउने क्रममा आएका छन् ।

### ४.२.२.३ पात्रविधान

*बेवारिसे* उपन्यास पात्रविधानका दृष्टिले हेर्दा बहुपात्रीय उपन्यास भए पनि थोरै पात्रहरूले मात्र यसमा उल्लेख्य भूमिका निभाएका छन् । यसमा प्रमुख, सहायक र गौण गरी जम्मा-जम्मी पच्चीस जति पात्रहरू प्रत्यक्ष तथा परोक्ष रूपमा आएका छन् । यो उपन्यास सुरक्षाको केन्द्रियतामा अगाडि बढेकाले सुरक्षा नै यस उपन्यासको प्रमुख पात्र हुन् । सहायक पात्रहरूमा हरि मास्टर, मास्टर्नी, सपना, विनिता, संयोग (शिकारी), रमेश परियार, हेडसर आएका छन् । यस्तै गौण पात्रहरूमा सापकोटा सर, कमला भाउजू, सन्तोष, कान्छा, अजय, स्वस्ती, अशोक, अशोकका छोराछोरी, मीनबहादुर, मीनबहादुरकी बूढी, राजकुमार, रिक्सावाला, गाउँलेहरू, मलामीहरू आदि आएका छन् । यीमध्ये केही उल्लेख्य भूमिका निभाएका पात्रहरूको चरित्र चित्रण निम्नानुसार गरिएको छ :

(क) **सुरक्षा :** *बेवारिसे* उपन्यासको प्रमुख नारी पात्र सुरक्षा हो । उनकै अवस्थालाई लक्षित गरेर उपन्यासको नाम *बेवारिसे* रहन गएको देखिन्छ । उपन्यासको प्रारम्भमा सालनालसहितको बेवारिसे शिशु बाटोको छेऊमा फालिएको अवस्थाबाट हरि मास्टरले टिपेर घर लगेर पालन-पोषण गर्दै उनको नाम सुरक्षा राखिदिएका छन् । सुरक्षाकै जीवनका हरेक घटनाहरू, दुःखसुख, हर्ष-बिस्मात्, आँसु-हाँसो, आशा-निराशा जस्ता जीवनका आरोह-अवरोहबाट उपन्यासमा घटनाहरू घट्दै गएका छन् । जीवन जीउने क्रममा कैयौँ पटक सङ्घर्ष गर्नु पर्दा पनि उनी सधैँ धैर्यताका साथ जीवन भोगिरहन्छे । उनी शान्त स्वभाव भएकी र सहनशील हुन्छे । उनलाई मास्टरले लक्षिनकी मान्दछ । जीवनमा कैयौँ पटक विसङ्गतिको दलदलमा फस्न पुगे पनि सधैँ सङ्घर्षशील रहन्छे । घरमा मास्टर्नी आमाको कचकच र दुर्व्यवहार सहेर पनि पढ्न जान्छे । उनी आफ्नो अस्तित्त्वका लागि लडिरहन्छिन् । अवैध यौन सम्बन्धबाट जन्मिएको बच्चा फालिएको हुन सक्ने सम्झेर उसलाई मास्टर्नीले शारीरिक र मानसिक पीडा दिइरहन्छे । समाजमा बेवारिसे भएकै कारण उनले तिरस्कृत जीवन जिउन बाध्य भएकी हुन्छे । मास्टर्नी र विनिताको दुर्व्यवहार र षड्यन्त्रले गर्दा जीवनप्रति वितृष्णा जागेर आत्महत्या गर्ने अवस्थासम्म पुग्दछे । भाग्यले गर्दा शिकारी युवक संयोगले उसलाई बचाउँछ । त्यसै समयबाट उसलाई हेडसरले आफ्नै घर राखी पढाउँछ । त्यसपछि उनमा जीवन बाँच्ने प्रेरणा मिल्छ । मास्टर र हेडसरले भने उनलाई सधैँ माया, ममता र साथ दिएको देखिन्छ । उनलाई संयोगले स्वच्छ र आत्मिक प्रेम गर्दछ । संयोगले कुल-घरान र जातपातको बन्धनलाई तोडेर विवाह गर्दछ । यसरी हेर्दा सुरक्षाको जीवन

अत्यन्त सङ्घर्षशील देखिन्छ । अन्त्यमा उनी सबै कुराले सम्पन्न भएको देखिन्छ । उनी जागिर, समझदार लोग्ने, बच्चा र सम्पन्न परिवार सबै कुराले भरिपूर्ण हुन्छे । उनको जीवन अघिल्लो चरणमा दुःखै-दुःखले भरिएको देखिए पनि अन्त्यमा भने उनी एक सक्षम युवती हुनुका साथै उनको सुखी संसार देख्न पाइन्छ ।

(ख) **हरि मास्टर** : हरि मास्टर यस *बेवारिसे* उपन्यासमा सहायक पात्रको रूपमा आए पनि उसले उल्लेखनीय भूमिका निभाएको छ । ऊ यस उपन्यासको एक आदर्श पात्र हो । ऊ महान् हृदयको धनी भएकाले मास्टरी पेसा अपनाएका साधारण व्यक्ति भए पनि र घरमा दोजिया स्वास्नी तथा छोरी हुँदाहुँदै बाटोमा भेटिएको बेवारिसे शिशुलाई घर लगेर पाल्ने जिम्मा लिन्छ । मास्टर कोमल हृदय भएको व्यक्तिको रूपमा आएको छ । बेवारिसे बच्चीलाई पनि आफ्नो सन्तान सरहको व्यवहार गर्ने मास्टरमा मानवतावादी विचारधारा पाइन्छ । ऊ यस उपन्यासमा आशावादी पात्र भएर आएको छ । सुरक्षाको संरक्षणको जिम्मेवारी बोकेका मास्टर सुरक्षाप्रतिको जिम्मेवारी पूरा गर्न चाहँदा-चाहँदै पनि टाढिनु परेको बाध्यात्मक परिस्थितिले गर्दा सुरक्षाको भविष्य उज्ज्वल बनाउने कार्यमा ऊ असल पिताको भूमिका निर्वाह गर्न नसकी निरीह पात्र बन्न पुगेको छ ।

(ग) **हेड मास्टर** : हेड मास्टर यस *बेवारिसे* उपन्यासको सहायक र गतिशील पात्र हो । उसले सुरक्षाको दुःखलाई बुझेर एउटा असल अभिभावकको भूमिका निभाएको छ । उसले सुरक्षालाई असल बाबुको रूपमा सहयोग गरेको छ । सुरक्षाको भविष्य उज्ज्वल बनाउनमा उसको ठूलो हात छ । उसले पढाइ छोड्न लागेकी सुरक्षालाई आफ्नै घर लगेर पढाएको छ । हेडसरको सहयोगबाट नै सुरक्षाले सभ्य, शिक्षित र सक्षम नारी बन्न सफल भएकी छिन् । यसरी *बेवारिसे* सुरक्षालाई आफ्नै बाबुले जस्तै माया-ममता दिई सहयोग गर्ने हेडसर अनुकूल पात्र हो ।

(घ) **मास्टर्नी** : मास्टर्नी यस उपन्यासमा खलपात्रको रूपमा आएकी छ । उनी ठाडो स्वभाव भएकी, मुखाले, कपटी र झगडालु स्वभाव भएकी दुष्ट स्त्रीपात्र हो । मास्टरले बेवारिसे सुरक्षालाई आफ्नै सन्तानसरह पाल्न चाहे पनि मास्टर्नीले भने ज्यादै ईर्ष्या र डाह गरेर अनेकौँ लाञ्छना लगाउने र गाली-गलौज गर्ने गर्दछे । उनी बारम्बार मास्टरलाई ज्यादै तिखारिएका व्यङ्ग्य-बाण प्रहार गर्दछे । उनी मास्टरसँग रातदिन कचकच र असभ्य व्यवहार गरिरहन्छे । यति मात्रै होइन मास्टर्नी र छोरी विनिता मिलेर सुरक्षालाई विष खुवाएर हत्या गर्नेसम्मको योजना बनाउने आपराधिक मनस्थिति भएकी मानवतारहित व्यवहार गर्ने साह्रै चण्डाल र घृणित पात्र हो । उनी यस उपन्यासकी प्रतिकूल र गतिहीन पात्र हो ।

(ङ) **सपना** : सपना यस उपन्यासको आधुनिक युवा पुस्ताको प्रतिनिधि पात्र हो । उनी यस उपन्यासकी सहायक, अनुकूल र गतिशील पात्र हो । कोमल हृदय भएकी, मायालु, दयालु, सहयोगी सपना आफ्नै बाबुजस्तै उदार भावना भएकी छे । उनले

आफ्नै निर्णयमा सामाजिक बन्धनलाई तोडेर रमेश परियारसँग अन्तर्जातीय विवाह गरेर समाजलाई जातीय बन्धनबाट माथि उठाएकी छे । उनले जातपातको भेदभावलाई अन्त्य गर्दै आधुनिक समाज निर्माण गर्न चाहन्छे ।

(च) **रमेश परियार** : रमेश परियार यस *बेवारिसे* उपन्यासको सहायक पात्र हो । ऊ यस उपन्यासमा अनुकूल र गतिशील पात्रका रूपमा आएको छ । उसले समाजमा पुस्तौंदेखि चलिआएको जातीय प्रथाको विरोध गर्दै अन्तर्जातीय प्रेमविवाह गरेर जातपातको भेदभावलाई अन्त्य गर्न चाहेको छ । निडर स्वभावका रमेशले जातीय प्रथाको चुनौतिपूर्ण सङ्घर्ष गर्दै जातपातको भेदभावरहित आधुनिक समाजको निर्माण गर्न खोजेको छ ।

(छ) **संयोग** : संयोग *बेवारिसे* उपन्यासमा सुरुमा शिकारीको रूपमा देखापरेको छ । ऊ यस उपन्यासको सहायक, अनुकूल र गतिशील पात्र हो । ऊ उदार हृदयको धनी छ । उसले सुरक्षाप्रति एकोहोरो आत्मिक प्रेम गरेको छ । लामो समयको प्रतीक्षापछि सुरक्षाको प्रेम प्राप्त भएपछि उसले वर्गीय भेद र जातीय भेदभन्दा माथि उठेर बेवारिसे सुरक्षासँग वैवाहिक जीवनमा बाँधिन्छ ।

(ज) **विनिता** : विनिता यस *बेवारिसे* उपन्यासमा खल चरित्र भएकी स्त्रीपात्रको रूपमा आएकी छ । उनी यस उपन्यासको प्रतिकूल र गतिहीन पात्र हो । ईर्ष्यालु स्वभावकी विनिता सधैँ सुरक्षाको ईष्या गर्ने र सुरक्षाको विषयमा आमालाई कुरा लगाउने गर्दछे । उनी पनि आमाजस्तै दुष्ट, कपटी, झगडालु स्वभाव भएकी छे । विनिता आफ्नी आमासँग मिलेर सुरक्षालाई विष खुवाएर मार्ने षड्यन्त्र गर्नसम्म तम्सिने नकारात्मक सोच भएकी पात्र हो ।

यसरी यस उपन्यासमा आएका सम्पूर्ण पात्रहरूले प्रत्यक्ष वा परोक्ष रूपमा मुख्य पात्रको भूमिकालाई सशक्त बनाउन सहयोग पुऱ्याएका छन् ।

### ४.२.२.४ परिवेश

*बेवारिसे* उपन्यासमा तत्कालीन हाम्रै गाउँघरको परिवेश आएको छ । उपन्यासमा खासै स्थान नतोकिए पनि भौगोलिक परिवेशलाई हेर्दा धेरै मात्रामा ग्रामीण क्षेत्र र केही मात्रामा शहरी क्षेत्रको झलक पाइएको छ । बाटोघाटो, वन-जङ्गल, पाखा-पखेरा, पोखरी, गाउँटोल, स्कुल, क्याम्पस, एयरपोर्ट, अस्पताल, चौतारो आदि ठाउँहरू यसका भौगोलिक परिवेश हुन् । बिहान, बेलुका, दिउँसो, साँझ, एकान्त स्थल आदि समयको सङ्केत यसमा आएका छन् । सामाजिक परिवेशका हिसाबले हेर्दा यस उपन्यासमा रुढिग्रस्त समाजको चित्रण र जातीय भेदभाव पाइन्छ । बाटोमा भेटिएको बेवारिसे बच्चालाई आफ्नै सन्तान सरह पालन-पोषण गर्न चाहेको परिवेशलाई देखाइनुका साथै बेवारिसे भएकै कारण समाजबाट, आमा र बहिनीबाट तिरस्कृत र घृणित हुनु परेको मनस्थितिको चित्रण पाइएको छ । चुनौतीपूर्ण अन्तर्जातीय विवाह सफल भएको देखाएर जातपातको भेदभाव रहित

आधुनिक समाजतर्फ उन्मुख भएको देखाइएको छ । उपन्यासमा तत्कालीन समाजको सांस्कृतिक, धार्मिक परिवेश आएका छन् । हिन्दु धर्म अनुरूप समाजमा जातीय भेदभाव र अर्न्तजातीय विवाहको विरोध देखाइएको छ । बेवारिसे सुरक्षालाई कथित तल्लो जातको हुनसक्ने भनेर घृणा गरिएको छ । चाडपर्व र सामाजिक संस्कारहरू पनि आएका छन् । यस उपन्यासले सामाजिक संस्कारहरूलाई तोडेर समाजलाई आधुनिकतातर्फ डोऱ्याउन खोजिएको छ । साथै प्रेम-प्रणयका विषयहरूमा सपना र रमेश परियारको सफल प्रेम र संयोगको एकतर्फी प्रेम अन्तमा सफल भएको छ ।

### ४.२.२.५ उद्देश्य

*बेवारिसे* उपन्यास सामाजिक उपन्यास हो । यसमा मुख्य रूपले हाम्रो समाजमा बेवारिसेहरूको अवस्था र उनीहरूप्रति समाजको दृष्टिकोणलाई प्रस्तुत गर्नु नै मुख्य उद्देश्य बनाइएको छ । अवैध यौन सम्बन्धबाट जन्मिन पुगेकी बेवारिसे बालिकाले जीवनभर भोग्नु परेका मानसिक र शारीरिक पीडालाई प्रस्तुत गर्दै उनीहरूको यथार्थ अवस्थालाई सबैका सामु यसले प्रस्तुत गरेको छ ।

यस उपन्यासमा जातीय सङ्कीर्णताको परिधिबाट माथि उठेर हरि मास्टर र हेड मास्टरले एउटी बेवारिसे शिशुलाई पनि आफ्नै सन्तान सरह माया, ममता दिएर पालन-पोषण गरेर समाजको एउटा सक्षम व्यक्ति बनाएको देखाएर यस्ता बालबालिकाले पनि राम्रो अवसर पाएमा उनीहरू पनि समाजमा योग्य, कुशल, असल व्यक्ति बन्न सक्नेछन् भन्ने देखाइएको छ । बेवारिसे बालबालिकालाई पनि प्रेमपूर्ण व्यवहार र मायाको खाँचो हुन्छ । राम्रो वातावरण पाए उनीहरूको भविष्य उज्ज्वल हुनेछ भन्ने ज्ञानबर्द्धक सन्देश दिनु यस उपन्यासको उद्देश्य रहेको छ । बेवारिसे भएकै कारण कथित तल्लो जातको हुनसक्ने भनी यस उपन्यासकी नायिका सुरक्षाले अरूबाट घृणा पाउनुपरेको छ । यसरी जातीय भेदभावलाई प्रस्तुत गर्दै हाम्रो समाजमा विद्यमान जातीय भेदभावको विरोध गरी अन्तर्जातीय विवाह गरेको देखाएर समाजलाई नयाँ बाटोतर्फ मोडेर आधुनिक समाज निर्माण गर्न खोज्नु पनि यसको अर्को उद्देश्य रहेको छ । यसमा रगतको नाताभन्दा भावनाको नाता तथा मानवताको नाता बढी प्रबल हुने अवधारणा अभिव्यक्त गरिएको छ । स्वच्छ र आत्मीक प्रेमलाई जात, वर्ग, धन र कुलघरान आदि कुनै पनि बन्धनले छेक्न सक्दैन । जीवनमा जस्तोसुकै अवस्था आएपनि सङ्घर्ष गर्न छाड्नु हुँदैन । रातपछि दिन आए जसरी दुःखपछि सुख अवश्य आउँछ भन्दै यस उपन्यासमा धैर्यताका साथ जीवन जीउन सिकाउनु आदि यसका उद्देश्य रहेका छन् ।

### ४.२.२.६ दृष्टिविन्दु

*बेवारिसे* उपन्यासमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरेर विभिन्न पात्रहरूको माध्यमद्वारा औपन्यासिक गतिविधि र क्रियाकलापलाई अगाडि बढाइएको छ । यस उपन्यासको केन्द्रीय पात्र सुरक्षा हो । उनकै जीवनका विभिन्न घटनाहरूको वर्णनमा नै यो उपन्यास केन्द्रित रहेको छ । यस उपन्यासको मुख्य भूमिकामा मास्टर र सुरक्षा रहेका छन् ।

मास्टर र सुरक्षाका माध्यमबाट नै यस उपन्यासलाई प्रस्तुत गरिएको छ । सुरक्षाको जीवनका घटनाहरूलाई अगाडि बढाउने क्रममा यस उपन्यासमा अन्य पात्रहरू हेडमास्टर, मास्टर्नी, सपना, रमेश परियार, संयोग, विनिता आदि पात्रहरू पनि आएका छन् । यस उपन्यासमा उपन्यासकार स्वयम् आफू उपन्यासभित्र आएका छैनन् । उनी बाहिर रहेर पनि यिनै पात्रहरूको माध्यमबाट उपन्यासमा आफ्नो विचार वा चिन्तन व्यक्त गरेकी छन् ।

### ४.२.२.७ भाषाशैली

*बेवारिसे* उपन्यासमा सरल ग्रामीण भाषाको प्रयोग भएको छ । यसमा पात्रहरूको अवस्था र उपन्यासको सामाजिक परिवेशअनुरूपको भाषाको प्रयोग गरिएको छ । जसमा तत्सम, तद्भाव, आगन्तुक र झर्रा शब्दको प्रयोग गरिएको छ । वर्णनात्मक र संवादात्मक दुवै शैलीको प्रयोगले यो उपन्यास सामान्य पाठकका लागि पनि सरल बनेको छ । यसमा सामान्य पदरचना गरिनुका साथै केही मात्रामा अङ्ग्रेजी शब्दको प्रयोग गरिएको छ । भाषिक प्रयोगका हिसाबले हेर्दा प्रस्तुत उपन्यासले पौढता वा परिपक्वता प्राप्त गर्न सकेको छैन । त्यसैले अपरिष्कृत र अपरिमार्जित देखिन्छ । यस उपन्यासको कतिपय ठाउँहरूमा गाली-गलौच र तुच्छ शब्दहरूको प्रयोग पनि पाइन्छ । यसमा बिम्ब, प्रतीक, अलङ्कार र उखान-टुक्का आदिको प्रयोगले यसको भाषा स्वाभाविक बनेको छ ।

### ४.२.२.८ द्वन्द्व विधान

प्रस्तुत *बेवारिसे* उपन्यासमा द्वन्द्वको प्रभावकारित प्रबल रूपमा आएको छ । यस उपन्यासमा हरि मास्टरले एउटा बेवारिसे शिशुलाई बाटो छेउमा देखेपछि त्यस शिशुलाई जीवन दिउँ या छोडेर जाउँ भनी उठेको मनोद्वन्द्व, बेवारिसे सुरक्षाको जीवनमा उठेका जीवन र मृत्युबीचका द्वन्द्व, सपना र रमेश परियारबीचको अन्तर्जातीय विवाह र सामाजिक परम्पराबीचको द्वन्द्व, संयोगले आत्मिक प्रेमका लागि गरेको द्वन्द्व आदि द्वन्द्वहरूको उठानले उपन्यास अत्यन्त प्रभावकारी बनेको छ ।

### ४.२.२.९ शीर्षक

प्रस्तुत *बेवारिसे* उपन्यासको विषयवस्तु सुहाउँदो र सार्थक रहेको छ । यस उपन्यासमा हरि मास्टरले सडक छेउ फेला परेकी शिशुलाई आफ्नो घर लगेर जीवन दिए पनि उक्त बालिकाले जीवनमा बेवारिसे भएकै कारण अरूबाट तुच्छ शब्द र व्यवहार भोग्नु परेको छ । यसरी बालिकाले भोग्नु परेको शारीरिक र मानसिक पीडालाई उपन्यासमा प्रस्तुत गरेको छ । यस उपन्यासले मुख्य रूपमा राम्रो संरक्षकत्व प्राप्त गरेको अवस्थामा बेवारिसे बालबालिका पनि योग्य र सक्षम व्यक्ति बन्न सक्छन्, उनीहरू पनि देशको कर्णधार बन्न सक्छन् भन्ने देखाइएको छ । यसरी बेवारिसे बालिकामा नै केन्द्रित रही यस्तै नियति भोग्नु परेका बालबालिकाको कथाबस्तुमा उपन्यास केन्द्रित रहेकाले उपन्यासको नाम *बेवारिसे* राखिनु सार्थक रहेको देखिन्छ ।

#### ४.२.२.१० संवाद

*बेवारिसे* उपन्यासमा केही मात्रामा संवादात्मक शैलीको प्रयोग भएको छ । यसमा पात्रहरूको स्तरअनुरूप स्वाभाविक संवादहरूको प्रयोग गरिएकोले संवादहरूमा जीवन्तता पाइन्छ । ग्रामीण परिवेशको चित्रण भएको यस उपन्यासमा पात्रहरूको सामाजिक स्तरअनुरूपका संवादहरू प्रयोग भएका छन् । यस उपन्यासमा प्रयोग भएका संवादहरू केही लामा र केही छोटा भएकाले संवादगत एकरूपता भने पाइँदैन । यस उपन्यासका कतिपय ठाउँहरूमा कुण्ठा र मानसिक स्थिति पनि संवादकै माध्यमबाट पोखिएका छन् । यस उपन्यासका केही संवादका नमुनाहरू निम्नानुसार रहेका छन् :

(क) **सपना र रमेश परियारबीचको संवाद :**

"किन यत्रो दिन क्याम्पस नआएको ? के थियो हँ"

"केही होइन" (पृ. १५) ।

(ख) **सुरक्षा र संयोगबीचको संवाद :**

"तँ को होस् ?"

"तिमी जे देख्दैछौ ।"

"छाड्दे मलाई ।"

"यदि मलाई पनि सँगै लैजान्छौ भने" (पृ. ५१) ।

(ग) **सपना र रमेश परियारबीचको संवाद :**

"नाई पहिला तिमी भन ।"

"होइन सपना पहिला तिमीले भन्न खोजेकी हौ त्यसैले पनि पहिलो मौका तिमीले पाउनु पर्छ" (पृ. २३) ।

**निष्कर्ष**

प्रस्तुत उपन्यास मुख्यतः कुनै पनि बेवारिसे शिशुले जीवनभर भोग्नु पर्ने शारीरिक र मानसिक पीडामा केन्द्रित रहेको छ । जसमा बाटोको छेउमा फालिएकी बेवारिसे शिशुलाई हरि मास्टरले घर लगेर हुर्काए पनि उसले हुर्कंदै जाँदा भोग्नु परेका पीडादायी जीवनकथालाई उपन्यासमा मुख्य कथानक बनाइएको छ । यस उपन्यासकी नायिका बेवारिसे सुरक्षा हो र उनीसँग सम्बन्धित अन्य केही प्रमुख भूमिका भएका पात्रहरू हुन् : हरि मास्टर, हेड मास्टर, मास्टर्नी, सपना, रमेश परियार, संयोग, विनिता आदि । यिनैको सेरोफेरोमा अन्य धेरै सहायक पात्रहरू पनि आएका छन् ।

यस उपन्यासमा कुनै खास स्थान नतोकिए पनि ग्रामीण परिवेशको चित्रण पाइन्छ । प्रस्तुत उपन्यासमा बेवारिसे शिशुको अवस्था र उनीहरूप्रति समाजले हेर्ने दृष्टिकोण र गर्ने व्यवहारलाई प्रस्तुत गर्नु मुख्य उद्देश्य बनाइएको छ । साथै रगतको नाताभन्दा भावनाको नाता ठूलो हुन्छ भन्ने देखाउनु र जातीय सङ्कीर्णताबाट माथि उठेर अन्तर्जातीय विवाहलाई

प्रोत्साहित गर्नु पनि यसको अर्को महत्त्वपूर्ण उद्देश्य रहेको देखिन्छ । यसमा विभिन्न पात्रहरूका माध्यमबाट औपन्यासिक गतिविधि अगाडि बढाइएको पाइन्छ । जसअनुसार पात्रहरू बीच भएका संवादहरू अत्यन्तै जीवन्त रूपमा आएका छन् साथै पात्रको भूमिकाअनुरूपका भाषाशैलीको प्रयोग गरिएको छ । बेवारिसे शिशु उपन्यासको केन्द्रीय पात्र भएकाले उपन्यासको शीर्षक *बेवारिसे* रहनु सार्थक देखिन्छ । प्रस्तुत उपन्यासमा विभिन्न प्रकारका द्वन्द्वहरू सक्रिय रूपमा आएका छन् । यस उपन्यासमा बेवारिसे शिशुको पीडादायी जीवनको चित्रण गरिएको छ ।

### ४.२.३ *कालो कर्णालीको सेतो छायाँ* उपन्यासको अध्ययन

रविकिरण निर्जीवद्वारा लिखित *कालो कर्णालीको सेतो छायाँ* (२०५६) एक बसाईमा पढ्न सकिने लघु आकारको औपन्यासिक कृति हो । प्रस्तुत उपन्यास जम्मा पचहत्तर पृष्ठ र तेह्र अध्यायमा विभाजन गरेर प्रत्येक अध्यायलाई एक, दुई, तीन, चार गरी शीर्षकीकरण गरिएको छ । यस उपन्यासमा पश्चिम नेपालको जनजीवन र भूगोललाई प्रस्तुत गरिएको छ । यसमा मुख्य रूपमा छोरीहरूले पनि शिक्षाको ज्योति पाएमा उनीहरू सक्षम हुन्छन् भन्दै छोरीलाई पनि शिक्षादीक्षा दिन अत्यन्त आवश्यक रहेको छ भन्ने सन्देश दिइएको छ ।

#### ४.२.३.१ उपन्यासकार रविकिरण निर्जीवको परिचय

वि.सं. २०२३ मा *नवजीवनको फूलबारी* (२०२३) कवितासङ्ग्रह प्रकाशित गरेर साहित्यिक यात्रा आरम्भ गरेका रविकिरण निर्जीवको जन्म लमजुङ जिल्लाको अलैँचेमा बाबु श्रीप्रसाद रेग्मी र आमा रेणुका रेग्मीबाट २००३ साल जेठ २९ गते भएको हो । जहाँ उनको पुर्ख्यौली घर रहेको थियो । हाल उनको घर चितवन जिल्लाको भरतपुर महानगरपालिका वडा नं. १२, मुनालचोकमा रहेको छ । उनले औपचारिक शिक्षा त्रि.वि.वि. काठमाडौँबाट नेपाली विषयमा एम.ए., बि.एड. गरेका छन् । उनले नेपाली साहित्यको विविध विधामा कलम चलाए पनि निबन्ध विधामा ज्यादा सफल देखिन्छन् । उनका कृतिहरूमा *नवजीवनको फूलबारी* (कवितासङ्ग्रह, २०२३), *रगत र पसिनाको बस्ती* (खण्डकाव्य, २०४२), *सोझा निर्जीवका बाङ्गा निबन्धहरू* (निबन्धसङ्ग्रह, २०४७), *कालो कर्णालीको सेतो छायाँ* (लघु उपन्यास, २०५६), *ऐजेरु लागेको पिपल* (बालकाव्य, २०६३), *सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू* (निबन्धसङ्ग्रह, २०६४), *आत्मदान* (आत्मकथ्य, २०६८), *थारू र एबोको संस्कृति दुरुस्ती* (संस्कृति, २०७०), *आमाको दूधको भारा* (उपन्यास, २०७२), *भदौरे झरी* (निबन्धसङ्ग्रह, २०७४), *अलैँचे* (कविता, गीत र अतीतसङ्ग्रह, २०७५) प्रकाशित भएका छन् । यीभन्दा बाहेक अन्य केही कविता, निबन्ध, गीत, एकाङ्की, नाटक र समालोचकीय लेख आदि राष्ट्रिय तथा स्थानीय स्तरका विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका छन् (उपन्यासकार स्वयम्बाट प्राप्त जानकारी) ।

यसरी नेपाली साहित्यमा निरन्तर योगदान पुऱ्याएकाले उनलाई विभिन्न समयमा पुरस्कार र सम्मानहरू प्रदान गरिएको छ । २०२४ सालमा चितवनमा आयोजित निबन्ध प्रतियोगितामा 'स्वर्ण पदकसहित प्रथम पुरस्कार', अस्वीकृत विचार साहित्य पुरस्कार गुठी

काठमाडौँद्वारा विचार-साहित्यमा उत्कृष्ट योगदान पुऱ्याए वापत 'अस्वीकृत विचार साहित्य पुरस्कार-२०६१', नेपाल राष्ट्रिय शिक्षक सङ्गठन केन्द्रीय समितिद्वारा 'सम्मान-पत्र', 'रजतवर्ष-२०६१', साहित्य सङ्गम चितवनद्वारा 'साहित्य सङ्गम सम्मान-२०६२', साहित्य सङ्गम चितवनद्वारा *सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू* कृतिका लागि 'सहिद शिव पौडेल स्मृति पुरस्कार-२०६५', नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ केन्द्रीय समितिद्वारा आयोजित देशव्यापी प्रगतिशील कविता प्रतियोगिता-२०६७ मा "साँढेहरू" शीर्षकको कवितामा 'प्रमाण-पत्र र प्रथम पुरस्कार', गण्डकी साहित्य सङ्गम पोखराद्वारा 'गण्डकी वाङ्मय पुरस्कार' तथा 'सम्मान-पत्र-२०७५', साहित्य सङ्गम चितवनद्वारा 'मदनमोहन जोशी स्मृति पुरस्कार' तथा 'सम्मान-पत्र-२०७६', ज्येष्ठ नागरिक समाज अर्चलबोट लमजुङद्वारा 'सम्मान-पत्र-२०७६' का साथै अन्य धेरै पुरस्कार तथा सम्मान प्रदान गरिएको छ (उपन्यासकार स्वयम्बाट प्राप्त जानकारी) ।

उनी विभिन्न सङ्घ-संस्था र 'मातृभूमि', 'नौलो राँको' आदि पत्रपत्रिकाहरूमा आबद्ध रहेर पत्रिका सम्पादन गर्नुका साथै सञ्चालक सदस्य रहेर प्रकाशन कार्यमा योगदान पुऱ्याएका छन् । पेसागत आधारमा हेर्दा उनी लामो समय शिक्षण पेसामा संलग्न रहे पनि हाल शिक्षण पेसाबाट अवकाशप्राप्त गरिसकेका छन् । यसरी उनलाई कवि, निबन्धकार, उपन्यासकार, गीतकार, नाटककार, समालोचक, सम्पादकका साथै शिक्षक-प्राध्यापक व्यक्तित्वका रूपमा हेरिन्छ ।

**४.२.३.२ कथानक**

*कालो कर्णालीको सेतो छायाँ* उपन्यासले मुख्यतः पश्चिम नेपालको गाउँघर, त्यहाँको मौसम, जनजीवन, भूगोल, संस्कृति, सामाजिक चालचलन, रीतिरिवाज र त्यहाँको संस्कारलाई कथावस्तुको रूपमा लिएको छ । भट्टवटा गाउँमा बस्ने कन्नबहादुर र उसको पारिवारिक वातावरणबाट उपन्यास अगाडि बढेको छ । आर्थिक अवस्था उकास्न विदेशीने नेपाली परम्पराअनुसार कन्नबहादुर पनि केही वर्ष भारतको नैनीतालमा गएर अर्काको घरमा काम गर्ने क्रममा मालिकका छोराछोरी स्कुल पुऱ्याउन जाँदाको अनुभवले गर्दा उनी नेपाल फर्कदा धेरै रूपैयाँ-पैसा ल्याउन नसके पनि शिक्षाप्रतिको अँध्यारो र अन्धो मानसिकताबाट माथि उठेर केटाकेटीलाई स्कुल पठाउनुपर्छ भन्ने सोच बोकेर आउनु, त्यसपछि उनले ढिलै भए पनि तेह्र वर्ष भैसकेकी विधवा छोरी देवकन्या र छोरो चन्द्रलाई स्कुल भर्ना गरिदिनु, कन्नबहादुर देहातबाट सुर्खेततिर सामानहरू ल्याएर बेच्ने साधारण व्यवसायी हुनु, उसलाई तिब्बततिर व्यापार गर्न जान मन लागे पनि परिवारको अस्वीकृतिले गर्दा जान नपाउनु, त्यसैले उनी गाउँमै बसेर गाउँ सुधारका विभिन्न कार्यहरूमा लागिरहनु, त्यही समयमा जुम्लाको धारापानीमा दाङको विलासपुरबाट दाताराम न्यौपाने साना किसान विकास आयोजनाका प्रमुख भएर आउनु, उनले साथमा बि.ए. पास गरेका छोरा विजयलाई पनि लिएर आउनु, विजयले धारापानीकै हाइस्कुलमा पढाउन थाल्नु, एक दिन कन्नबहादुरले आफ्नी छोरी देवकन्यालाई ट्युशन पढाउन विजयसँग अनुरोध गर्नु, ट्युशन पढ्ने क्रममा

विजय र देवकन्या बीच एक-आपसमा आकर्षण बढ्दै जाँदा प्रेममा परिणत हुनु, कहिले-काहीँ उनीहरू सँगै घुमफिर गर्नु, यो कुरा त्यस गाउँमा मात्र नभई देवकन्याको ससुराली गाउँ रिचामा पनि फैलनु (पृ. १-२३) ।

विधवाले सधैँ मृत पतिको सत्मा बसी उदास र शृङ्गर विहीन रहेर उराठलाग्दो दुःखी जीवन जिउनु पर्छ भन्ने मान्यता बोकेको त्यस समाजले उनीहरूको प्रेम सहन नसक्नु, यसरी हिन्दु संस्कार विपरीत देवकन्या स्वतन्त्रतापूर्वक परपुरुषसँग हिँडेको थाहा पाई कुन्नबहादुरले छोरीलाई 'पतिको सत्मा बस्नु नै नारीको धर्म हो' भन्दै सम्झाउनु, त्यसपछि पनि देवकन्या र विजयको प्रेम अन्त्य नहुनु, यिनै कुराले गर्दा एकदिन देवकन्याको ससुराले कन्नबहादुरलाई धम्क्याउनु, त्यसपछि कन्नबहादुरले देवकन्यालाई खान नदिई बाखाको खोरमा थुनेर राखिदिनु र केही मानिसका साथ दाताराम कहाँ गएर दातारामसँग झगडा गर्नु । यी सबै बाधा, अडचनलाई पन्छाएर विजयले देवकन्यासँग औपचारिक रूपमा नै विवाह गर्नु । यो नै यस उपन्यासको चरमोत्सकर्ष अवस्था हो (पृ. ३२-६२) ।

विवाह पश्चात् विजय र देवकन्या समाजसेवाका कार्यहरूमा जुट्नु, उनीहरूको नेतृत्वमा गाउँमा सुधार र विकासका कार्यहरू भएको देखेर केही खराब प्रवृत्तिका व्यक्तिहरूले विजयमाथि साङ्घातिक हमला गर्नु, अन्त्यमा विजय र देवकन्याले सबै गाउँलेबाट नैतिक समर्थन र सहानुभूति प्राप्त गर्नु, उनीहरूलाई सम्पूर्ण समाज र त्यहाँका गाउँलेहरूले आदर्श व्यक्तित्व मान्नु (पृ. ६३-७५) ।

यसका साथै अन्य केही सहायक कथाहरू पनि आएका छन् । जस्तै : रारा घुम्न जाँदा पसले बुढाले बताएको त्यहाँको तामाङहरूको मृत्यु संस्कार र कर्णाली प्रदेशतिर ठालु र मुखियाहरूले लिने गरेका अधिक ब्याज, बढी मालपोत र मुफतको श्रम खाने शोषणका कथा आदि प्रासाङ्गिक कथाहरू हुन् ।

#### ४.२.३.३ पात्रविधान

*कालो कर्णालीको सेतो छायाँ* उपन्यास पात्रविधानका दृष्टिले हेर्दा बहुपात्रीय उपन्यास हो । यसमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा आएका सबै पात्रहरू गरी लगभग तीस-पैँतीस जनाभन्दा बढी पात्रहरू देखिएका छन् । यसका मुख्य पात्र विजय र देवकन्या हुन् । यिनीहरू नै यस उपन्यासका नायक-नायिका हुन् । अन्य सहायक पात्रहरूमा कन्नबहादुर, दाताराम, चन्द्रवहादुर, दातारामकी श्रीमती दातृ, हर्कबहादुर, रतनबहादुर बुढा, दातारामका परिचर, पदम, शरण, क्षमा, स्कुलको पिउन हुन् भने गौण पात्रहरूमा देवकन्याकी पूर्व सासु, देवरानी, नन्द, आमाज्यू, दातारामको घरबेटी, स्कुलका शिक्षक तथा कर्मचारीहरू, स्कुले विद्यार्थीहरू, रारा राष्ट्रिय निकुञ्जका सिपाहीहरू, गाउँलेहरू, जन्तीहरू, गाउँका दुष्ट मानिसहरू आदि रहेका छन् । यसका पात्रहरूमध्ये केही मुख्य भूमिकामा रहेका पात्रहरूको चरित्र-चित्रण यहाँ गरिएको छ :

(क) **विजय** : यस उपन्यासको प्रमुख पुरुष पात्र वा नायक विजय हो । ऊ यस उपन्यासमा सुरुदेखि अन्त्यसम्म सक्रिय रूपमा आएको छ । ऊ यस उपन्यासको गतिशील पात्र हो । दाङको विलासपुर घर भएका दातारान न्यौपानेका छोरा भएकाले बाबुको जागिरको सिलसिलामा ऊ पनि धारापानी आइपुगेको हो । ऊ बि.ए. पास गरेको धारापानी हाइस्कुलको अङ्ग्रेजी पढाउने शिक्षक हो । ऊ विद्या, विचार, व्यवहार र रूपले परिपूर्ण छ । ऊ पढाउन साह्रै सिपालु, शिक्षण पेसालाई अत्यन्तै माया गर्ने व्यक्ति हो । ऊ परिश्रमी, लगनशील, निःस्वार्थी, इमान्दार र उत्साहित स्वभावको हुनुका साथै विद्यार्थीहरूको क्षमता र दुर्बलतालाई बुझेर हाँसीखुसी पढाउने, विद्यार्थीहरूलाई उत्साहित बनाएर पढाउने असल शिक्षक हो । त्यसैले धारापानी वरीपरी उनको धेरैले प्रशंसा गर्दछन् । ऊ त्यहाँ लोकप्रिय र सबैको प्यारो बन्दै गएको छ । ऊ नैतिकवान र सचेत समाज सुधारक पनि हो । उसले बालविधवा, जो समाजबाट अपहेलित र तिरस्कृत केटी देवकन्यालाई हृदयदेखि प्रेम गरेर औपचारिक रूपमा नै विवाह गर्दछ । विवाहपश्चात् ऊ समाज सुधारका कार्यहरूमा जुट्दछ । गाउँका केटाकेटीहरूको सुविधाका लागि बिहानी, प्रौढ र रात्रि कक्षाहरू सञ्चालन गर्दछ । मानिसहरूको जीवनस्तर उठाउने किसिमका पाठ्यपुस्तकहरू पढाउन थाल्छ । उनीहरूले खोलेका कक्षाहरूमा मानिसहरूलाई पशुपालन, फलफूल खेती र घरेलु उद्योगतर्फ प्रोत्साहित हने कार्यहरू गर्दछ । छोट्टी खेल्न जानेहरूलाई हतोत्साहित गर्दै पढ्न जान प्रेरित गर्दछ । यसरी विजयले सुधारवादी र प्रगतिवादी कार्यहरू गर्दै जाँदा खराब व्यक्तिहरूले उसको बिरोध गर्दै ऊमाथि साङ्घातिक हमला गरे पनि ऊ आफ्नो उद्देश्य प्राप्तिका लागि अगाडि बढिरहन्छ । अन्ततः उसले सफलता प्राप्त गर्दछ । सबै गाउँलेको साथ, समर्थन र सहयोग प्राप्त गर्दछ ।

(ख) **देवकन्या :** देवकन्या प्रस्तुत उपन्यासको नायिका हो । यस उपन्यासको सुरुदेखि अन्त्यसम्म उनको सक्रिय भूमिका रहेको छ । ऊ यस उपन्यासको गतिशील स्त्री पात्र हो । ऊ सानैमा पति-पत्नीको अर्थ नबुझ्ने अबोध अवस्थामा नै विधवा हुन पुगेकी शुद्ध र पवित्र केटी हो । ऊ शारीरिक रूपमा पनि अत्यन्त सुन्दर र आकर्षक सुशील केटी हो । कलिलै उमेर विधवा भए पनि उनका बाबु कन्नबहादुरले उसलाई माइतमा राखेर स्कुल पढ्न पठाएको छ । यसरी उसले शिक्षाको ज्योतिबाट बन्चित हुन परेको छैन । उसले विजयजस्तो सुधारवादी शिक्षक पाएकी छ । विजयसँग ट्युशन पढ्ने क्रममा नारी अधिकार र कर्तव्यको बारेमा शिक्षा पाउँछे । उसले विजयलाई कर्णाली प्रदेशका नारीहरूका अवस्था बारे जानकारी गराउँछे । विजयजस्तो सचेत समाज सुधारकलाई साथ र सहारा दिँदै पुनर्विवाह गरी उनैसँग समाजसेवाका कार्यहरूमा जुट्दछे । देवकन्याले विजयजस्तो सुधारवादी व्यक्तिको साथ र सहारा पाउनका साथै शिक्षाको ज्योति पाएकीले

उपन्यासको उत्तराद्धमा ऊ एक सुधारवादी समाजसेवीको रूपमा प्रतिष्ठित व्यक्ति भएकी छ ।

(ग) **कन्नबहादुर** : कन्नबहादुर यस उपन्यासको एक सक्रिय, सहायक पुरुष पात्र हो । यस उपन्यासको प्रारम्भ नै उसको परिचयबाट भएको छ । ऊ यस उपन्यासको गतिशील पात्र हो । ऊ यस उपन्यासमा अनपढ तर मिहिनेती, सदाचारी र शिक्षाको महत्त्व बुझेको उच्च विचार भएको समाज सुधारक व्यक्तिको रूपमा आएको छ । यस उपन्यासमा उसको विशेष भूमिका रहेको देखिन्छ । ऊ दुर्गम गाउँ भट्टवाडाको वासिन्दा हुनुका साथै एक अनपढ व्यक्ति भएपनि उसले आफू केही समय नैनितालतिर अरूको घरमा काम गर्न बस्दा त्यहाँका केटाकेटीहरू स्कुल पढ्न गएको देखेर आफ्नै अनुभवबाट शिक्षाको महत्त्व बुझेको छ । त्यसैले उसले ढिलै भए पनि विदेशबाट फर्किएर आएपछि विधवा भैसकेकी तेह्र वर्षकी छोरी देवकन्यालाई स्कुल पढ्न पठाएर शिक्षाको उज्यालो दिन सफल भएको छ । उसले शिक्षाको महत्त्व बुझेर अज्ञान र अनपढ गाउँलेहरूलाइ शिक्षाको ज्योतिले सम्पूर्ण अन्धकार हट्दछ भन्दै शिक्षाको महत्त्व बुझाउँछ । स्कुले केटाकेटीका अभिभावकहरूलाई स्कुल पढ्न पठाउनु पर्दछ भन्दै स्कुलको शिक्षकहरूलाई सहयोग गर्दछ । कन्नबहादुर गाउँका युवाशक्ति विदेश भासिन हुँदैन, स्वदेशमै बसेर कडा परिश्रम गर्नुपर्दछ, आफ्नै देशमा कृषि, पशुपालन तथा घरेलु उद्योगमा युवाश्रम खर्चनु पर्दछ भन्ने उच्च इच्छा र उद्देश्य राख्ने एक प्रगतिवादी चेतना भएको व्यक्ति हो । उसले बालविधवा छोरीलाई घर नपठाएर माइतमै राखी पढाएर योग्य नागरिक बनाएर समाजले विरोध गर्दागर्दै पनि योग्य व्यक्तिसँग औपचारिक रूपमैं पुनर्विवाह गरिदिएकाले ऊ यस उपन्यासमा उच्च विचार भएको सफल पिताका रूपमा आएको छ ।

(घ) **दाताराम** : दाताराम न्यौपाने यस उपन्यासको आदर्श पुरुष पात्र हो । ऊ उपन्यासको सुरुदेखि अन्त्यसम्म सक्रिय र गतिशील छ । ऊ सरल, स्नेही र उदार स्वभावको छ । उसको स्थायी घर दाङको बिलासपुर भए पनि जागिरको सिलसिलामा जुम्लाका धारापानी पुगेका छ । ऊ नेपालको ग्रामीण क्षेत्रमा सञ्चालित साना किसान विकास आयोजनाको प्रमुख भएकाले गाउँका गरीब गाउँलेहरूलाई कृषि, पशुपालन, घरलु उद्योगमा पुँजी तथा श्रम लगानी गर्न प्रोत्साहित गर्दछ र गाउँमा सबै व्यक्तिलाई ग्रामीण विकासमा लाग्न जागरुक बनाउँदछ । उसले त्यस ठाउँमा आएर शिक्षा, कृषि, व्यवसाय, खानेपानी र विद्युत उत्पादनमा प्रशस्त सहयोग गरेको छ । ऊ असल स्वभावको, इमान्दार, सहयोगी, असाध्यै परिश्रमी, लगनशील र पवित्र मनले गाउँलेसँग व्यवहार गर्ने भएकाले त्यस गाउँको विविध क्षेत्रको विकासमा उसले सक्दो सेवा, सुविधा पुऱ्याएको छ । उसको सुधारवादी विचारले गाउँको विकासमा मात्र नभएर रुढिग्रस्त समाजलाई उकास्न पनि सहयोग

पुऱ्याएको छ । उसको यही सुधारवादी र प्रगतिशील विचारले गर्दा परम्परित र रुढिग्रस्त मानसिकताबाट माथि उठेर बालविधवा देवकन्यालाई सहज रूपमा बुहारी बनाएर घर भित्र्याएको छ । उसको उदारवादी विचार र सरल व्यवहारले गर्दा धारापानी वारिपारि धेरै व्यक्तिले उसलाई हृदयदखि इज्जत र श्रद्धा गर्दछन् ।

यस उपन्यासमा आएका केही सहायक पात्रहरूले पनि प्रत्यक्ष र परोक्ष रूपमा मुख्य पात्रहरूको भूमिकालाई सशक्त बनाउन सहयोग पुऱ्याएका छन् ।

**४.२.३.४ परिवेश**

*कालो कर्णालीको सेतो छायाँ* आञ्चलिक उपन्यास हो । प्रस्तुत उपन्यासमा मुख्य रूपमा पश्चिम नेपालको जुम्ला जिल्लामा पर्ने दुर्गम गाउँ भट्टवाडा र धारापानी गाउँको रीतिथिति, चालचलन, सामाजिक तथा आर्थिक, अवस्था, त्यहाँको संस्कार र गाउँलेहरूको बौद्धिक एवम् मानसिक अवस्थाको चित्रण गरिएको छ । स्थानगत रूपमा हर्दा यस उपन्यासमा जुम्लाका भट्टवाडा, धारापानी र रिचा गाउँ, डोल्पा, सुर्खेत, कालिकोट, दैलेख, तिब्बत, दाङको विलासपुर, मुगुको रारा राष्ट्रिय निकुञ्ज, देहात, नैनिताल, बर्दिया, हिमनदी, शैपाल र काञ्जिरोवा हिमालका दृश्य, गगनचुम्बी शिखरहरू, शिखरका फराकिला चरणहरू, उपत्यका, पाखो, बाटाघाटा, घुम्तीहरू, भीरचौरको स्कुल, धारापानी स्कुल, गमगढी, घुच्ची, स्वास्थ्य चौकी, गोठ, पशुकेन्द्र, छात्रवास आदि यस उपन्यासका भौगोलिक परिवेश हुन् । यस उपन्यासले मुगुको रारा‍ताल वरपरको हिमपातको दृश्यलाई राम्रोसँग प्रस्तुत गरेको छ । समयावधिको हिसाबले हेर्दा यो उपन्यासले तीन वर्षको समयलाई ओगटेको छ । दातारामको जुम्ला बसाइ तीन वर्ष देखिएको छ । त्यही सेराफेरोको समयलाई यस उपन्यासले लिएको छ । यस उपन्यासलाई सामाजिक परिवेशका हिसाबले हेर्दा पश्चिम नेपालको जुम्ला जिल्लाको अनपढ, अशिक्षितहरू भएको दुर्गम गाउँहरूको दुःखमय सामाजिक अवस्थाको चित्रण पाइन्छ । जहाँ नारीहरूको अवस्था अत्यन्त कमजोर रहनुका साथै अधिकांश अभिभावकहरू अशिक्षित छन् । उनीहरूमा केटाकेटीहरूलाई स्कुल पढ्न पढाउनपर्छ भन्ने ज्ञान दिनुपर्ने अवस्थाका छन् । अज्ञानताको बादल मुनि रहेका त्यस दुर्गम गाउँमा अझै पनि बालविवाह प्रथा विद्यमान रहेको देखिन्छ । त्यहाँ नारीहरू विधवा भएपछि उनै मृत पतिको सत्‌मा रहेर तिरस्कृत र अपहेलित जिन्दगी बिताउँछन् । यसका साथै लेखकले त्यस गाउँको धार्मिक र सांस्कृतिक अवस्थालाई पनि चित्रण गरेका छन् । जसमा धामीनाच र मष्टो देवताको प्रसङ्ग, मुगलहरूको आराध्य देवताको प्रसङ्ग, हिमाली भेकका कतिपय तामाङहरूको मृत्यु पश्चात् मृतकलाई काटेर गिद्ध, श्याल, कुकुरलाई खुवाउनु पर्ने संस्कारको प्रसङ्ग आदि यसमा आएका छन् । जन्म, विवाह, व्रतबन्ध, मृत्युजस्ता संस्कारहरू पनि यसमा आएका छन् । त्यस्तै साउने संक्रान्ति, दशैँजस्ता चाडपर्वहरूको प्रसङ्ग पनि आएको छ । यस उपन्यासमा यसरी विभिन्न सामाजिक परम्परा र संस्कारहरूका साथै प्रेम-प्रणयका प्रसङ्गमा विधवाको पुनः विवाह भएको देखाइएको छ ।

### ४.२.३.५ उद्देश्य

*कालो कर्णालीको सेतो छायाँ* उपन्यासले कर्णाली क्षेत्र वरपरको अति दुर्गम गाउँहरूको सामाजिक, आर्थिक, मानसिक, बौद्धिक स्तर, त्यहाँको रीतिरिवाज, चालचलन, धर्म, संस्कार, समाजमा नारीहरूको स्थान र विधवाहरूप्रति समाजको दृष्टिकोणलाई प्रस्तुत गर्दै गरिबीको रेखामुनि रहेका ती गाउँहरूमा शिक्षा र चेतनाको ज्योति फैलाउँदै समाज सुधारका लागि आवाज उठाउनु मुख्य उद्देश्य बनाएको छ । प्राकृतिक सौन्दर्यले सुन्दर कर्णाली क्षेत्रमा एक्काइसौँ शताब्दीसम्म पनि शिक्षाको ज्योति र चेतनाको उज्यालो पुग्न नसकी त्यहाँका गाउँलेहरू अज्ञानताको अँध्यारोमा रोग, भोक, अभाव, अन्धविश्वास, कुसंस्कारले पेलिएर जीवनयापन गर्न बाध्य छन् । त्यसमा पनि नारीहरूको अझ दयनीय अवस्था रहेको र उनीहरू शोषणको जाँदोमा पिँधिएकाले उपन्यासका माध्यमबाट त्यस समाजमा नारीमाथि हुने गरेका विभिन्न अन्याय, अत्याचार, शोषणको अन्त्य गराएर समतामूलक स्वस्थ, सुखी, समाजको निर्माणका लागि अघि बढ्न आह्वान गर्नु पनि यस उपन्यासको उद्देश्य रहेको छ । अशिक्षाकै कारण समाजमा विद्यमान रहेको बालविवाह र अनमेल विवाहको विरोध गर्दै विधवालाई पनि अरू नारी सरह व्यवहार गरेर शिक्षित र सक्षम बनाई पुनर्विवाह गरेको देखाई विधवा विवाहलाई प्रश्रय दिने उद्देश्य राखिएको छ । यस उपन्यासमा अशिक्षाका कारण नारीहरू धेरै पछाडि परेको सत्यतालाई प्रस्तुत गर्दै नारी शिक्षा अत्यन्त आवश्यक छ । छोरीहरूलाई शिक्षाको ज्योतिबाट बञ्चित गर्नु हुँदैन । शिक्षा पाएमा उनीहरू पनि सक्षम हुन्छन् । समाज सुधारमा नारीको पनि ठूलो भूमिका हुन्छ । एउटी नारी शिक्षित भएमा व्यक्तिमात्र होइन घर, समाज र देश नै विकासको गोरेटोतर्फ लाग्नेछ भन्ने कुराको अभिव्यञ्जना गर्नु पनि यसको उद्देश्य रहेको छ ।

### ४.२.३.६ दृष्टिविन्दु

प्रस्तुत उपन्यास *कालो कर्णालीको सेतो छायाँ* तृतीय पुरुष दृष्टिविन्दुमा संरचित उपन्यास हो । यसमा उपन्यासकार आफै समाख्याता नबनेर अन्य पात्रहरूलाई मुख्यपात्र बनाएका छन् । तृतीय पुरुष अर्थात् बाह्य दृष्टिविन्दुमा रचित प्रस्तुत उपन्यासको औपन्यासिक गतिविधि र यसका क्रियाकलापलाई अगाडि बढाउन विभिन्न पात्रहरू उपस्थित गराइएको छ । जसमा मुख्य पात्र विजय, देवकन्या र सहायक पात्रहरू दाताराम न्यौपाने, कन्नबहादुर, हर्कबहादुर, रतनबहादुर, पदम, क्षमा, रक्षा, परिचर आदि रहेका छन् । यसरी उपन्यासकारले पात्रहरूको माध्यमबाट आफ्नो विचार व्यक्त गरेका छन् ।

### ४.२.३.७ भाषाशैली

*कालो कर्णालीको सेतो छायाँ* उपन्यासमा जुम्ला जिल्लातिरको दुर्गम ग्रामीण क्षेत्रको चित्रण भएकाले सरल ग्रामीण भाषाको प्रयोग गरिएको छ । पात्रहरूले आ-आफ्नो भूमिकाअनुरूप सहज र स्वाभाविक भाषा अभिव्यक्त गर्ने शैली अपनाएका छन् । यस उपन्यासमा तत्सम, तदभव, आगन्तुक र झर्रा सबै प्रकारका शब्दहरूको प्रयोगले स्तरीय बनाएको छ । यस उपन्यासमा कर्णाली क्षेत्रतिरको परिवेश भएकाले त्यहाँको गाउँघरमा

बोलिने स्थानीय भाषाका शब्दहरू जस्तै : जिउलो, मन्जाउ, अराग्रा, कचिला आदिको प्रयोगले उपन्यास सामान्य पाठकका लागि बोधगम्य बनेको छ । यसमा वर्णनात्मक, संवादात्मक र प्रश्नात्मक शैलीको प्रयोग हुनुका साथै कताकति निबन्धात्मक शैलीको पनि प्रयोग गरिएको छ । बिम्ब, प्रतीक, अलङ्कार र उखान-टुक्काको प्रयोगले यो उपन्यास विशिष्ट बनेको छ ।

**४.२.३.८ द्वन्द्व विधान**

*कालो कर्णालीको सेतो छायाँ* उपन्यासमा द्वन्द्व विधान प्रभावकारी रूपमा आएको छ । द्वन्द्व विधानले उपन्यासलाई सशक्त बनाउनुका साथै रोचकता र कौतुहलता थपेको छ । यसमा विभिन्न प्रकारका द्वन्द्वहरू आएका छन् । जस्तै : दाताराम र विजयबीच देखिएको नयाँ पुस्ता र पुरानो पुस्ताबीचको वैचारिक द्वन्द्व, दाताराम र कन्नबहादुरबीचको प्रतिष्ठाका लागि उठेको द्वन्द्व, विजय र देवकन्याबीचको प्रेम-प्रणयसम्बन्धी द्वन्द्व, विजय र त्यहाँको समाजबीच आएको वैचारिक द्वन्द्व, विजयको समाजसेवा गर्ने सुधारवादी विचार र त्यस गाउँका केही दुष्ट प्रवृत्तिका व्यक्तिहरूबीच उठेका द्वन्द्व र समाजमा परम्परादेखि चलिआएको बालविवाह र अनमेल विवाहको सम्बन्धमा देखिएका द्वन्द्वहरू आदि विभिन्न द्वन्द्वले उपन्यासलाई सशक्त बनाएको छ । यसरी प्रस्तुत उपन्यासलाई हरेक दृष्टिकोणबाट हेर्दा यसमा आएका द्वन्द्वहरूले समाजका विभिन्न क्षेत्रमा वैचारिक परिवर्तन ल्याउन चाहेको छ ।

**४.२.३.९ शीर्षक**

*कालो कर्णालीको सेतो छायाँ* शीर्षकले आफैमा प्रतीकात्मक अर्थ बहन गरेको छ । यस उपन्यासले कर्णाली क्षेत्र वरपरको सेरोफेरोलाई ओगटेको छ । आजको एक्काइसौँ शताब्दीमा पनि त्यो क्षेत्र शिक्षा र ज्ञानबाट बञ्चित रही अन्धकार नै रहेको तीतो सत्यलाई यसले प्रस्तुत गरेको छ । उपन्यासकार 'निर्जीव' ले यस उपन्यासमार्फत् सबैमा चेतना जगाएर सुधारका कार्यहरू गरी कर्णाली क्षेत्रमा परिवर्तन ल्याउन चाहेका छन् । उपन्यासकारले अशिक्षा, अज्ञानता, अन्धविश्वास र दासत्वले कालो बनाएको कर्णाली क्षेत्रलाई वैचारिक परिवर्तन गरी सेतो हुनसक्ने सम्भावना देखाएकाले *कालो कर्णालीको सेतो छायाँ* शीर्षक दिनु उपयुक्त देखिन्छ । यसरी कालो कर्णाली परिवर्तन हुँदै गएमा आउँदा दिनहरूमा सेतो हुनेछ भन्ने देखिने हुनाले प्रस्तुत उपन्यासको शीर्षक सार्थक रहेको छ ।

**४.२.३.१० संवाद**

*कालो कर्णालीको सेतो छायाँ* उपन्यासमा संवादहरू सरल र सहज प्रकृतिका छन् । हरेक पात्रहरूले आ-आफ्नो स्तर र भूमिका अनुरूपका संवादहरू अभिव्यक्त गरेकाले संवादहरू स्वाभाविक छन् । यस उपन्यासमा जुम्लाका दुर्गम गाउँहरूको चित्रण भएकाले अत्यन्त सरल, ग्रामीण परिवेशमा बोलिने संवादहरू प्रयोग भएका छन् । यस उपन्यासका संवादहरू सरल हुँदाहुँदै पनि जुम्लाको स्थानीय भाषाका केही शब्दहरू जस्तै : जाक्ना, रोटे, टोट्याउनु, च्यौ, मान्ठा, नाईं आदि शब्दहरूको प्रयोग भएकाले केही दुर्बोध्य भएका छन् ।

यस उपन्यासका संवादहरू कहीँ लामा र कहीँ छोटा भएकाले संवादगत एकरूपता भने पाइँदैन । यस उपन्यासका केही संवादहरू यस प्रकारका छन् :

(क) **विजय :** तिमी मलाई समाज पढाऊ, म तिमीलाई अङ्ग्रेजी पढाउँछु । हुन्न देवकन्या ?

**देवकन्या :** विद्यार्थीले पनि गुरुलाई कहीँ पढाउन सक्छन् ? (पृ. १५) ।

(ख) **कन्नबहादुर :** देवकन्या ! ए ... देवकन्या !

**देवकन्या :** हजुर ... बा ! किन बोलाउनु भएको ?

**कन्नबहादुर :** एउटा नराम्रो कुरा सुनें ।

**देवकन्या :** के सुन्नुभो ?

**कन्नबहादुर :** तिमी विजय सरसँग धामीनाच हेर्न गैथ्यौ ? (पृ. ३४)

(ग) **दाताराम :** हिजोदेखि थुनेर राखी खान पनि नदिनु भएको ?

**कन्नबहादुर :** अँ, गल्तीअनुसार दण्ड हुनैपर्छ ।

**दाताराम :** खै, उमेर पुगेका छन्, दुवै पढेलखेका छन् । गल्ती भयो भन्ने कि भएन भन्ने कि । म त कुइराको काग भएको छु (पृ. ४७) ।

**निष्कर्ष**

*कालो कर्णालीको सेता छायाँ* उपन्यास मुख्यतः समाज सुधारका लागि महिलाको पनि समान भूमिका रहने भएकाले पुरुष सरह नारीलाई पनि शिक्षादीक्षा दिन आवश्यक छ भन्ने विषयमा केन्द्रित रहेको छ । प्रस्तुत उपन्यासमा कर्णाली क्षेत्रको अत्यन्तै पिछडिएको विकट गाउँ भट्टवडाको कन्नबहादुरको बालविधवा छोरी देवकन्याको जीवनको सेरोफेरोलाई कथानक बनाइएको छ । देवकन्या र विजय यस उपन्यासका मुख्य पात्र हुन् । उनीहरूसँग सम्बन्धित अन्य केही पात्रहरू कन्नबहादुर, दाताराम न्यौपाने, दातृ, हर्कबहादुर, रतनबहादुर, पदम, शरण, क्षमा आदि हुन् । प्रस्तुत उपन्यासले पश्चिम नेपालको कर्णाली वरपरको सेरोफेरो ओगटेको छ । मुख्यतः जुम्लाको दुर्गम गाउँ भट्टवडा र धारापानीको रीतिथिति, चालचलन, सामाजिक, आर्थिक, बौद्धिक, सांस्कृतिक अवस्थाको चित्रण गर्दै नारीहरूको अवस्था र विधवाप्रतिको दृष्टिकोण प्रस्तुत गरेको छ । यस्तो अति दुर्गम गाउँमा शिक्षाको ज्योति पुऱ्याउन अति आवश्यक छ भन्ने देखाउनु र विधवाको पुनर्विवाह गरेको देखाएर प्रगतिशील समाजको चाहना राख्नु यस उपन्यासको मुख्य उद्देश्य रहेको छ ।

विभिन्न पात्रहरूको माध्यमबाट औपन्यासिक गतिविधिलाई अगाडि बढाइनुका साथै पात्रहरूबीच भएका संवादमा जुम्लाको स्थानीय भाषाका शब्दहरूको पनि प्रयोग भएकाले संवादहरू सरल र स्वाभाविक हुँदाहुँदै पनि भाषा केही मात्रामा बोधगम्य बन्न पुगेको छ । अशिक्षा र अज्ञानताको अन्धकारमा रहेको कर्णाली क्षेत्र शिक्षाको ज्योति पाएर कुनै दिन अन्धकार हटेर जान सक्नेछ भन्ने अर्थ प्रदान गरेकोले उपन्यासको शीर्षक औचित्यपूर्ण रहेको

देखिन्छ । प्रस्तुत उपन्यासमा विभिन्न प्रकारका द्वन्द्वहरू प्रभावकारी रूपमा आएका छन् । प्रस्तुत उपन्यास कर्णाली क्षेत्रको जनजीवनको यथार्थ अवस्थालाई उतार्न सफल भएको छ ।

### ४.२.४ *अन्तिम द्वन्द्व* उपन्यासको अध्ययन

शारदा ढुङ्गानाद्वारा लिखित *अन्तिम द्वन्द्व* (२०६२) नारी साहित्य प्रतिष्ठान, काठमाडौँद्वारा प्रकाशित लघु आकारको उपन्यास हो । प्रस्तुत उपन्यास जम्मा सतहत्तर पृष्ठ र एघार अध्यायमा विभाजन गरेर प्रत्येक अध्यायलाई एक, दुई, तीन, चार गरी शीर्षकीकरण गरिएको छ । प्रस्तुत उपन्यास पश्चिम नेपालमा केही दशक पहिले घटेको नारी शोषणको चरमोत्कर्षको सत्य घटनामा आधारित रहेको छ (उपन्यासकारबाट प्राप्त जानकारी) । उपन्यासकार ढुङ्गानाले हाम्रो समाजमा बालविवाह, बहुविवाह र अनमेल विवाहका कारण उत्पन्न समस्याहरूलाई मूलकेन्द्र बनाउँदै सामाजिक-यथार्थवादी शैलीमा उपन्यासको रचना गरेकी छन् ।

#### ४.२.४.१ उपन्यासकार शारदा ढुङ्गानाको परिचय

शारदा ढुङ्गानाले प्रथमपटक "पिँजडामा हामी" शीर्षकको कविता प्रकाशित गरी साहित्यिक यात्रा आरम्भ गरेकी हुन् । उनले उक्त कविता प्रकाशित भएको पत्रिकाको नाम र समय स्मरण नआएको बताएकी छिन् (सापकोटा, २०६७ : पृ. १५) । शारदा ढुङ्गानाको जन्म २०२२ साल अश्विन २ गते पिता मुरलीधर सुवेदी र आमा रुक्मिणी सुवेदीबाट मिसन अस्पताल, पोखरामा भएको हो । उनको स्थायी घर स्याङ्जाको फेदीखोला गा.वि.स., कुँडुले गाउँ भएकाले उनको बाल्यकाल यही गाउँमा नै बितेको देखिन्छ । उनका बाबु सरकारी कर्मचारी भएकाले बाबुसँगै हिँड्ने क्रममा भैरहवा, भरतपुर, जनकपुर, दाङ हुँदै हुर्किए पनि २०४० सालमा चितवनको शरदपुर, वडा नं. ९ मा विवाह गरी आएकी हुन् । विवाह पश्चात् धेरै वर्ष संयुक्त परिवारमा चितवनमैं बसे पनि हाल काठमाडौँको वनस्थलीमा स्थायी बसोबास गर्न थालेकी छन् । उनले औपचारिक शिक्षा वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरबाट प्रवीणता प्रमाण-पत्र तह, त्रिभुवन विश्वविद्यालयबाट स्नातक तह र त्रिचन्द्र क्याम्पसबाट नेपाली विषयमा स्नातकोत्तर र एम्.फिल. गरेकी  छन् । उनका पुस्तकाकार कृतिहरूमा *अन्तिम द्वन्द्व* (उपन्यास, २०६२) *अचानो परेको जीवन* (उपन्यास, २०६३), *प्रश्न चिह्न* (उपन्यास, २०६५), *वसुन्धरा स्मृतिकाव्य* (खण्डकाव्य, २०६६) र *दुःखेको दिन* (उपन्यास, २०६९) रहेका छन् भने प्रकाशोन्मुख कृतिहरूमा *तल्लो धरातल* (कथासङ्ग्रह) रहेको छ । पेसागत रूपमा हेर्दा उनले स-साना बालबालिकाको डे-केयर संस्थाको व्यवस्थापक भएर पेसा आरम्भ गरेको र त्यसपछि लामो समय विभिन्न विद्यालयहरूमा नेपाली शिक्षिका भएर अध्यापन कार्य गरेको पाइन्छ । उनले साहित्यिक क्षेत्रमा 'नारी साहित्य प्रतिष्ठान' को सदस्य र 'ब्रह्म वसुन्धरा स्मृति प्रतिष्ठान' को संस्थापक सदस्य भएर कार्य गरेकी छन् । उनले साहित्य साधनामा देखाएको सक्रियता र उनका कृतिहरूलाई हेर्दा यथोचित कदर, सम्मान हुन नसकेको देखिन्छ । उनले सम्भवतः कक्षा छ पढ्दा कविता प्रतियोगितामा प्रथम स्थान प्राप्त गरी जीवनमा पहिलोपटक प्रशंसा-पत्र पाएको र नारी साहित्य प्रतिष्ठानले एक

कार्यक्रममा फूलमाला पहिराइ सम्मान गरेको पाइन्छ । उनलाई कवि, उपन्यासकार, कथाकार र शिक्षक व्यक्तित्वका रूपमा हेरिन्छ ।

**४.२.४.२ कथानक**

*अन्तिम द्वन्द्व* उपन्यास नारीप्रधान उपन्यास हो । यस उपन्यासमा हाम्रै गाउँघरका नारीहरूमा घट्ने गरेका समस्याहरूलाई विषयवस्तु बनाइएको छ । जसमा बालविवाह र बहुविवाहका कारण नारीहरूले भोग्ने गरेका शारीरिक र मानसिक भोगाइहरूलाई टड्कारो रूपमा प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यास यसै गाउँका निकै धनाढ्य उपल्लाघरे पौडेल कान्छा र उनकी तीनवटी पत्नीका दुई दर्जन जति छोराछोरीहरूमध्ये जेठी छोरी रमाको जीवनीमा आधारित छ । रमा नै उपन्यासका मुख्य पात्र हो । रमाको विवाहको प्रसङ्गबाट यस उपन्यासको कथानक सुरु हुन्छ । लमी माइला भुजेलको आग्रहअनुसार रमाको आठ वर्षको कलिलै उमेरमा बाङ्खोले माइला पुरेत-पुरेत्नीको छोरा चौबीस वर्षका लक्का जवान, मध्यमासम्मको पढाइ वनारसबाट पढेर आएको बाङ्खोला स्कुलको मास्टर रामचन्द्रसँग विवाह हुन्छ । साह्रै सुशील, रमा बालकैमा विवाहको अर्थ नै नबुझी बाबुआमाको कर्तव्यबोझ हलुकाउन सिउँदोमा सिन्दूर पहिरिएर रामचन्द्रको घर भित्रन पुग्छिन् । त्यस घरमा उनीले सासुससुराप्रति सदाशयता राख्न सके पनि आफ्नो युवा पति रामचन्द्रलाई आकर्षित गर्न, सन्तुष्टि दिलाउन वा खुसी राख्न भने असफल हुन्छिन् । उनले लोग्नेबाट ठूलो अपहेलना सहनु पर्दछ । यसरी सामाजिक बन्धनले मात्र लोग्ने-स्वास्नी भनिए पनि मानसिक र शारीरिक रूपमा धेरै टाढा रहेर रमाले वैवाहिक जीवन भनिइने जीवन बिताइरहेकी हुन्छिन् । यसैक्रममा रमाका सासु-ससुरा तीर्थ जाँदा तीर्थालुको बाटैमा मृत्यु भएको खबरले रमा अत्यन्तै मर्माहित हुन्छिन् । त्यसपछि रामचन्द्रका दाजुभाइको छुट्टिभिन्न हुन्छ । दिन बित्दै जाँदा रमाले आफ्नो लोग्ने र जेठानी (गोमा) बीचको अनैतिक यौन सम्बन्ध भ्याँगिदै गैरहेको थाहा पाउँछिन् र यो सत्यता गोज्याङ्ग्रो जेठाजु गोविन्दसँग ओकल्न पुग्दा झन् ठूलो सङ्कट आइपर्दछ । त्यसपछि रमा त्यस घरमा बस्नै नसक्ने अवस्थामा पुग्छिन् र माइतमा शरण लिन जान्छिन् (पृ. ११-४६) ।

रमा लामो समय माइतमै बस्छे । तीज, दशैं, तिहार जान्छ । रमा घर फर्किन्न । रमाको आमाले चिन्ता मान्छिन् । रमाका बाले भने "किन पिर मान्छस् त नि, बाह्र भाइका तेह्रै भाइ बनाएर पालौँला, सम्पत्ति छँदैछ" भन्छन् । यस्तै क्रममा माघे सङ्क्रान्तिको समयमा रमा घर फर्किन मन गर्छे तर साइतको समयमा अपसगुनका सङ्केतहरू देखिन्छन् । उता घरमा भने उसका लोग्नेले सौता ल्याएको हुन्छ । रमा त्यसपछि घर गएर बस्दा ज्यादै दुःख पाउँछे । जति काम गरे पनि पेटभरि खान पाउँदिन । नराम्रा अपशब्द मात्र सुन्नुपर्दछ । त्यसपछि रमाले आत्महत्या गर्ने निर्णय गर्छे । तर सेती नदीमा गएपछि आमालाई सम्झेर ऊ पुनः माइतमै शरण लिन पुग्छे र आमा-बाबुको स्याहार-सुसार गर्छे । समयक्रम बित्दै जाँदा बाबुआमाको मृत्यु हुन्छ । बाबुआमा बितिसकेपछि रमाका भाउजूहरूले रमाका बारेमा कुरा काट्न थाल्दछन् । जुन कुरा रमाको कानमा बज्रिन पुग्छ र

उनी तत्कालै घर जाने निर्णय गरेर आमाको मृत्यु भएको पाँच वर्षपछि उनी दुलै आमालाई लिएर घर आउँदा सौताका चारभाइ छोरा भैसकेका हुन्छन् । पहिले जे-जस्तो भए पनि यस पटक भने रामचन्द्रले चार सन्तानकी आमा भैसकेकी मसिनीबाट यौन सन्तुष्टि घट्दै गएकाले होला रमालाई सकारात्मक रूपमा हेर्छ । तर सौता मसिनीलाई भने यी दुई मिले भने म नै अर्घेलो हुन्छु कि भन्ने शङ्का पस्छ र उसले जसरी भए पनि रमालाई घरबाट निकाल्ने उपायहरू सोच्न थाल्छे । जसले गर्दा रमालाई चोरीको आरोप लगाउँछे । समयक्रम बित्दै जाँदा रमाको कोख भरिन्छ र राम्रैसँग सुत्केरी पनि हुन्छे । उता मसिनी भने आफ्नो एकलौटी लोग्ने खोसिएको महसुस गर्छे र लोग्ने हात पार्न अन्तिम निर्णयस्वरूप रमामाथि जालझेल गरी सुत्केरी अवस्थामै खानामा विष हालेर खान दिन्छे र रमाको मृत्यु हुन्छ । यो सब करतुत रामचन्द्रले थाहा पाउँछ र पुलिस बोलाएर मसिनीलाई जेलतिर लाने र मलामी बटुली रमालाई घाटतिर लाने तयारी गर्छ (पृ. ४६-७६) ।

यस उपन्यासमा दुई विपरीत चरित्रका नारीहरूको जीवनकथा प्रस्तुत गरिएको छ । जसमा रमा अति सहनशील भएर पनि जिउनका लागि जीवनभर सङ्घर्ष गरिरहन्छे भने मसिनी रमाको डाहा गर्दै नरसंहार गर्न पनि पछि पर्दिन । नारी भएर पनि स्नेही मातृत्वको मर्यादालाई बिर्सिएर निरीह, निर्बल, सहाराहीन सुत्केरी रमाको हत्या गरी द्वन्द्वको अन्त्य गर्छे, तर आफू भने पश्चातापमा जल्दै जेलतिर लाग्छे । यसमा मसिनीले विजय पाई कि पराजय ? आखिर यति ठूलो पाप केका लागि गरी भन्दै लेखकले पाठक सामु प्रश्न गर्दै कथानकको अन्त्य गरिएको छ । यही नै *अन्तिम द्वन्द्व* उपन्यासको मुख्य कथावस्तु हो । यसका साथै मुख्य कथानकलाई अगाडि बढाउने क्रममा अन्य केही सहायक कथाहरू पनि आएका छन् । जस्तै : रमाको भाइ कृष्णेले रमालाई गिज्याई रुवाउनु, रमाको विवाहमा रमालाई हजुरआमाले 'रोऊ बा रोऊ, दुलही त रुनु पर्छ' भन्नु, पँधेरामा आइमाईहरूले देवर-भाउजुको कुरा काटेको प्रसङ्ग, मसिनीले रमालाई चोर दोस लगाउन असर्फी लुकाएको आदि प्रसङ्गहरू मुल कथावस्तुलाई अगाडि बढाउन आएका प्रासङ्गिक कथाहरू हुन् ।

### ४.२.४.३ पात्रविधान

*अन्तिम द्वन्द्व* उपन्यास पात्रविधानका दृष्टिले बहुपात्रीय उपन्यास हो । यसमा मुख्य, सहायक र गौण गरी जम्मा-जम्मी पैंतीस जति पात्रहरू प्रत्यक्ष र परोक्ष रूपमा आएका छन् । यसको मुख्य पात्र रमा र रामचन्द्र हुन् भने सहायक पात्रहरू रमाको बा (पौडेल कान्छा) र उनका तीनवटी श्रीमतीहरू, रामचन्द्रको बा, आमा (बाङ्खोले माहिला पुरेत, पुरेत्नी), गोमा, मसिनी, श्रीराम, नारन, कृष्णे, रमाका भाउजूहरू, लमी माइला भुजेल हुन् । गौण पात्रहरूमा रमाको हजुरआमा, रमाका भाइ-बहिनी, मुखिनी, रमाकी बुहारी, उपल्लोघरे माइला, रत्ने, बैकुन्ठे, दमै, कामी माइला, तेर्सा घररे गोविन्दे, पुरुषोत्तम र केही समूहगत पात्रहरू फुपूहरू, गाउँले आइमाईहरू, रोटी पकाउने आइमाइहरू, घर्तिनीहरू, हली-

गोठालाहरू आदि रहेका छन् । यीमध्ये प्रमुख नारी पात्र रमा र प्रमुख पुरुष पात्र रामचन्द्रको मात्र यहाँ चरित्र चित्रण गरिएको छ :

(क) **रमा** : यस उपन्यासमा प्रमुख नारी पात्रका रूपमा रमालाई उभ्याइएको छ । रमा नै यस उपन्यासकी नायिका हो । यो उपन्यास रमाको बाल्यकालदेखि सुरु भएर कहाली लाग्दो जीवन हुँदै डरलाग्दो र कारुणिक मृत्युमा पुगेर टुङ्गिएको छ । ज्यादै सुशील, सकेको काम टुपुटुपु गर्ने रमा सिन्दूरको अर्थ बुझ्नै नसक्ने आठ वर्षको कलिलो उमेरमा नै बाबुआमाको कर्तव्यबोझ हलुका गराउन रामचन्द्रजस्तो पापीको सिन्दूर पहिरिन पुगेकी एक अभागिनी पात्र हो । सानैमा पढ्न पनि साह्रै सिपालु बाह्रखरी त कण्ठै गरिसकेकी, स्वस्थानीको किताब मिठोसँग पढ्न सक्ने रमा विवाहपश्चात् कलिलै उमेरमा घरको व्यवहार भोग्न पुग्छे । सानै छँदा घरको व्यवहारले बालमन आहत भई घर जान्न भन्ने रमा उमेर पुगेर मस्त तरुनी अवस्थामा पुगेपछि भने लोग्नेले बारम्बार उपेक्षा गरे पनि आफ्नै आँटले लोग्नेलाई बोलाउन सफल रमा बलियो आँट भएकी साहसी नारीको रूपमा प्रस्तुत भएकी छ । ऊ कोमल हृदय भएकी आदर्श पत्नी हो । ऊ सधैँ पतिप्रति इमान्दार रहेर सच्चा हृदयले समर्पित हुँदै ममतामयी व्यवहार गरिरहन्छे । पति र जेठानी बीचको अनैतिक यौन सम्बन्ध बारे थाहा पाएर पनि रमा विद्रोह गर्न नसकी लठेब्रो जेठाजूसामु कुरा ओकल्छे र आफू भने भित्रभित्रै पिल्सिरहन्छे । “आइमाइका लागि पति नै परमेश्वर हो र उसले जतिसुकै ठूलो अपराध नै किन नगरोस् ऊप्रति रिस-राग देखाउनु महापाप हो” भन्ने ज्ञान आमाहरूबाट पाएकी रमाले लोग्नेबाट जस्तोसुकै व्यवहार पाए पनि उसकै सेवा गर्दै उसकै प्रेममा लालायित हुँदै प्रतीक्षा गरिरहने ऊ जीवनभरि पतिबाट आत्मिक र शारीरिक प्रेमको चाहनामा तड्पी रहे पनि प्रबल मनोकाङ्क्षाका कारण जीवनको उत्तरार्द्धमा लामो समयपछि माइतघर छोडी कर्मघर पुगी लोग्नेका मनमा स्थान पाउन सफल भई आफ्ना चाहना र आकाङ्क्षा पूरा गर्दै मातृत्ववरण गर्न सफल रमा एकातर्फ दृढ पात्रको रूपमा देखिएकी छ भने अर्कोतर्फ सौता मसिनीको करतुतका कारण सुत्केरी अवस्थामा नै विष खुवाइएपछि मृत्युवरण गर्न पुगेकी सोझी, निर्दोष, सहाराहीन पात्र बनेकी छ ।

यसरी रमाको जीवनमा बारम्बार लोग्नेले उपेक्षा गर्दागर्दै शारीरिक र मानसिक रूपमा पीडा दिँदादिँदै पनि कर्मघर फर्की-फर्की जानु, मर्न भनी सेतीनदी गएर पनि आमाको सम्झनाले गर्दा नमरी माइत जानु र जेठानी एवम् सौताले अवहेलना गर्दै विभिन्न आरोप लगाउन खोज्दा पनि त्यही घरमा बस्न चाहनुले गर्दा उसलाई एक गतिशील पात्रको रूपमा लिन सकिन्छ । ऊ असल शील-स्वभाव भएकी त्यागी र आदर्श प्रेमकी प्रतीक हो । जो जीवनभर कुण्ठित, अतृप्त चाहना प्राप्तिका लागि गतिशील भैरहन्छे । जब उसको इच्छा, आकाङ्क्षा वा चाहना पूरा भएर जीवन जिउने बाटो प्राप्त गर्छे नियतिको चक्रमा फसी मृत्युवरण गर्न पुग्छे र

उसको दुःखद अन्त्य हुन्छ । उसको सम्पूर्ण जीवनचक्रलाई हेर्दा ऊ एक निरीह, निर्बल, विवश, अभागी पात्रका रूपमा प्रस्तुत भएकी छे ।

(**ख**) **रामचन्द्र** : प्रस्तुत उपन्यासको प्रमुख पुरुष पात्र रामचन्द्र सानै उमेरदेखि एकोहोरो, ढिपी स्वभावको, जे कुरामा पनि आफैले जित्नै पर्ने, स्वेच्छाचारी, अहङ्कारी स्वभावको, साह्रै पुल्पुलिएर भुइँमा न भाँडामा भएको पात्रको रूपमा प्रस्तुत भएको छ । मध्यमासम्मको पढाइ बनारसबाट सकेर आएको ऊ शिक्षित व्यक्ति हुनुका साथ बाड्खोला स्कुलको मास्टर समेत हो । ऊ शिक्षणजस्तो मर्यादित र गरिमामय पेसामा आबद्ध भएर पनि समाजमा आफ्नो पदीय जिम्मेवारी बहन गर्न नसक्ने गैह्र जिम्मेवार व्यक्ति हो । बाड्खोले माहिला पुरेत-पुरेत्नीको जेठो छोरो लठेब्रो भएकाले कान्छा छोरा रामचन्द्रलाई नै आशाको केन्द्र मानेर ज्यादै पुल्पुल्याएका कारण ऊ घरमा कसैलाई नटेर्ने साथै बरालिएर हिँड्ने, गाउँलेसँग झगडा गर्ने, साथीभाइसँग नमिल्ने, ऊ बाहिर-बाहिर केटी लिएर हिँड्ने मात्र नभई आफ्नै भाउजूसँग पनि बिग्रिएको र अन्य कुलतमा समेत लाग्ने, ब्राह्मण परिवारको भए पनि ज्यादै बिग्रिएको, दुर्व्यसनी, चरित्रहीन, नीच भएकाले मुख्य पात्र भए पनि खलपात्रको रूपमा लिन सकिन्छ ।

यस उपन्यासमा रामचन्द्रको आदिदेखि अन्त्यसम्म सशक्त भूमिका रहेको छ । ऊ चौबीस वर्षको लक्का जवान भइसकेपछि मात्र घरपरिवारको सहमतिमा आठ वर्षकी बालिका रमासँग विवाह हुनु र भाउजू यौवनावस्थाकी भएपनि दाजु लठेब्रो हुनुका कारण रामचन्द्र भाउजूसँग सधैं लहसिन्छ । यसरी भाउजूसँगको अनैतिक सम्बन्धका कारण हृदयदेखि नै पत्नीलाई स्वीकार्न सक्दैन । ऊ आफ्नी निर्दोष, सोझी श्रीमतीको स्वच्छ प्रेम, त्याग र समर्पणलाई कहिल्यै बुझ्न नसकी पत्नीलाई सधैं मानसिक र शारीरिक पीडा दिइरहने क्रूर पतिको रूपमा समेत देखिएको छ । ऊ विवाहित भएर पनि अन्य महिलाहरूसँग लसपस गर्नुका साथै निर्लज्ज भई आफ्नै भाउजूसँग पनि अनैतिक सम्बन्ध राख्ने एक धोकेबाज पति हो । आफ्नो घर, व्यवहार कहिल्यै नसम्हाल्ने अव्यवहारिक मात्र नभई दुईवटी पत्नी विवाह गर्ने, पत्नीलाई मानवीय व्यवहार नगर्ने, पत्नीप्रतिको उत्तरदायित्व वहन नगर्ने निर्दयी, राक्षसी स्वभावको गैह्र जिम्मेवार प्रतिकूल पात्र हो ।

उपन्यासको उत्तरार्द्धमा बदलिएर रमाप्रति हार्दिक भई मानसिक र शारीरिक रूपमा माया र विश्वास गरे पनि उनका दुईवटी पत्नी भएका कारण मसिनीको करतुतबाट रमाको मृत्यु भई यो सुखद क्षण केही समयमै अन्त्य हुन्छ । रमाको मृत्युपछि पुलिस बोलाई मसिनीलाई जेल पठाउने र मलामी बोलाई रमालाई घाटतिर लगेकाले ऊ उपन्यासको उत्तरार्द्धमा गतिशील पात्रको रूपमा देखिएको छ । यस उपन्यासको पूर्वार्द्ध र मध्य भागमा ऊ प्रतिकूल चरित्र भए पनि उत्तरार्द्धमा आंशिक रूपमा सुध्रन खोज्ने अनुकूल पात्रको रूपमा देखिएको छ ।

यस उपन्यासको मुख्य पात्रलाई शैलीवैज्ञानिक दृष्टिबाट हेर्दा लिङ्गको आधारमा रमा नारी र रामचन्द्र पुरुष पात्र हो । कार्यको आधारमा दुवै प्रमुख पात्र हुन् । स्वभावको आधारमा दुवै गतिशील पात्र हुन् । आबद्धताका आधारमा दुवै बद्ध र आसन्नताको आधारमा दुवै मञ्चीय तथा प्रवृत्तिका आधारमा भने रमा पूर्ण अनुकूल पात्र हो भने रामचन्द्र धेरै मात्रामा प्रतिकूल र आंशिक रूपमा अनुकूल पात्र हो ।

यस उपन्यासमा मुख्य पात्रबाहेक पनि अन्य केही सहायक पात्रहरू देखिएका छन् । यस्ता पात्रहरूमा खलपात्रको रूपमा आएकी गोमा रमाकी जेठानी हुन् । जो आफ्नो लठेब्रो लोग्नेबाट शारीरिक सन्तुष्टि प्राप्त गर्न नसकी देवरबाट यौन चाहना पूरा गर्ने नीच, पतीत, चरित्रहीन, खराब पात्र हो । यस्तै अर्की खलपात्रको रूपमा आएकी मसिनी रमाको सौता हो, जो अर्काको लोग्ने खोस्ने र स्नेही, मातृ रूपको मर्यादालाई भुलेर निरीह, निर्दोष, सहाराहीन सौता रमालाई सुत्केरी अवस्थामा नै विष खुवाएर हत्या गर्ने नीच, क्रूर, निर्दयी, राक्षसनी नारी हो । उपल्लाघरे पौडेल कान्छा धनको आडमा धेरै पत्नी थुपार्ने पुरुष प्रधान समाजको प्रतिनिधि पुरुष पात्र हो । रमाका आमाहरू सौता-सौता भएर पनि मिलेर बस्ने मिलनसार पात्र हुन् । बाड्खोले पुरेत-पुरेत्नी बुहारीलाई माया गर्ने मायालु पात्र हुन् । हजुरआमा अर्ती-उपदेश दिने पात्र हुन् । रमाका भाउजूहरू नन्द घर बस्न नसकी माइत बस्दा नारी भएर पनि नारीको मर्म नबुझ्ने र उनलाई अर्घेलो देखी रुष्ट हुने पात्र हुन् । यसरी यस उपन्यसमा आएका सम्पूर्ण पात्रहरूले प्रत्यक्ष-अप्रत्यक्ष रूपमा मुख्य पात्रको भूमिकालाई सशक्त बनाउन सहयोग गरेका छन् ।

### ४.२.४.४ परिवेश

*अन्तिम द्वन्द्व* उपन्यासले प्रकाशन मिति २०६२ भन्दा तीन दशक अगाडिको समय र तत्कालीन नेपालको गाउँले परिवेशलाई प्रस्तुत गरेको छ । उपन्यासमा खासै स्थान नतोकिए पनि भौगोलिक परिवेशका हिसाबले हेर्दा पश्चिम नेपालको गाउँमा घटित घटनालाई आधार बनाइएको देखिन्छ । स्थानगत रूपमा हेर्दा यस उपन्यासमा नेपालको पहाडी गाउँ, ढुङ्गाले छाएका घुमाउने घर, धन्सार, बाड्खोला, बाड्खोला स्कुल, वनारस, नदीनाला, वनजङ्गल, पँधेरो, बेसी-फाँट, बटौली, खेत, पाखोबारी, सेतीघाट, जेल आदि ठाउँहरू यसका भौगोलिक परिवेश हुन् । सामाजिक परिवेशको हिसाबले हेर्दा यस उपन्यासमा नेपालको पहाडी गाउँहरूको दुःखमय जीवनको चित्रण गरिएको छ । जहाँ नारी शोषणको चरमोत्कर्ष अवस्थाको चित्रण पाइनुका साथै तत्कालीन समाजमा विद्यमान सामाजिक कुसंस्कारहरूलाई प्रस्तुत गरिएको छ । जसमा पुरुषप्रधान समाजको चित्रण, बालविवाह, बहुविवाह र अनमेल विवाहका कारण समाजमा बारम्बार घटिरहने हृदयविदारक घटनालाई यस उपन्यासले सशक्त रूपमा प्रस्तुत गरेको छ । आर्थिक सम्पन्नताको आडमा बहुविवाह गरी दुई दर्जन जति सन्तान उत्पादन गरेको देखिन्छ । समाजमा नारीको स्थान र हरेक परिस्थितिमा नारीले सहनु पर्ने यथार्थहरू यहाँ पाइन्छ । उपन्यासमा तत्कालीन समाजको सांस्कृतिक तथा धार्मिक परिवेशका झलकहरू पाइन्छन् । जसमा दशैं, तिहार, तीज, माघे सङ्क्रान्ति, जन्म,

विवाह, मृत्यु आदि पाइनुका साथै सामाजिक परम्परा, अन्धविश्वास र प्रेम-प्रणय आदि पक्षलाई पनि यस उपन्यासले समेटेको छ ।

### ४.२.४.५ उद्देश्य

*अन्तिम द्वन्द्व* उपन्यास सामाजिक यथार्थमा आधारित नारी चरित्रप्रधान उपन्यास हो । यसैले यो नारी समस्यामा नै केन्द्रित रहेको छ । दुःख, कष्ट, व्यथा, विवशताहरू आफैभित्र लुकाएर जीवनमा त्याग र सङ्घर्ष गरिरहने हाम्रा दिदी-बहिनीहरूको वास्तविक जीवन कथालाई प्रस्तुत गर्नु नै यसको मुख्य उद्देश्य रहेको छ । एक पेट पूरा खान नपाए पनि पटुकाको भरमा बाँचेर कर्मको खेल सम्झँदै पुरुषप्रधान समाजको दासत्वलाई स्वीकारेर बाँचेका हाम्रो समाजका नारीहरूको कारुणिक अवस्थालाई यस उपन्यासले सबैका सामु उतारिदिएको छ । नारी अस्तित्त्व र अस्मितामाथि खेलवाड गर्ने पुरुष, नारी भएर नारीमाथि नै अन्याय र अत्याचार गर्ने नारीहरूका कारण नै नारी अस्तित्त्व सङ्कटमा परेको तीतो यथार्थलाई स्पष्ट रूपमा देखाउँदै सङ्घर्ष नै जीवन हो भन्दै जीवनभरि सङ्घर्ष नै सङ्घर्ष गरी बाँचेका नारीहरूको दयनीय अवस्थालाई सबैका सामु प्रस्तुत गरिएको छ ।

नेपाली ग्रामीण परिवेशको चित्रणमा केन्द्रित यस उपन्यासमा बालविवाह, बहुविवाह र अनमेल विवाहका कारण भएको दुर्घटनाको शिकार बनेकी रमाको जीवन द्वन्द्वै-द्वन्द्वले भरिएको र अन्तिम द्वन्द्वमा मृत्युवरण गर्न पुगेकी छिन् । यहाँ रमाले यस्ता सयौं नारीहरूको प्रतिनिधित्व गरेकी छिन् । तत्कालीन रीतिरिवाज, अन्धविश्वास, धार्मिक आडम्बर र इज्जतका कारण नारीहरूको जीवन दर्दनाक र जर्जर हुन पुगेको यहाँ देखिन्छ । यसैको आडमा नारी शोषणको चरमोत्कर्ष अवस्थामा पुग्दा पनि नारीहरू इज्जतका लागि सहेर बसेका हुन्छन् भन्ने सत्यतालाई देखाउनु पनि यस उपन्यासको मुख्य उद्देश्य हो । विवाहित पत्नीको प्रेम र विश्वासलाई धोका दिँदै आफ्नो घरप्रतिको जिम्मेवारी बहन गर्न नसक्ने रामचन्द्रलाई मुख्य पात्र भइकन पनि खलपात्रको रूपमा उभ्याएर यहाँ पुरुष अहम् र स्वार्थी पुरुष प्रवृत्तिलाई देखाइनुका साथै आफ्नै देवरसँग अनैतिक सम्बन्ध राख्ने गोमा तथा रिस र डाहाले गर्दा नारी भएर पनि नारी माथि नै अन्याय गर्दै स्नेही मातृत्वको मर्यादालाई भुलेर निरीह, सहाराहीन, सुत्केरी रमालाई मार्ने मसिनीजस्ता पात्र उभ्याइ नारी अस्तित्त्व र अस्मिता नै सङ्कटमा परेको देखाउनु पनि यसको अर्को मुख्य उद्देश्य हो ।

### ४.२.४.६ दृष्टिविन्दु

*अन्तिम द्वन्द्व* उपन्यास तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएकाले यसका औपन्यासिक गतिविधि र क्रियाकलापलाई अगाडि बढाउन विभिन्न पात्रहरूको उपस्थिति गराइएको छ । जसमा रमा, रामचन्द्र, रमाका बा-आमाहरू, रामचन्द्रका बा-आमा, गोमा, मसिनी, रमाका दाइहरू आदि पात्रहरू रहेका छन् । मुख्य रूपमा रमा र रामचन्द्रको जीवनका विभिन्न घटनाहरूको वर्णनमा नै उपन्यास केन्द्रित रहेको देखिन्कछ । यिनै पात्रहरूको माध्यमद्वारा उपन्यासकारको आफ्नो विचार वा चिन्तनहरू व्यक्त भएका छन् ।

#### ४.२.४.७ भाषाशैली

*अन्तिम द्वन्द्व* उपन्यासमा ग्रामीण परिवेशको चित्रण भएकाले यसको भाषा पनि सरल गाउँले प्रकृतिको छ । पात्रअनुरूप भाषा अभिव्यक्त गर्ने शैली पनि फरक-फरक छ । यसमा वर्णनात्मक र संवादात्मक शैलीको प्रयोग गरिएको छ । यस उपन्यासमा तत्सम, तद्भाव, आगन्तुक र झर्रा आदि हाम्रै गाउँघरमा प्रचलित बोलचालका सबै किसिमका शब्द/भाषाहरू पाइनुका साथै मनोवैज्ञानिक पक्षको चित्रण गर्न आत्मगत शैलीको प्रयोग गरिएको छ । यसमा बिम्ब, प्रतीक, अलङ्कार र उखान-टुक्काको प्रयोग गर्नुका साथै पूर्वस्मृति पद्धतिको प्रयोग गरी बढी रोचक बनाइएको छ । यसमा कताकति अशिष्ट भाषाको पनि प्रयोग पाइन्छ । यसरी यस उपन्यासमा पात्रको स्तरअनुरूपका शब्दहरू चयन गरी उपन्यासको भाषा सरल र स्वाभाविक बनाइएको छ ।

#### ४.२.४.८ द्वन्द्व विधान

*अन्तिम द्वन्द्व* उपन्यासको शीर्षकबाट नै यसमा धेरै द्वन्द्वहरू भएको अनुमान हुन्छ । यसमा द्वन्द्वको सशक्त प्रयोग भएको छ । मुख्य पात्र रमाको जीवनमा आएका प्रेम-प्रणयसम्बन्धी द्वन्द्व, मानसिक तथा शारीरिक द्वन्द्व, पारिवारिक द्वन्द्व र जीवन-मृत्युबीचका द्वन्द्व आदि द्वन्द्वहरूले भरिएको छ । अन्तिम द्वन्द्वमा रमाले मृत्युवरण गर्दछे । बालविवाह, बहुविवाह र अनमेल विवाहका कारण उत्पन्न हुने द्वन्द्वका विभिन्न पाटाहरू यस उपन्यासले प्रस्तुत गरेको छ । अन्धविश्वास, सामाजिक संस्कार, परम्परा र रीतिरिवाजका कारण समाजमा उत्पन्न हुने द्वन्द्वहरूका बीच नारीको जीवन कसरी जेलिएको हुन्छ भन्ने देखाउँदै नेपालको ग्रामीण परिवेशका नारीहरूको सङ्घर्षपूर्ण यथार्थ जीवनको चित्रण गरिएको छ । साथै यसमा गोमा र मसिनीजस्ता दुष्ट र पापी नारीहरूको उपस्थिति गराएर नारी-नारीबीचको द्वन्द्वलाई देखाएर नारी नै नारीको मुख्य शत्रु हुन् भन्ने वास्तविकतालाई प्रस्तुत गर्दै नारी-नारीबीचका द्वन्द्वबाट नारी अस्तित्त्व र नारी अस्मिता सङ्कटमा परेको देखाइएको छ ।

#### ४.२.४.९ शीर्षक

*अन्तिम द्वन्द्व* उपन्यास द्वन्द्वै-द्वन्द्वले भरिएको छ । नारीप्रधान यस उपन्यासको केन्द्रिय पात्र रमाका जीवनमा सुरुदेखि अन्तसम्म विभिन्न प्रकारका द्वन्द्वहरू आएका छन् । उनको जीवनमा बाल्यकालमै विवाह भएर जन्मघर छोड्नु पर्दा बालमनस्थितिमा आएका द्वन्द्व, उमेर पुग्दै जाँदा उनमा आएको प्रेम-प्रणयको भावप्रति पतिबाट पाएको तिरस्कार, घृणा, अस्वीकार र वेवास्ताले गर्दा उनमा उठेको मानसिक द्वन्द्व, त्यस्तै घर बिग्रनु, लोग्ने जेठानीसँग बिग्रनु, आमाको मृत्यु हुनु, लोग्नेले सौता ल्याउनु, भाउजुहरूले नसहनु आदि कारणबाट आएका पारिवारिक द्वन्द्व, पतिबाट पाएको मानसिक र शारीरिक द्वन्द्वका साथै सामाजिक संस्कार, अन्धविश्वास, रीतिरिवाजका कारण रमाका जीवनभर विभिन्न द्वन्द्वहरू आएका छन् र अन्तिममा उसले सन्तान प्राप्त गरी जीवन जिउने बाटो प्राप्त गर्दा सौता मसिनीले विष

खुवाएर उनको हत्या गर्छे । यसरी अन्तिम द्वन्द्वमा रमाले मृत्युवरण गर्छे । यसैले प्रस्तुत उपन्यासको शीर्षक सार्थक रहेको छ ।

### ४.२.४.१० संवाद

*अन्तिम द्वन्द्व* उपन्यासमा पात्रहरूको स्तर अनुरूपका स्वाभाविक संवादहरू पाइन्छन् । ग्रामीण परिवेश भएको यस उपन्यासमा पात्रहरूको सामाजिक स्तरअनुरूप आएका संवादहरूमा जीवन्तता पाइन्छ । कतिपय ठाउँमा मनका कुण्ठा र मानसिक स्थिति पनि संवादकै माध्यमबाट पोखिएका छन् । यहाँ केही लामा र केही छोटा संवादहरू पाइन्छन् । यस उपन्यासका केही संवादका नमुनाहरू निम्नानुसार रहेका छन् :

(क) **रमा र रमाका बाबीचको संवाद :**

"नाइँ म त जान्न घरसर, हजुर नै जानोस् ।"

घर भन्नासाथ किन रिसाएकी नि ?" (पृ. २४) ।

(ख) **रामचन्द्र र गोमाबीचको संवाद :**

"बाबु तिमीलाई त मैले छोड्नै नसक्ने भएँ ।"

"के गर्ने ? भागेर अन्तै जाने कि ?"

"खै के गर्ने ?" (पृ. ४१) ।

(ग) **रमा र मसिनीबीचको संवाद :**

"के भएर कामे तिम्रा हात ?"

"खै .... के भए ?" (पृ. ७५) ।

**निष्कर्ष**

प्रस्तुत उपन्यास मुख्यतः नारी समस्या र अंशत बालविवाह, बहुविवाह र अनमेल विवाहका कारण समाजमा उत्पन्न हुने सामाजिक समस्यामा केन्द्रित रहेको छ । यसमा पश्चिम नेपालको एउटा गाउँमा केही दशक पहिला आठ वर्षकी बालिकाको अनमेल विवाह भई जीवनभर उनीमाथि भएको शोषणको चरमोत्कर्ष सत्य घटनालाई कथानक बनाइएको छ । यस उपन्यासकी मुख्य नायिका रमा हो र उनीसँग सम्बन्धित अन्य केही प्रमुख भूमिका भएका पात्रहरू हुन् - रमाको श्रीमान् रामचन्द्र, रमाका बाआमा, रमाका सासु-ससुरा, गोमा, मसिनी, श्रीराम, नारन, कृष्ण, रमाका भाउजुहरू, बुहारी आदि रहेका छन् । यिनैको सेरोफेरोमा अन्य धेरै पात्रहरू पनि आएका छन् ।

प्रस्तुत उपन्यासमा पश्चिम नेपालको एक गाउँको ग्रामीण परिवेशलाई प्रस्तुत गरिएको छ । नारी अस्तित्त्वमाथि खेलवाड गर्ने पुरुष प्रवृत्ति र नारी भएर नारीमाथि नै अन्याय, अत्याचार गर्ने केही नारीहरूका कारण समाजमा नारी अस्तित्व सङ्कटमा परेको वास्तविकतालाई प्रस्तुत गर्नु नै यस उपन्यासको मुख्य उद्देश्य रहेको छ । प्रस्तुत उपन्यासमा लेखकले आफ्नो विचार वा भाव व्यक्त गर्न विभिन्न पात्रहरूलाई उपस्थित गराएका छन् ।

यिनै पात्रहरूबीच भएको संवाद उपन्यासको समाज र पात्रको स्तरअनुरूप आउनुका साथै सरल ग्रामीण भाषाको प्रयोग गरिएको छ । प्रस्तुत उपन्यास द्वन्द्वै-द्वन्द्वले भरिएको र अन्तिम द्वन्द्वमा नायिकाले मृत्युवरण गरेकी हुनाले शीर्षक सार्थक रहेको छ । यस उपन्यासको द्वन्द्व पक्ष अत्यन्तै सशक्त रहेको छ । प्रस्तुत *अन्तिम द्वन्द्व* उपन्यासमा बिना कुनै गल्ती नारी भएकै कारण नारीले भोग्नु परेका हृदयविदारक सत्य घटनालाई उपन्यासले प्रस्तुत गरेको छ ।

## ४.२.५ *समयको रेखाचित्र* उपन्यासको अध्ययन

हरिहर खनालद्वारा लिखित *समयको रेखाचित्र* (२०६५) पालुवा प्रकाशन प्रा.लि. द्वारा प्रकाशित समाजपरक यथार्थवादी औपन्यासिक कृति हो । प्रस्तुत उपन्यास जम्मा चौहत्तर पृष्ठ र अठार अध्यायमा विभाजन गरेर प्रत्येक अध्यायलाई विभिन्न उपशीर्षकहरू दिइएको छ । प्रस्तुत उपन्यासमा नेपालको ग्रामीण सामाजिक पृष्ठभूमिमा निम्न वर्गीय श्रमजीवी परिवारलाई प्रस्तुत गर्दौ २०४६ सालको जनआन्दोलनको सङ्घर्षपूर्ण राजनैतिक इतिहासको एउटा अंश प्रस्तुत गरिएको छ ।

### ४.२.५.१ उपन्यासकार हरिहर खनालको परिचय

वि.सं. २०२४ मा *बिदा हुँदा* (कथासङ्ग्रह) प्रकाशित गरी औपचारिक रूपमा साहित्यिक यात्रा आरम्भ गरेका हरिहर खनाल चितवनको मात्र नभई राष्ट्रिय स्तरमा नै उल्लेख्य स्थान कायम गर्न सफल साहित्यकार हुन् । उनको जन्म गण्डकी अञ्चल, कास्की जिल्लाको फल्याङ्कोटमा वि.सं. २००३ भाद्र १२ गते पिता कृष्णप्रसाद खनाल र आमा सुलोचना खनालबाट भएको हो । जहाँ उनको पुर्ख्यौली घर रहेको थियो । हाल उनको घर चितवन जिल्लाको भरतपुर महानगरपालिका वडा नं. १२ मा हुनुका साथै टोखा नगरपालिका, धापासी-७, काठमाडौँमा पनि रहेको छ । उनले औपचारिक शिक्षा त्रि.वि.वि. काठमाडौँबाट अङ्ग्रेजी विषयमा एम.ए., बि.एड. गरेका छन् र २०३३ वैशाखमा शिक्षा शास्त्री उपाधि प्राप्त गरेका छन् (साहित्यकार स्वयम्बाट प्राप्त जानकारी) । उनका कृतिहरूमा कवितासङ्ग्रहहरू *बिदा हुँदा* (२०२४) र *आस्थाको गोरेटो* (२०५१) । कथासङ्ग्रह *अजम्बरी गाउँ* (२०३७), *आकाश छुने डाँडोमुनि* (२०३८), 'देश परदेश' (२०४६), *बमको छिर्का* (२०४७), *विगत आगत* (२०५५), *द भ्वाइस अफ माउन्टेन* (सन् २०००), *देशभित्र देश खोज्दै* (२०६०), *विघटन* (२०६३), *हरिहर खनालका छोटा कथाहरू* (२०६४), *अस्तित्वको खोजी* (२०६५), *युद्धको पीडा* (२०७२), *गोल्डेन ड्रिम्स एण्ड न्यारो लेन* (सन् २०१७) र *सहिदगेटकी आमा* (२०७५) रहेका छन् । उपन्यासहरूमा *उज्यालोको खोजीमा* (२०६५) र *समयको रेखाचित्र* (२०६५) रहेका छन् भने अन्य विधाहरूमा नियात्रा, संस्मरण, अनुवाद र दैनिका पाइन्छन् । जसमा *युगका पदचापहरू* (निबन्धसङ्ग्रह, २०५९), *चीनको डायरी* (दैनिकी, २०६६), *बेलायती दैनिकी* (दैनिकी, २०६७) *मैक्सिम गोर्कीको जीवनी* (अनुवाद, २०३७), *ब्राइटनमा सूर्यस्नाथ* (नियात्रा र संस्मरण, २०६९), *भूकम्पकालीन*

*दैनिकी* (दैनिकी, २०७२), *सृष्टि : दृष्टि* (सिर्जना र समालोचना, २०७५), *साहित्य वार्ता* (अन्तर्वार्ता, २०७५) प्रकाशित भएका छन् । यसका साथै अन्य केही अनुवाद कृतिहरू रहेका छन् । उनका अन्य केही कविता, निबन्ध र समालोचकीय लेख आदि राष्ट्रिय तथा स्थानीय स्तरका विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका छन् (उपन्यासकार स्वयम्बाट प्राप्त जानकारी) ।

नेपाली साहित्यको क्षेत्रमा निरन्तर विविध विधाहरूमा योगदान पुऱ्याएकाले उनलाई विभिन्न पुरस्कार र सम्मानहरू प्रदान गरिएको छ । उनले विद्यार्थी जीवनमा २०२४ सालमा 'वीरेन्द्र इन्टर कलेजस्तरीय निबन्ध प्रतियोगिता' मा "देवकोटाको सम्झनामा" निबन्धमा 'प्रथम पुरस्कार' र त्यसै वर्ष जिल्लास्तरीय कवि गोष्ठीमा "लगामले बाँधिएको जीव" शीर्षकको कवितामा 'प्रथम पुरस्कार' प्राप्त गरेका थिए । त्यसपछि क्रमशः गण्डकी विद्यार्थी परिषद्बाट आयोजित अञ्चलव्यापी साहित्य सम्मेलनमा 'गद्य विधामा स्वर्ण पदकसहित प्रथम पुरस्कार-२०२७', चितवन साहित्य परिषदबाट 'चिसाप प्रतिभा पुरस्कार-२०५५', 'साहित्य सन्ध्या पुरस्कार-२०५५', भरतपुर नगरपालिकाद्वारा 'प्रतिभा सम्मान-२०५६', जि.वि.स. चितवनद्वारा 'जि.वि.स. सम्मान-२०५८', *यथार्थ कुरा* कृतिका लागि 'जुही सम्मान-२०६१', 'प्रलेश झापा सम्मान-२०६१', 'लेखनाथ पुस्तकालय झापा सम्मान-२०६१', 'कालिका स्रष्टा सम्मान-२०६३', प्रगतिशील लेखक सङ्घ नेपालद्वारा 'प्र.ले.स. सम्मान-२०६६', 'मैनाली कथा सम्मान-२०६८', 'नौलो नेपाली सम्मान-२०७०', 'गोकुल वाङ्मय पुरस्कार-२०७२/०७३', 'नेपाली साहित्य विश्व संसद सम्मान-२०७३', 'कविडाँडा साहित्य सम्मान तथा देव-खिना स्मृति पुरस्कार-२०७४', 'वनिताश्री-देवकुमारी कथा विशिष्ठ सम्मान-पुरस्कार-२०७४', 'प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार-२०७४', नेपाल वाङ्मय परिषद कैलाली धनगढीद्वारा 'नेपाली वाङ्मय साधना सम्मान-२०७४', लिलाध्वज थापा साहित्य प्रतिष्ठानद्वारा 'स्रष्टा सम्मान-२०७५', प्रगतिशील लेखक सङ्घ नेपालद्वारा 'प्र.ले.स. सम्मान-२०७५' आदि पुरस्कार तथा सम्मान प्रदान गरिएको छ (उपन्यासकार स्वयम्बाट प्राप्त जानकारी) ।

उनी विभिन्न साहित्यिक सङ्घ-संस्थामा आबद्ध रहेका छन् । उनले विभिन्न समयमा *दोभान, नौलो राँको, मारुनी, सेरोफेरो, प्रलेश, गरिमा, जाँगर, जनसाहित्य* आदि पत्रिकाहरूको सम्पादन गर्नुका साथै सञ्चालक सदस्य रहेर नेपाली साहित्य प्रकाशन कार्यमा योगदान पुऱ्याएका छन् । उनी विभिन्न विद्यालय तथा क्याम्पसमा शिक्षण पेसामा संलग्न रहेका र हाल उनी शिक्षण पेसाबाट अवकाशप्राप्त गरिसकेका छन् आजभोलि उनी स्वतन्त्र लेखकका रूपमा सक्रिय रहेका छन् । उनलाई कवि, कथाकार, उपन्यासकार, निबन्धकार, अनुवादक, सम्पादक, प्रकाशक, शिक्षक, प्राध्यापक, सामाजिक र राजनैतिक व्यक्तित्वका रूपमा हेरिन्छ ।

### ४.२.५.२ कथानक

*समयको रेखाचित्र* उपन्यासमा एउटा श्रमजीवी परिवारको सदस्यको माध्यमबाट २०४६ सालको जनआन्दोलनको घटनालाई कथावस्तुको रूपमा लिएको छ । पहाडी गाउँको एउटा घरको आँगनमा आकाश र शकुन्तला चिया पिउँदै कुराकानी गरिरहेको दृश्यबाट उपन्यासको सुरुवात भएको छ । यसै क्रममा आकाश उसका विगत बिर्सन चाहेर पनि बिर्सन नसकी सम्झनामा डुब्दछ । ऊ नौ वर्षको हुँदा बा, आमा, दिदी र ऊ चार जनाको परिवार हुनु, बा समशेर मिस्त्री काम गर्न जाने र आमा धनमाया पनि बासँगै काममा जाने गर्नु, आमा बिरामी पर्नु, बाले सक्दो उपचार गर्दागर्दै पनि आमाको मृत्यु हुनु, त्यसपछि बा ज्यादै रक्सी खाने हुँदै जानु, रक्सीको सुरमा घरमा रासन भए-नभएको थाहा नपाउनु, आकाश र दिदी वसन्ती धेरै दिनसम्म भोकभोकै पर्नु, भोक खटेर बस्ने बानी पर्दै जानु, किराना पसलमा उधारो माग्न जाँदा किशोरी वसन्तीलाई पसलले आँखा लगाउनु, एकदिन समशरले सँगै ज्याला-मजदुरी गर्ने विधवा निमासँग विवाह गरी निमा र उसकी पाँच वर्षकी छोरीलाई घर ल्याउनु, सौतेनी आमाको आगमनले उनीहरूको बाल मनस्थितिमा ठूलो ठेस पुग्नु, वसन्ती पनि काममा जान थाल्नु, आकाश बहिनी हेरेर घरै बस्नु पर्ने हुनु, एक दिन अरू केटाकेटी स्कुल गएको देखेर आकाशले पनि बासँग स्कुल जान्छु भनी ठूलो जिद्दी गर्नु, घरको परिस्थतिले गर्दा आकाशले स्कुल पढ्न जान नपाउनु, त्यसपछि आकाशले घर छाडेर हिँड्नु (पृ. १-४३) ।

आकाशले घर छोडेपछि दुई दिनसम्म एउटा होटेलमा काम गर्नु, तेस्रो दिन त्यहाँबाट पनि हिँड्नु, जाँदाजाँदै एउटा चौतारामा निदाउनु, राति बिउँझदा मैलाधैला खाते केटाकेटीबीच आफूलाई पाउनु, उनीहरूले एक टुक्रा उखु खान दिनु, आधा रातमा ती केटाकेटीको नाइकेले आकाशलाई अनुचित व्यवहार गर्न खोजेपछि ऊ सजग भएर त्यहाँबाट हिँड्नु, एउटा चिया पसलमा पुगेपछि अमर मास्टरसँग भेट हुनु, अमर सर र उनकी श्रीमतीले आफ्नै छोरा सरह गरेर पाल्नु, केही समयपछि उनीहरू बसाइसराई गरी काठमाडौँ जानु, अमर सरको परिवारमा छोरी प्रतिभा, आकाश र साथीको छोरी शर्मिला सहित तीन छोराछोरी भएपछि रमाइलोसँग दिन बित्दै जानु (पृ. २४-४०) ।

आकाश हराएको दश वर्ष बित्नु, ऊ क्याम्पस पढ्न थाल्नु, दलाल धनबहादुरले वसन्तीलाई बिहे गर्ने र दार्जिलिङ घुम्ने भनी बेच्न लैजादै गर्दा माइती नेपालले फर्काउनु, निरङ्कुश राज्यसत्ताका विरुद्ध समाज परिवर्तनका लागि २०४६ सालमा जनआन्दोलन सुरु हुनु, आकाश पनि क्रान्तिमा लाग्नु, यसैबीच आकाश आफन्तसँग भेट्न मानपुर पुग्नु, समशेरको परिवार मानपुरबाट बसाइँ-सराई गरेर अन्तै गैसकेको हुनु, आकाश काठमाडौँ फर्केर पुनः क्रान्तिमा सक्रिय हुनु, आन्दोलनको क्रममा आकाशलाई गोली लाग्नु, होस आउँदा उसले आफूलाई अस्पतालमा पाउनु र दाहिने खुट्टाको तिघ्राभन्दा तलको भाग नभएको थाहा पाउनु, ४९ दिनसम्मको आन्दोलनपछि चैत्र २६ गते प्रजातन्त्रको पुनःस्थापना हुनु, छ महिनासम्मको अस्पताल बसाइँको क्रममा शकुन्तलासँग भेट भएर उनीसँग मन

मिल्नु, अन्तमा आकाश-शकुन्तलासँगै मध्ये नेपालको दक्षिणी पहाडतिर लाग्नु, त्यहीँ उनीहरूले बाँकी जीवन व्यतित गर्नु (पृ. ४४-७४) ।

यसका साथै अन्य केही प्रासङ्गिक कथाहरू पनि आएका छन्, जस्तै : निमा र नरेन्द्र, समशेर र निमा, वसन्ती र धने, शकुन्तलाको बाबुछोरी र चिया पसल्नीको छोराका प्रसङ्गहरू प्रासङ्गिक कथाहरू हुन् ।

**४.२.५.३ पात्रविधान**

*समयको रेखाचित्र* उपन्यास पात्रविधानका दृष्टिले हेर्दा बहुपात्रीय उपन्यास हो । यसमा मुख्य, सहायक र गौण गरी बीस जनाभन्दा बढी पात्रहरू आएका छन् । प्रस्तुत उपन्यासमा निम्न श्रमजीवी वर्गको पात्रहरू प्रमुख रूपमा आएका छन् । यसका पात्रहरूमध्ये आकाश, समशेर र शकुन्तला मुख्य पात्र हुन् भने अन्य पात्रहरूमा वसन्ती, निमा, सिर्जना, अमर मास्टर, पार्वती, प्रतिभा, शर्मिला, राजेश, मदन आदि सहायक पात्रहरू हुन् र अन्य पात्रहरूमा धनमाया, नरेन्द्र, सागर, शिव र सरस्वतीको भूमिका गौण हुनुका साथै क्षणिक समयका लागि मात्र आएका छन् । धनबहादुर यस उपन्यासको खलपात्र हो । साथै अन्य केही समूहगत पात्रहरू पनि आएका छन्, जस्तै : गाउँलेहरू, विद्यार्थीहरू, पुलिसहरू आदि । यसका पात्रहरूमध्ये केही मुख्य भूमिकामा रहेका पात्रहरूको चरित्र चित्रण यहाँ गरिएको छ :

**(क)** **आकाश :** यस उपन्यासको प्रमुख पुरुष पात्र वा नायक आकाश हो । उसैको केन्द्रीयतामा उपन्यास अगाडि बढेको छ । ऊ निम्नवर्गीय श्रमजीवी परिवारको प्रतिनिधि पात्रको रूपमा आएको छ । जब आकाश नौ वर्षको हुन्छ, आमाको मृत्यु हुन्छ । ऊ बाल्यकालमै आमाको ममता र बात्सल्य प्रेमबाट बञ्चित असहाय टुहुरो हो । आमाको मृत्युपश्चात् बाबुले असाध्यै रक्सी खाने र घरमा रासन भए-नभएको नहेर्ने भएकाले कतिपय दिनहरू भोकभोकै बस्न बाध्य ऊ एक अभागी केटो हो । एकदिन बाबुले सौतेनी आमा ल्याउँदा आकाशको बालमनस्थितिमा ठूलो ठेस पुग्दछ । सौतेनी आमाको आगमनप्रति उसको मनमा असन्तुष्टि र विद्रोह भए पनि उसले केही गर्न सक्दैन । निरीह भएर हेरिरहन्छ । सौतेनी आमाकी छोरी सानी बहिनी सिर्जनालाई पाएर भने ऊ बालस्वभाव स्वरूप रमाउँदै खेल्न थाल्छ । बहिनी पनि उसको पछि लाग्छे । त्यसैले ऊ मायालु स्वभाव भएको केटो हो । एक दिन स्कुल गइरहेका धेरै केटाकेटीहरू देखेपछि आफ्नो बाबु समशेरसँग आफू पनि स्कुल जाने इच्छा व्यक्त गर्छ । बाबुले स्कुल पठाउँदैनन् । स्कुल जान्छु भनी जिद्दी गर्दा पिटाइ खान्छ । स्कुल जाने आफ्नो इच्छा पूरा नभएपछि असन्तुष्ट भई घर छाडेर हिँड्छ । त्यसैले ऊ सानै उमेरदेखि जिद्दी स्वभावको र विद्रोहात्मक व्यक्तित्वका रूपमा देखापरेको छ । घर छोडेर हिँडेपछि ऊ दिनभर भोकभोकै हिँडिरहन्छ । साँझमा एउटा होटलमा पुगेर हेरिरहन्छ । दुई दिनसम्म ऊ त्यहीँ काम गरेर बस्दछ । काम गरेर दुई छाक खान पाएर ऊ सन्तुष्ट हुन सक्दैन । उसमा पढ्ने इच्छा तीव्र रूपमा जागेको हुन्छ । त्यसैले तेस्रो दिन त्यहाँबाट पनि हिँड्छ ।

त्यहाँबाट हिँडेपछि ऊ कुनै चौतारामा धेरै खाते केटाकेटीको हुलमा पुग्दछ । ती केटाकेटीहरू मित्रता गाँस्न आउँछन् । आफूले खान लागेको उखुको टुक्रा पनि बाँडेर खान्छन्, तर आधा रातमा ती केटाकेटीको नाइकले अनुचित व्यवहार गर्न खोजेपछि सजग भई त्यो खराब वातावरणबाट हिँड्छ । जब अमर सरले उसलाई आफ्नै घरमा राखेर स्कुल पढाइदिन्छन्, ऊ खुसी भएर त्यहीँ बसेर पढ्छ । यसरी सानै अवस्थामा पनि कैयौँ सङ्घर्ष गरेर आफ्नो लक्ष्यमा पुग्न सफल अमर एक दृढ इच्छाशक्ति भएको सङ्घर्षशील युवाका रूपमा आएको छ ।

ऊ क्याम्पस पढ्न थालेपछि देशमा समाज परिवर्तनका लागि निरङ्कुश राज्यसत्ताको विरोधमा जनआन्दोलन सुरु हुन्छ । ऊ पनि युवा सुलभ जोश र जाँगरका साथ क्रान्तिका लागि अगाडि बढ्छ । प्लेकार्ड र सङ्गठनको झण्डा बोकेर जुलुसमा अगाडि-अगाडि हिँडेर अन्य युवाहरूसँग मिलेर राजा महेन्द्रको सालिकमा जुत्ता-चप्पलको माला लगाइदिएर सङ्गठनको झण्डा सालिकको श्रीपेचमा झुण्ड्याउँदै गर्दा गोली लागेर अपाङ्ग बन्न पुग्छ । लामो समयको अस्पतालको उपचारपछि अमर र पार्वतीले घर लैजान खोज्दा घर जान मान्दैन र शकुन्तलासँग विवाह गर्ने सम्झौता गरेर उनकै गाउँतिर हिँड्छ । यसरी आकाशको सम्पूर्ण जीवनलाई हेर्दा ऊ एक असहाय, टुहुरो, अभागी, निरीह, टिठलाग्दो, मायालु केटो हुनुका साथै स्वेच्छाचारी, जिद्दी, बलियो आँट भएको साहसी, विद्रोहात्मक, सङ्घर्षशील, अन्तर्मुखी स्वभावको, क्रान्तिकारी र वीर व्यक्तित्वका रूपमा उनलाई हेर्न सकिन्छ ।

उपन्यासको प्रमुख पात्रलाई शैलीवैज्ञानिक दृष्टिकोणका आधारमा वर्गीकरण गरेर हेर्दा लिङ्गका आधारमा पुरुष, कार्यका आधारमा प्रमुख पात्र, प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा गतिशील, जीवन-चेतनाका आधारमा वर्गीय र आसन्नताका आधारमा मञ्चीय पात्र हुन् भने आबद्धताको आधारमा बद्ध पात्रको रूपमा आएका छन् ।

**(ख) समशेर** : यस उपन्यासमा नायकको बाबुको रूपमा समशेर आएको छ । प्रस्तुत उपन्यासमा नायकपछि दोस्रो स्थान उनैको छ । यस उपन्यासको अगाडिका केही अध्यायहरू समशेरकै केन्द्रीयतामा अगाडि बढेको देखिन्छ । समशेर निम्न श्रमजीवी वर्गको प्रतिनिधि पात्र हो । ऊ घर बनाउने श्रमिकको रूपमा आएको छ । सुरुमा उसकी श्रीमती, एक छोरी र एक छोरा हुन्छन् । एक्लैको आम्दानीले चार जनाको परिवार पाल्न गाह्रो भएकोले श्रीमतीलाई पनि काममा लैजान्छ । बच्चाकी आमा यथेष्ठ खानेकुराको अभाव, कडा परिश्रमका कारण श्रीमती बिरामी हुन्छिन् । उपचार गर्दागर्दै श्रीमतीको मृत्यु हुन्छ । यसरी समशेर परिश्रम गरेर ज्याला-मजदुरी गर्दागर्दै पनि गरिबीका कारण श्रीमती गुमाउनु परेको अभागी पुरुष हो । त्यसपछिका दिनमा केही समय उसले रक्सीको सहारा लिन्छ । त्यसको केही

महिनापछि सँगै ज्याला-मजदुरी गर्ने विधवा निमासँग हिमचिम बढ्दछ । एकदिन टुहुरा छोराछोरी हेरविचार गर्न र बिग्रेको घर चलाउन झड्केली छोरीसहितको विधवा निमासँग विवाह गर्दछ । एकदिन छोराले स्कुल जान्छु भनेर जिद्दी गर्दा पनि गरिबीकै कारण उसलाई स्कुल पढाउन सक्दैन । छोराले घर घोडेर हिँड्छ । खोज्दा-खोज्दा छोरालाई पाउन सक्दैन । यसरी आर्थिक अभावका कारण बाध्यतावश छोरो पढाउन नसकी छोरा हराएकोले ऊ एक गरीब, निरीह, लाचार व्यक्तिको रूपमा आएको छ । केही वर्षपछि भर्खर बैंसको खुड्किलो चढ्दै गरेकी छोरी बसन्तीले पनि घर छोडेर हिँड्दा दलालको हात परेकोले उसको जीवन ज्यादै पीडादायी हुन्छ । त्यसैले ऊ बिरक्तिएर त्यहाँको घर-जग्गा बेचेर कैलाली, कञ्चनपुरतिर जान्छ । यसरी समशेरको जीवनलाई हेर्दा ऊ गरीब, सोझो, निरीह, लाचार, ज्यादै अभागी व्यक्तिको रूपमा आएको छ ।

समशेरलाई शैलीवैज्ञानिक दृष्टिकोणका आधारमा वर्गीकरण गरेर हेर्दा लिङ्गको आधारमा पुरुष पात्र, कार्यको आधारमा सहायक पात्र, प्रवृत्तिका आधारमा अनुकूल पात्र, स्वभावका आधारमा गतिशील, जीवन-चेतनाका आधारमा वर्गीय र आसन्नताका आधारमा मञ्चीय पात्र हुन् भने आबद्धताका आधारमा बद्ध पात्रको रूपमा आएको छ ।

**ग)** **शकुन्तला** : यस उपन्यासको प्रमुख स्त्री पात्र वा नायिका शकुन्तला हो । ऊ यस उपन्यासको अन्तयतिर मात्र देखिएकी छ । ऊ मध्यपश्चिम नेपालको एउटा पहाडी गाउँमा घर भएकी, पोखराको पृथ्वीनारायण क्याम्पसमा स्नातक तहसम्म अध्ययन गरेकी, राजनैतिक सुझबुझ भएकी केटी हो । ऊ आफैले जनआन्दोलनको समयमा प्रहरी प्रशासनबाट सास्ती बेहोरेकी हुन्छे । उसको बाबु सागर जनआन्दोलनका क्रममा घाइते भएकाले बाबुको उपचार गर्न काठमाडौँ आएकी हो । आकाश पनि जनआन्दोलनमा घाइते भएर अस्पतालमा भर्ना हुँदा उनीहरूको भेट हुन्छ । छ महिनासम्म उपचार गराउँदा पनि शकुन्तलाको बाबु सागरलाई बचाउन सकिँदैन तर त्यस समयमा शकुन्तलाले आकाशलाई राम्रोसँग बुझ्ने अवसर पाउँछे । आकाशको उपचारपश्चात् अस्पताल छाड्ने समयमा शकुन्तलाले आफ्नै इच्छा स्वरूप आकाशसँगै जिउने प्रस्ताव राख्छे । प्रस्ताव आकाशबाट स्वीकृत हुन्छ । अन्ततः उनीहरू विवाह गरी नयाँ जीवन जिउने सपना बोकेर अस्पतालबाट गाडी चढेर मध्य पश्चिम नेपालको शकुन्तलाको गाउँतिर जान्छन् । यसरी हेर्दा शकुन्तला राजनैतिक चेतना भएको आधुनिक युवा पुस्ताको प्रतिनिधित्व गर्ने नारी पात्र हो । ऊ साहसी र हिम्मत भएकी एक समझदार नारी पात्रको रूपमा देखिएकी छ ।

उपन्यासको प्रमुख पात्रको शैलीवैज्ञानिक दृष्टिकोणका आधारमा वर्गीकरण गरेर हेर्दा शकुन्तला लिङ्गका आधारमा नारी पात्र, कार्यका आधारमा प्रमुख पात्र,

प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा गतिशील, जीवन-चेतनाका आधारमा वर्गीय, आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

यस उपन्यासमा आएका सम्पूर्ण पात्रहरूले प्रत्यक्ष वा परोक्ष रूपमा मुख्य पात्रको भूमिकालाई सशक्त बनाउन सहयोग पुऱ्याएका छन् ।

**४.२.५.४ परिवेश**

*समयको रेखाचित्र* उपन्यासले नेपालको बहुसङ्ख्यक गाउँघरको परिवेशलाई प्रस्तुत गरेको छ । मुख्यतः प्रस्तुत उपन्यासले २०३६ सालतिरबाट २०४७ सालसम्मको करीब बाह्र वर्षको समयावधिलाई प्रस्तुत गरेको छ । स्थानगत रूपमा हेर्दा यस उपन्यासमा मध्य नेपालको दक्षिणी पहाडी गाउँ, मानपुर गाउँ र काठमाडौँअन्तर्गत शान्तिनगर, थानकोट, त्रिपुरेश्वर, भद्रकाली, बागबजार, कमलादी, नागपोखरी, लाजिम्पाट, लैनचौर, नरसिंहचोक, क्षेत्रपाटी, किलागल, वसन्तपुर, सुन्धारा, भोटाहिटी, रत्नपार्क, जमल, घण्टाघर, शान्तिनगर माध्यमिक विद्यालय, ग्यालेक्सी स्कुल आदि स्थानहरू आएका छन् र अन्य स्थानहरूमा तराईको देहाती गाउँ, सुदूर पश्चिमको कैलाली, कञ्चनपुर, पोखराको पृथ्वीनारायण क्याम्पस वीरगञ्जअन्तर्गत घण्टाघर, माइस्थान, मीनाबजार, अखलिया रोड, भन्सार अड्डा आदि यस उपन्यासका भौगोलिक परिवेश हुन् । सामाजिक परिवेशका हिसाबले हेर्दा यसमा ग्रामीण, सामाजिक परिवेश र सहरी परिवेश गरी दुई प्रकारका परिवेशहरू आएका छन् । मुख्य रूपमा आएको आकाशको जन्मस्थान मानपुर गाउँको ग्रामीण परिवेश र आकाश र शकुन्तलाको घर भएको मध्य नेपालको दक्षिणी पहाडी गाउँको ग्रामीण परिवेश आएका छन् भने आकाश नौ वर्षदेखि एक्काइस वर्षको हुँदासम्म हुर्के-बढेको काठमाडौँ शहरको परिवेश आएको छ, जहाँ अमर मास्टरको घर रहेको छ । यस उपन्यासको सामाजिक अवस्थालाई हेर्दा आकाश सानैमा आमा मरेपछि टुहुरो हुनु, बाबुले सौतेनी आमा ल्याउनु, सौतेनी आमाप्रति हाम्रो समाजको नकारात्मक दृष्टिकोण हुनु, जसअनुसार सौतेनी आमा आउँदा आकाश र बसन्तीमा असन्तुष्टि र विद्रोहको भाव मनमा आउनु र सौतेनी आमाले पनि सौताका छोराछोरीप्रति त्यति वास्ता नगर्नुले समाजमा टुहुरा बालबालिकाको अवस्था दयनीय हुनुलाई यस उपन्यासले प्रस्तुत गरेको छ । यसमा समशेर थापा र निमा शेर्पाबीच आफूखसी अन्तर्जातीय विवाह भएको देखाएर अन्तर्जातीय विवाहले पनि समाजमा स्थान पाएको देखाइएको छ । धनबहादुरले बसन्तीलाई बेच्न लगेको देखाएर हाम्रो समाजमा नेपाली चेलीबेटीहरूलाई विदेशमा बेच्न लाने गरेको सामाजिक समस्यालाई देखाइएको छ । यसमा सांस्कृतिक र धार्मिक परिवेशका केही झलकहरू पनि आएका छन् । चण्डीपूर्णिमाको दिन चण्डीपूजा गरिएको प्रसङ्ग आएको छ र जन्म, विवाह, मृत्यु आदि सामाजिक संस्कारका प्रसङ्गहरू पनि आएका छन् । त्यस्तै यसमा प्रेम-प्रणयका विषयहरूमा समशेर र निमा बीचको प्रेम, आकाश र शकुन्तला बीचको प्रेम र शर्मिलाको एकतर्फी प्रेमचाहना आदि विषयहरू आएका छन् ।

### ४.२.५.५ उद्देश्य

*समयको रेखाचित्र* उपन्यास सामाजिक पृष्ठभूमिमा २०४६ सालको राजनैतिक घटनाको सानो अंशलाई प्रस्तुत गरिएको उपन्यास हो । यसको मुख्य उद्देश्य २०४६ सालको जनआन्दोलनमा निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्य गरेर प्रजातन्त्रको पुनर्स्थापना गर्दा स्वाभीमानी नेपाली जनताले गरेको बलिदानीपूर्ण सङ्घर्षको इतिहासको एउटा पाटोलाई प्रस्तुत गर्नु रहेको छ । यसमा २०३६ देखि २०४६ सालसम्मको समयावधिमा घटेका केही स्थानीय र राष्ट्रिय घटनाहरू समावेश गरिनुका साथै हाम्रो देशको अधिकांश गाउँघरको वातावरणसँग मिल्ने ग्रामीण परिवेशलाई चित्रण गर्दै निम्न वर्गीय श्रमजीवी परिवारको पारिवारिक, सामाजिक, आर्थिक र बौद्धिक अवस्थालाई प्रस्तुत गर्नु पनि यस उपन्यासको अर्को मुख्य उद्देश्य रहेको छ । यसमा समाजका निम्नवर्गीय परिवारमा गरिबी, दुःख, कष्ट, अशिक्षा र चेतनाको अभाव देखाउँदै समाजमा सौतेनी आमा भन्ने बित्तिकै बालबालिकामा पर्ने मानसिक असर, सौतेनी आमाबाट बालबालिकाले पाउने व्यवहार, सौतेनी आमाप्रति बालबालिकाको असन्तुष्टि र विद्रोहबाट टुहुरा बालबालिका फुटपाथमा पुग्न सक्ने सम्भावना देखाउँदै फुटपाथका खाते बालबालिकाहरूको अवस्थालाई देखाउनु पनि यस उपन्यासको उद्देश्य रहेको छ ।

### ४.२.५.६ दृष्टिविन्दु

*समयको रेखाचित्र* उपन्यासमा औपन्यासिक गतिविधि र यसका क्रियाकलापहरूलाई अगाडि बढाउन विभिन्न पात्रहरूको उपस्थिति गराइएकाले यसमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । यस उपन्यासको केन्द्रीय पात्र आकाशका जीवनका घटनाहरूलाई अगाडि बढाउने क्रममा अन्य धेरै पात्रहरू समशेर, शकुन्तला, निमा, वसन्ती, सिर्जना, अमर मास्टर, पार्वती, प्रतिभा, शर्मिला, राजेश, मदन, धनबहादुरका साथै अन्य क्षणिक भूमिका रहेका धनमाया, नरेन्द्र, सागर आदि पात्रहरू आएका छन् । यिनै पात्रहरूको माध्यमबाट उपन्यासकार खनालले आफ्नो विचार र चिन्तनहरू व्यक्त गरेका छन् भने उपन्यासकार स्वयम् आफू उपन्यासभित्र आएका छैनन् ।

### ४.२.५.७ भाषाशैली

*समयको रेखाचित्र* उपन्यासमा सरल, सहज ग्रामवासीले बोल्ने भाषाशैलीको प्रयोग भएकोले भाषा स्वाभाविक किसिमको छ । यसमा पात्रहरूको अवस्था र परिवेश अनुरूपको भाषा प्रयोग भएको छ । प्रस्तुत उपन्यासमा पूर्व-स्मृति पद्दतिको प्रयोग गरिएकोले बढी रोचक बनेको छ । यसमा तत्सम, तद्भव, आगन्तुक र झर्रा सबै स्रोतका शब्दहरूको प्रयोग भएको छ । धेरैजसो वर्णनात्मक र ठाउँठाउँमा संवादात्मक शैलीको प्रयोग गरिएको छ । यसमा ज्यादा वर्णनात्मक शैलीको प्रयोग गरिएकोले उपन्यास पढ्दा कताकति कथाजस्तै महसुस हुन्छ । विभिन्न बिम्ब, प्रतीक, अलङ्कार र कताकति उखान-टुक्काको प्रयोग गरिएकोले भाषाशैली अत्यन्तै स्वाभाविक बनेको छ । पात्रहरूको स्तरअनुरूपका शब्दहरूको चयन गरिएकाले प्रस्तुत उपन्यासको भाषाशैली जीवन्त बनेको छ ।

#### ४.२.५.८ द्वन्द्व विधान

*समयको रेखाचित्र* उपन्यासले हाम्रो देशको राष्ट्रिय द्वन्द्व र सङ्घर्षको विषयलाई कथावस्तु बनाएको छ । यस उपन्यासमा हाम्रो देशको निरङ्कुश राजतन्त्र विरुद्ध जनमानसमा आएको विद्रोहात्मक भावनालाई प्रस्तुत गर्दै २०३६ देखि २०४६ सालसम्म निरङ्कुश पञ्चायती व्यवस्था र सर्वसाधारण जनताका बीच उठेको द्वन्द्वका कारण जनआन्दोलन भएको वास्तविक घटनालाई देखाइएको छ । उपन्यासमा राज्यसत्ता र जनताबीचको द्वन्द्वले नै मुख्य भूमिका खेलेको छ । यसरी २०४६ सालको जनआन्दोलनका क्रममा देशमा चलेको राजनैतिक द्वन्द्वको सेरोफेरोमा नै उपन्यास घुमेको छ । यही राजनैतिक द्वन्द्वलाई उपन्यासले मुख्य केन्द्र बनाएको छ । यसका साथै समशेरको जीवनमा गरिबीका कारण उठेका आर्थिक र पारिवारिक द्वन्द्व, आकाशमा जीवन बचाइका क्रममा आएका विभिन्न द्वन्द्व र जनआन्दोलनका क्रममा आकाशले भोग्नु परेको जीवन-मृत्युबीचका द्वन्द्व आदि आकाशको जीवनका आन्तरिक र बाह्य द्वन्द्वहरू प्रबल रूपमा आएका छन् । यसरी यस उपन्यासमा द्वन्द्वलाई सशक्तताका साथ प्रयोग गरिएको छ ।

#### ४.२.५.९ शीर्षक

*समयको रेखाचित्र* उपन्यासमा २०३६ देखि २०४७ सालसम्मको समयावधिमा घटेका केही राजनैतिक घटनाहरू जो हाम्रो इतिहास बनिसकेका छन्, तिनै घटनाहरूलाई उपन्यासको रूपमा उतारिएकाले यसलाई *समयको रेखाचित्र* शीर्षक दिनु उपयुक्त देखिन्छ । त्यस्तै अर्को पक्ष आकाशको जीवनलाई हेर्दा समय र परिस्थितिले मानिसलाई जे-जस्तो बनाउँदै लग्यो मानिस त्यस्तै हुन्छ भन्ने अर्थमा यस उपन्यासको शीर्षक सार्थक भएको छ, किनकि एउटा गाउँमा निम्न वर्गीय श्रमजीवी परिवारमा जन्मेको आकाशको जीवनमा आमाको मृत्यु हुनु, टुहुरो हुनु, सौतेनी आमाको आगमन हुनु, आकाशका बाबुको मनमा पढाउने चाहना भए पनि छोरालाई पढाउन नसक्नु, त्यसपछि आकाशले घर छोडेर हिँड्नु, संयोगले अमर सरसँग भेट हुनु, अमर सरले घर लगेर पालेर पढाउनु, आकाशले आफ्नो घरमा पढ्न नपाए पनि अमर सरकोमा आश्रय पाउनुका साथै पढ्न पाउनु, जनआन्दोलनमा परी अपाङ्ग हुनु, शकुन्तलासँग भेट भएर उनीसँगै उनकै गाउँमा जीवन बिताउनु, सबै समयले ल्याएको उतार-चढाव भएकाले यस उपन्यासको नाम *समयको रेखाचित्र* राख्नु उपयुक्त देखिन्छ ।

#### ४.२.५.१० संवाद

*समयको रेखाचित्र* उपन्यासमा पात्रहरूबीच स्तरअनुरूप सरल र स्वाभाविक किसिमका संवादहरू भएका छन् । उपन्यासको परिवेश र पात्रको सामाजिक स्तरअनुरूपका संवादहरू आएकाले संवादमा जीवन्तता पाइएको छ । ग्रामीण परिवेशको चित्रण भएको यस उपन्यासमा गाउँघरमा बोलचालमा प्रयोग हुने किसिमका संवादहरू आएकाले संवादमा सजीवता, रोचकता आउनुका साथै संवादपक्ष सफल रहेको देखिन्छ । यस उपन्यासको संवादका केही नमूनाहरू यस प्रकारका छन् :

(क) **शकुन्तला** : चिनी लागेको छ कि छैन ? चिनी सक्किएको रहेछ, खऱ्याङखुरुङ पारेर बनाएकी ।

**आकाश** : ठीकै छ, गुलियो आएकै छ । धेरै चिनी खाँदा पनि स्वास्थ्यका लागि फाइदा गर्दैन (पृ. २) ।

(ख) **समशेर** : धेरै कचकच नगरीकन खुरुक्क बैनी हेरेर बस् ।

**आकाश** : नाइँ, म स्कुल जान्छु । सबै साथीहरू स्कुल गएका छन् । म पनि पढ्न जान्छु ।

**समशेर** : धेरै नकरा अहिले हिँड्ने बेलामा । हामीहरू काममा जान अबेला हुन लाग्यो भन्ने तलाइँ थाहा छैन ?

**आकाश** : नाईं, नाईं, म स्कुल जान्छु ।

**समशेर** : खुरुक्क बहिनी हेरेर बस्, अभागी मुर्दार ।

**आकाश** : सक्तिन ।

**निष्कर्ष**

प्रस्तुत उपन्यास मुख्यतः २०४६ सालको सङ्घर्षपूर्ण जनआन्दोलनको एउटा पाटालाई प्रस्तुत गर्नमा केन्द्रित रहेको छ । यसमा मानपुर गाउँको एउटा निम्नवर्गीय श्रमजीवी परिवारको टुहुरो आकाशको दयनीय जीवनको सेरोफेरोमा २०४६ सालको जनआन्दोलनका घटनाका केही अंशलाई कथानकको रूपमा ल्याइएको छ । आकाश नै यस उपन्यासका नायक हुन् । उनीसँग सम्बन्धित हुन आएका केही मुख्य पात्रहरू समशेर, आकाशकी आमा, शकुन्तला, बसन्ती, निमा, सिर्जना, अमर मास्टर, पार्वती, प्रतिमा, शर्मिला, राजेश, मदन आदि रहेका छन् ।

आकाशको जीवनसँग सम्बद्ध २०३६ देखि २०४६ सालसम्मको समयावधि, मुख्यतः गरिबीले पेलिएको मानपुर गाउँको ग्रामीण परिवेश र काठमाडौँको शहरी परिवेशका साथै मध्य नेपालको दक्षिणी पहाडी गाउँको परिवेश आएको छ । निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्य र प्रजातन्त्रको पुनर्स्थापना गर्दाको २०४६ सालको जनआन्दोलनको एउटा पक्षलाई प्रस्तुत गर्नु नै यस उपन्यासको मुख्य उद्देश्य रहेको छ । यस उपन्यासमा मुख्य पात्र आकाशका साथै विभिन्न पात्रहरूका माध्यमबाट औपन्यासिक क्रियाकलापहरू अगाडि बढाइएको छ । यसमा पात्रहरूबीचका संवादहरू अत्यन्तै स्वाभाविक हुनुका साथै सरल, सहज भाषाशैलीको प्रयोग भएको छ । उपन्यासमा समयअनुसार परिवर्तन हुँदै आएका राजनैतिक परिवर्तनहरूलाई प्रस्तुत गरिएकाले उपन्यासको शीर्षक *समयको रेखाचित्र* राखिनु अत्यन्तै सार्थक देखिन्छ । यस उपन्यासमा हाम्रो देशको राष्ट्रिय द्वन्द्वलाई मुख्य स्थान दिँदै निरङ्कुश राजतन्त्र र सर्वसाधारण जनताबीच उठेका द्वन्द्वका कारण भएको सङ्घर्षपूर्ण आन्दोलनको घटनालाई प्रस्तुत गरिएको छ ।

## ४.२.६ *इतिहासको एक पैका* उपन्यासको अध्ययन

रणेन्द्र बरालीद्वारा लिखित *इतिहासको एक पैका* (२०६६) नेपाल दलित साहित्य तथा संस्कृति प्रतिष्ठानद्वारा प्रकाशित, जनसङ्घर्षको एउटा सङ्घर्षशील योद्धा रूपलाल विश्वकर्माको जीवनीमा आधारित बृहत आकारको उपन्यास हो । मार्क्सवादी विचारधाराले ओतप्रोत यस उपन्यासले दलितमुक्ति आन्दोलन र नेपाल कम्युनिष्ट आन्दोलनका वास्ततिक घटनाहरूलाई प्रस्तुत गरेको छ। प्रस्तुत उपन्यास २५९ पृष्ठ र ३६ अध्यायमा विभाजन गरी प्रत्येक अध्यायलाई एक, दुई, तीन, चारको क्रमसङ्ख्यामा विभिन्न उपशीर्षकहरू दिइएको छ । नेपालको परिप्रेक्षमा हेर्दा प्रस्तुत उपन्यास आर्थिक, सामाजिक र राजनीतिक पक्षबाट अत्यन्त कमजोर, पिछडिएको, समाजमा तल्लो मानिने र उपल्लो जातबाट अपहेलित दलितहरूको मुक्तिका लागि आवाज उठाउँदै, जातीय आन्दोलन वर्गीय आन्दोलनमा परिणत भई सर्वहारा वर्गको हितका लागि सम्पूर्ण शोषित-पीडित कृषक, श्रमिक वर्ग र सामन्त वर्गबीचको वर्गीय द्वन्द्व र समस्याका लागि लडिएको प्रगतिवादी उपन्यास हो ।

### ४.२.६.१ उपन्यासकार रणेन्द्र बरालीको परिचय

उपन्यासकार रणेन्द्र बरालीले सानै हुँदा स्कुल जीवनमा नै २०२३ सालमा "जिज्ञासा" शीर्षकको कथा शारदानगर स्कुलको भित्तपत्रिकामा प्रकाशित गरी साहित्यिक यात्रा आरम्भ गरेका हुन् । रणेन्द्र बरालीको जन्म पिता झिमलाल बराली र माता अमृता बरालीबाट वि.सं. २००८ साल श्रावण २ गते, गण्डकी अञ्चल, तनहुँ जिल्लाको गौराथोक काहुँ शिवपुर गा.वि.स. मा भएको हो । उनी र उनको परिवार पहाडबाट आएपछि सुरुमा गुञ्जानगर त्यसपछि भ.म.न.पा.-१, नारायणगढ । हाल नारायणगढ र चन्द्रागिरि नगरपालिका-१४, बानियागाउँ काठमाडौँ दुवै ठाउँमा उनको घर रहेको पाइन्छ । औपचारिक शिक्षा ई.सं. १९८९ मा म्याट्रिक भारतबाट र ई.सं. १९९३ मा आइ.ए. प्राईवेट गरेका छन् (अर्याल, २०६८ : पृ. ९-११) ।

उनका प्रकाशित कृतिहरू हुन् *नेपालमा 'अछुत' जातीय सङ्घर्ष* (केही योद्धाहरूको परिचय, २०३८; परिमार्जित संस्करण, २०५०), *आफ्नै व्यथा* (नाटक, २०५६), *सर्वजित विश्वकर्माको जीवनी* (जीवनी, २०६३), *इतिहासको एक पैका* (उपन्यास, २०६६), *चीनको कोशेली* (यात्रा संस्मरण, २०६६), *दलितको दैलो* (कथासङ्ग्रह, २०६८), *समुद्रपारिको उपहार* (नियात्रा, २०६८), *हाम्रो संस्कृति र संस्कार* (आलेख, २०७२), *दलितलाई हेर्ने दृष्टिमा फूल र काँडा* (विवेचनासङ्ग्रह, २०७४), *भगत सर्वजित विश्वकर्माको जीवनी* (जीवनी, २०७६), *रातो बारुद* (कवितासङ्ग्रह, २०७७) प्रकाशित छन् । यसभन्दा बाहेक अन्य थुप्रै फुटकार कविता, गीत, कथा, यात्रा संस्मरण विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

उनले नेपाली साहित्य र नेपाली समाजका लागि लामो समयसम्म गरेका योगदानलाई कदर गर्दै विभिन्न पुरस्कार तथा सम्मान प्रदान गरिएको छ । उनलाई 'डा. अम्बेडकर फेलोसिप, ६ दिसम्बर १९८९' भारतीय दलित साहित्य अकादमी; 'राष्ट्र विकास

सेवा सम्मान २०७०' नेपाल सरकार स्थानीय विकास मन्त्रालय उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति; 'साहित्यिक सेवा सम्मान-पत्र २०७४' एकिकृत नेपाल राष्ट्रिय विश्वकर्मा समाज; 'देशभक्त गणतान्त्रिक सम्मान २०७४' नेपाल देशभक्त गणतान्त्रिक मञ्च, 'अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज सम्मान-पत्र', १४ जुलाइ २०११ डि.सी. मेट्रो च्याप्टर अमेरिका; 'सामाजिक राजनीतिकसेवा सम्मान', अगस्ट ७, २०११ (NASO Community), USA, 'भारत-नेपाल सहित्य सङ्गम सम्मान-पत्र', २५ नोभेम्बर २०१८, प्रेश क्लब अफ सक्किम, गान्तोक; 'भगत सर्वजित मानव मर्यादा राष्ट्रिय  पुरस्कार (रु. १ लाख समेतको) २०७५', नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका साथै अन्य धेरै पुरस्कार तथा सम्मानहरू प्रदान गरिएको छ । उनलाई पेशागत आधारमा हेर्दा उनी एक सफल सुन व्यवसायी र केही समय शिक्षक हुनुका साथै राजनीतिज्ञ र समाजसेवी हुन् । उनले जीवनभर कम्युनिष्ट राजनीतिलाई आत्मसात गरेर जातीय विभेद र छुवाछुतका लागि सधैँ सङ्घर्षरत रहेको देखिन्छ । जीवनभर दलितहरूको पीडा, व्यथा, वेदनालाई अत्यन्तै मार्मिक ढङ्गले प्रस्तुत गर्न सिपालु बरालीलाई साहित्यकारका रूपमा हेर्दा उनी कवि, नाटककार, नियात्राकार, गीतकार, जीवनीकार, यात्रा संस्मरणकारका रूपमा हेरिन्छ ।

### ४.२.६.२ कथानक

*इतिहासको एक पैका* उपन्यासमा लेखक स्वयम् 'म' पात्रको रूपमा आएर आफ्नो राजनैतिक र भूमिगत जीवनमा व्यतीत गरेका आफ्ना अनुभवहरूलाई प्रस्तुत गर्दै दलित मुक्ति आन्दोलन र नेपालको कम्युनिस्ट आन्दोलनका एक अभियन्ता योद्धा रूपलाल विश्कर्मा 'मानसिं' को जीवनका उतार-चढावहरूलाई उपन्यासको कथानक बनाइएको छ । चितवन जिल्लास्थित माडीको अमेलिया गाउँमा जिल्लास्तरीय भूमिगत प्रशिक्षण केन्द्रमा मानसिंले पार्टी प्रशिक्षण दिइरहेको दृश्यबाट कथानकको आरम्भ भएको छ । यसपछि क्रमशः 'म' पात्रको स्मरणका क्रममा विभिन्न घटनाहरू घट्दै जाँदा कथानक अगाडि बढेको छ । 'म' पात्र पहिलो भेटमैं मानसिंको व्यक्तित्व र प्रभावशाली विचार देखेर प्रभावित हुनु, मानसिंको नेतृत्वमा शोषण, दमन, उत्पीडन र जातीय अपमानका विरुद्धमा सबै दलितहरू मिलेर स्वाभिमान र मर्यादाका लागि देशव्यापी रूपमा दलित समाजका नाउँबाट सङ्गठित हुनु, चितवनको दलितहरू सङ्गठित भई पश्चिम क्षेत्रीय समिति बनाउनु, त्यसपछि दलित सङ्गठन र किसान सङ्गठनद्वारा गरिएका विभिन्न घटनाहरू र पार्टीगत कामहरूमा म पात्र सहभागी हुनु । यस्ता घटनामध्ये मुख्य-मुख्य घटनाहरू हुन् - चितवनमा पहिलोपल्ट जनकारवाही गर्न खोज्दा सामन्त भाग्नु, चितवनको विभिन्न ठाउँको सुकुम्बासी बस्ती उठाउने प्रशासनको निर्णय विरुद्ध विरोध प्रदर्शन गर्नु, सुकुम्बासीलाई जग्गा दिलाउने झुटो आस्वाशन दिनेलाई किसान सङ्गठनले बाँधेर ठाना पुऱ्याउनु, धनबहादुर र उसको

बुहारीलाई कुटपिट गरी सर्वस्वहरण गर्ने शोषकहरूलाई किसान सङ्गठनले जनकारवाही गरी सम्पत्ति फिर्ता गराउनु, मनमाया परियारलाई असफल बलात्कार प्रयास गर्ने लक्ष्मण साहुलाई जनकारवाही गर्नु, पार्टीको छलफल गर्न सोमेश्वर अङ्ग्रेजको दरबार जाँदा अड्कलेको रासनपानी सकिएर जङ्गली च्याऊ खाँदा सबै कार्यकर्ता बिरामी पर्नु, सङ्गठनको कामले हिँड्दा पचहत्तर घण्टासम्म पनि खान नपाउनु, भारतबाट नेपाल फर्कदा मानसिं र कृष्णसँग म पात्रको बाटो फरक पर्नु, ग्रामीण क्षेत्रलाई मूलकेन्द्र बनाएर चण्डीभञ्ज्याङको तुन्तेस, झुलाधारी, काउलेको दुम्किमजस्ता दुर्गम पहाडी गाउँहरूका केटाकेटीहरूलाई निःशुल्क पढाएर त्यहाँ जनसङ्गठन निर्माण गर्नु, दलित नेता हिरालाल वि.क. द्वारा दलित सङ्गगठनको विरोध गर्नुले जातीय समस्याको मूलकारण वर्गीय नै हो भन्ने महसुस गरी जातीय आन्दोलन वर्गीय आन्दोलनमा परिणत हुनु, चूडामणि चौधरी र बन्दीपुरे साहुको जालसाजी हिसाब किसान सङ्गठनले मिलाउन खोज्दा म पात्र वारेन्टेड भई भूमिगत जीवनमा प्रवेश गर्नु (पृ. १५-११५) ।

निर्माणाधीन पृथ्वी राजमार्गका कुल्लीहरूलाई कुहिएको रासन वितरण गर्ने ठेकेदारहरूको गोदाम कब्जा गर्ने पार्टीको निर्णय प्रतिकूल परिस्थितिका कारण रोकिनु, पुस्तौं पुरानो घराना तस्कर राजाबाबुको गैंडाको खाग काटे जसरी नाक काटिदिनु, भियतनाम, लाओस र कम्बोडियामा भएको रुसी हस्तक्षेपको विरोधका लागि जुलुस गर्न पूर्वी चितवनबाट भरतपुर आएको बस ठूलो दुर्घटना हुँदा विरोध कार्यक्रम शोक कार्यक्रमा परिणत हुनु, सामन्त साहुहरूलाई साउँ धान दिएर तमसुक च्यात्न लगाउनु, पार्टीका लागि अर्थ सङ्गठन गर्न मानसिंले पैसा छापा मार्ने योजना बनाउँदा असफल हुनु, सङ्गठनको नेतृत्वमा जुगेडी सङ्घर्ष हुनु र जुगेडी सङ्घर्षको निरन्तरताका रूपमा जुटपानी सङ्घर्ष हुँदा किसान सङ्गठन पूर्णरूपमा सफल हुनु, सशस्त्र हस्तक्षेपकारी सङ्घर्ष गर्ने निर्णय गरी खोलेसिमलको प्रहरीचौकी र जुटपानीको दुईवटा साहुको पसल र गोदाम कब्जा गर्न जाँदा १३ वर्षे कर्णबहादुर बुढाथोकीको ज्यान जानु र धेरै लडाकुहरू घाइते हुनु, गोपनियता भङ्ग भएकै कारण दोस्रो जुटपानी सङ्घर्ष असफल हुनु, त्यसपछि एकताको खाँचो महसुस गरेर लालझण्डा पार्टी, सर्वहारावादी कम्युनिष्ट लिग र मजदुर-किसान पार्टीको एकता भई सर्वहारावादी श्रमिक सङ्गठन नामक नयाँ पार्टी जन्मनु, माडी, वसन्तपुर स्कुलमा भएको झडपमा टेकबहादुर घर्तीको मृत्यु हुनु, गुल्मीको पूर्तिघाटको नेपाल बैङ्क लुट्न गएका चारजना सुन र पैसासहित पक्राउ पर्नु, बाँकी चार जनाले ल्याएको सुनबाट आएको पैसाले मानसिं र सोनामले ऋण तिर्नु, थोत्रो गाडी किन्नु, राम्रो लाउने, मिठो खाने, घुम्ने, डुल्ने रहर पुरा गर्नु, साथीहरूलाई पनि ठूलै मनले खर्च दिनु, आधुनिक हतियार किन्न भनी भारत घुम्दाघुम्दै पैसा सकिँदै जानु, मानसिंले घरकी स्वास्नीलाई जबरजस्ती छोडपत्र गर्न लगाई विवाह गर्न राम्री केटी खोजिदेऊ भन्दै सबैलाई सताइरहनु, पार्टीगत कामका लागि बैङ्क लुट्न गएकाहरूलाई पार्टीले जिम्मा नलिएपछि पीडित पक्ष आक्रोशित हुनु, भारतले नाकाबन्दी लगाउनु, देशमा २०४६ सालको आन्दोलन सुरु हुनु, मानसिंले भने पार्टी हितका

लागि भन्दै पार्टीकै पैसामा झुटै-झुटको सहारा लिएर खान्दानी तरिकाले विवाह गर्नु, विवाह भएको एक महिना नहुँदै श्रीमतीमाथि शङ्का गरेर नयाँ श्रीमतीलाई छोड्न खोज्नु (पृ. ११६-२०६) ।

एकता राष्ट्रिय सम्मेलनले नेकपा मोटो मशाल, नेकपा चौम र सर्वहारावादी श्रमिक सङ्गठनलाई एकीकृत गरी नयाँ पार्टी 'एकता केन्द्र' निर्माण गरेर मानसिंलाई पोलिटब्युरो सदस्यमा चुन्नु, केही वर्षपछि एकदिन *साप्ताहिक विमर्श* पत्रिकामा मानसिंले मार्क्सवादी सिद्धान्तलाई खोट देखाएर 'मार्क्सवाद आफैँमा एउटा गलत दर्शन हो' भन्ने किसिमको लेख छपाउनु, यस विषयमा म पात्रले मानसिंलाई धेरै पल्ट सम्झाउन चाहनु, मानसिंले भने 'देशभक्त जनतान्त्रिक एकता मञ्च' भन्ने नयाँ पार्टीलाई समर्थन गर्न सल्लाह दिँदै हिँड्नु, मानसिं आफैले 'नेपाल दलित श्रमिक मोर्चा' नामक राजनीतिक पार्टी खोलेर मार्क्सवाद र कम्युनिज्म विरोधी भाषण गर्दै हिँड्नु, म पात्रले मानसिं पुनः कम्युनिष्ट पार्टीमा फर्किएको सपना देख्नु, मानसिं बिरामी भएकाले मानबहादुर संसदले उपचार खर्च स्वरूप चन्दा उठाउँदा म पात्रले मानसिंह दाइले नै वक्तव्य निकाली दिनु भए हुन्थ्यो भन्दा मानसिं नमान्नु, म पात्र भेट्न कोठामा जाँदा खुलेर कुरा नगर्नु, म पात्रले सपनामा आफू, मानसिं र प्रचण्ड मिलेर क्रान्तिकारी गफ गर्दै, गीत गाउँदै नाचेको सपना देखिरहँदा अचानक बुहारीबाट मानसिंको निधन भएको खबर पाउनु, काठमाडौँ, शिक्षण अस्पताल पुगेपछि मुटुको पेसमेकर जोड्न डेढ लाख नभएर मृत्यु भएको थाहा पाउनु, तीसौँ वर्षसम्म शोषित-पीडित जनताको परिवर्तनकारी सङ्घर्षमा योगदान पुऱ्याएका वीर योद्धाको मृत्यु हुँदा शव उठाउने पैसा पनि नभएर चन्दा सङ्कलन गर्नु, कुनै पनि पार्टीको झण्डा नओढाउनु, शेरबहादुर देउवाबाहेक अन्य कुनै नेता वा सरकारी मान्छे र सञ्चारकर्मी नआउनु, पर्याप्त मलामी पनि नहुनु, केही आफन्त मिलेर दाहसंस्कार गरिनु, मानसिंको निधनको भोलिपल्ट नारायणहिटी हत्याकाण्ड भएपछि मानसिंको मृत्युको खबर ओझेल पर्नुजस्ता मुख्य घटनाक्रममा उपन्यासको कथानक निर्माण भएको छ (पृ. २०७-२५०) ।

यसरी मानसिं (रूपलाल वि.क.) मा आएको वैचारिक परिवर्तन र मानसिक विचलनलाई मुख्य कथानक बनाएर अगाडि बढ्ने क्रममा केही सहायक कथानकहरू पनि आएका छन् । जस्तै : म पात्रले स्कुलमा माटोको गाग्रोबाट पानी सारेर खाँदाको प्रसङ्ग, त्यस्तै मानसिंको पुर्खाले बझाङे रानी भगाएको, राजमान (बिन्जे) परियार चितवनको दलित आन्दोलनको प्रथम सहिद बनेको, स्याउले बजारको होटलवाला र दलित जन्तीहरू बीचको भिडन्त, दूधडेरीले दलितले ल्याएको दूध नलिँदा भएको सङ्घर्ष, डी.बी. नेपालीले दुईसय पचास कार्यकर्तासहित नेपाली कांग्रेसमा प्रवेश गरेको, एकजना कार्यकताले पार्टीका लागि घर छोड्दा प्रथम शिशु गुमाउँदाको पीडा, खड्गबहादुर बि.क. ले श्रीमतीको हत्या गरेको, मानसिंको भाइ कान्छा बिरामी भएको आदि प्रसङ्गहरू मूलकथालाई अगाडि बढाउने क्रममा आएका घटनाहरू हुन् ।

### ४.२.६.३ पात्रविधान

*इतिहासको एक पैका* उपन्यास पात्रविधानका दृष्टिले हेर्दा बहुपात्रीय उपन्यास हो । यसमा जम्मा-जम्मी सयजनाभन्दा बढी पात्रहरू आएका छन् । जसमध्ये पुरुषको तुलनामा महिला पात्रहरू अत्यन्त न्यून रहेका छन् । अन्य केही समूहगत पात्रहरू पनि आएका छन् । यस उपन्यासको प्रमुख पात्र मानसिं (रूपलाल बि.क.) हुन् । उनकै उत्थान र पतनको विषयलाई समेटेर उपन्यास तयार पारिएको छ । अर्को मुख्य भूमिकामा रहेको पात्र हुन् भुवनसिंह । यिनै दुई मुख्य भूमिकामा रहेका पात्रहरूको चरित्र चित्रण यहाँ गरिएको छ :

(क) **मानसिं :** मानसिं यस उपन्यासको प्रमुख पुरुष पात्र हो । उनकै केन्द्रीयतामा उपन्यास अगाडि बढेकाले उनी नै यस उपन्यासका नायक हुन् । मानसिंको वास्तविक नाम रूपलाल विश्वकर्मा हो । उनको जन्म १९९७ सालमा पर्वत जिल्लाको लामाके गाउँमा भएको थियो भने मृत्यु २०५८ जेठ १९ गते बिहानको १:०० बजे शिक्षण अस्पताल, काठमाडौँमा भएको थियो । उनी २०१८ सालमा कम्युनिष्ट पार्टीको सदस्यता लिएर २०२५ सालदेखि पूर्णकालीन कार्यकर्ता हुँदै पार्टीमा समर्पित भएर सुरुसुरुमा वनारसमा पुष्पलालको नेतृत्वमा रहेको कम्युनिष्ट आन्दोलनका कार्यकर्ता बनेका थिए । प्रस्तुत उपन्यासमा उनकै जीवनका सकारात्मक र नकारात्मक पक्षहरूलाई केलाइएको छ । उनी चितवनको दलित मुक्ति आन्दोलन तथा कम्युनिष्ट आन्दोलनका शीर्षस्थ नेता तथा पराक्रमी, वीर योद्धा हुनुका साथै दलित जातिका प्रतिनिधि युगपुरुष हुन् ।

उनी ज्यादै नम्र र शालीन स्वभावका हुनुका साथै अशक्त, अनाथ र असहायप्रति विवेक, विचार राख्दथे । उनी हरेक कार्यहरू धैर्यताका साथ पुरा गर्दथे । अन्याय र अत्याचारप्रति घृणा र आक्रोश व्यक्त गर्ने उनी श्रमजीवी वर्गका सामाजिक अगुवा हुन् । प्रारम्भमा उनी जीवन मुक्तिका लागि छुवाछुत वा असमानताका विरुद्ध दलित मुक्ति आन्दोलनमा लागेका थिए । उनले चितवनका थुप्रै गाउँहरूका पिछडिएका, गरिब र सुकुम्वासीहरूको हक, हितका लागि शोषक, सामन्तहरूसँग लडेका थिए । उनी ऐतिहासिक जुगेडी र जुटपानी सङ्घर्षका योजनाकार हुनुका साथै जुगेडी सङ्घर्ष र प्रथम जुटपानी सङ्घर्ष उनकै नेतृत्वमा भएको थियो । पञ्चायतकालमा पनि उनले सधैँ शोषित-पीडित जनताको पक्षमा रहेर शोषक, सामन्तहरूलाई जनकारवाही गरेर राष्ट्रिय स्तरमा एउटा क्रान्तिकारी छवि बनाउन सफल भएका थिए । यसरी उनको जीवनको अघिल्लो चरणमा उनी एक होनहार राजनीतिक व्यक्तित्वका रूपमा उदाएका थिए । उनी ‘सानो सङ्गठनले ठूलो परिवर्तन ल्याउन सक्दैन, त्यसैले एकताको हात बढाइ ठूलो सङ्गठन बनाउनु पर्छ’ भन्ने मान्यता राख्दथे । त्यसैले उनकै पहलमा कतिपटक पार्टी एकता भएको थियो ।

हरेक व्यक्तिमा गुण, अवगुण दुवै हुन्छन् भनेजस्तै उनका पनि सकारात्मक र नकारात्मक दुवै पक्षहरू रहेका छन् । पार्टी चलाउन भनी कार्यकर्ताहरूले ज्यानको बाजी लगाएर बैङ्क लुटेर आएको पैसा उनले आफ्नो व्यक्तिगत सुख र खुसीका लागि प्रयोग गर्दछन् । उनले पार्टीको पैसा राम्रो लाउने, मिठो खाने, घुम्ने, डुल्ने काममा खर्च गर्दछन् । यतिमात्रै नभएर छोरा-छोरी, नाति-नातिनी भैसकेकी घरकी श्रीमतीलाई छोडपत्र गर्न लगाई गोरी, कलिली केटीसँग पार्टीकै खर्चमा धुमधामसँग विवाह गर्दछन् । यसरी उनमा विलासी जीवनप्रतिको मोह बढ्दै जान्छ । नेपाली कम्युनिष्ट राजनीतिमा तीसौँ वर्ष उत्तम जीवन बिताइसकेका उनमा एक्कासी मार्क्सवाद र कम्युनिष्ट विचारधाराप्रति निष्ठामा कमी आउन थाल्छ । कम्युनिष्ट सिद्धान्तका पुस्तकहरू लेखेका र नेपाली कम्युनिष्ट इतिहासमा नै उल्लेखनीय योगदान पुऱ्याएका उनले एकाएक 'कम्युनिष्ट सिद्धान्त नै एउटा गलत सिद्धान्त हो' भन्ने किसिमको कम्युनिष्ट विरोधी लेख छपाउँछन् । उनी मार्क्सवादी र कम्युनिष्ट सिद्धान्त विरोधी भाषण गर्दै हिँड्न थाल्छन् । उनले केही अन्य साथीहरूलाई पनि 'देशभक्त जनतान्त्रिक एकता मञ्च' पार्टीमा जान सल्लाह दिन्छन् भने कहिले आफैले 'नेपाल दलित श्रमिक मोर्चा' नामक पार्टी खोल्दछन् । उनका यिनै कमी-कमजोरीले गर्दा जनमानसमा उनीप्रतिको आस्था घट्दै जान्छ । यसपछि उनको जीवन पतनतर्फ उन्मुख हुँदै जान्छ । आर्थिक अवस्था पनि कमजोर बन्दै जान्छ । रोगले पनि च्याप्दै जाँदा उपचार खर्च नभएकै कारण मृत्युवरण गर्नु पर्दछ । यसरी उनको जीवनका पछिल्ला दिनहरू अत्यन्त कष्टकर भएको देखिन्छ । अन्ततः मृत्यु हुँदा पनि कुनै पार्टीको झण्डा ओढाइँदैन र कुनै नेताहरू पनि आउँदैनन् । सीमित मलामी र सामान्य ढङ्गबाट अन्त्येष्ठी गरिन्छ । उनको मृत्युको खबरलाई राम्रोसँग कुनै पनि पत्रपत्रिकाले छाप्दैनन् । उनको मृत्युको खबर कतिपय जनताहरूले थाहासम्म पनि पाउन सक्दैनन् । यसरी मानसिंको जीवनलाई हेर्दा उनले कम्युनिष्ट सिद्धान्त परित्याग गरेको पाँच वर्ष हुँदा पनि कुनै राष्ट्रघाती, जनघाती काम नगर्नु, कम्युनिष्टको जति विरोध गरे पनि पार्टीभित्रको गोपनियता भङ्ग नगर्नु, उनी जेजति महत्त्वाकाङ्क्षी भएर विभिन्न पार्टीहरूसँग एकता, सहभागिता तथा सहकार्य गर्ने जमर्को जति गरे पनि आधिकारिक रूपमा अरू कुनै पार्टीमा प्रवेश नगर्नु र आन्तरिक अनुशासनको नैतिक जिम्मेवारीलाई कहिल्यै नबिर्सेकाले उनलाई एक महान् व्यक्तिको रूपमा श्रद्धा गरिन्छ ।

यस उपन्यासको आधारमा हेर्दा मानसिंको जीवन अधिकांश अनुकूल र आंशिक रूपमा प्रतिकूल देखिन्छ । उनीलाई स्वभावको आधारमा हेर्दा प्रगतिशील पात्र हुन् भने जीवन चेतनाका आधारमा वर्गीय पात्र  हुन् । उनी आसन्नताका आधारमा मञ्चीय पात्र हुनुका साथै आबद्धताका आधारमा बद्ध पात्र हुन् ।

(ख) **भुवनसिंह** : भुवनसिंह यस उपन्यासको अर्को प्रमुख पुरुष पात्र हो । प्रस्तुत उपन्यासमा लेखक स्वयम् भुवनसिंह बनेर 'म' पात्रको रूपमा आएका छन् । भुवनसिंह उनको पार्टीगत छोपुवा नाम हो । भुवनसिंह लामो समय दलित मुक्ति आन्दोलन र नेपालको कम्युनिष्ट राजनीतिमा सक्रिय भूमिका निभाउँदै भूमिगत जीवन पनि व्यतीत गरेका व्यक्ति हुन् । यस उपन्यासमा उनको भूमिका सुरुदेखि अन्त्यसम्म गतिशील पात्रको रूपमा आएको छ । प्रस्तुत उपन्यासमा भुवनसिंहको राजनैतिक जीवनमा मानसिंसँगको सहयात्राको क्रममा घटेका वास्तविक घटनाहरू 'म' पात्रको रूपमा अभिव्यक्त गरेका छन् । भुवनसिंह जातीय भेदभाव तथा वर्गसङ्घर्षका लागि दलित मुक्ति आन्दोलन तथा कम्युनिष्ट आन्दोलनमा लागेका दलितहरूको प्रतिनिधि पात्र हुन् । भुवनसिंह र मानसिं जिन्दगीभर अभिन्न अङ्ग बन्ने सङ्कल्प गरेर कम्युनिष्ट राजनीतिमा अगाडि बढेका साथीहरू हुन् । जीवनका उकाली-ओरालीमा, जनसङ्घर्षका घटनाहरूमा, पार्टीगत कामका सिलसिलामा हिँड्दा भोगेका दुःख, सुखमा, पार्टीगत कामले भोकभोकै हिँड्नु पर्दाका दिनहरूमा, घनाजङ्गलको यात्राहरूमा, भूमिगत बस्दाका दिनहरूमा भुवनसिंहले मानसिंलाई साथमा साथ दिएर राजनैतिक कार्यहरूमा अगाडि बढेका छन् । जनसङ्घर्षका क्रममा मानसिंको नेतृत्वमा भएको जुगेडी, जुटपानी सङ्घर्षमा भुवनसिंह सक्रिय रूपमा लागिपरेका थिए । भुवनसिंह मानसिंको घर-परिवारसँग एउटै परिवारजस्तै आत्मीय व्यक्ति हुन् । मानसिं गलत बाटो हिँड्दा, गलत निर्णय लिँदा भुवनसिंह उनलाई बारम्बार सम्झाउँछन् । मानसिंले कम्युनिष्ट पार्टी परित्याग गर्दा पनि मानसिंलाई सम्झाएर र पार्टीका अन्य सदस्यसँग कुरा राखेर भए पनि मानसिंलाई पुनः कम्युनिष्ट पार्टीमै काम गर्ने वातावरण बनाउन खोज्छन् । मानसिंले पार्टी परित्याग गरेको पाँच वर्ष बित्दा पनि भुवनसिंह भने मानसिं कुनै न कुनै दिन पुनः कम्युनिष्ट पार्टीमै आउँछन् होला भनेर झिनो आशा लिइरहन्छन् । मानसिंमा वैचारिक परिवर्तन आए पनि भुवनसिंहको मानसिंप्रति माया र श्रद्धा रहिरहन्छ । मानसिंको मृत्युको खबर पाउनासाथ तत्काल उनको अन्त्येष्ठी कार्यतर्फ लाग्दछन् ।

शैलीवैज्ञानिक दृष्टिकोणबाट हेर्दा भुवनसिंह लिङ्गका आधारमा पुरुष, कार्यका आधारमा प्रमुख पात्र, प्रवृत्तिका आधारमा अनुकूल, जीवन चेतनाका आधारमा वर्गीय, स्वभावका आधारमा गतिशील, आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हुन् ।

यस उपन्यासमा मुख्य पात्रबाहेक अन्य धेरै पात्रहरू आएका छन् । सबै पात्रहरूको विस्तृत विवरण दिन यहाँ असम्भव भएकाले केही पात्रको नाममात्र समावेश गरिएको छ । जसमध्ये मानसिंको सङ्गठनका कार्यकता साथीहरू मिलन, सुशीला, नेता रोहित, सोनाम, प्रमोद, अनल, मदन, चिरन, धनीराम, सुन्दर, तीर्थ, उत्तम, जिज्ञासा आदि आएका छन् । अन्य सहायक पात्रहरूमा मानसिंको परिवार, जेठी श्रीमती, कान्छी श्रीमती मनकली, मिना,

भवनसिंहकी बुहारी, महाजन बुढा, महावीर पुन, चेपाङ बुढा आदि, गौण पात्रहरूमा हेडमास्टर, खेमकान्त मास्टर, 'म' पात्रकी दिदी-भिनाजु आदि रहेका छन् । खलपात्रका रूपमा मेजर भालुभुत्ते, राजाबाबु, शिकारी गुरुङ, प्रेमनाथ, उपप्रधानपञ्च, लक्ष्मण साहु आदि रहेका छन् भने अन्य केही समूहगत पात्रहरू पनि आएका छन् । जस्तै : गाउँका किसानहरू, पार्टीका कार्यकर्ताहरू, किसान सङ्गठनका युवाहरू, सुकुम्बासीहरू, गाउँलेहरू, क्रान्तिकारी विद्यार्थीहरू, जन्तीहरू, बैङ्कका कर्मचारीहरू आदि । त्यस्तै अप्रत्यक्ष भूमिकामा प्रचण्ड, पुष्पलाल, निर्मल लामा, खगेन्द्र सङ्ग्रौला आदि आएका छन् । यस उपन्यासमा आएका सहायक पात्रहरूले प्रत्यक्ष र परोक्ष रूपमा मुख्य पात्रहरूको भूमिकालाई सशक्त बनाउन सहयोग गरेका छन् ।

### ४.२.६.४ परिवेश

*इतिहासको एक पैका* उपन्यासमा २०२४ देखि २०५६ सालबीचका जनसङ्घर्षका घटनाहरूलाई समावेश गरिएको छ तर यसको कथावस्तु भने २०५८ सालसम्म फैलिएको छ । भौगोलिक परिवेशका हिसाबले हेर्दा यस उपन्यासमा नेपालभित्रका विभिन्न ठाउँहरूका साथै भारतका केही ठाउँहरू आएका छन् । नेपालभित्रको ठाउँहरूमा चितवनलाई मुख्य केन्द्र बनाएको छ । चितवनभित्रका विकट गाउँहरू यस उपन्यासको मुख्य कार्यक्षेत्रका रूपमा आएका छन् । जस्तैः माडीको अमेलिया, चण्डिभन्ज्याङ, झुलधारी, काउले, कोराक, दाह्रचोक, कविलासगढी, प्रगण्डा, खोलेसिमल, शक्तिखोर, जुगेडी, जुटपानी, स्याउलीबजार, सिमलचौर, पार्वतीपुर, दाहाखानी, तिलकाने, झन्झने, बरण्डभार, अमृतनगर, शारदानगर, दुमकिमडाँडा, बर्मपुरी, कल्याणपुर, चैनपुर, चेपाङ्ग बस्ती, भरतपुर, नारायणगढ, सुकुम्वासी बस्ती आदि मुख्य रूपमा आएका छन् भने अन्य ठाउँहरूमा नवलपरासी, मकवानपुर, पाल्पा, पर्वत, लम्जुङ, तनहुँ, बन्दिपुर, काठमाडौँ, दमौली आदि ठाउँहरू आएका छन् । भारतका ठाउँहरूमा वनारस, दरभङ्गा, गोरखपुर, मेघालय, आसाम, ब्रह्मपुत्र, गुहाटी, तेजपुर, मणिपुर, कालिम्पोङ, बिहार, दार्जलिङ्ग, मध्यप्रदेश, सिक्किम आदि ठाउँका साथै, घर, गोठ, टौवा, झुप्रो, घनाजङ्गल, चारकोसे झाडी, चुरेपहाड, तमोरताल, रिऊखोला, राप्तीनदी, शाही चितवन राष्ट्रिय निकुन्ज, स्कुल आदि यस उपन्यासका भौगोलिक परिवेशहरू हुन् ।

सामाजिक परिवेशको हिसाबले हेर्दा यस उपन्यसमा ग्रामीण सामाजिक परिवेश बढी मात्रामा आएका छन् भने केही मात्रामा शहरी परिवेश पनि आएका छन् । मुख्य रूपमा यस उपन्यासले कार्यक्षेत्र बनाएको चितवनको विकट गाउँहरूको ग्रामीण परिवेश र मानसिंले अन्तिम समय बिताएको काठमाडौँको शहरी परिवेश र भारतको केही ठाउँहरूको शहरी परिवेश आएका छन् । यस उपन्यासमा नेपाली हिन्दु समाजमा हुने वर्ग विभाजनअनुसार ब्राह्मण, क्षत्री, वैश्य, शूद्र आदि जातजाति आएका छन् । हाम्रो समाजमा विद्यमान जातीय भेदभाव र छुवाछुत प्रथाले ग्रस्त समाजको चित्रण यहाँ पाइन्छ । यसमा उल्लिखित समाज गरिबी र अशिक्षाका कारण ज्यादै पिछडिएको छ । समाजमा विद्यमान अन्याय, अत्याचार, शोषण, दमन, अन्धविश्वास, जातीय छुवाछुत गरिबी र सामन्ती प्रथाको विरोधका लागि यस

उपन्यासमा आवाज उठाइएको छ । यस उपन्यासको समाज दुई वर्गमा विभाजित छ : एउटा शोषक सामन्ती वर्ग त अर्को शोषित-पीडित गरिब गाउँले जनता वर्ग । यही दुई वर्गबीचको असमानता मेटाउन जनसङ्घर्षहरू भएका छन् । उपन्यासमा राजनैतिक परिवेश मुख्यरूपमा आएको छ । यसमा दलित मुक्ति आन्दोलन तथा कम्युनिस्ट आन्दोलनका घटनाहरूलाई मुख्य कथाबस्तु बनाइएको छ । यसमा तत्कालीन पञ्चायती व्यवस्थाको निरङ्कुशतन्त्र र सामन्ती प्रथाको घोर विरोध गर्दै क्रान्तिकारी सङ्गठनहरू जनसङ्घर्षमा उत्रिएका छन् । मार्क्सवादी विचारधाराले ओतप्रोत यस उपन्यासमा पञ्चायती व्यवस्थामा शत्तामा रहनेहरूबाट गरीब-दुःखी जनतामाथि हुने गरेका अन्याय, अत्याचारको बिरोध गर्दै गरिएको जनकारवाहीलाई यसमा प्रस्तुत गरिएको छ । यसमा दलित मुक्ति र सर्वहारा वर्गको उन्नतिका लागि जातीय समानता र वर्गविहीन समाजको माग राख्दै जनता चुसेर मोटाउने शोषक, सामन्त विरुद्ध क्रान्तिकारी व्यक्तिहरूबाट जुगेडी, जुटपानी सङ्घर्ष र खरकट्टा बजारको भिडन्त भएको वास्तविक घटनाहरूलाई प्रस्तुत गरिएको छ । यसमा सांस्कृतिक परिवेशका रूपमा विलासी ढङ्गले गरिएको मानसिंको दोस्रो विवाह र मानसिंको मृत्युपछि गरिएको अन्तिम संस्कारहरू आएका छन् । यसरी यस उपन्यासमा हिन्दु धर्मका संस्कारहरू आउनुका साथै जन्म, विवाह, मृत्यु र चाडपर्वहरूका रूपमा दशैंको प्रसङ्ग आएको छ ।

### ४.२.६.५ उद्देश्य

शोषण, दमन, अन्याय, अत्याचार, उत्पीडन र निरङ्कुशतन्त्रबाट उठ्न क्रान्ति अनिवार्य छ भन्ने देखाउँदै हाम्रो देशमा पुस्तौंदेखि चलिआएको दलितहरूप्रतिको जातीय विभेद, सामाजिक भेदभाव, छुवाछुत, शोषण, दमन विरुद्ध जातीय मुक्तिका लागि लडिएको २०२४ देखि २०५६ सालबीचको जनसङ्घर्षको वास्तविक इतिहासलाई सबैका सामु प्रस्तुत गर्नु नै यस उपन्यासको मुख्य उद्देश्य रहेको छ साथै जातीय आन्दोलन, वर्गीय आन्दोलनमा किन परिर्वतन भयो ? जुगेडी र जुटपानी सङ्घर्ष किन र कसरी भयो ? यी सङ्घर्षहरू केका लागि भएको थियो ? यी सङ्घर्षहरूको योजना कसरी बन्यो ? जस्ता धेरै जनसङ्घर्षसम्बन्धी प्रश्नको उत्तरका लागि यो उपन्यास सिर्जना भएको देखिन्छ । यसरी उपन्यासको माध्यमबाट यी सङ्घर्षहरूको मुख्य उद्देश्य के थियो र किन सङ्घर्ष भएको थियो भन्ने बारे सबैलाई अवगत गराइएको छ । त्यस्तै नेपालमा कम्युनिस्टहरू कसरी स-साना पार्टीको नामबाट उम्रदै गए, उनीहरू बीच कसरी एकता हुँदै गयो र कम्युनिस्ट पार्टीको कार्यप्रणाली, गुटबन्दी, कार्यकर्ताहरूको वर्गआधार, जनाधार र पार्टीभित्रको नेतृत्व र ग्रामीण क्षेत्रलाई मूलकेन्द्र बनाएर अगाडि बढ्ने कम्युनिस्ट रणनीति आदि कम्युनिस्टहरूको कार्यशैली र नेपालको कम्युनिस्ट इतिहासको एउटा पक्षलाई सबैको सामु प्रस्तुत गर्नु पनि यसको अर्को मुख्य उद्देश्य रहेको छ ।

यस उपन्यासको अर्को महत्त्वपूर्ण पक्ष हो मानवीय चरित्रको उत्थान र पतनलाई प्रस्तुत गर्न सम्मानित व्यक्तित्व भएर लोकप्रियता हासिल गर्दै सबैको सद्भाव पाउन सफल

र उच्च स्थान प्राप्त गरिसकेका, कुनै समयको युगपुरुष मानिएका रूपलाल वि.क. (मानसिं) को महानता र योगदानहरूलाई सम्मान गर्दै उनलाई आन्तरिकरूपदेखि नै चिनाउँदै उनमा आएको विलासी जीवनप्रतिको मोह, जसले निम्त्याएको आर्थिक सङ्कट र अन्ततः आफ्नो पथबाट विचलित भई गलत बाटो अवलम्बन गर्दा पतन हुन पुगेको वास्तविक घटनालाई जस्ताको तस्तै नेपाली समाज र कम्युनिस्ट समर्थकहरूका सामु प्रस्तुत गरिएको छ । निष्कर्षमा भन्नुपर्दा क्रान्तिका लागि अगाडि बढ्न चाहने आउँदा पिढीहरूले उनको गुण-दोषहरूलाई केलाएर सही मार्गमा हिँड्न सकून् भन्ने मुख्य उद्देश्य राखिएको छ ।

### ४.२.६.६ दृष्टिविन्दु

*इतिहासको एक पैका* उपन्यासमा प्रथम पुरुष दृष्टिविन्दुमा संरचित उपन्यास हो । यसमा उपन्यासकार स्वयम् समाख्याता बनेर देखिएका छन् । आन्तरिक दृष्टिविन्दुमा रचित यस उपन्यासमा उपन्यासकार स्वयम् भोक्ताको रूपमा उपस्थित भएका छन् । जसमा उपन्यासकार स्वयम् 'म' पात्रको रूपमा उपन्यासको सुरुदेखि अन्तिमसम्म आएका छन् । 'म' पात्रले नै यस उपन्यासको नायक मानसिंको जीवनको राजनैतिक, सामाजिक तथा व्यक्तिगत पक्षलाई प्रस्तुत गर्दै उनको उत्थान र पतनका बारेमा 'म' पात्र स्वयम् द्रष्टा र भोक्ता बनेर औपन्यासिक गतिविधिलाई अगाडि बढाएका छन् ।

### ४.२.६.७ भाषाशैली

*इतिहासको एक पैका* उपन्यासमा धेरैजसो सामान्य बोलचालको भाषाशैलीको प्रयोग भएको छ । यसमा केही मात्रामा अङ्ग्रेजी हिन्दीका शब्दहरू र केही मात्रामा राजनैतिक विषयसँग सम्बन्धित शब्दहरू आएका छन् । अङ्ग्रेजी र हिन्दी भाषाका शब्दहरूको प्रयोग भए तापनि प्रचलित शब्दहरू भएकाले भाषा सुबोध्य नै छ । सामान्य बोलचालको भाषाको प्रयोग गरिएकाले भाषा सरल, सरस र सहज प्रकृतिको पाइन्छ । उपन्यासमा आएका समाज र पात्रहरूलाई हेर्दा भाषा अत्यन्तै स्वाभाविक छ । यसमा तत्सम, तद्भव, आगन्तुक र झर्रा सबै स्रोतका शब्दहरूको प्रयोग पाइन्छ । यसमा वर्णनात्मक, मनोवादात्मक, संवादात्मक, प्रश्नात्मक र पत्रात्मक शैलीको प्रयोगका साथसाथै पूर्वस्मृति पद्धतिको प्रयोग गरिएकाले उपन्यास अत्यन्त कलात्मक र प्रभावकारी बनेको छ र केही भागमा लयात्मक गीतको प्रयोग गरिएको छ । प्रस्तुत उपन्यासलाई सुरुदेखि अन्त्यसम्म हेर्दा अन्य उपन्यासहरूभन्दा केही फरक प्रकृतिको हुनुका साथै घटनाहरूको वर्णन ज्यादा पाइन्छ । यसमा मुख्य रूपमा डायरी लेखनशैलीलाई अपनाइएको छ । यसमा विभिन्न बिम्ब, प्रतीक, अलङ्कार, उखान, टुक्का र अनुकरणात्मक शब्दहरूको प्रयोगले थप रोचकता थपेको छ ।

### ४.२.६.८ द्वन्द्व विधान

*इतिहासको एक पैका* उपन्यासमा जातीय र वर्गीय द्वन्द्वका कारण उठेका समस्याहरूबाट घटनाहरू घट्दै गएर आन्दोलनको रूप लिएको देखिन्छ । यस उपन्यासको द्वन्द्व विधान अत्यन्त प्रभवकारी रहेको छ । यसमा विभिन्न प्रकारका द्वन्द्वहरू आएका छन् ।

जसमा उपल्लो जात र दलितबीचको जातीय द्वन्द्व, शोषक र शोषितबीचको वर्गीय द्वन्द्व, मानसिं र म पात्रबीचको वैचारिक द्वन्द्व, सत्तापक्ष र आन्दोलनकारीबीचको द्वन्द्व, मानसिं र कम्युनिष्ट पार्टीका नेताहरूबीचको द्वन्द्व, मानसिं आफैभित्र उठेका वैचारिक द्वन्द्व, शोषक साहु र कृषकहरूबीचको द्वन्द्व, शासक पक्ष र जनताबीचको द्वन्द्व आदिले उपन्यासलाई सशक्त बनाएको छ ।

**४.२.६.९ शीर्षक**

*इतिहासको एक पैका* उपन्यासको शीर्षक रूपलाल विश्वकर्मामा नै केन्द्रित रहेको छ । रूपलाल हाम्रो नेपाली समाजले बिर्सिन नहुने व्यक्ति हुन् । जातीय समानताको घोषणा भए पनि समाज परिवर्तन हुन नसकेकाले जनसङ्घर्ष हुनुअगाडि हाम्रा दलित दाजुभाइ, दिदीबहिनीहरूको वास्तविक पीडा, व्यथा, वेदना, उनीहरूको मर्म र उत्पीडनलाई महसुस गर्दै दलित सामाजिक जीवनबाट उठेर दलित सङ्घर्षको लागि सर्वस्व त्यागेर पार्टी नेतृत्व बोकेका पराक्रमी वीरयोद्धा रूपलाल बि.क. ले जातीय मुक्ति र सर्वहारा वर्गको उन्नतिका लागि गरेका सङ्घर्षलाई यस उपन्यासमा प्रस्तुत गर्दै कम्युनिस्ट आन्दोलनका निम्ति उनले चालेका कदमहरू र उनको सङ्घर्षपूर्ण जीवनलाई यहाँ प्रस्तुत गरिएकाले उपन्यासको शीर्षक *इतिहासको एक पैका* राखिनु अत्यन्त सार्थक रहेको छ ।

**४.२.६.१० संवाद**

*इतिहासको एक पैका* उपन्यासमा दुई प्रकारका संवादहरू प्रयोग भएका छन् : एउटा स्वगत (मनमनै गरिने) र अर्को दुई पक्षबीच गरिने संवाद । संवादहरू पात्रहरूको स्तर र परिवेशअनुरूप आएकाले पात्रानुकूल स्वाभाविक हुनुका साथै संवादमा जीवन्तता पाइन्छ । कहीँ लामा र कहीँ छोटा संवादहरू आएकाले संवादमा एकरूपता भने पाइँदैन । सामान्य बोलचालमा प्रयोग हुनेजस्ता संवादहरू आएकाले संवाद सहज र सरस किसिमका छन् । यस उपन्यासका संवादका केही नमूनाहरू यस प्रकारका छन् :

**भुवनसिंह 'म पात्र'** : "कस्तो मान्छे हो सर प्रगतिशील भनेको ?"

**खेमकान्त सर** : "धत् त्यस्तो कुरा पनि धेरै चर्चा गर्न हुन्छ, तिनीहरू भनेका त धनी-गरीब सबै साम्य हुनुपर्छ भन्ने, जात-भात नमान्ने, सबैले छोएको, पकाएको सबैले खाने, ठूलाबडालाई आक्रमण गर्ने, निर्धाको जगेर्ना गर्नुपर्छ भन्ने, अझै उनीहरू त राजै पनि मान्दैनन् (पृ. : १९) ।

**भुवनसिँह** : "खै त, अबको गन्तब्य कता हो ?"

**घरवाला साथी** : "भित्र बसेर भरखर तरखर गर्दै हुनुहुन्छ साथीहरू । सङ्घर्षको खजाना तयार हुँदैछ । छिट्टै अब हाम्रो जनकारवाही उद्घाटन हुन्छ" (पृ. : ३७) ।

**मानसिं** : "के नाताले कुरा गर्ने ?"

**भुवनसिंह** : “दाइ पार्टीको नाता तपाईंले टुटाए पनि जातिको नाता र पारिवारिक नाता छ नि । वास्तवमा हामी त सामाजिक हैसियतले कुरा गर्नुपर्ने ठाउँमा हुनै पर्छ नि (पृ. : २२८) ।

**निष्कर्ष**

प्रस्तुत उपन्यास मुख्यतः दलित मुक्ति आन्दोलन र नेपालको कम्युनिष्ट आन्दोलनका सुरुवाती चरणका केही मुख्य घटनाहरूलाई प्रस्तुत गर्नमा केन्द्रित रहेको छ । यसमा जनसङ्घर्षको सङ्घर्षशील योद्धा रूपलाल बि.क. को उत्थान र पतनलाई कथानक बनाइएको छ । रूपलाल बि.क. यस उपन्यासमा मानसिंको रूपमा केन्द्रिय पात्र भएर आएका छन् । उनका मित्र भुवनसिंह स्वयम् उपन्यासकार यस उपन्यासको अर्को मुख्य पात्र हुन् । यिनै दुई पात्रसँग सम्बन्धित भएर अन्य धेरै (सय जनाभन्दा बढी) पात्रहरू यसमा आएका छन् ।

मानसिंको जीवनसँग सम्बद्ध २०२४ देखि २०५६ सालसम्मको समयावधि मुख्यतः चितवन, काठमाडौँ र भरतका केही ठाउँहरूको परिवेश, हिन्दु संस्कारले बाँधिएको हाम्रो हिन्दु समाजमा दलितहरूको दयनीय अवस्था र नेपालको राजनैतिक परिवेशलाई यस उपन्यासले चित्रण गरेको छ । जातीय विभेद, शोषण, दमन र छुवाछुत विरुद्ध जातीय मुक्तिका लागि लडिएको दलित मुक्ति आन्दोलन र नेपालमा कम्युनिष्टहरू स-साना पार्टीको नामबाट कसरी उम्रदै गए र उनीहरू बीच कसरी एकता भयो भन्ने वास्तविक इतिहास सबैका सामु प्रस्तुत गर्नु यस उपन्यासको मुख्य उद्देश्य रहेको छ । एउटा सम्मानित व्यक्तित्वको उत्थान र पतनलाई प्रस्तुत गर्दै मानसिं (रूपलाल बि.क.) का गुण-दोषलाई केलाएर आउदा पिँढीहरूले सही मार्गमा हिँड्न सकून् भन्ने पनि यसको अर्को मुख्य उद्देश्य रहेको छ ।

यस उपन्यासमा उपन्यासकार स्वयम् भुवनसिहँ ‘म’ पात्रको रूपमा आएका छन् । उनी नै भोक्ता, द्रष्टा र वक्ता पात्र हुन् । प्रस्तुत उपन्यासमा स्वगत कथन र दुई पक्षबीच हुने संवाद गरी दुईप्रकारका संवाद आएका छन् । परिवेशअनुकूल पात्र स्वाभाविक छन् । संवादहरूमा सामान्य बोलचालको भाषाशैलीको प्रयोग गरिएको छ । प्रस्तुत उपन्यासको शीर्षक रूपलाल बि.क. मा नै केन्द्रित रहेर उनकै उत्थान र पतनलाई मुख्य कथाबस्तु बनाएकाले उपन्यासको शीर्षक *इतिहासको एक पैका* राखिनु अत्यन्त स्वाभाविक रहेको छ । यसमा जातीय र वर्गीय द्वन्द्वलाई मुख्य स्थान दिइएको छ । जातीय र वर्गीय द्वन्द्व उपन्यासको सुरुदेखि आन्त्यसम्म आएको छ । लामो समयसम्म श्रमजीवी वर्गको सामजिक अगुवा भई सङ्घर्षशील जीवन व्यतित गरेका योद्धाको जीवनको उत्तरार्द्धमा आएको वैचारिक परिवर्तनलाई यसमा प्रस्तुत गरिएको छ । यसरी वास्तविक घटनालाई औपन्यासिक रूप दिन उपन्यासकार रणेन्द्र बराली सफल भएका छन् ।

### ४.२.७ *अनन्त पाइला* उपन्यासको अध्ययन

धनराज गिरीद्वारा लिखित *अनन्त पाइला* (२०६८) स्वैर काल्पनिक शैलीमा लेखिएको उत्तरआधुनिक औपन्यासिक कृति हो । प्रस्तुत कृति खेमलाल हरिकला लामिछाने प्रतिष्ठानद्वारा प्रकाशित बृहत् आकारको कृति हो । प्रस्तुत उपन्यास गोविन्दराज भट्टराईको *सुकरातका पाइला* उपन्यासको क्रमलेखनका रूपमा आएको छ । प्रस्तुत उपन्यास २२९ पृष्ठ र २९ अध्यायमा विभाजन गरेर प्रत्येक अध्यायलाई १, २, ३, ४ गरी शीर्षकीकरण गरिएको छ । प्रस्तुत उपन्यासमा औपन्यासिक कथाबस्तुभन्दा धेरै बायोग्राफिकल स्केच ज्यादा आएको छ । लेखक स्वयम् सौराहाका भुक्तभोगी हुन् । उनले यसमा सौराहा वरपरको परिवेशलाई बायोग्राफिकल स्केचमा उतारेका छन् (भट्टराई, २०६८ : पृ. भूमिका खण्ड) । यस कृतिले सौराहालाई सबैका सामु चिनाएको छ ।

#### ४.२.७.१ उपन्यासकार धनराज गिरीको परिचय

२०४८ सालमा “मेरो हाकिम” शीर्षकको कविता प्रकाशित गरेर औपचारिक रूपमा साहित्यिक यात्रा आरम्भ गरेका धनराज गिरीको जन्म नारायणी अञ्चल, मकवानपुर जिल्लाको हटिया गा.वि.स. मा २०१५ सालमा बाबु परशुराम गिरी र आमा महामायादेवी गिरीबाट भएको हो । हाल उनको स्थायी घर चितवन जिल्लाको रत्ननगर नगरपालिकामा रहेको छ । उनले औपचारिक शिक्षा वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरबाट अर्थशास्त्रमा स्नातकोत्तर (एम्.ए.) र सहिद स्मृति बहुमुखी क्याम्पसबाट स्नातक (बि.एड.) पूरा गरेका छन् (दवाडी, २०६६ : पृ. ८-९) । उनले साहित्यको विविध विधामा कलम चलाएका छन् । उनको प्रकाशित कृतिहरूमा *राष्ट्र टुहुरो भयो* (कवितासङ्ग्रह, २०५४), *अर्थात्* (मुक्तकसङ्ग्रह, २०५८), *गजलामृत* (गजलसङ्ग्रह, २०६०), *गोजीको गजल र हाइकु* (मिश्रित, २०६०), *कुन्साङ काका* (नानी गजलसङ्ग्रह, २०६२), *पुष्पलता : सामाजिक शान दैवी वरदान* (गीतिकाव्य, २०६२), *ढल्दैन स्वाभिमान कसै गरे पनि* (गजलसङ्ग्रह, २०६४), *सराह र सौराह* (गजलसङ्ग्रह, २०६६), *अनन्त पाइला* (उपन्यास, २०६८), *सङ्गी* (गजलसङ्ग्रह, २०७०), *जरुवजल* (गजलसङ्ग्रह, २०७५), *साथी* (लघुकथासङ्ग्रह, २०७६) आदि रहेका छन् (लेखकबाट प्राप्त जानकारी) । यसका साथै चितवन साहित्य परिषद, वाल्मीकि साहित्य सदन, *हाम्रो मझेरी, गजलमञ्च चितवन* आदि पत्रपत्रिकाहरूमा स्तम्भकारका रूपमा रही कथा, व्यङ्ग्य, निबन्ध, गजल, कविता आदि प्रकाशित गरेका छन् । साहित्यकार गिरीले हालसम्म साहित्यिक र साहित्येत्तर गरी ४४ वटा पुरस्कार तथा सम्मानहरू प्राप्त गरिसकेका छन् । २०४७ सालमा ‘जिल्ला शिक्षा समिति चितवनद्वारा प्राप्त गरेको पुरस्कार’ उनको जीवनको पहिलो पुरस्कार हो । त्यस्तै साहित्यिक पुरस्कारहरूमा चितवन साहित्य परिषदद्वारा आयोजित कविता प्रतियोगितामा ‘प्रथम पुरस्कार-२०५५’, राष्ट्रिय गजल प्रतियोगितामा ‘द्वितीय पुरस्कार-२०६१’, नारायणी टुडेद्वारा ‘अभिनन्दन-२०६१’, वाल्मीकि साहित्य सदनद्वारा ‘अभिनन्दन-२०६२’, शान्ति राजदूतको उपाधिद्वारा सम्मानित ‘वर्ल्ड पिस फेडेरेसन-२०६२’, हाम्रो मझेरी प्रतिष्ठानद्वारा ‘सम्मानित एवम्

अभिनन्दित-२०६३', कालिका एफ.एम.द्वारा 'सम्मानित एवम् पुरस्कृत-२०६३', *तन्नेरी* द्वैमासिक पत्रिका काठमाडौँद्वारा 'सम्मानित-२०६३', मातृभूमि साहित्य समाज हेटौँडाद्वारा 'सम्मानित-२०६४', लक्ष्मी स्मृति साहित्य समाज तथा मौसम पत्रिकाद्वारा 'सम्मानित-२०६४' हुनुका साथै अन्य धेरै पुरस्कार तथा सम्मान प्राप्त गरेका छन् । पेसागत दृष्टिले हेर्दा उनी २०३४ सालदेखि हालसम्म शिक्षण पेसामा कार्यरत छन् । उनलाई कवि, गजलकार, मुक्तककार, गीतकार, निबन्धकार, कथाकार, उपन्यासकार, व्यङ्ग्यकार, समीक्षक, सम्पादक र प्राध्यापक व्यक्तित्वका रूपमा हेरिन्छ ।

४.२.७.२ **कथानक**

*अनन्त पाइला* उपन्यासमा *सुकरातका पाइला* उपन्यासको तिनै पात्र, घटना र परिवेशलाई निरन्तरता दिँदै अगाडि बढाइएको छ । चितवन महोत्सवको रमझमको विषयबाट उपन्यासको सुरुवात भएको छ । चितवन महोत्सव भएकै समयमा सौराहामा पनि रमाइलो चहलपहल हुनु, सौराहा-बछ्यौली निवासी गोपी आफ्नो जिल्लाको प्रगतिको खाका बनाउँदै बसिरहेको हुनु, एकपटक ऊ काठमाडौँ जाँदा डा. गोविन्दराज भट्टराईसँग भेट गर्नु र पूर्व नर्फोकबाट आएका अनन्तसँग उनको परिचय हुनु, अनन्तसँग राम्रो मित्रता हुनु, केही समयपछि गोपीले *सुकरातका पाइला* उपन्यास पढ्दा अनन्त प्रेमिका पूर्णिमाको मृत्युको खबरले विक्षिप्त भई आत्महत्या गर्ने मनस्थिति बनाई कोठा छोडेर हिँडेको थाहा पाएपछि गोपीको मनमा अनन्तले साँच्चैको आत्महत्या गरेकै हो त ? भन्ने प्रश्न बारम्बार आइरहनु, रजनीले भने दृढताका साथ अनन्तको आत्महत्याको खबरलाई अस्वीकार गर्नु, अनन्तले भने आफूलाई सम्हालेर जीवन जिउने नयाँ बाटो खोज्दै इटहरी हुँदै चितवनको सौराहामा गोपीको घर आइपुग्नु, गोपीसँग सौराहा घुम्ने क्रममा सोफिया र निशासँग भेट हुनु, उनीहरू पूर्वपरिचित भएकाले हात्तीमा सँगै घुम्नु (पृ. १-३१) ।

अनन्तलाई गोपीले 'गैँडा वाइल्डलाइफ क्याम्प' होटलमा टुरिष्ट गाइडमा जागिर लगाइदिनु, धेरै समय बितेपछि अनन्तले सबै वास्तविकता खोलेर नर्फोक घरमा चिठी पठाउनु, अनन्त जिउँदै भएको खुशीयालीमा गाउँभरि दीपावली गरी घरमा सत्यनारायणको पूजा लगाउनु, अनन्तले दश वर्ष जनयुद्धको समयमा गाउँमा बस्न नसकी गाउँ छोडेको सम्झनु, सन्तान नभएका सुकरात र नीलिमाले अनाथाश्रमबाट बालिका ल्याएर छोरी बनाउनु, सौराहामा भएका विभिन्न सांस्कृतिक, साहित्यिक कार्यक्रम र समाजसेवाका कार्यहरूमा गोपी र अनन्तको सहभागिता रहनु, अनन्त सौराहा आएको सात वर्षपछि सोफियासँग विवाह हुनु, अनन्तका बाबुआमा नर्फोक छोडेर चितवनमैं बसाइसराइ गर्नु, अनन्त र सोफियाको एक छोरी जन्मनु, उनको नाम पूर्णिमा राखिनु (पृ. ३१-१२५) ।

गोपीले पढाउन छोडेर र अनन्तले जागिर छोडेर गोपी, अनन्त, साधुराम र विष्णु आचार्य मिलेर सौराहामा लालुपाते होटल खोल्नु, गोपी साहित्यकार भएकोले उसको साहित्यिक यात्रा चलिरहनु, गोपी थुप्रै पुरस्कार र सम्मानबाट सम्मानित हुनु, एकदिन सुकरात र नीलिमाकी छोरी डायनाले आफूखुसी चार्ल्स सायमी नामक केटोसँग प्रेमविवाह

गरेकीले नीलिमा बेहोस भएर होशमा नआउनु, सुकरात एक्लो भएकाले अनन्तले आफ्नै घरमा बस्ने गरी चितवन ल्याउनु, होटल लालुपातेमा ठूलो साहित्यिक माहोल जम्नु, सौराहामा साहित्यिक कुम्भ मेला लाग्नु, अनन्तले गुरु सुकरातका नाममा 'सुकरात बहुमुखी क्याम्पस' रत्ननगरमा स्थापना गर्ने निर्णय गर्दै त्यसका लागि बजेट म्याडम मेरीबाट ल्याउने विचार गर्नु, सबै मिली सुकरातलाई क्याम्पस प्रमुख बनाउन निधो गर्दै *सुकरातका पाइला* मा *अनन्त पाइला* फ्यूजन भएको मान्नु (पृ. १२६-२२९) ।

यसका साथै म्याडम मेरी, राजु बि.क., पल्पसा चौलागाईं, पवित्रा, मागर महतो र पूर्णिमा आदिसँग सम्बन्धित प्रासङ्गिक कथाहरू आएका छन् ।

### ४.२.७.३ पात्रविधान

*अनन्त पाइला* उपन्यास पात्रविधानका दृष्टिले हेर्दा बहुपात्रीय उपन्यास हो । यसमा मुख्य, सहायक र गौण गरी जम्मा-जम्मी १५० जनाभन्दा बढी पात्रहरू प्रत्यक्ष र अप्रत्यक्ष रूपमा आएका छन् । यस उपन्यासमा दुई नायक गोपी र अनन्तलाई उपस्थित गराइएको छ । दुवै नायक आ-आफ्नै महत्त्व बोकेर अगाडि बढेका छन् । अन्य पात्रहरूमा सोफिया, रजनी, गोविन्दराज भट्टराई, गुरु सुकरात, डायना, नीलिमा, निशा, श्रद्धा, गोपीकी आमा, साधुराम, बासु बिँडारी, कुमुद अधिकारी, रुक्मिणी, प्रकाश न्यौपाने, विष्णु आचार्य, राजु बि.क. आदि प्रत्यक्ष रूपमा आएका छन् भने अन्य धेरै पात्रहरू अप्रत्यक्ष रूपमा आएका छन् । जसमा पूर्णिमा, अनन्तका बाआमा, अनुपमा, अजर, चार्ल्स सायमी, पल्पसा चौलागाईं, पवित्रा, मागर महतो, म्याडम मेरी, पूजा, रूपनारायण, गोपालप्रसाद अधिकारी, टीका गिरी, आलोक, विवेक, सरिता तिवारी, एल.बि. क्षत्री, विजयकुमार रौनियार, जीवनराम वाग्ले, अभिनारायण सुवेदी, गोविन्दराज विनोदी, घनश्याम कँडेल, सुवेदी गुरु, जगन्नाथ अधिकारी, रामचन्द्र अधिकारी आदि धेरैधेरै साहित्यकारहरू र होटल व्यवसायीहरू आएका छन् । साथै कोही समूहगत पात्रहरू पनि आएका छन्, जस्तै : विद्यार्थीहरू, शिक्षकहरू, जन्तीहरू, मलामीहरू आदि रहेका छन् । यीमध्ये मुख्य भूमिका भएका पात्रहरूको चरित्र चित्रण यहाँ गरिएको छ :

(क) **गोपी** : *अनन्त पाइला* उपन्यासमा उपन्यासकार स्वयम् 'गोपी' पात्रका रूपमा आएको छ । गोपी यस उपन्यासका केन्द्रीय पात्र हो । उनी यस उपन्यासमा सुरुदेखि अन्त्यसम्म सशक्त रूपमा आएको छ । उनी यस उपन्यासका एक आदर्श पात्र हो । उनी अत्यन्तै फरासिला, सहयोगी, नैतिकवान्, उदार हृदय भएका, विनयशील, मिलनसार, सुधारवादी, उच्च विचार भएका, सबैका प्रिय, जातीय भेदभाव नराख्ने, इष्टमित्र र परिवारजनसँग सुमधुर सम्बन्ध कायम राख्ने, आशावादी, जीवनवादी पात्र हुनुका साथै एउटा सफल सृजनशील साहित्यकारका रूपमा आएको छ । उनले कामको खोजीमा आएका अनन्तलाई 'गैँडा वाइल्डलाइफ क्याम्प' होटलमा टुरिष्ट गाइडमा जागिर लगाइदिन्छ । उनले अनन्तलाई सुरुदेखि अन्त्यसम्म सहयोग र सल्लाह दिइरहन्छ । उनले धेरैभन्दा धेरै साहित्यकार साथीहरू

र होटल व्यवसायी साथीहरूसँग राम्रो मित्रता कायम राखेको छ । उनी साथीहरू माझ सबैका लागि हँसिला, फरासिला मित्र हो भने घरमा सधैँ आमालाई खुवाएर मात्र आफू खाने, आमाको राम्रो हेरविचार गर्ने, आमाको एक प्यारो, असल, आज्ञाकारी छोरो हो । पत्नीलाई सधैँ प्रेमपूर्ण व्यवहार गर्ने, घर-व्यवहारका सबै कार्यहरूमा पत्नीलाई राम्रो सहयोग र सल्लाह दिने एक आदर्श पति हो भने छोराछोरीहरूमा सधैँ खुलेर व्यवहार गर्ने, उनीहरूलाई असल कार्य गर्न सधैँ प्रोत्साहन र हौसला प्रदान गरिरहने एक सफल पिता हुनुका साथै एक सफल होटल व्यवसायी र गणितको शिक्षक भएर पनि साहित्यतर्फ रुचि राख्ने, थुप्रै पुरस्कार र सम्मानहरू प्राप्त गरिसकेका चितवनका एक सशक्त, सक्रिय, सफल र सम्मानित साहित्यकार हो ।

उपन्यासको प्रमुख पात्रको शैलीवैज्ञानिक दृष्टिकोणका आधारमा वर्गीकरण गरेर हेर्दा पात्र गोपी लिङ्गको आधारमा पुरुष पात्र, कार्यको आधारमा प्रमुख पात्र, प्रवृत्तिका आधारमा अनुकूल र स्वभावको आधारमा गतिशील, जीवन चेतनाका आधारमा व्यक्तिगत र आसन्नताका आधारमा मञ्चीय हुन् भने आबद्धताको आधारमा बद्ध पात्रको रूपमा आएको छ ।

**(ख)** **अनन्त** : *अनन्त पाइला* उपन्यासका प्रमुख पुरुष पात्र वा नायक अनन्त हो । उनी *सुकरातका पाइला* उपन्यासमा पूर्णिमासँगको वियोगको पीडा सहन गर्न नसकी आत्महत्या गर्ने मनस्थितिमा पुगी आत्महत्या गर्न लागेको दृश्यमा उपन्यास अन्त्य भएर उनी जीवित छन् या छैनन् भन्ने एउटा भ्रमपूर्ण अवस्थामा रहेको पात्रलाई *अनन्त पाइला* उपन्यासमा पुनर्जीवन दिइएको पात्र हो । उनी अति दुर्गम क्षेत्र मानिने पूर्वी पहाडको नर्फोक गाउँका बासिन्दा हो । दश वर्षे जनयुद्धको समयमा उनको गाउँमा माओवादी पक्ष र सरकारी सेना दुवै पक्षबाट दिइने यातना, दवाब, डर, त्रास, धम्की र क्रुर व्यवहारले गाउँमा टिक्न-बस्न नसकी काठमाडौँ पुगेको हो । त्यसपछि पूर्णिमाको मृत्युको समाचारले विक्षिप्त भएर आत्महत्या गर्ने मनस्थितिमा पुगे पनि आफैले 'आत्महत्या समस्याको समाधान होइन' भन्ने ठहर गरी जीवन जिउने आशाका साथ पुनःजीवनलाई रोजेकाले उनी एक आशावादी र जीवनवादी पात्रका रूपमा आएको छ । यसरी विक्षिप्त अवस्थाबाट आफैले आफैलाई सम्हाली जीवनतर्फ मोडिएर जीवन जिउने नयाँ बाटोको खोजीमा काठमाडौँ छाडी इटहरी हुँदै सौराहा आएर नयाँ जीवन बाँचेकाले अनन्तलाई आत्मबल भएको, धैर्यधारण गर्ने शक्ति भएको, एक साहसी व्यक्तिको रूपमा लिन सकिन्छ । चिवतनको सौराहामा गोपीकहाँ आइपुगेपछि गोपीको सहयोग र साथले उनलाई जीवन जिउन सहारा मिल्छ । गोपीकै मायाले जीवनप्रति मोह र चाहना बढ्छ र उनले जीवनलाई निरन्तरता दिन्छ ।

उनले सौराहा आएपछि 'गैँडा वाइल्डलाइफ क्याम्प' होटलमा टुरिष्ट गाइडका रूपमा काम गर्छ । पूर्वपरिचित सोफियासँग विवाह गर्दछ । परिस्थितिले टाढा भए पनि पछि बाबुआमालाई पनि चितवन ल्याउँछ । बसाइसराइ गरेर सौराहाकै बासिन्दा बन्दछ । पछि गोपी, साधुराम, विष्णु आचार्यसँग मिलेर 'लालुपाते होटल' खोल्छन् । सधैँ सुकरात गुरुले असी हजार दिएर आफूलाई गरेको सहयोगलाई सम्झिएर आभारी भैरहन्छ । सुकरात गुरु जीवनको अन्त्यतिर एक्लो भएपछि सौराहमै ल्याएर आफ्नै घर राख्छ । उनले गुरु सुकरातको नाममा 'सुकरात बहुमुखी क्याम्पस' रत्ननगर, चितवन स्थापना गर्ने निर्णय गर्दछ । यसरी क्याम्पस स्थापना गर्ने निर्णय गरेकाले उनलाई शैक्षिक चेतना भएका सुधारवादी व्यक्ति मान्न सकिन्छ । उनकी एकमात्र छोरी पूर्णिमाले गरेको अन्तर्जातीय प्रेमलाई उनले विवाह गरिदिने निर्णय गरेकाले उनलाई जातीय भेदभावको भावना नरहेको व्यक्तिका रूपमा लिन सकिन्छ ।

उपन्यासको प्रमुख पात्रको शैलीवैज्ञानिक दृष्टिकोणका आधारमा वर्गीकरण गरेर हेर्दा अनन्त लिङ्गको आधारमा पुरुष पात्र, कार्यको आधारमा प्रमुख पात्र, प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा गतिशील, जीवन-चेतनाका आधारमा वर्गीय र आसन्नताका आधारमा मञ्चीय पात्र हो भने आबद्धताका आधारमा बद्ध पात्रको रूपमा आएको छ ।

यस उपन्यासमा आएका अन्य सहायक पात्रहरूले प्रत्यक्ष र परोक्ष रूपमा मुख्य पात्रहरूको भूमिकालाई सशक्त बनाउन सहयोग पुर्‍याएका छन् ।

### ४.२.७.४ परिवेश

*अनन्त पाइला* उपन्यासले करिव चौँतीस वर्ष जतिको समयावधिलाई ओगटेको छ । स्थानगत रूपमा हेर्दा यस उपन्यासमा मुख्य रूपमा चितवनको सौराह क्षेत्र आएको छ । अन्य क्षेत्रहरूमा नर्फोक र काठमाडौँका साथै इटहरी, कोशी, नाम्चेबजार, नवलपरासी, नेपालगञ्ज, वीरगञ्ज, कीर्तिपुर, झापा, दमक, ब्रह्मस्थान, लालबन्दी र अन्य देशहरूमा भारतको नैनीताल, अमेरिका, लण्डन आदि स्थानहरू आएका छन् । यसमा चितवनअन्तर्गत नारायणगढ, भरतपुर, पदमपुर, रत्ननगर, टाँडी, सौराहा आएको छ र सौराहाअन्तर्गत बछ्यौली गा.वि.स., मालपुर निम्न माध्यमिक विद्यालय, झुवानी मा.वि., टाँडी क्याम्पस, हात्तीसार, म्युजियम, ओशो क्याम्प, सैनिक क्याम्प, सङ्ग्रहालय, स्वास्थ्य चौकी, प्रहरी चौकी, राप्ती नदी, नारायणी नदी, राष्ट्रिय निकुञ्ज, खगेरी खोला, ढुङ्गे नदीको किनार, काँसको मैदान, जलपादेवीको मन्दिर, चौधरी गाउँ, दुधौरा, विभिन्न होटलहरूमा गैँडा वाइल्ड लाइफ क्याम्प, जङ्गल सफारी, लालुपाते होटल, रिभरभ्यू लज, विन्डेल लज, अन्य ठाउँहरूमा पिँढी, गोठ, पुष्पबाटिका, मकैबारी, घरबारी, आँगन र नर्फोकको कालीखोला र बरडाँडा आदि यस उपन्यासका भौगोलिक परिवेश हुन् ।

सामाजिक परिवेशका हिसाबले हेर्दा ग्रामीण सामाजिक परिवेश र सहरी परिवेश गरी दुई प्रकारका परिवेश आएका छन् । मुख्य रूपमा यस उपन्यासको कार्यक्षेत्र मानिएको सौराहामा केही मात्रामा सहरी परिवेश रहेको छ भने धेरैजसो ठाउँमा ग्रामीण परिवेश रहेको छ । नर्फोक पूर्णरूपमा अति अविकसित ग्रामीण क्षेत्र भएकाले त्यहाँ ग्रामीण परिवेश रहेको छ भने काठमाडौँको पूर्णरूपमा सहरी परिवेश आएको छ । यसमा गोपी, अनन्त, गोविन्दराज भट्टराई, सुकरात आदिमा ब्राह्मण जातीय पारिवारिक वातावरण देखिएको छ । यसमा धेरै जनाको अन्तर्जातीय प्रेम विवाह भएको देखाइएकोले जातीय भेदभाव र छुवाछुत हट्दै गएको देखिन्छ । त्यस्तै पहाडिया मुलकी केटी र तराईको थारू बीचको वैवाहिक सम्बन्ध देखाएर स्थानगत रूपमा हुने जातीय अन्तर र सांस्कृतिक धारणाप्रतिको अन्तर्सङ्घर्षलाई अन्त्य गर्न खोजिएको छ । सौराहामा थारू जातिको संस्कृतिको संरक्षणका लागि सङ्ग्रहालय बनाइएको छ । त्यस्तै धार्मिक र सांस्कृतिक परिवेशका रूपमा आदिवासी थारू जातिको आयामिक उत्थानका लागि गठित 'थारू सांस्कृतिक मञ्च' ले कार्यक्रम आयोजना गरेको छ । धार्मिक परिवेशका रूपमा विभिन्न मन्दिरहरू आएका छन् । जस्तै : बच्छेश्वर बाबाको मन्दिर र जालपादेवी मन्दिर आएका छन् । नायक अनन्तको घरमा सत्यनारायणको पूजा लगाउनु र उनका बाआमा धार्मिक यात्राका लागि देवघाट आउन चाहनु आदि प्रसङ्गहरू आएका छन् । त्यस्तै जन्म, मृत्यु, विवाहका साथै चाडपर्वको रूपमा दशैंको प्रसङ्ग आएको छ । यसरी सामाजिक परम्पराका विषयहरू आउनुका साथै प्रेम-प्रणयका धेरैवटा प्रसङ्गहरू आएका छन् । अनन्त र पूर्णिमाको प्रेम, सोफिया र अनन्तको प्रेम, राजु बि.क. र पल्पसा चौलागाईंको प्रेम, पवित्रा र मागर महतोको प्रेम, डायना र चार्ल्स सायमी बीचको प्रेम सम्बन्ध र छोरी पूर्णिमाको अन्तर्जातीय प्रेम प्रसङ्गलाई यसले प्रस्तुत गरेको छ ।

### ४.२.७.५ उद्देश्य

*अनन्त पाइला* उपन्यास स्वैर काल्पनिक उपन्यास हो । यसमा *सुकरातका पाइला* उपन्यासका मुख्य पात्र, परिवेश र घटनाहरूलाई पुनर्निर्माण गरिएको छ । मानिसलाई कल्पनामै पनि मृत्यु पीडादायी हुने हुनाले दुःखान्तभन्दा सुखान्त अन्त्य चाहनु मानव जातिको प्राकृतिक स्वभाव हो । त्यसैले उपन्यासकार गिरीले पनि *सुकरातका पाइला*मा आत्महत्या हो कि, हो कि जस्तो अवस्थामा पुगेका पात्रलाई पुनर्जीवन दिन चाहनु यस उपन्यासको मुख्य उद्देश्य रहेको देखिन्छ । आत्महत्याजस्तो अवस्थामा पुगेर पनि जीवनप्रति आशावादी बनेर जीवनलाई निरन्तरता दिइएकोले जस्तै परिस्थितिमा पनि जीवन जिउन हौसला दिँदै पाठकवर्गलाई जीवनवादी, आशावादी बनाउनु यसको उद्देश्य रहेको छ । डा. भट्टराईका अनुसार प्रेम, सहअस्तित्व, जीवनवादिता, आशावादिता, आदर्श स्थिति, नैतिकता, समाज उत्थान, राष्ट्र कल्याण उपन्यासका थिम हुन् (भट्टराई, २०६८ : पृ. भूमिका) ।

नेपालको मध्य भागमा अवस्थित चितवनको सौराहा पर्यटकीय दृष्टिले अत्यन्त सुन्दर रहेकाले र लेखक यस क्षेत्रका भुक्तभोगी भएकाले सौराहाको प्राकृतिक सुन्दरता र त्यहाँ देख्न पाइने वन्यजन्तु, चराचुरुङ्गी, त्यहाँ रहेका होटलहरू तथा अन्य

सुविधाहरूसम्बन्धी जानकारी गराउँदै सौराहा र यसको परिवेशलाई सबैका सामु चिनाउनु पनि यस उपन्यासको अर्को मुख्य उद्देश्य रहेका देखिन्छ । यस उपन्यासमा यथार्थ जीवनका पात्रहरू जो आ-आफ्नो क्षेत्रमा विशिष्ट पहिचान स्थापित गरिसकेका व्यक्तिहरू र साहित्यिक क्षेत्रका विशिष्ट व्यक्तित्वहरूलाई पात्रको रूपमा उतारेर उपन्यासकारे आफूले अनुभव गरेका घटना वा कार्यक्रमहरूको यथार्थ जानकारी सबैका समक्ष पस्कनु पनि यसको अर्को उद्देश्य रहेको छ ।

### ४.२.७.६ दृष्टिविन्दु

*अनन्त पाइला* उपन्यासमा औपन्यासिक गतिविधि र यसका क्रियाकलापहरूलाई अगाडि बढाउन विभिन्न पात्रहरूको उपस्थिति गराइएकाले यसमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । यसमा उपन्यासकार स्वयम् गोपी पात्रको रूपमा उपन्यासभित्र आए पनि गोपी पात्रकै रूपमा उपन्यासका घटनाहरूलाई अगाडि बढाइएको छ । यस उपन्यासको केन्द्रीय पात्र गोपी भए पनि उपन्यासको घटनाहरूलाई अगाडि बढाउने क्रममा अन्य धेरै पात्रहरू अनन्त, सुकरात, सोफिया, निशा, रजनी, गोविन्दराज भट्टराई, श्रद्धा, गोपीको आमा, साधुराम, बासु बिँडारी आदि आएका छन् । यस उपन्यासमा उपन्यासकार गिरीले यिनै पात्रहरूका माध्यमबाट आफ्ना विचार र चिन्तनहरू व्यक्त गरेका छन् ।

### ४.२.७.७ भाषाशैली

*अनन्त पाइला* स्वैरकाल्पनिक शैलीमा लेखिएको उत्तर-आधुनिक उपन्यास हुनुका साथै *सुकरातका पाइला* उपन्यासको क्रमलेखन हो । यसमा कल्पनाको भावावेग ज्यादा पाइन्छ । प्रस्तुत उपन्यासमा सामान्य बोलचालको भाषाको प्रयोग गरिएकाले भाषा सरल र सरस भएको छ । जसमा पात्रहरूले आ-आफ्नो भूमिकाअनुरूपको उपन्यासमा आएको समाज र परिवेशअनुसारको भाषा र शैलीको प्रयोग गरेका छन् । पात्रको स्तरअनुरूपका शब्दहरूको चयन गरिएकोले उपन्यास सहज, स्वाभाविक र जीवन्त बनेको छ । यसमा तत्सम, तद्भव, आगन्तुक र झर्रा सबै स्रोतका शब्दहरूको प्रयोग गरिएको छ । यस उपन्यासमा बीचबीचमा थारू, संस्कृत, मैथली, अङ्ग्रेजी र हिन्दी भाषाको प्रयोग भएको छ । जस्तै : "लिगैछी नानी, लिगैछी" (पृ. ३१), "लौ सरकारे, याने पर्तौ हौ ऐकर फेन माडी" (पृ. ८१) आदि । यस उपन्यासमा वर्णनात्मक र संवादात्मक दुवै शैलीको प्रयोग हुनुका साथै बीचबीचमा प्रश्नात्मक, पत्रात्मक र पूर्वस्मृति शैलीको प्रयोग भएको छ र यसका कतिपय ठाउँमा संस्कृतका श्लोक र गीत-गजलहरूको पनि प्रयोगले उपन्यास स्तरीय बनेको छ । विभिन्न बिम्ब, प्रतीक, अलङ्कार र कताकति उखान-टुक्काको प्रयोगले उपन्यासलाई अझ रोचक बनाएको छ ।

### ४.२.७.८ द्वन्द्व विधान

*अनन्त पाइला* उपन्यास द्वन्द्वात्मक अवस्थाबाट उठान गरिएको छ । यसले हाम्रो देशमा द्वन्द्वकालको समयमा घटेका घटनाका कारण नायकमा पर्न गएको मानसिक

असरबाट उपन्यासको सुरुआत भएको छ । यसका नायक प्रेमिकाको मृत्युको समाचारले विक्षिप्त भई आत्महत्या गर्ने मनस्थिति बनाएर द्वन्द्वको अतिचरम बिन्दुमा पुगेर पनि मृत्युबाट मोडिएर आशावादी हुँदै जीवनतर्फ फर्किएर पाइलालाई निरन्तरता दिएका छन् । यसरी यस उपन्यासको सुरुमा नै जीवन र मृत्युबीचको द्वन्द्वलाई प्रस्तुत गरिएको छ । त्यस्तै अन्य धेरै बाह्य र आन्तरिक गरी दुवै प्रकारका द्वन्द्वहरू आएका छन् । नीलिमामा अभाव भएको मातृत्व द्वन्द्व, सुकरातको परिवारको पारिवारिक द्वन्द्व, राजु बि.क. र पल्पसा चौलागाईंको परिवारबीचको जातीय द्वन्द्व आदि द्वन्द्वहरू उपन्यासमा प्रभावकारी रूपमा सशक्त भएर आएका छन् । समाजमा जातीय द्वन्द्वलाई कम गर्ने उद्देश्य राखी उपन्यासकारले धेरैवटा जोडीको अन्तर्जातीय विवाहलाई प्रस्तुत गरेका छन् ।

### ४.२.७.९ शीर्षक

*अनन्त पाइला* उपन्यास *सुकरातका पाइला* उपन्यासको क्रमलेखन भएकोले दुवै उपन्यासबीच ध्वन्यात्मक सम्बन्ध हुनुका साथै *सुकरातका पाइला* उपन्यासकै पात्र, घटना, परिवेशलाई निरन्तरता दिँदै अगाडि बढाइएकोले प्रस्तुत उपन्यासलाई अनन्त पाइला शीर्षक दिनु सार्थक रहेको छ भने अर्को पक्ष *सुकरातका पाइला* उपन्यासमा आत्महत्याजस्तो अवस्थामा अन्त्य भएका पात्रलाई यस उपन्यासले पुनर्जीवन दिएर उनको जीवनयात्रालाई निरन्तरता दिइएकोले प्रस्तुत कृतिका नाम *अनन्त पाइला* राखिनुमा पनि सार्थक देखिन्छ । यस कृतिलाई अर्को तर्फबाट हेर्दा आत्महत्या गर्न लागेको दृश्यबाट पुनर्जीवित गरिएका पात्रको नाम 'अनन्त' हुनु र उनले पुनर्जीवन पाएपछि उनको पाइलामा गतिमयता वा निरन्तरता आउँछ । यसरी अनन्तको पाइलामा निरन्तरता आउनाले पनि कृतिको शीर्षक *अनन्त पाइला* राखिनु सार्थक रहेको देखिन्छ (भट्टराई, २०६८ : भूमिका खण्ड, पृ. ख) ।

### ४.२.७.१० संवाद

*अनन्त पाइला* उपन्यासमा संवादात्मक शैलीको ज्यादा प्रयोग भएको छ । यसका संवादहरू पात्रहरूको स्तर र उपन्यासको परिवेशअनुरूप स्वाभाविक किसिमका छन् । यसका संवादहरू सहज, सरस हुनुका साथै सामान्य बोलचालमा प्रयोग हुनेजस्ता रहेका छन् । कतिपय संवादहरूमा स्थानीय थारू भाषाका साथै अङ्ग्रेजी, हिन्दी र मैथली भाषाको प्रयोग गरिएकाले संवादमा जीवन्तता पाइन्छ । संवादहरू कहीँ लामा र कहीँ छोटा भएकाले एकरूपता पाइँदैन । यस उपन्यासका संवादका केही नमूनाहरू यस प्रकारका छन् :

(क) **चौधरी बन्धु र गोपीबीचको संवाद :**

"याजु कते सरकारे ?"

"यतही घुमे याइली । लौठा सङ्गाती याइले काठमान्डु से । नेपाली टुरिष्ट जे (पृ. २३) ।

(ख) **सुकरात र नीलिमा बीचको संवाद :**

"नीलिमा" अचानक सुकरात मौनता भङ्ग गर्दछन् : "नीलिमा बच्चाहरू कति प्यारा छन् हगि ?"

"मानव संसारको सर्वोत्तम रचना-बच्चा" (पृ. ४३) ।

(ग) **गोपी र बालकृष्ण बीचको संवाद :**

"विशेष एजेन्डा के हो ?"

"३२ जना विद्यार्थीहरूलाई छात्रवृत्ति रकम वितरण गर्नुछ ।"

"ठीक छ, म आइपुग्छु" (पृ. १९३) ।

**निष्कर्ष**

*अनन्त पाइला* उपन्यास मुख्यतः सौराहा वरपरको परिवेशको बायोग्राफिकल स्केच उतार्नमा केन्द्रित रहेको छ । प्रस्तुत उपन्यास *सुकरातका पाइला* उपन्यासको क्रमलेखनको रूपमा आएको कृति हो । *सुकरातका पाइला*मा आत्महत्याजस्तो दृश्यमा अन्त्य भएका पात्र अनन्त र उनका सौराहावासी मित्र गोपीको जीवनको सेरोफेरोलाई कथानक बनाइएको छ । यस उपन्यासमा गोपी र अनन्त दुवैलाई नायकको रूपमा उपस्थित गराइएको छ । यिनै दुवै नायकसँग सम्बन्धित हुन आएका अन्य प्रमुख पात्रहरू हुन् : सोफिया, रजनी, गोविन्दराज भट्टराई, गुरु सुकरात, डायना, नीलिमा, निशा, श्रद्धा, गोपीकी आमा, साधुराम, बासु बिँडारी आदि । प्रस्तुत उपन्यासले करिब चौँतीस वर्ष जतिको समयावधि, मुख्यतः चितवनको सौराहा, काठमाडौँ र नर्फोक गाउँको परिवेश र चितवनको साहित्यिक परिवेशलाई प्रस्तुत गरेको छ । *सुकरातका पाइला* उपन्यासमा आत्महत्याजस्तो दृश्यमा अन्त्य भएको पात्रलाई पुनर्जीवन दिँदै उसको जीवनलाई निरन्तरता दिएर सम्पूर्ण पाठकवर्गलाई जीवनप्रति आशावादी बनाउँदै जीवनवादी बनाउनु नै यस उपन्यासको मुख्य उद्देश्य हो । साथै सौराहाको परिवेशलाई सबैका सामु चिनाउनु पनि यसको अर्को महत्त्वपूर्ण उद्देश्य रहेको छ । यसमा विभिन्न पात्रहरूको माध्यमबाट घटनाक्रम अगाडि बढेको छ । यसका संवादहरू पात्रको स्तर र परिवेशअनुरूप भएकाले केही मात्रामा स्थानीय थारू, मैथली भाषाका साथै अङ्ग्रेजी र हिन्दी भाषाको पनि प्रयोग भएको छ । प्रस्तुत उपन्यास *सुकरातका पाइला* उपन्यासको क्रमलेखन भएकोले र आत्महत्या गर्ने अवस्थामा पुगेर पनि नायकले जीवनलाई निरन्तरता दिएर जीवनका पाइलाहरूमा गतिमयता आएकोले *अनन्त पाइला* शीर्षक राखिनु सान्दर्भिक देखिन्छ । हाम्रो देशमा द्वन्द्वकालको समयमा उठेका समस्याहरूका कारण आएका मानसिक र सामाजिक द्वन्द्वहरूलाई प्रस्तुत गर्दै केही मात्रामा पारिवारिक र जातीय द्वन्द्व पनि यसमा देखाइएको छ । प्रस्तुत उपन्यासले गोपी र अनन्तका माध्यमबाट सौराहाको भौगोलिक, सामाजिक, सांस्कृतिक र साहित्यिक अवस्थालाई सबैका सामु प्रस्तुत गरेको छ ।

## ४.२.८ *सेतो धरती* उपन्यासको अध्ययन

अमर न्यौपानेद्वारा लिखित *सेतो धरती* (२०६८) फाइनप्रिन्ट, काठमाडौँद्वारा प्रकाशित 'मदन पुरस्कार, २०६८' प्राप्त बृहत आयाम भएको उपन्यास हो । प्रस्तुत उपन्यास शोधमूलक प्रवृत्ति अँगालेको केही लामो आयामको उपन्यास हो । प्रस्तुत उपन्यास जम्मा ३७३ पृष्ठ र ६८ अध्यायमा विभाजन गरेर प्रत्येक अध्यायलाई विभिन्न उपशीर्षकहरू दिइएको छ । प्रस्तुत उपन्यासमा उपन्यासकारले उपन्यास रचनाको सन्दर्भ पनि उल्लेख गरेका छन् र उपन्यासको अन्तमा उपन्याससँग सम्बन्धित सहयोगी व्यक्तिहरूप्रति आभार व्यक्त गरेका छन् । उपन्यासकार न्यौपानेले हाम्रो समाजमा हिन्दुसंस्कारमा पुस्तौँदेखि हुने गरेको बालविवाह र बालविधवाको समस्यालाई नै मूलकेन्द्र बनाई नवयथार्थवादी शैलीमा *सेतो धरती* उपन्यासको रचना गरेका छन् ।

### ४.२.८.१ उपन्यासकार अमर न्यौपानेको परिचय

वि.सं. २०५३ सालमा *सृष्टि साप्ताहिक* पत्रिकामार्फत् गीत प्रकाशित गरी साहित्यिक यात्रा आरम्भ गरेका अमर न्यौपानेको जन्म वि.सं. २०३२ चैत्र १४ गते पिता एकनाथ न्यौपाने र माता हरिमाया न्यौपानेको कोखबाट चितवनको पार्वतीपुर गा.वि.स. वडा नं. ७, रङ्गीलामा भएको हो । जहाँ उनको स्थायी घर रहेको छ (उपन्यासकार स्वयम्बाट प्राप्त जानकारी) । उनले औपचारिक शिक्षा त्रि.वि. बाट नेपाली साहित्यमा एम्.ए. सम्मको अध्ययन पूरा गरेका छन् । उनको पहिलो साहित्यिक कृति *गजलपथका यात्रीहरू* (संयुक्त गजलसङ्ग्रह, २०६१) हो । अमर न्यौपाने साहित्यका साथै चित्रकलातर्फ पनि रुचि राख्ने प्रतिभा हुन् । प्रारम्भमा उनी कविता, गीत, गजलमा कलम चलाउँथे भने पछिल्ला समयमा आएर उनी आख्यानतर्फ मोडिएका छन् । आफ्ना आख्यानका पात्रहरूको खोजी, अन्वेषण एवम् चिन्तन-मननमा निरन्तर लागिरहने अमरले शिक्षण पेसालाई चटक्कै छाडेर लेखनको चुनौतीलाई स्वीकार गरेका छन् (प्रभात, २०७१ : पृ. २३२) । उनका केही कथा र लघुकथा पत्रपत्रिकामार्फत् प्रकाशित भएका छन् । पछिल्लो समयमा उनी आख्यानका क्षेत्रमा अत्यन्तै सफल देखिन्छन् । उनको पुस्तकाकार कृतिहरूमा *पानीको घाम* (आख्यान, २०६६), *सेतो धरती* (उपन्यास, २०६८), *करोडौँ कस्तुरी* (उपन्यास, २०७२) र *गुलाबी उमेर* (उपन्यास, २०७६) प्रकाशित भएका छन् । अमर न्यौपानेले हालसम्म विभिन्न पुरस्कार तथा सम्मानहरू प्राप्त गरिसकेका छन् । उनको पहिलो एकल कृति *पानीको घाम* (आख्यान) ले २०६६ सालको 'पदमश्री साहित्य सम्मान' प्राप्त गरेको छ । जसले उनलाई चर्चा दिलाएको थियो । पानीको घामबाटनै उनी खेमलाल हरिकला लामिछाने प्रतिष्ठान चितवनबाट सम्मानित एवम् पुरस्कृत भएका छन् । उनको अप्रकाशित पाण्डुलिपि *कलिलो मन* (बालकथासङ्ग्रह, २०६७) ले २०६७ सालको 'पारिजात बालसाहित्य पाण्डुलिपि पुरस्कार' प्राप्त गरेको छ । उनले *सेतो धरती* उपन्यासको लागि २०६८ सालको 'मदन पुरस्कार', २०६८ सालकै 'रामराज पन्त स्मृति पुरस्कार', सन् २०११-२०१२ को 'अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कार' प्राप्त गरेका छन् । उनले आख्यान क्षेत्रमा योगदान गरेकोमा सन् २०१० को 'रङ्ग नेपाल

राष्ट्रिय सम्मान', *करोडौँ कस्तुरी* उपन्यासका लागि बेलायतबाट दिइने सन् २०१६ को 'अनेवा नक्षत्र पुरस्कार' प्राप्त गरेका छन् । यस्तै चित्रकलाको क्षेत्रमा पनि 'उत्कृष्ट अमूर्त चित्रकला पुरस्कार' चितवन महोत्सव-२०५७ प्राप्त गरेका छन् (उपन्यासकार स्वयम्बाट प्राप्त जानकारी) । उनले छपटक संयुक्त चित्रकला प्रदर्शनी र एकपटक एकल चित्रकला प्रदर्शनी गरेका छन् । उनलाई कवि, गीतकार, गजलकार, कथाकार, उपन्यासकार, चित्रकार र शिक्षक व्यक्तित्वका रूपमा हेरिन्छ ।

### ४.२.८.२ कथानक

*सेतो धरती* उपन्यासमा देवघाटको कुटीमा बस्ने एउटी बालविधवा वृद्धाको जीवनको सेरोफेरोलाई कथानक बनाइएको छ । जीवनभर संस्कारगत सामाजिक सजायँ भोग्दै शृङ्गारबिहीन, सृष्टिबिहीन र निस्सार जीवन जिउन बाध्य तिनै वृद्धाको जन्मदेखि अठहत्तर वर्ष उमेरसम्मको जीवनलाई औपन्यासिक स्वरूप दिइएको छ ।

पहाडी गाउँमा एउटी बालिकाको जन्म हुनु, असाध्यै माया-ममताका साथ उनको लालन-पालन हुनु, बाको पिठ्युँ, हजुरबाको काँध चढेर र बहिनी र साथी-सङ्गीहरूसँग खेल्दै हुर्कनु, खेल्ने क्रममा प्रायः तारा दुलही, गोविन्द दुलाहा भएर खेल्नु, सात वर्षको हुँदा घरमा पूजा भएको भनी रातभर जग्गेमा बसी उङ्दा-उङ्दै विवाह हुनु, भोलिपल्ट मन्दिर जाने भनी बाआमाले डोली चढाई सानीमाको साथ लगाएर केही अपरिचित व्यक्तिहरूसँग पठाई दिनु, दिनभर हिँडेर अर्कै गाउँको एउटा घर पुग्नु, सानीमाले "अब यो घर नै तिम्रो मन्दिर हो । तिम्रो बिआ भो नानी । बुझ्यौ" भन्नु । पाँच रात कटाएर लामो समय बस्ने गरी माइत आउनु । पुनः पुरानै बाललिला सुरु हुनु । नौ वर्षको हुँदा सासु बिरामी परेको बहाना बनाएर घरतर्फका मान्छेहरू लिन आउनु । तारा बेहुलीजस्तै सजिएर राता लुगा-गहना लगाएर घर जानु, त्यस रात फुपूसासुको घरमा राख्नु, फुपूसासुले कुरा गरेको सुनेर लोग्ने मरेको थाहा पाउनु, भोलिपल्ट बिहान घर लैजाँदा एउटी आइमाइले "रुँदै हिन न नानी" भन्दा पनि पटक्कै रुन नआउनु, लोग्नेका लास देख्दा पनि रुन नआउनु, लास लगेपछि खोलाको किनारमा खल्को गर्ने क्रममा नुहाउँदा रातो लुगा, रातो धागो, पोते खोलेर खोलाको किनारमा फालिदिनु, सम्पूर्ण गहनाहरू समेत खोलिदिनु, चुरा फुटाइदिनु र सेतो लुगा बेर्न दिनु । यसरी ताराको सम्पूर्ण शृङ्गर, सौभाग्य र सौन्दर्यको अन्तेष्टि हुनु (पृ. १-९९) ।

त्यसपछि एक वर्षसम्म बालविधवा बनेर घरमै धेरै दुःख, कष्ट भोगेर बस्नु, एक वर्षपछि माइत बस्ने गरी आउनु, बा-आमाले "नरो, नानी हिजोसम्म छोरी थिस् । अब छोरो भइस्" भन्नु । केही वर्षपछि लोग्नेको श्राद्ध गर्न घर जाँदा घरै बसी केही समय धेरै बुहार्तन खप्नु, सौतेनी सासु सुत्केरी हुँदा स्याहार्नु, बिस्तारै जवानी भरिदैँ आउनु, पुनः बस्ने गरी माइत आउनु, बाआमाले "सधैँ पूजा-आराधना गर, गीता पाठ गर" भन्नु, एकदिन युवक साधुले *गीता*को किताब दिनु, सानो भाइ नौ महिनाको हुँदा आमाको मृत्यु हुनु, माइतमा

सम्पूर्ण काम धानेर बस्नुका साथै सानो भाइको रेखदेख गर्नु, बाले ठूलो भाइकै उमेरकी कान्छी आमा ल्याउनु, भाइहरूसँग कान्छी आमाको पनि स्याहार गर्नु, उमेर बढ्दै जाँदा कान्छी आमा र ठूलो भाइ ज्यादा मिलेको देखेर ताराकै करकापमा ठूलो भाइको बिहे हुनु, भाइको बिहेपछि कान्छी आमाले हेप्न सुरु गर्नु, कान्छी आमाले छोरो पाउनु, छोरा पाएपछि तारालाई असाध्यै हेला गर्नु, बूढो बाबुले केही गर्न नसक्नु, ज्यादै हेला भएपछि घर छोडेर देवघाट जानु (पृ. १००-२३९) ।

देवघाट पुगेपछि अन्य माईहरूसँगै स्वामीजीको शरणमा पर्नु, देवघाटको स्वामीजीसँग नजिक हुँदै जाँदा केही मात्रामा आत्मीयता बढ्नु, एकदिन ताराले पकाएको खानामा रौँ परेको बहाना बनाई रिसाउँदै स्वामीजीले कपाल मुन्डन गर्न लगाई वैराग्य सिकाउनु, उमेर ढल्केपछि ताराले सन्न्यास ग्रहण गर्नु, देवघाट बस्दा धेरै प्रकारका मान्छेहरूसँग भेट हुनु, युवासखी यमुना, चौध वर्षदेखि हराएको सानो भाइ, बालसखी पवित्र र बाल्यकालदेखि नै मन परेको मान्छे गोविन्द भेट हुनु, शरीरले सकुन्जेल दैनिक स्नान गरी पूजापाठ गरे पनि अन्तिम-अन्तिमका दिनहरूमा बुढ्यौलीको कारण थलिँदै जानु, सतहत्तर पूरा भई अठहत्तर वर्ष लाग्दा ताराले मर्ने दिन नजिक हुँदै आएको महसुस गर्नु (पृ. २४०-३७३) ।

यसरी यस उपन्यासमा बालविधवा ताराको जीवनका प्रमुख घटनाहरू मुख्य कथानक हुन् भने उनीसँग सम्बन्धित हुन आएका अन्य व्यक्तिहरू गोविन्द, पवित्रा, यमुना, युवक साधु र स्वामीजीको जीवनका घटनाहरू प्रासङ्गिक कथानक हुन् । त्यस्तै मधुमाया दिदीको प्रसङ्ग र ताराकी जीआमा सती गएको प्रसङ्ग पनि प्रासङ्गिक कथानक हुन् ।

### ४.२.८.३ पात्रविधान

*सेतो धरती* उपन्यास पात्रविधानका दृष्टिले हेर्दा बहुपात्रीय उपन्यास हो । यसमा प्रत्यक्ष र परोक्ष गरी करिब पचास जना जति पात्रहरू उपस्थित छन् । भोक्ता र कथयिता समेत रहेकी ताराकुमारी नामक बालविधवा यस उपन्यासको प्रमुख पात्र रहेकी छिन् । यसमा प्रमुख पात्रको भूमिकालाई अगाडि बढाउने क्रममा अन्य केही पात्रहरू आएका छन् । जसमा ताराको बा, आमा, हजुरबा, हजुरआमा, बहिनी कला, ठूलो भाइ, सानो भाइ, सानीमा, कान्छी आमा, काकी, मामा, त्यस्तै उसको घरपट्टिको नातामा ताराको लोग्ने, ससुरा, सासू, फुपूसासू, नन्दहरू (तिली र गङ्गी), कान्छा ससुरा, बालसखीहरू गोविन्द, पवित्रा, धर्म, राधी, केदार, महेश्वर, लोकनाथ, बालकृष्ण, युवासखी यमुना, मधुमाया दिदी, युवक साधु र ताराले देवघाटमा भेटेकाहरू, स्वामीजी, नर्वदा नानी, शारदा, सीता, पद्मा, गङ्गा, वसुन्धरा, गोमा, गोविन्दको नाति र उसकी केटी साथी, त्यस्तै अन्य केही समूहगत पात्रहरू पनि आएका छन् । जसमा गाउँलेहरू, डोलेहरू, घर्तीहरू, आफन्तहरू, मलामीहरू, आइमाइहरू र अन्य कतिपय गौण पात्रहरू पनि छन् । जसमा ताराका दुईवटा काकाहरू, माइजु, ताराको दाइ, ताराकी बुहारी, यमुनाको श्रीमान् र छोराहरू, लक्ष्मी आदि ।

यस उपन्यासको मुख्य भूमिकामा रहेकी ताराकुमारी र अन्य केही सहायक पात्रहरू पवित्रा, यमुना, गोविन्द, ताराको श्रीमान्, युवक साधु र स्वामीजीको चरित्रचित्रण यहाँ गरिएको छ :

(क) **ताराकुमारी :** *सेतो धरती* उपन्यासको प्रमुख पात्र बालविधवा ताराकुमारी नै उपन्यासकी नायिका हो । उनकै केन्द्रियतामा यो उपन्यास समेटिएको छ । ठूलो विनाशकारी भुइँचालो गएको वर्ष १९९० सालमा पोखरा नजिकैको हंसपुर गाउँको ब्राह्मण परिवारमा उनको जन्म भएको थियो । सानोमा असाध्यै लाडप्यारमा बसेकी भए पनि सात वर्षकै कलिलो उमेरमा घरमा पूजा भएको बहानामा झुक्याएर उनको विवाह हुन्छ । वनारस पढ्न गएको उनको लोग्नेको असामयिक निधनका कारण उनी नौ वर्षमैं विधवा हुन पुग्छे । लोग्ने मरेपछि खल्को गर्ने क्रममा उनको सम्पूर्ण राता लुगा, गहना र सौभाग्य सधैँसधैँका लागि निकालिन्छ । खोलाको किनारमा उनको सम्पूर्ण शृङ्गार, सौभाग्य र सौन्दर्यको अन्त्येष्टि हुन्छ । बाल्यकालमैं इच्छा विपरीत सेतो वस्त्र धारण गराइएकी तारा जीवनभर रङ्गविहीन जीवन जिउन बाध्य भएको छ । नौ वर्षमैं उनको रङ्गीन संसार सधैँका लागि लुटिएको छ । अबोध अवस्थामैं विवाहको अर्थ नबुझी विवाह भएर विधवा हुन बाध्य भएकी तारा एक अभागिनी नारी हो ।

विधवा भएलगत्तै एक वर्षसम्म बालविधवा भएर घरको दुःख र कष्ट भोग्छे । त्यसपछि माइतै बस्ने गरी आउँछे । केही वर्षपछि लोग्नेको श्राद्ध गर्न भनी घर जाँदा केही समय बुहार्तन भौग्दै कान्छी सासुलाई स्याहार्दै त्यहीँ बस्छे र पुनः माइतमै आउँछे । विधवा भएपछि कतै साइत गरेर जान लागेकाहरूले तारालाई देखे अशुभ भएको मान्दछन् । तारालाई पनि आफूले अरूको साइत बिगारिदिएको महसुस हुन्छ । घाँस, दाउरा, मेलापात गर्न जाँदा उनका अगाडि साथी-सङ्गीहरूले रमाइलो, हँस्सी-ठट्टा र पिरतीका कुरा गर्दैनन् । तारालाई भने यस्ता कुरा सुन्न मन लाग्छ । युवक साधुले दिएको *गीता*को किताब आफ्नै मिहिनतले पढ्छे । *गीता*को किताब छुँदा गोविन्दलाई युवक साधुमा आरोपित गर्दछे । यमुनाको कुरा सुन्दा उनमा रतिभाव पलाउन थाल्छ तर उनले आफ्नो इच्छा, आकाङ्क्षालाई दबाएर भगवान्मा भरोसा राखेर भगवान् सम्झेर गीतापाठ गरेर बस्छे । यसै समयमा सानो भाइ नौ महिनाको हुँदा आमाको मृत्यु हुन्छ । बाले ठूलो भाइकै उमेरकी कान्छी आमा ल्याउँछन् । घरको सम्पूर्ण व्यवहार नै ताराले धान्छे । भाइहरूको साथै सौतेनी आमालाई पनि माया गरी स्याहार गर्ने तारा कोमल हृदय भएकी ममतामयी नारीका रूपमा आएको छ ।

कान्छी आमा हुर्कंदैं जाँदा तारालाई असाध्यै हेला गर्न थाल्छे । ताराले त्यस घरमा गाईगोठ, मेलापात, खेतीपातीको काम गरी दुःख गर्दा पनि कान्छी आमाले देखी नसहने, खान नदिने र मानसिक यातना दिने, नबोल्ने गरेपछि ताराको मन

विरक्तिएर चौंतीस वर्षको हुँदा घर छोडी देवघाट आएकी उनी बैसट्ठी वर्षको उमेरमा सन्न्यास ग्रहण गर्दछे । यसरी माईआमा बनी देवघाटमा बसेकी तारा अठहत्तर वर्ष लाग्दासम्ममा बृद्ध, रोगी र कमजोर अवस्थामा पुगेको देखाइएको छ । यसरी ताराको जीवनलाई सुरुदेखि अन्त्यसम्म हेर्दा उनी निर्दोस, सोझी, कर्तव्यपरायण, ममतामयी, लजालु, सहनशील, मेहनती, सधैं धर्मकर्ममा आस्था राख्ने, निरीह, निर्बल, एक सहाराहीन विवश बालविधवा नारीका रूपमा देखिएको छ । जसले बाल्यकालमैं विधवा भएर पनि जीवनभर मृत पतिको सत्‌मा बसी आफ्‌नो कुण्ठित, अतृप्त चाहनालाई लुकाएर निस्सार जीवन बिताइन् । त्यसैले उनी असल स्वभाव भएकी एक आदर्श नारी हो ।

उपन्यासको प्रमुख पात्रको शैलीवैज्ञानिक दृष्टिकोणका आधारमा वर्गीकरण गरेर हेर्दा ताराकुमारी लिङ्गगत आधारमा नारी पात्र, कार्यका आधारमा प्रमुख पात्र, प्रवृत्तिका आधारमा अनुकूल पात्र, स्वभावका आधारमा गतिशील पात्र हो भने जीवन चेतनाका आधारमा वर्गीय, आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्रका रूपमा आएको छ ।

**(ख) ताराका पति** : सात वर्षको उमेरमा ताराको विवाह हुँदा किशोर पति विवाहपछि करिव एक हप्तामात्र तारासँगै बसेका हुन्छन् । त्यसको लगत्तै उनी वनारस पढ्न जान्छ । त्यसको दुई वर्षपछि तारा माइतमा बसिरहेको समयमा उनको असामयिक निधन हुन्छ । सासु बिरामी भएको भनी तारालाई घर लगी तेह्र दिनसम्म किरिया बसाइन्छ र एक वर्षसम्म बरखी बार्न लगाइन्छ । तारालाई भने जीवनभर उनको पतिको न माया लाग्छ, न अनुहार नै याद हुन्छ । पति मरेर गए पनि उनी बैसट्ठी वर्षसम्म विधवाका रूपमा रहन्छे । ताराले बैसट्ठी वर्षमा सन्न्यास ग्रहण गरेपछि मात्र ताराको उनीसँगको सम्बन्ध अन्त्य हुन्छ । यस उपन्यासमा ताराको पति जम्मा पाँच-सात दिनमात्र झुलुक्क देखिए पनि ताराले जिन्दगीभर उनकै नाममा कोरा जीवन बिताउन बाध्य भएको छ । ताराका पति सानैमा मरेर गए पनि तारालाई जीवनभर संस्कारगत बन्धनमा बाँधेर हिन्दु संस्कारलाई कायम राखेकाले नै उनी उपन्यासमा संस्कारगत पात्रको रूपमा आएको छ ।

**(ग) गोविन्द** : गोविन्द ताराकुमारीका बालसखा हो । जो बाल्यकालमा विवाह गरी खेल्दा ताराको दुलाहा बन्थ्यो । सानो छँदा उनले तारालाई क,ख,ग पढ्न सिकाएको थियो । उनी किशोर अवस्थाको भएपछि वनारस पढ्न जान्छ । एक-दुईचोटि घर आउँदा तारासँग देखभेट हुन्छ । उनी पढाइ सकिएपछि काठमाडौँमा जागिर खान थाल्छ । उनका दुईवटी श्रीमती हुन्छन् । उनी प्रशस्तै धनी हुनुका साथै देश-विदेश घुमेका व्यक्ति हो । उनी जीवनको उत्तरार्द्धको समय देवघाटमैं बिताउन आउँदा तारासँग पुनः भेट हुन्छ । यस उपन्यासमा उनको चर्चा सुरुदेखि अन्त्यसम्म आएको छ । ताराले बारम्बार युवक साधु र स्वामीजीलगायत अन्य पुरुषहरूमा

गोविन्दलाई आरोपित गरेर हेरेको छ, साथै उनलाई ताराले बारम्बार सम्झिरहन्छ । यस उपन्यासमा उनको खासै भूमिका नदेखिए पनि उनी प्रमुख पुरुष पात्रका रूपमा आएको छ ।

(घ) **पवित्रा** : पवित्र ताराकुमारीको बलसखा हुनुका साथै उनी पनि ताराजस्तै बालविधवा हो । पवित्रा पनि एघार वर्षको कलिलै उमेरमा विधवा भएकी थिइन् । उनी सानैदेखि चन्चल स्वभाव भएकी थिइन् । उनी युवा अवस्थामा पुगेपछि गाउँमा यज्ञ गर्न आएका युवक साधुसँग पछि लागेर गाउँ छोडेर जान्छिन् र पचहत्तर वर्षको बुढ्यौली उमेरमा गङ्गेश्वरी साधिकाका रूपमा देवघाटमा आएपछि तारासँग भेट हुन्छ । उनले आफ्नो विगत बताउँदै जाँदा सुरुमा उनी गाउँबाट गएर आश्रममा मीरा नाम गरी बस्छे । त्यसपछि हिन्दी गीत-सङ्गीतको मोहले कोठीमा पुगी अभिसारिका नामले चिनिन्छे । पछि केही साथीसँग मिलेर छुट्टै कोठी खोल्छिन् । धेरै सम्पत्ति कमाएपछि गर्भमा रहेको बच्चासहित विधवाको भेषमा भलाद्मी नारी बनेर नौलो ठाउँमा जान्छिे । त्यहाँ बत्सला नामले चिनिन्छे । त्यहाँ उनले छोरी जन्माएर हुर्काइ, बढाइ, बिहेदान गरेपछि जीवनका पछिल्ला दिनहरूमा वैराग्य पलाएर वृन्दावन आश्रममा पुग्छे । त्यहाँबाट गङ्गेश्वरी बनेर देवघाटमा आइपुग्छे । यसरी पवित्राले आफूमा भएको खुबी र मिहिनेतले जहाँ-जस्तो ठाउँमा पुगे पनि त्यसैअनुरूपको सफलता प्राप्त गर्न सकेकी हुनाले उनी यस उपन्यासमा साहसी नारीका रूपमा देखापरेको छ ।

(ङ) **यमुना** : यमुना ताराकुमारीकी युवा सखी हो । यमुना तारा ठूली भैसकेपछि उनको छिमेकमा दुईवटी श्रीमती बितेका र एउटी श्रीमती घरमा भएको व्यक्तिसँग बिहे गरेर आएकी हुन्छे । उनलाई लोग्नेले असाध्यै माया गर्छे । उनले भने जेठी श्रीमतीलाई पनि माया गर्न आग्रह गर्छे । यो उनको महानता हो । पछि बुढेसकालमा छोराहरूको बिहे गरिसकेपछि, लोग्ने पनि मरेपछि उनमा वैराग्य आएर घर, परिवार, सम्पत्ति छोडेर देवघाट आएर बस्दछिन् र त्यहीँ उनको तारासँग भेट हुन्छ ।

(च) **युवक साधु** : युवक साधु ताराकुमारीको गाउँमा लगाएको यज्ञमा आएका सन्न्यासी हो । तारा अठार वर्षको युवती हुँदा युवक साधु त्यस गाउँमा आएका थिए । तारालाई नजिक बोलाउँदा लाज मानेकीले उनले सङ्कोचले ज्ञान आर्जन गर्न बाधा पुऱ्याउँछ भनी सम्झाएका थिए । तिनै युवक साधुले *गीता*को किताबमाथि फूल राखेर उपहार दिएकाले ताराले गीतापाठ गर्न सुरु गरेकी थिइन् । युवक साधुले छोटो समयमा पनि ताराको मन-मस्तिष्कमा गहिरो छाप छोडेकाले ताराले जीवनको उत्तरार्द्धसम्म पनि उनलाई सम्झेकी छिन् । गाउँ छाड्ने बेलामा पवित्रालाई पनि सँगै लिएर गएका युवक साधु भगवान्कै भक्तिमा समर्पित रहेको देखिन्छ । युवक

साधु छोटो समय मात्र सहायक पात्रको रूपमा आए पनि सशक्त भूमिका खेलेको छ ।

(छ) **स्वामीजी :** स्वामीजी देवघाटको आश्रममा सधैँ प्रवचन दिने एक सन्न्यासी हो । ताराकुमारी देवघाट आएपछि स्वामीजीसँग उनको भेट हुन्छ । सुरु-सुरुका दिनहरूमा उनी केही रिसाहा स्वभावका देखिए पनि पछिपछि भने शान्त स्वभावका हुन्छ । तारा सधैँ स्वामीजीको प्रवचन सुन्न जान्छे । देवघाट आएपछि ताराले सन्न्यास धारण गर्न खोज्दा स्वामीजीले दिँदैन । तारासँगको व्यवहारमा स्वामीजी केही नजिक भएर माया गरे पनि आफैँले आफूलाई रोक्छ । ताराको कुटीमा खाना खान आउँदा खानामा कपाल परेको भुटो आरोप लगाएर तारालाई कपाल मुण्डन गर्न लगाई वैराग्य उत्पन्न गराउँछ । तारा बैसट्ठी वर्षको हुँदा सन्न्यास ग्रहण गर्न चाहँदा सन्न्यास ग्रहण गर्न सघाउँछ । यस उपन्यासमा सन्न्यासी स्वामीजी लामो समयसम्म तारासँग व्यवहार वा सरसङ्गतमा भएको देखिन्छ । उनी यस उपन्यासमा सहायक पात्र भैकन पनि सशक्त पुरुष पात्रको रूपमा आएको छ ।

यसरी यस उपन्यासमा आएका सम्पूर्ण पात्रहरूले प्रत्यक्ष वा परोक्ष रूपमा मुख्य पात्रको भूमिकालाई सशक्त बनाउन सहयोग पुऱ्याएका छन् ।

### ४.२.८.४ परिवेश

*सेतो धरती* उपन्यासले १९९० सालदेखि २०६८ सालसम्मको समयलाई ओगटेको छ । भौगोलिक परिवेशका आधारमा हेर्दा यस उपन्यासमा दुईवटा पहाडी गाउँ र देवघाट मुख्य रूपमा आएका छन् । एउटा ताराकुमारीको जन्म भएको ठाउँ पोखरा नजिकैको कास्की जिल्लाको पहाडी गाउँ हंसपुर र त्यसको नजिकैको अर्को पहाडी गाउँ ताराको घर भएको गाउँ हो । अर्को मुख्य स्थान हो देवघाट, जहाँ ताराले माइतघर छोडेर आएपछि चौँतीस वर्षदेखि अठहत्तर वर्षको उमेरसम्मको जीवन बिताएकी थिइन् । यी वाहेक अन्य केही स्थानहरू पनि यस उपन्यासमा आएका छन् । ती स्थानहरू हुन् - दामोदर कुण्ड, गोसाइँकण्ड, तनहुँ, तराइको गाउँ र केही भारतीय भूमिहरू वनारस, वृन्दावन, हरिद्वार, चारधाम आदि स्थानहरू आएका छन् ।

सामाजिक परिवेशका हिसाबले हेर्दा यस उपन्यासमा ग्रामीण सामाजिक परिवेश पाइन्छ । यसमा तत्कालीन समाजमा विद्यमान बालविवाह, बहुविवाह र अनमेल विवाहको प्रचलनलाई प्रस्तुत गर्दै त्यसबाट उत्पन्न समस्यालाई नै यस उपन्यासले मुख्य परिवेश बनाएको छ । यस उपन्यासकी नायिका तारा सात वर्षको उमेरमा विवाह भएर नौ वर्षको बाल्यकालमै विधवा हुन पुगेकी छिन् । ताराकी बहिनी कला पाँच वर्षको उमेरमा एक्काईस वर्षको पण्डितसँग विवाह भएको छ र पवित्राको बुढो मान्छेसँग विवाह भएर एघार वर्षमा विधवा भएकी छ । त्यसतै यमुनाको लोग्नेको स्वास्नी मर्ने ग्रह भएको शङ्का गरी एउटा विवाह गर्न लगाई दोस्री स्वास्नीको रूपमा यमुनालाई दिइएको देखाइ तत्कालीन समयको रुढिग्रस्त मानसिकतालाई प्रस्तुत गरिएको छ । यसरी त्यस समयको समाजले बालविवाह,

बहुविवाह र अनमेल विवाहलाई सामाजिक प्रचलनको रूपमा स्वीकारे पनि पछि त्यसबाट समस्या उत्पन्न भएका छन् । त्यस्तै सामाजिक प्रचलन स्वरूप तारालाई लोग्नेको खुट्टाको जल खान सिकाउनु र छोरीहरूलाई रजस्वला हुनु अगावै विवाह गरिदिनु पर्ने प्रचलन देखाउँदै गाउँमा सबै केटीहरूलाई रजस्वला होलान् कि भन्ने डरले सानैमा विवाह गरिदिएको देखिन्छ । यसमा हिन्दु धर्म-संस्कारअनुसार ताराले विधवा भएपछि तेह्र दिन किरिया बसेर एक वर्ष बरखी बार्न बालविधवाको रूपमा घरमैं दुःख बोकेर बसेकी छन् । जसमा बरखी भरि बासँग मुख नहेरी कुरामात्र गरेकी छन् । यस उपन्यासमा हिन्दु धर्मअनुसार ताराको विवाहमा विवाहको संस्कार र ताराको लोग्ने मर्दा मृत्यु संस्कारहरू आएका छन् । यसमा हिन्दु धर्मअनुसार जन्म, विवाह, व्रतबन्ध, मृत्यु, विभिन्न चाडपर्व, तिहार, पूजा, सत्सङ्ग, यज्ञ, धार्मिक प्रवचन र सन्न्यास ग्रहण आदि जस्ता हिन्दु संस्कारहरू र त्यस समयको परम्पराहरूलाई प्रस्तुत गरिएको छ । त्यस्तै यस उपन्यासमा ताराले गोविन्दलाई जीवनको उत्तरार्द्धसम्म सम्झनु, युवक साधुले *गीता*को किताबमाथि फूल राखेर उपहार दिनु र देवघाटको स्वामीजीले तारालाई माया गर्नु आदि प्रेम-प्रणयसम्बन्धी प्रसङ्गहरू पनि केही मात्रामा आएका छन् ।

### ४.२.८.५ उद्देश्य

*सेतो धरती* उपन्यासले १९९० देखि २०६८ सालबीचको समयावधिमा हाम्रो समाजको सामाजिक अवस्था, हिन्दु संस्कार र तत्कालीन प्रचलित चालचलन र रीतिरिवाजलाई जस्ताको तस्तै उतार्नु यसको मुख्य उद्देश्य रहेको छ । बालविवाह, बहुविवह र अनमेल विवाहबाट उत्पन्न समस्याहरूलाई देखाइनु पनि यसको उद्देश्य रहेको छ । अझ रजस्वला हुनु अगावै विवाह गरिदिनु पर्ने रुढिग्रस्त तत्कालीन समाजमा अवोध अवस्थामैं विवाह भएर विधवा हुन पुगेकी बलिकाले जीवनभर संस्कारगत बन्धनमा बाँधिएर आफ्ना इच्छा-आकाङ्क्षालाई कुण्ठित बनाई निस्सार र सहाराविहीन जीवन बिताउन बाध्य हुनुपर्ने बालविधवाको अवस्था, तत्जन्य समस्या प्रस्तुत गर्नु मुख्य उद्देश्य बनेको छ । यसमा हिन्दु धर्मअनुसार विवाहमा गरिने संस्कारलाई देखाउँदै दुलही भित्र्याउँदा दुलही लडेर चुरा फुट्दा अशुभ भएको मान्ने, एउटा लोग्ने मान्छेलाई स्वास्नी मर्ने ग्रह भएको शङ्कामा दुईवटी श्रीमती विवाह गरिदिने प्रचलन र कतै जान लाग्दा विधवा देखेमा साइत बिग्रन्छ भन्ने मानसिकता, लोग्ने मरेपछि विधवालाई गरिने खल्को, विधवाले बस्नु पर्ने किरिया र एक वर्षसम्म बार्नु पर्ने बरखी र जीवनभर लोग्नेको नाममा सादा पहिरनमा बस्नु पर्ने जस्ता हिन्दु धर्ममा भएका कतिपय संस्कारहरूमा परिवर्तन ल्याउन पर्ने आवश्यकता बोध गराउनु यस उपन्यासको मुख्य उद्देश्य रहेको छ ।

त्यस्तै यसमा अनमेल विवाह र बहुविवाहको समस्यालाई पनि उठाइएको छ । त्यस्तै नायिकाले बालसखा गोविन्दलाई जीवनभर बारम्बार सम्झनु, युवक साधुले *गीता*को किताबमाथि फूल राखेर उपहार दिनु र देवघाटका स्वामीजीले तारासँग केही मात्रामा नजिक हुन चाहे पनि तारालाई कपाल मुण्डन गर्न लगाई वैराग्य उत्पन्न गराउनु आदि जस्ता

घटनाहरूबाट यसमा सामाजिक बन्धन जे-जस्तो भए पनि मानिसको मनमा सुसुप्त अवस्थामा प्रेम-प्रणयका भावनाहरू रहेका हुन्छन् भन्ने देखाउनु पनि यस उपन्यासको उद्देश्य रहेको छ ।

### ४.२.८.६ दृष्टिविन्दु

*सेतो धरती* उपन्यास प्रथम पुरुष दृष्टिविन्दुमा संरचित उपन्यास हो । यसमा उपन्यासकार स्वयम् उपन्यासभित्र आएका छैनन् । यसमा नायिका ताराकुमारीले आफ्नो विगत सम्झने क्रममा यस उपन्यासको आरम्भदेखि अन्त्यसम्मका कथावस्तुलाई एकालापीय शैलीमा व्यक्त गरेकी छन् । यसमा नायिका ताराकुमारी भोक्ता वा म पात्र बनेर प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । यसमा पवित्रा र यमुनाको जीवनकथा पनि ताराकै माध्यमबाट प्रथम पुरुष दृष्टिविन्दुमा नै व्यक्त भएको छ । यस उपन्यासमा उपन्यासकार उपन्यासभन्दा बाहिर रहे तापनि उपन्यासकी नायिकाको माध्यमबाट आन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

### ४.२.८.७ भाषाशैली

*सेतो धरती* उपन्यासमा कास्की वरपरका गाउँमा बोलिने भाषिकाको अत्यधिक प्रयोग भएको छ । यसमा आत्मालापीय शैलीको प्रयोग पूर्वस्मृति पद्धतिमा उपन्यासको सुरुदेखि अन्त्यसम्म गरिएको छ । संवादको क्रममा उपन्यासमा आएको समाज र पात्रहरूको स्तरअनुरूपको ग्रामीण बोलीको प्रयोग भएकाले भाषा अत्यन्तै स्वाभाविक र आकर्षक बनेको छ । यस उपन्यासको केन्द्रीय पात्र ताराकुमारी एक ग्रामीण, अनपढ भएकीले यस उपन्यासमा सामान्य बोलचालको ग्रामीण कथ्य भाषाको प्रयोग भएको छ । त्यसैले भाषा सरल, सरस र सहज प्रकृतिको छ । यसमा वर्णनात्मक, मनोवादात्मक, संवादात्मक, प्रश्नात्मक शैलीको प्रयोगका साथसाथै कताकति गीतको पनि प्रयोग गरिएको छ । विभिन्न बिम्ब, प्रतीक, अलङ्कार, उखान-टुक्काको प्रयोग गरिएकाले प्रस्तुत उपन्यास अत्यन्त कलात्मक र प्रभावकारी बनेको छ ।

### ४.२.८.८ द्वन्द्व विधान

*सेतो धरती* उपन्यासमा द्वन्द्व विधान पनि अत्यन्तै प्रभावकारी रूपमा आएको छ । मुख्य रूपमा एक अबोध बालविधवाको सिङ्गो जीवन र हिन्दु संस्कारको सामाजिक परम्पराबीचको द्वन्द्व उपन्पयासमा सुरुदेखि अन्त्यसम्म आएको छ । यस उपन्यासमा एउटी बालविधवाले बिताउनु परेको एक्लो, पीडादायी जीवनमा सम्पूर्ण जीवनभरि उठेका मनोद्वन्द्वलाई अत्यन्तै मार्मिक किसिमले प्रस्तुत गरिएको छ । यस उपन्यासले शुरुदेखि नै एउटा बालमनस्थिति र हिन्दु संस्कारबीचको द्वन्द्वलाई उठान गर्दै विधवामा आएका मनोभाव र हिन्दु समाजले विधवाप्रति गर्ने व्यवहारलाई सांस्कृतिक द्वन्द्वका रूपमा प्रस्तुत गरेर हिन्दु धर्मका कतिपय संस्कारहरूमा परिवर्तन ल्याउनु पर्ने आवश्यकता बोध गराएको छ । यस उपन्यासले हिन्दु संस्कारले विधवाप्रति गर्ने व्यवहारका कारण उठेका बाह्य र आन्तरिक गरी

दुई प्रकारका द्वन्द्वलाई प्रस्तुत गरेको छ । बाह्य द्वन्द्वका रूपमा तारा र सौतेनी सासूबीचका द्वन्द्व, तारा र सौतेनी आमाबीचको द्वन्द्व, ताराको जीवन जिउने क्रममा आएका द्वन्द्वहरू रहेका छन् भने आन्तरिक द्वन्द्वका रूपमा ताराकुमारीमा बारम्बार आइरहने प्रेम-प्रणय सम्बन्धी द्वन्द्व, तारामा अभाव रहेको मातृत्व द्वन्द्व, युवक साधु भगवान्कै भक्तिमा समर्पित भएर पनि उनमा देखिएको प्रेम-प्रणयसम्बन्धी द्वन्द्व, बालविधवा पवित्राको जीवनका विभिन्न मोडमा आएका प्रेम-प्रणयसम्बन्धी द्वन्द्व, देवघाटको आश्रममा बस्ने स्वामीजीमा उठेका प्रेम-प्रणयसम्बन्धी मनोद्वन्द्व आदि द्वन्द्वहरू आएका छन् ।

### ४.२.८.९ शीर्षक

हाम्रो नेपाली समाज र हिन्दु संस्कारले स्वास्नी मान्छेलाई धरती मान्छ । जसरी धरती वा पृथ्वीले जस्तोसुकै दुःख, कष्ट सहेको हुन्छ, त्यस्तै स्वास्नी मान्छेले पनि जीवनमा जे-जस्तो परिस्थिति आए पनि सहनु पर्ने बाध्यात्मक परिस्थिति यस उपन्यासमा देखाइएको छ । यस उपन्यासको नायिकाको जीवन अन्य नारीको जस्तो रङ्गीन हुन नपाएर जीवनभर सादा रहनु परेको छ । नायिका ताराकुमारीको सात वर्षको उमेरमा विवाह भएर नौ वर्षको उमेरमा विधवा  हुन पुगेकीले उनमा उर्वराशक्ति र मातृत्वभाव भए पनि जीवनभर बाँझो रहनु परेको देखाइएको छ । यसरी उनले विधवा भएपछि शुङ्गारविहीन, सौन्दर्यविहीन, रङ्गविहीन र बाँझो जीवन बिताउनु परेकोले *सेतो धरती* उपन्यासको शीर्षक अत्यन्त सार्थक रहेको देखिन्छ ।

### ४.२.८.१० संवाद

*सेतो धरती* उपन्यासमा दुईप्रकारका संवादहरू प्रयोग भएका छन् - स्वगत कथन र दोहोरो संवाद । यसमा कास्की वरपरका हिन्दु संस्कार भएका ब्राह्मण परिवारमा बोलिने किसिमका संवादहरूको प्रयोग भएको छ । नायिका ताराकुमारीले एकालापीय शैलीमा व्यक्त गरेका संवादहरू छन् । यस्ता संवादमा कास्की वरपरको गाउँतिर बोलिने सामान्य बोलचालमा प्रयोग हुने किसिमका ग्रामीण बोली प्रयोग भएको छ । संवादहरू परिवेशअनुरूप भएकाले स्वाभाविक छन् । यी संवादहरू पात्रहरूको सामाजिक स्तर र पात्रअनुकूल भएकाले संवादगत स्वाभाविकता पनि छन् । उपन्यासमा भएका केही संवादका नमुनाहरू निम्नानुसार रहेका छन् :

**तारा** : 'आमा ! सप्पै मिलेर क्यार्न लाका हाम्रो घराँ ?'

**आमा** : 'पूजा अर्न लाको नानी ।' (पृ. २७) ।

**सानिमा** : 'दुलासँ बोल्यौ ?'

**तारा** : 'बोलिनँ ।'

**सानिमा** : 'किन नबोलेकी त नि ?'

**तारा** : 'किन बोल्नी त नि तीसँ ?'

**सानिमा** : 'ती तिम्रा दुला हुन् क्या । उनीसँ अब तिम्रो पूरै जिन्दगी बिच्च ।' (पृ. ५५) ।

**तारा** : 'को मुन्छे रचन् आमा तिनोरु ?'

**आमा** : 'तेरो घरतिरका मुन्छे आका रचन् ।'

**तारा** : 'किन आका रचन् त नि आमा ?'

**आमा** : 'तैँले जानु पर्नि भो अरे नानी । तेरी सासू सिकिस्तै छिन् अरे ।'

(पृ. ७४) ।

**निष्कर्ष**

प्रस्तुत *सेतो धरती* उपन्यास मुख्यतः बालविधवाको सामाजिक समस्या र अंशतः विधवामा सुषुप्त अवस्थामा रहेको मनोरोगको उद्घाटनमा केन्द्रित छ । देवघाटको कुटीमा बस्ने बालविधवा वृद्धाको जीवनको सेरोफेरोलाई कथानक बनाइएको छ । बालविधवा तारा उपन्यासकी मुख्य नायिका हुन् । तारासँग सम्बन्धित हुन आएका अन्य प्रमुख पात्रहरू हुन् - ताराकुमारीका बालसखा गोविन्द, ताराकी बालसखी बालविधवा पवित्रा, ताराकी युवासखी यमुना, ताराका पति, युवक साधु, देवघाटका स्वामीजी । ताराकुमारी केन्द्रीय चरित्र हुन् । यिनैको सेरोफरोमा अरू पात्रहरू आएका छन् ।

ताराकुमारीको जीवनसँग सम्बद्ध १९९० देखि २०६८ सालसम्मको समयावधि मुख्यतः कास्कीको हंसपुर र देवघाटको परिवेश, हिन्दु संस्कारले बाँधिएको बालविधवाको वैधव्य र मनोविज्ञान उपन्यासमा चित्रित छ । अबोध अवस्थामा नै विवाह भएर विधवा हुन पुगेका बालिकाहरूले जीवनभर संस्कारगत बन्धनमा बाँधिएर आफ्नो इच्छा, आकाङ्क्षाहरूलाई कुण्ठित बनाई सहाराबिहीन निस्सार जीवन बिताउन विवश हुनुपर्ने बालविधवा नारीहरूको कष्टकर र कारुणिक जीवन प्रस्तुतिका माध्यमबाट तत्कालीन हिन्दु संस्कारप्रति क्षोभ प्रकट गर्नु र त्यसप्रति वितृष्णा भाव व्यक्त गर्नु उपन्यासको मुख्य उद्देश्य रहेको छ । सामाजिक बन्धन जतिसुकै कठोर भए पनि मानिसको मनमा सुषुप्त अवस्थामा प्रेम-प्रणयका भावनाहरू रहिरहेकै हन्छन् भन्ने देखाउनु पनि उपन्यासको उद्देश्य देखिन्छ ।

उपन्यासमा तारा नै भोक्ता, द्रष्टा र वक्ता पात्रका रूपमा उभिएकी छिन् । उनको एकालापीय कथनमा उपन्यास संरचित छ । ताराकुमारीसँग प्रत्यक्ष भेट र संवादलाई समेत उपन्यासमा स्थान दिइएको संवाद आयोजनमा स्वाभाविकता छ । तदनुरूप लेखकले भाषाशैलीको प्रयोग गरेका छन् । *सेतो धरती* उपन्यासमा बालविधवा नारीहरूको वैधव्य जीवनको यथार्थलाई उतारिएको छ । बालविधवा नारीहरूको मनोविज्ञानलाई उपन्यासले चित्रण गरेको छ ।

### ४.२.९.१ *नियति चक्र* उपन्यासको अध्ययन

जलेश्वरी श्रेष्ठद्वारा लिखित *नियति चक्र* (२०६९) सहयोगी प्रकाशन, काठमाडौँद्वारा प्रकाशित मझौलो आकारको औपन्यासिक कृति हो । प्रस्तुत उपन्यास जम्मा एक सय छब्बीस पृष्ठ र चौबीस अध्यायमा विभाजन गरी हरेक अध्यायलाई एक, दुई, तीन गरी शीर्षकीकरण गरिएको छ । प्रस्तुत उपन्यासमा श्रेष्ठले स्वच्छन्दतावादी परम्परालाई अँगाल्दै नारी अस्तित्त्व र नारी स्वतन्त्रतालाई मूलकेन्द्र बनाएर पुरुषप्रधान हाम्रो समाजमा अभिभावक मानिएका पुरुषहरूबाट नारीहरूमाथि गरिने मानसिक हस्तक्षेप विरुद्ध आवाज उठाएकी छन् ।

### ४.२.९.१ उपन्यासकार जलेश्वरी श्रेष्ठको परिचय

उपन्यासकार जलेश्वरी श्रेष्ठले वि.सं. २०५७ मा *हिमालय टाइम्स* पत्रिकामार्फत् “सम्पत्तिमाथि मातृत्वको अधिकार” रचना प्रकाशित गरी साहित्यिक यात्रा आरम्भ गरेकी हुन् (श्रेष्ठ, २०६९ : आवरण पश्चपृष्ठ) । उनको जन्म पिता शरणलाल श्रेष्ठ र माता हरिदेवी श्रेष्ठबाट २००३ साल फागुन ३ गते काठमाडौँको बटुटोलमा भएको हो । उनको घर चितवनको लङ्कुमा हुनुका साथै हाल काठमाडौँ, बालुवाटारमा रहेको छ (लेखकबाट प्राप्त जानकारी) । उनले औपचारिक शिक्षा पद्मकन्या क्याम्पस, काठमाडौँबाट बी.ए. सम्मको अध्ययन गरेकी छन् । उनको पहिलो कृति *लाभाका बाफहरू* (कथासङ्ग्रह, २०५८) हो र त्यसपछि क्रमशः *परीको घर* (बाल कथासङ्ग्रह, २०६०), *मेहनती गौरी* (बाल उपन्यास, २०६१), *मौन विद्रोह* (कथासङ्ग्रह, २०६१), *तिसाको जन्मदिन* (बाल कथासङ्ग्रह, २०६१), *सुनपरी* (बाल उपन्यास, २०६३), *शान्ताको इच्छा* (लामो बालकथा, २०६५) र *नियति चक्र* (उपन्यास, २०६९) प्रकाशित भएका छन् । यसभन्दा बाहेक उनका केही फुटकर रचनाहरू *मधुपर्क, गरिमा, बनिता* आदि पत्रिकामा प्रकाशित छन् । जलेश्वरी श्रेष्ठ अन्य विभिन्न क्षेत्रमा पनि सक्रिय रहेकी छन् । उनी ‘देवकुमारी थापा बाल साहित्य वनिता पुरस्कार’, ‘गोमा स्मृति पुरस्कार’, ‘गुञ्जन प्रतिभा पुरसकार’ र ‘बन्दीपुर बालप्रतिभा पुरस्कार’ की संस्थापक पनि हुन् । यसका साथै ‘*वनिता* त्रैमासिक पत्रिकाकी मानार्थ संरक्षक’, ‘नारी साहित्य प्रतिष्ठान’, ‘भानु साहित्य प्रतिष्ठान’, ‘*जनमत* पत्रिकाकी संरक्षक’, ‘गुञ्जनकी कोषाध्यक्ष’, ‘पेन इन्टरनेशनल नेपालकी सदस्य’, साहित्यिक पत्रकार सङ्घकी आजीवन सदस्य’, ‘तपस्थली वृद्धाश्रम’, ‘आख्यान समाज’, ‘कौशिकी नेपाल भाषा परिषद’, ‘बौद्ध महिला सङ्घकी आजीवन सदस्य’ र ‘*रचना*की विशिष्ट सदस्य’ रहेकी छन । उनका यिनै योगदानहरूका लागि उनलाई ‘नवरङ्ग साहित्य विशेष कदर (२०६०)’, ‘बाल साहित्य प्रतिष्ठान सम्मान-पत्र (२०६३)’, ‘प्रयास साहित्यक समूह सम्मान-पत्र (२०६४)’, मानचित्र सञ्चार समूहद्वारा ’मानचित्र सम्मान (२०६४)’, ‘इन्टरनेशनल सान अवार्ड (सन् २०१०)’, *नियति चक्र* उपन्यासका लागि गड्की-वसुन्धरा पुरस्कार (२०६९)’ द्वारा सम्मान तथा पुरस्कार प्रदान गरिएको छ । उनलाई कथाकार, बाल कथाकार, बाल उपन्यासकार, मनोवैज्ञानिक उपन्यासकार र कविको रूपमा हेरिन्छ ।

### ४.२.९.२ कथानक

*नियति चक्र* उपन्यासमा एकपछि अर्को घटनाहरू क्रमशः घट्दै गएकाले यो घटना प्रधान उपन्यास हो । यसमा नायिकाको केन्द्रियतामा घटनाहरू घट्दै गएका छन् । जसमा सहरीया एक सम्पन्न परिवारकी छोरी समीरा र गाउँको गरीब रमणबीचको मित्रता विस्तारै प्रेममा परिणत भएपछि समीराले रमणसँग नै जिन्दगी बिताउने र रमणविना आफू बाँच्न नसक्ने अडान लिएपछि समीराको बाबुद्वारा रमणको रहस्यमय हत्या हुन पुग्छ । रमणको मृत्यले विक्षिप्त भएकी समीराले पूर्ण रूपमा चेतनशक्ति गुमाएपछि आफ्नै परिवारको मिलोमतोमा निःसन्तान उनकी दिदी शकुन्तलाले सन्तानप्राप्तिको लालसामा आफ्नै पति सुशीलसँग विवाह गराइदिन्छिन् । समीराले सुशीलबाट यन्त्रवत् सन्तान जन्माउँछिन् तर सुशीलबाट कुनै पनि किसिमले श्रीमतीलाई जस्तो व्यवहार पाउन सक्दिन । व्यापारको क्रममा सुशीलको बिजनेस पार्टनर राजेशसँग समीराको प्रेम सम्बन्ध गाँसिन पुग्छ । जुन प्रेम सम्बन्धले व्यापक रूप लिएपछि समीराले आफ्नो घर छाडी छुट्टै डेरामा बस्न थाल्छिन्, जहाँ राजेशको आउजाउ चलिरहन्छ । समीरा र राजेशले संयुक्त व्यवसाय खोल्दछन्, जुन अत्यन्त सफल हुन्छ । यसै क्रममा एकदिन राजेशको अचानक मृत्यु हुन्छ । राजेशको मृत्युपश्चात् व्यापारमा राजेशका छोरा रितेशको प्रवेश हुन्छ । राजेशकी श्रीमती मन्जुको आग्रहअनुसार रितेशले मायाको नाटक गरी समीरालाई प्रेममा पूर्ण अन्धो बनाइ प्रेम र नसाको बेहोसीमा खाली कागज र चेकमा हस्ताक्षर गराई सम्पत्ति पुरै हत्याउँछ । समीरा पूर्णरूपमा कङ्गाल हुन पुग्छिन् । उनी निःसहाय हुन्छिन् । सम्पूर्ण संसार सून्य हुन्छ । यस घटनाले विक्षिप्त भइ भौतारिँदै समीरा गङ्गा नदी पुगी आत्महत्या गर्ने प्रयास गर्छे, तर बौद्ध भिक्षुहरूले जीवितै उद्धार गर्दछन् ।

अन्त्यमा विश्वभरका ठूल्ठूला बौद्धधर्मी भिक्षु-भिक्षुणीको उपस्थिति भएको लुम्बिनीमा हुन गएको धार्मिक सम्मेलनमा एकदम तेजस्वी भिक्षुणी ‘सुजाता भिक्षुणी’ को रूपमा सम्मानित हुँदैगर्दा उनका सम्पूर्ण परिवारका सदस्यहरूले देखेपछि विगतलाई बिर्सिंदै सम्मानित पात्रका रूपमा उसको स्थान स्थापित हुन्छ । उनका आफन्तहरूले उनीप्रति गरेका सम्पूर्ण कार्यको पश्चात्ताप गर्दछन् । समीराले आफ्नो जीवनमा घटेका घटनाहरू सम्झँदै आफ्ना विचारहरू पोखेर लेखेको पत्र भिनाजु विकासलाई प्राप्त हुन्छ । यिनै घटनाहरूलाई कथावस्तु बनाई उपन्यासको अन्त्य भएको छ ।

यसका साथै मुख्य कथानकलाई अगाडि बढाउने क्रममा अन्य केही प्रसङ्गिक कथाहरू पनि आएका छन् । जस्तै : बन्दीपुरको खड्गदेवी मन्दिरको किम्बदन्तीको प्रसङ्ग, समीराका हजुरबाले धेरैवटा श्रीमती ल्याएको प्रसङ्ग, सुशील र शकुन्तलाबीचका प्रसङ्ग र विकास, सरला, राजेश, मन्जु, रितेश, ज्योती र दीपक आदिका प्रसङ्ग सहायक कथाहरू हुन् ।

### ४.२.९.३ पात्रविधान

*नियति चक्र* उपन्यास पात्रविधानका दृष्टिले बहुपात्रीय उपन्यास हो । यसमा नायिका, नायक र सहायक पात्रहरू गरी लगभग पैँतीस जनाभन्दा बढी पात्रहरू उपस्थित छन् । यस उपन्यासका पात्रहरू केही प्रत्यक्ष र केही परोक्ष रूपमा आएका छन् । जसमा समीरा, रमण, राजेश, सुशील, शकुन्तला विकास, सरला, रितेश, कृष्णमान, रत्नमाया, मन्जु, ज्योति, दीपक, राकेश, रामदाइ, छोरा-बुहारी, छोरी-ज्वाइँ, नाति-नातिना, भिक्षु-भिक्षुणीहरू, उपासक-उपासिकाहरू आदि पात्रहरू रहेका छन् । यिनै पाहरूको माध्यमद्वारा लेखिकाले यौन स्वतन्त्रता र यौनशोषण दुवै पक्षलाई खुलेर प्रस्तुत गरेकी छन् । यसका पात्रहरूमध्ये मुख्य भूमिकामा रहेका केही पात्रहरूको चरित्रचित्रण यहाँ प्रस्तुत गरिएको छ :

(क) **समीरा** : *नियति चक्र* उपन्यास नायिकाको केन्द्रियतामा अगाडि बढेको छ । यस उपन्यासको प्रमुख पात्र समीरा नै यस उपन्यासकी नायिका हो । समीराको शारीरिक बनावट अत्यन्तै आकर्षक छ । उनी अप्सराजस्ती अत्यन्तै सुन्दर, चञ्चले, धेरै बोल्ने र ज्यादै जिद्दी स्वभावकी हुन्छे । समीरा कृष्णमान र रत्नमायाकी कान्छी छोरी हुन् र शकुन्तला र सरलाकी कान्छी बहिनी हुन् । सुशीलकी साली र श्रीमती दुवै हो । विकासकी साली, रमणकी प्रेमिका र श्रीमती तथा राजेशकी प्रेमिका हो तर रितेशले भने सम्पत्ति हत्याउनका लागि मात्र सुमीरासँग प्रेमको नाटक गरेको देखिन्छ । समीरा कसैको पनि डर, त्रास नराखी स्वतन्त्रतापूर्वक प्रेम गर्ने, प्रेमको सम्बन्धमा सामाजिक नीति, नियमलाई नै तोड्ने विचार राख्ने, आफूले इच्छाएको व्यक्तिलाई जसरी पनि प्राप्त गरेरै छाड्ने जिद्दी स्वभावकी छे । आफूखुसी प्रेमविवाह गरेको उनको पहिलो पतिको मृत्युले चेतनाविहीन अवस्थामा पुगेकी समीराको आफ्नै निःसन्तान भिनाजुसँग दोस्रो विवाह हुन पुग्छ । यसरी दुई जनासँग वैवाहिक बन्धनमा बाँधिन पुग्दछे । दोस्रो विवाह भएर त्यहाँ उनले सन्तान जन्माउने यन्त्रको रूपमा सन्तानलाई जन्म दिए पनि पतिबाट प्रेमपूर्ण व्यवहार पाउन सक्दिन । पतिको प्रेमबाट सन्तुष्टि नपाउनु र त्यस घरमा आफ्नो कुनै स्थान नभएको महसुस गरी उनी फेरि प्रेमको खोजीमा भौतारिन पुग्छे । उनी दोस्रो पटक पुनः प्रेमीको मृत्युमा विक्षिप्त हुन पुगी प्रेमको निम्ति भौँतारिँदै र प्रेमको लालसामा परी छोरा समानको व्यक्तिसँग पनि प्रेम गर्न पुग्छे । यसरी जीवनभर आत्मिक र अमर प्रेमको खोजीमा भौँतारिँदै धेरै जनासँग प्रेम-प्रणय र सहवास गरेकी समीराले आफ्नो चरित्रमाथि विभिन्न आरोपहरू खेपिरहनु पर्दछ । यिनै परिस्थितिलाई भोग्दै तत्कालीन समाज र सम्पूर्ण परिवारको आँखाबाट झरेकी समीरा भौतिक सुखले भन्दा आध्यात्मिक सुखले जीवनलाई सार्थक बनाउँछ भन्ने विचार राखी अन्त्यमा भिक्षुणी सुजाताका रूपमा सम्पूर्ण मानवजातिको सेवामा समर्पित हुन्छे । यसरी समीरा बौद्ध भिक्षुणीको रूपमा उदयपछि सम्पूर्ण समाज र उनको सम्पूर्ण परिवार श्रद्धाले उनीप्रति झुक्छन् ।

(ख) **विकास :** विकास यस उपन्यासको सहायक पुरुष पात्र हो । यस उपन्यासको सुरु र अन्त्यमा विकासको विशेष भूमिका रहेको छ । यस उपन्यासको एक अध्यायदेखि एक्काईस अध्यायसम्म विकासको सम्झनामा समीराका जीवनका घटनाहरू रहेका छन् । प्रस्तुत उपन्यासको अन्त्य पनि विकासमा नै टुङ्गिएको छ । विकास समीराको माइलो भिनाजु हो । समीराको जेठो भिनाजु सुशीलसँगको वैवाहिक जीवनमा बाँधिएर सन्तानप्राप्तिपछि पनि समीरा र राजेशको प्रेम प्रसङ्ग चल्दा विकास समीरालाई सम्झाउन पुग्छ । विकासले त्यस समयमा समीराको जीवनको वास्तविक स्थिति बुझेर समीरालाई स्वतन्त्रतापूर्वक बाँच्न दिनु नै ठीक हुने कुरामा सबै परिवारलाई सल्लाह दिन्छ । त्यसैले ऊ यस उपन्यासमा सहयोगी चरित्रको रूपमा देखिएको छ ।

(ग) **रमण :** रमण समीराको पहिलो आत्मिक प्रेमी र पति हो । ऊ आकर्षक व्यक्तित्व भएको सुन्दर, देख्दै लायक केटो हो । ऊ मिलनसार, सहयोगी, जेहेन्दार, सोझो, ज्ञानी र राम्रो स्वभाव भएको शिक्षित केटो भए पनि गरीब भएकै कारण समीराको बाबुले उसलाई ज्वाइँको रूपमा स्वीकार्न सक्दैन । अन्ततः समीराकै बाबुको षड्यन्त्रबाट उनको रहस्यमय मृत्यु हुन पुग्छ । यसैले रमण यस उपन्यासमा एक असफल प्रेमीको रूपमा आएको छ ।

(घ) **सुशील :** सुशील समीराको भिनाजु र पति दुवै रूपमा आएको छ । समीराको आफ्नै इच्छाले विवाह गरेको उनको पहिलो पति रमणको रहस्यमय मृत्युले पर्न गएको मानसिक चोट सहन गर्न नसकी चेतनशक्ति नै गुमाएकी अवस्थामा डाक्टरले वैवाहिक सम्बन्धले मानसिक स्थितिमा सुधार आउन सक्ने सम्भावना बताएपछि समीराकी जेठी दिदी शकुन्तलाले लामो समयसम्म आफूबाट सन्तान हुन नसकेको सोचेर आफ्नै पतिलाई समीरासँग विवाह गर्न प्रस्ताव राखी उनकै जिद्दीले सुशीलले समीरासँग विवाह गर्दछ । तर सुशीलले समीरालाई पूर्णरूपमा पत्नीको रूपमा स्वीकार्न सक्दैन । समीरालाई सन्तानप्राप्तिका लागि सन्तान उत्पादन गर्ने यन्त्रको रूपमा मात्र उनले व्यवहार गर्दछ । समीराले घरमा पति र सन्तान हुँदाहुँदै बाहिर प्रेमीसँग हिँडेको थाहा पाउँदा पनि सुशीलले समीरालाई सम्झाउन सक्दैन र उनी समीरालाई सम्झाउन चाहँदैन । यस उपन्यासमा सुशीलले असल पतिको भूमिका निर्वाह गर्न सकेको छैन । पत्नीको करकापमा परी दोस्रो विवाह गर्ने, दोश्री पत्नीप्रतिको जिम्मेवारी पूरा गर्न नसक्ने, आफ्नै पत्नीले आफ्नै आँखाअगाडि प्रेमलीला देखाउँदा पनि कुनै प्रतिक्रिया देखाउन नसक्ने, पत्नीलाई सम्झाउन नसक्ने अत्यन्त कमजोर र बेजिम्मेवार पतिको रूपमा ऊ यस उपन्यासमा आएको छ ।

(ङ) **राजेश :** राजेश यस उपन्यासको खलपात्र हो । उसले आफ्नी पत्नी मञ्जुको शारीरिक अशक्तताको फाइदा उठाइ आफ्नो बिजनेस पार्टनरलाई धोका दिएर

उनकी श्रीमती समीरासँग शारीरिक सम्बन्ध र स्वार्थी प्रेम गरी समीरालाई उनको परिवारबाट अलग्गिएर बस्ने अवस्था बनाउने एक धोकेबाज, स्वार्थी र विवेकहीन व्यक्ति हो । उसले समीराको साथ पाएर व्यावसायिक रूपमा उन्नति, प्रगति गर्दै जाँदा एकदिन अचानक मृत्युवरण गर्दछ ।

**(च) रितेश** : रितेश पनि यस उपन्यासको खलपात्र हो । ऊ समीराको दोश्रो प्रेमी राजेशको छोरो हो । ऊ आफ्नो बाबुको मृत्युपछि आफ्नी आमा मञ्जुको आज्ञानुसार नाटकीय रूपमा समीरालाई प्रेम गरी बाबुले समीरासँग मिलेर कमाएको सम्पूर्ण सम्पत्ति पत्ता लगाएर समीरालाई प्रेम र नसाको बेहोसीमा पारी सम्पूर्ण सम्पत्ति हत्याउन सफल हुने एक अत्यन्त चलाख, चतुर, महसुर व्यक्ति हुनुका साथै सम्पत्तिप्राप्तिका लागि आमा समानको समीरालाई प्रेम र नसाका माध्यमद्वारा मदहोश बनाइ भोग गर्ने अन्यन्त नीच, पतीत व्यक्ति हो ।

**(छ) ज्योति** : ज्योति यस उपन्यासको आधुनिक युवा पुस्ताको प्रतिनिधि पात्र हो । उनी अमेरिकामा अध्ययन पूरा गरी विवाह पश्चात् पनि अमेरिकामै बस्छे । उनी ठूली आमाको लालन-पालनमा हुर्केकी हुन्छे । उनी सानो छँदा आफ्नी आमाप्रति वितृष्णाभाव देखाउँछे तर पछि ठूलो भएर आफै आमा बनेपछि मातृत्वभाव, दुःख, कष्ट र सन्तानप्राप्तिमा पाइने सुखद् क्षणको अनुभव समेटेपछि आफ्नी आमा समीराको मातृत्वभावलाई हृदयदेखि महसुस गरी आमाप्रति कृतज्ञभाव व्यक्त गर्छे र उनी आमासँग नजिक हुन चाहन्छे ।

यसरी यस उपन्यासका सम्पूर्ण पात्रहरूले प्रमुख पात्रको भूमिकालाई सशक्त बनाउन आ-आफ्नो क्षेत्रबाट प्रत्यक्ष वा परोक्ष रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । त्यसैले प्रस्तुत उपन्यासका पात्रहरू सहज, स्वाभाविक र विश्वसनीय रूपमा आएका छन् ।

### ४.२.९.४ परिवेश

*नियति चक्र* उपन्यासमा पुरुषप्रधान मानसिकता भएको हाम्रै नेपाली समाजको परिवेश आएको छ । स्थानगत रूपमा हेर्दा यस उपन्यासमा पोखरा, बन्दीपुर, काठमाडौं, तनहुँ, भारतको वनारस, दिल्ली, अमेरिका, लुम्बिनी, पाँचतारे होटल, प्राचीन खड्गदेवी मन्दिर, सानो झुपडी, क्याम्पस, बसस्टप, कलङ्की, कलङ्कीमाईको मन्दिर, नगरकोट, धुलीखेल, एयरपोर्ट, लजएन्जलस, बैङ्कक, रामेश्वर, वृन्दावन, बद्री, केदार, जगन्नाथ, वैष्णवीदेवी, गङ्गानदी, गङ्गा नदीको घाट, बोधगया, वनारसघाट, नैरञ्जना नदी, फाल्गुनी नदी, विहार, महाबोधि विहार आदि यस उपन्यासका भौगोलिक परिवेश हुन् । सामाजिक परिवेशको हिसाबले हेर्दा पुरुष मानसिकताबाट हुने मानसिक हस्तक्षेपका कारण उत्पन्न समस्यालाई मुख्य विषय बनाइएकोले पुरुषप्रधान समाज नै यस उपन्यासको मुख्य परिवेश हो । यस उपन्यासमा ग्रामीण सामाजिक परिवेश र सहरी परिवेश गरी दुई किसिमको परिवेश आएका छन् । मुख्य रूपमा समीराको घर भएको काठमाडौं सहरको परिवेश र समीराको आफन्तहरू बस्ने ग्रामीण परिवेश रहेका छन् । यसमा नेवार जातिको पारिवारिक

वातावरणलाई देखाइएको छ । यस उपन्यासले आधुनिक युगमा हाम्रो समाजमा हुने गरेको नयाँ पुस्ता र पुराना पुस्ताबीचको सांस्कृतिक धारणाहरूप्रतिको अन्तर्सङ्घर्षलाई प्रस्तुत गरेको छ । यसमा हाम्रो समाजको सांस्कृतिक तथा धार्मिक परिवेशका झलकहरू पनि पाइएका छन् । प्राचीन र महत्त्वपूर्ण मानिने बन्दीपुरको खड्गदेवीको मन्दिरमा दशैंमा फूलपातीका दिन गरिने खड्गजात्राको विस्तृत चर्चा यसमा गरिएको छ । अत्यन्त रोचक किम्बदन्ती भएको खड्गलाई नै पूजा गरिने यस खड्गदेवी मन्दिरको प्रसङ्ग यस उपन्यासमा आएको छ । त्यस्तै कलङ्की माईको मन्दिरमा गई नायक-नायिकाले विवाह गरेको प्रसङ्गसमेत आएको छ र दशैं, तिहार आदि चाडपर्व, जन्म, मृत्यु, विवाह आदि प्रसङ्गहरू आउनुका साथै लुम्बिनीमा धार्मिक समारोह भएको देखाइएको छ । यस उपन्यासमा विभिन्न सामाजिक परम्परालाई प्रस्तुत गर्दै प्रेम-प्रणयले मानिसमा आउने मानसिक उतार-चढावलाई प्रस्तुत गरिएको छ ।

### ४.२.९.५ उद्देश्य

*नियति चक्र* उपन्यासमा पुरानो पुस्ता र नयाँ पुस्ताबीचको वैचारिक मतभिन्नताका कारण एउटा व्यक्तिको जीवनले के-कस्तो मोड लिन्छ र एउटा घटनाका कारणले अन्य घटनाहरू के-कसरी निम्तदैं जान्छ भन्ने देखाउनु नै यसको मुख्य उद्देश्य रहेको छ । हाम्रो समाजमा घटित हुने गरेका घटनाहरूकै आधारमा नारी स्वतन्त्रता र नारी अस्तित्त्वका लागि एक साहसी नारीले चाल्नुपरेका कदमहरूलाई यस उपन्यासले प्रस्तुत गरेको छ । यस उपन्यासले एउटै समाजमा समान महत्त्व राख्ने स्त्री र पुरुषका बीच दोहोरो नैतिक मापदण्ड राखिएको अन्यायपूर्ण वास्तविकताको खुलेरै विरोध गरिएको छ (गौतम, २०६९ : भूमिका) । एक्काईसौं शताब्दीमा आएर पनि हाम्रो समाजमा अभिभावक मानिएका पुरुषहरूबाट छोरी, बुहारी र श्रीमतीका इच्छा, आकाङ्क्षा र विचारहरू स्वतन्त्र हुन नसकेको तीतो यथार्थलाई यसले प्रस्तुत गरेको छ । यौन स्वतन्त्रता र यौन शोषण दुवैलाई यसले खुलेर प्रस्तुत गरेको छ । पुरुषप्रधान हाम्रो समाजको पुरुष अहम् र पुरुष प्रवृत्तिबाट स्त्रीजातिमाथि पर्न गएको मानसिक दवाबका कारण क्षतविक्षत हुन पुगेको नारी मानसिकतालाई यस उपन्यासले स्पष्ट रूपमा खुलेर देखाएको छ । मातृत्व चेतनाले भरिपूर्ण यस उपन्यासमा सन्तानप्राप्तिमा हुने दुःख, कष्ट र सुखद क्षण दुवै पक्षलाई देखाउँदै जति टाढा भए पनि आमा सधैं सन्तानको खुसीमा खुसी र दुःखमा दुःखी हुन्छे भन्ने मातृत्व भावलाई प्रस्तुत गर्दै आमाप्रति कृतज्ञभाव दर्शाएको छ । आर्थिक असमानताका कारण टुट्न पुगेको प्रेमलाई प्रस्तुत गर्दै उपन्यासकारले समाज सुधारका लागि वैचारिक परिवर्तन चाहेकी छिन् । सम्पन्न र सभ्रान्त वर्गले भोग्नु परेको सङ्घर्षपूर्ण जीवनलाई प्रस्तुत गर्दै

उपन्यासकारले आध्यात्मिक सुखले मात्र मानिसलाई सुखी र खुसी रहन सक्ने देखाएकी छिन् । यसमा बुद्धधर्मद्वारा मानसिक शान्ति प्राप्ति हुनुका साथै धार्मिक, सांस्कृतिक, जातीय, वर्गीय विषमता अन्त्य भएर आध्यात्मिक सुख प्राप्त हुने देखाइएको छ । यौन स्वतन्त्रता, नारी अस्तित्व, मानसिक कुण्ठा, सङ्घर्षपूर्ण जीवन, पुरुष अहम्, पुरुष प्रवृत्ति, मातृत्वभाव, स्वार्थ, भावुकता, चेतना, कर्तव्य, सम्पत्तिको अहम्, वैभव, सुख-दुःख, मानसिक उतार-चढाव, सामाजिक विसङ्गति आदिलाई प्रस्तुत गर्दै समयसापेक्ष वैचारिक परिवर्तनको चाहना राख्नु नै यस उपन्यासको मुख्य उद्देश्य रहेको देखिन्छ ।

### ४.२.९.६ दृष्टिविन्दु

*नियति चक्र* उपन्यासमा औपन्यासिक गतिविधि र यसका क्रियाकलापलाई अगाडि बढाउन विभिन्न पात्रहरूको उपस्थिति गराइएकोले यसमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । यस उपन्यासको मुख्य पात्र समीराका जीवनका घटनाहरूलाई अगाडि बढाउने क्रममा अन्य पात्रहरू विकास, रमण, सुशील, राजेश, रितेश, शकुन्तला, सरला, कृष्णमान, रत्नमाया आदि आएका छन् । यो उपन्यास समीराको जीवनका विभिन्न घटनाहरूको वर्णनमा नै केन्द्रित रहेको देखिन्छ । यस उपन्यासमा उपन्यासकार उपन्यासभन्दा बाहिरै रहेर यिनै पात्रहरूको माध्यमद्वारा आफ्नो विचार र चिन्तनहरूलाई व्यक्त गरेकी छिन् ।

### ४.२.९.७ भाषाशैली

*नियति चक्र* उपन्यासमा सरल र वर्णनात्मक भाषाको प्रयोग गरिएको छ । यस उपन्यासमा पात्रहरूको अवस्था र परिवेशअनुसार स्वाभाविक भाषाशैलीको प्रयोग गरिएको छ । यस उपन्यासमा पूर्वस्मृति पद्धतिको प्रयोग गरी बढी रोचक बनाइएको छ । धेरैजसो वर्णनात्मक र ठाउँ-ठाउँमा संवादात्मक शैलीको प्रयोग भएको पाइन्छ । यस उपन्यासका कतिपय ठाउँमा पत्रात्मक शैली, आत्मगत कथनशैली र विश्लेषणात्मक शैली अपनाइएकोले कलात्मक र प्रभावकारी बनेको छ । विभिन्न बिम्ब, प्रतीक, अलङ्कार, उखान-टुक्काको प्रयोगले यस उपन्यासको भाषालाई स्वाभाविक बनाएको छ ।

### ४.२.९.८ द्वन्द्व विधान

*नियति चक्र* उपन्यासमा मुख्य रूपमा पुरानो र नयाँ पुस्ताबीचको वैचारिक मतभिन्नताका कारण उठेका द्वन्द्वले गर्दा घटना घटेको पाइन्छ । यसमा आन्तरिक र बाह्य दुई प्रकारको द्वन्द्व उठान गरिएको छ । यस उपन्यासमा धनी र गरिबबीचको आर्थिक द्वन्द्व, पुरानो र नयाँ पुस्ताबीचको सांस्कृतिक द्वन्द्व, वर्गीय र जातीय द्वन्द्व बाह्य रूपमा आएका

छन् भने आन्तरिक द्वन्द्वका रूपमा समीराको भौतिक जीवन र आध्यात्मिक जीवनमा देखिएको द्वन्द्व, शकुन्तलामा अभाव रहेको मातृत्वको द्वन्द्व, रमणले आत्मिक प्रेमका लागि गरेको द्वन्द्व प्रभावकारी र सशक्त ढङ्गले प्रस्तुत गरिएको छ (पौडेल, २०७२ : पृ. १००) ।

यी विभिन्न द्वन्द्वका साथै प्रस्तुत उपन्यासको नायिका समीराले जीवनभर यौन स्वतन्त्रताका लागि संस्कार र समाजसँग गर्नु परेका सङ्घर्षका क्रममा समीरामा आएका प्रेम-प्रणयसम्बन्धी द्वन्द्व मुख्य रूपमा आएको छ ।

### ४.२.९.९ शीर्षक

*नियति चक्र* उपन्यासमा नियतिले मानिसलाई कहाँबाट कहाँ पुऱ्याउँछ भन्ने देखाउँदै जस्तो परिस्थितिमा पनि मानिसले जीवन भोग्नु पर्दछ भन्ने देखाइएको छ । भौतिक सुखलेभन्दा आध्यात्मिक सुखले जीवन सार्थक हुने देखाइएको यस उपन्यासका पात्रहरूको जीवन सोचेअनुरूप नभएर नियतिको चक्रमा परी जीवनमा धेरै उतार-चढाव भोग्नु परेको देखिएकाले शीर्षक सार्थक रहेको छ ।

### ४.२.९.१० संवाद

*नियति चक्र* उपन्यासका संवादहरू पात्रानुकूल स्वाभाविक किसिमका छन् । यस उपन्यासमा शिक्षित र सम्पन्न परिवारको पात्रहरूको चित्रण पाइन्छ । यसका संवादहरू पात्रहरूको स्तरअनुरूप भएकाले यसको संवादमा जीवन्तता पाइन्छ । यसका संवादहरू पात्रको सामाजिक स्तरअनुरूप आएका छन् । यस उपन्यासमा प्रयोग भएका संवादहरू केही लामा र केही छोटा भएकाले यसमा संवादगत एकरूपता भने पाइँदैन । यस उपन्यासको कतिपय ठाउँहरूमा मनका कुण्ठा र मानसिक स्थिति पनि संवादकै माध्यमबाट पोखिएका छन् । यस उपन्यासका केही संवादका नमुनाहरू निम्नानुसार रहेका छन् :

(क) **समीरा र वीकास बीचको संवाद**

“खै चिनेको जस्तो लाग्छ, तर ठम्याउन सकिनँ ।”

“ऊ राजेशको छोरा रितेश त हो नि” (पृ. २) ।

(ख) **समीराका बाबुआमाबीचको संवाद**

“समीरा खोई ? उनलाई खाना खान बोलाऊ ।”

“अघि नै अलिकति खाएर निद्रा लाग्यो भनेर गइसकी, निदाई पनि सकी होली ।”

“राम्ररी विचार गरेर हेर, फेरी भाग्ली त्यो” (पृ. २१) ।

(ग) **समीराका बाबु र डाक्टरबीचको संवाद**

"अब के गरी यिनको उपचार गर्न सकिन्छ डाक्टर साहेब ?"

"सायद उनको विवाह गरिदिएमा कुनै पुरुषको मायाले उनमा नयाँ चेतना आउन सम्भावना छ" (पृ. ४१) ।

(घ) **सुशील र शकुन्तलाबीचको संवाद**

"तिमीलाई त्यस्तो बच्चा खेलाउने रहर छ भने एउटा धर्मपुत्री वा धर्मपुत्र पाले त भइहाल्छ नि ।"

"हैन, मलाई तपाईंकै सन्तान चाहिन्छ" (पृ. ४२) ।

**निष्कर्ष**

प्रस्तुत उपन्यास मुख्यतः नारी समस्यामा नै केन्द्रित रहेको देखिन्छ । जसमा एक्काइसौँ शताब्दीमा आएर पनि हाम्रो समाजमा नारीहरूको इच्छा, आकाङ्क्षा र विचारहरू अभिभावक मानिएका पुरुषहरूको मानसिक दवावका कारण स्वतन्त्र हुन नसकी उत्पन्न समस्याको सेरोफेरोलाइ मुख्य कथानक बनाइएको छ । नायिका समीराको केन्द्रीयतामा अगाडि बढेको प्रस्तुत उपन्यासमा समीरासँग सम्बन्धित अन्य प्रमुख भूमिका रहेका पात्रहरू हुन् : समीराका प्रेमी रमण, राजेश, समीराको भिनाजु तथा लोग्ने सुशील, दिदी शकुन्तला, भिनाजु विकास, दिदी सरला, रितेश, कृष्णमान, रत्नमाया, मन्जु, ज्योति, दीपक, राकेशका साथै अन्य धेरै सहायक पात्रहरू पनि आएका छन् । यसमा मुख्य रूपमा दुई किसिमको परिवेश आएको छ । जसमा ग्रामीण सामाजिक परिवेश र सहरीया परिवेश ।

पुरानो पुस्ता र नयाँ पुस्ताबीचको वैचारिक मतभिन्नतालाई प्रस्तुत गर्नु नै प्रस्तुत उपन्यासको मुख्य उद्देश्य रहेको छ । यसमा उपन्यासकी नायिका समीरा र उनीसँग सम्बन्धित हुन आएका अन्य पात्रहरूका माध्यमबाट उपन्यासकारले आफ्नो विचार व्यक्त गरेकी छन् । यिनै पात्रहरूबीच भएका संवादहरू पात्रानुकूल भएकाले स्वाभाविक रहेको देखिन्छ । तदनुरूप लेखकले भाषाशैलीको प्रयोग गरेकी छन् । प्रस्तुत उपन्यासको नायिका समीराले नियतिको चक्रमा परी जीवनभर धेरै उतार-चढाव भोग्नु परेकाले उपन्यासको शीर्षक सान्दर्भिक रहेको देखिन्छ । प्रस्तुत उपन्यासमा आन्तरिक र बाह्य दुवै प्रकारका द्वन्द्व आएका छन् । *नियति चक्र* उपन्यासमा नारी मानसिकताको चिरफार गर्दै नारी स्वतन्त्रता र नारी अस्तित्त्वका लागि एउटा सचेत नारीले जीवनभर उठाउनु परेका सङ्घर्षशील कदमहरूलाई चित्रण गरिएको छ ।

## ४.३ निष्कर्ष

चार दशकभन्दा लामो समय बितिसकेको चितवनका उपन्यासको इतिहासलाई हेर्दा यी उपन्यासहरू धेरैको सङ्ख्यामा सामाजिक विषयवस्तुमा नै आधारित छन् । यस परिच्छेदमा अध्ययन गरिएका चितवनका नौवटा प्रतिनिधि उपन्यासहरूमा रामबाबु घिमिरेको *रित्तो आकाश* (२०३४), शोभा रानाको *बेवारिसे* (२०५२), रविकिरण निर्जीवको *कालो कर्णालीको सेतो छायाँ* (२०५६), शारदा ढुङ्गानाको *अन्तिम द्वन्द्व* (२०६२), हरिहर खनालको *समयको रेखाचित्र* (२०६५), रणेन्द्र बरालीको *इतिहासको एक पैका* (२०६६), धनराज गिरीको *अनन्त पाइला* (२०६८), अमर न्यौपानेको *सेतो धरती* (२०६८) र जलेश्वरी श्रेष्ठको *नियति चक्र* (२०६९) रहेका छन् । आख्यानीकरण, गुणात्मकता र कालक्रमिकताका हिसाबले महत्त्वपूर्ण मानिएका यी प्रतिनिधि उपन्यासहरूले नेपाली जनजीवनको यथार्थको नजिक रहेर नेपाली समाज, हिन्दु संस्कार, गाउँले परिवेश र मानवमनका विभिन्न पक्षहरूको सशक्त रूपमा प्रस्तुत गर्न सफल भएका छन् । यिनले नेपालीहरूको यथार्थ अवस्थालाई चित्रण गरेका छन् । चितवनका यी प्रतिनिधि उपन्यासहरूले सामाजिक विसङ्गति, हिन्दु संस्कार, जातीय विभेद, वर्गभेद, रुढिग्रस्त समाज, अन्याय, अत्याचार, शोषण, दमन, उत्पीडन, नारीमाथि हुने मानसिक र शारीरिक पीडा तथा व्यथा, नारी अस्तित्व र नारी स्वतन्त्रताका विषयहरू, बालविवाह, बहुविवाह, अनमेल विवाह, सम्पन्न र विपन्न वर्गबीचको अन्तर, निम्नवर्गीय श्रमजीवी परिवारको चित्रणका साथै दलित मुक्ति आन्दोलन र कम्युनिष्ट आन्दोलन, सङ्घर्षपूर्ण जनआन्दोलन आदिको चित्रण गरेको छ ।

यी नौवटा प्रतिनिधि उपन्यासहरूले चितवनको उपन्यास लेखनपरम्पराको सम्पूर्ण रूपमा चित्रण नगरे तापनि यसको प्रतिनिधित्व गरेको छ ।

परिच्छेद : पाँच

# उपसंहार तथा निष्कर्ष

## ५.१ उपसंहार

यस परिच्छेदमा 'चितवनका प्रतिनिधि उपन्यास कृतिहरूको अध्ययन' शीर्षकको शोधपत्रका प्रत्येक परिच्छेदहरूको उपसंहार तथा समग्र निष्कर्षलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### ५.१.१ परिच्छेद : एक

यो परिच्छेद शोधपरिचयसँग सम्बन्धित छ । यसमा विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, महत्त्व र उपयोगिता, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखालाई प्रस्तुत गरिएको छ ।

### ५.१.२ परिच्छेद : दुई

प्रस्तुत परिच्छेद उपन्यासको विधातात्त्विक आधारसँग सम्बन्धित छ । यस परिच्छेदमा उपन्यास रचनाका आधारभूत तत्त्वहरूलाई समावेश गरिएको छ । जसमा कथानक, पात्रविधान, परिवेश, उद्देश्य, दृष्टिविन्दु, भाषाशैली, द्वन्द्वविधानलाई उपन्यासका प्रमुख संरचक घटक मानिएको छ । यसका अतिरिक्त शीर्षक, संवाद, बिम्ब, प्रतीक, गति-लय, अलङ्कारविधान आदि उपन्यासका शैली संरचनागत तत्त्वहरू हुन् । उपन्यासमा शीर्षक अति आवश्यक तत्त्व भएपनि उपन्यासको विशिष्ट तत्त्वमध्ये कुनै एकबाट सञ्चालित हुने हुनाले यसलाई सामान्य तत्त्व मानिएको छ ।

### ५.१.३ परिच्छेद : तीन

प्रस्तुत परिच्छेद चितवनमा उपन्यास लेखनपरम्परासँग सम्बन्धित छ । चितवनमा २०३४ सालबाट उपन्यास लेखन कार्य प्रारम्भ भएको हो । चितवनको उपन्यास लेखन दुई चरणमा विभाजन हुन्छ । प्रथम चरण २०३४ देखि २०६१ सालसम्मको समयावधि हो । यस चरणमा सोह्रवटा उपन्यासहरू प्रकाशित भएका छन् । यी उपन्यासहरूमा कलात्मकता न्यूनता रहे तापनि यिनमा तत्कालिन समाजको चित्रण पाइन्छ । द्वितीय चरण २०६२ सालदेखि हालसम्मको समय हो । दोस्रो चरणको पूर्वार्ध २०६२ देखि २०६७ सालसम्म र उत्तरार्ध २०६८ सालदेखि हालसम्मको समय हो । पूर्वार्धमा आठवटा र उत्तरार्धमा बाह्रवटा उपन्यासहरू प्रकाशित भएका छन् । यस दोस्रो चरणका उपन्यासहरूमा सामाजिक यथार्थलाई विभिन्न सन्दर्भबाट प्रस्तुत गरिएको छ । यी उपन्यासहरूमा कुरीति, कुसंस्कार,

भेदभावपूर्ण परिपाटीप्रति विद्रोहको आवाज उठाइएको छ । यस समयका उपन्यासहरूमा नारीवादी चेतनाका उपन्यासहरू पनि आएका छन् । यिनमा नवीनतम बिम्ब र प्रतीकहरूको प्रयोग हुनुका साथै पछिल्लो समयका उपन्यासहरू समय र सन्दर्भअनुरूप परिस्कृत र परिमार्जित समेत हुँदै आएको छ ।

**५.१.४ परिच्छेद : चार**

प्रस्तुत परिच्छेद चितवनका प्रतिनिधि औपन्यासिक कृतिहरूको अध्ययनसँग सम्बन्धित छ । यस परिच्छेदमा चितवनका नौवटा प्रतिनिधि उपन्यास कृतिहरूका लेखकहरूको परिचय र तिनका एक-एकवटा प्रतिनिधि उपन्यासहरूलाई उपन्यासका तत्त्वहरूका आधारमा अध्ययन गरिएको छ । रामबाबु घिमिरेद्वारा लिखित *रित्तो आकाश* चितवनको पहिलो उपन्यास हो । यसमा पुरुष प्रवृत्तिका कारण नारीहरूमा पर्ने मानसिक असरलाई प्रस्तुत गरिएको छ । यसपछि चितवनकी प्रथम नारी उपन्यासकार शोभा रानाको *बेवारिसे*मा बेवारिसे शिशुप्रति हाम्रो समाजको दृष्टिकोण र बेवारिसे अवस्थालाई प्रस्तुत गरिएको छ । रविकिरण निर्जीवको *कालो कर्णालीको सेतो छायाँ* कर्णाली प्रदेशको ग्रामीण परिवेशमा आधारित छ । यसमा छोरीहरूलाई शिक्षाको ज्योतिबाट बञ्चित गर्नुहुँदैन भन्ने सन्देश छ । शारदा ढुङ्गानाको *अन्तिम द्वन्द्व* नारी शोषणमा केन्द्रित सामाजिक उपन्यास हो । यसमा बालविवाह, बहुविवाह र अनमेल विवाहका कारण उत्पन्न समस्याहरूलाई प्रस्तुत गरिएको छ । हरिहर खनालको *समयको रेखाचित्र* २०४६ सालको जनआन्दोलनका केही अंशलाई प्रस्तुत गर्नमा केन्द्रित छ । यसमा निम्नवर्गीय श्रमजीवी परिवारको पारिवारिक परिवेशको चित्रण छ । रणेन्द्र बरालीको *इतिहासको एक पैका* मार्क्सवादी विचारधाराले ओतप्रोत बृहत् आकार भएको औपन्यासिक कृति हो । प्रस्तुत उपन्यास मुख्यतः दलितमुक्ति आन्दोलन र नेपालको कम्युनिष्ट आन्दोलनका यथार्थ घटनाहरूमा आधारित छ । यसमा २०२४ देखि २०५६ सालबीचका राजनीतिक घटनाहरूका साथै कम्युनिष्ट नेता रूपलाल वि.क. को राजनीतिक उत्थान र पतनको घटनालाई विषयवस्तु बनाइएको छ । धनराज गिरीको *अनन्त पाइला* मा चितवनको सौराह क्षेत्रको बायोग्राफिकल स्केच उतारिएको छ । प्रस्तुत उपन्यास गोविन्दराज भट्टराईको *सुकरातका पाइला* उपन्यासको क्रमलेखन भएकाले यसमा तिनै पात्र, परिवेश र घटनाहरूलाई पुनर्निर्माण गरिएको छ । अमर न्यौपानेद्वारा लिखित *सेतो धरती* बालविधवाको वैधव्य जीवनमा आधारित छ । यसमा हिन्दु संस्कारमा पुस्तौँदेखि हुने गरेका बालविवाह र बालविधवाको यौन मनोवैज्ञानिक समस्याहरूलाई यथार्थ रूपमा उतारिएको छ । जलेश्वरी श्रेष्ठको *नियति चक्र* मुख्यतः समाजमा अभिभावक

मानिएका पुरुषबाट नारीमाथि गरिने मानसिक हस्तक्षेपका कारण उत्पन्न समस्याहरूमा केन्द्रित रहेको छ ।

यसप्रकार प्रस्तुत परिच्छेदमा अध्ययन गरिएका चितवनका नौवटा उपन्यासहरू चितवनको उपन्यास लेखनपरम्पराका प्रतिनिधिमूलक मानक उपन्यासहरू हुन् ।

## ५.२ समग्र निष्कर्ष

चितवनको साहित्यिक इतिहास त्यति पुरानो छैन । कलानाथ अधिकारीद्वारा थारू भाषामा लिखित *जितिया पावनी* (२०१६) बाट चितवनको साहित्यिक इतिहास सुरु भएको हो । चितवनको उपन्यास लेखनचाहिँ रामबाबु घिमिरेको *रित्तो आकाश* (२०३४) बाट प्रारम्भ भएको हो । चितवनको उपन्यासको विकासक्रमलाई २०३४ देखि २०६१ सालसम्मको अवधिलाई प्रथम चरण र २०६२ सालदेखि हालसम्मको अवधिलाई दोस्रो चरण गरी दुई चरणमा विभाजन गरिएको छ । प्रथम चरणका सोह्रवटा उपन्यासहरूमध्ये रामबाबु घिमिरेको *रित्तो आकाश,* शोभा रानाको *बेवारिसे,* रविकिरण निर्जीवको *कालो कर्णालीको सेतो छायाँ* लाई प्रतिनिधि उपन्यासका रूपमा लिइएको छ । यी उपन्यास समाजमा नारीको अवस्थालाई चित्रण गरिएका सामाजिक उपन्यासहरू हुन् । यी तीनवटै उपन्यासहरू लघु आकारका रहेका छन् । दोस्रो चरण शारदा ढुङ्गानाको *अन्तिम द्वन्द्व* (२०६२) बाट सुरु हुन्छ । यस चरणका बीसवटा उपन्यासहरूमध्ये शारदा ढुङ्गानाको *अन्तिम द्वन्द्व,* हरिहर खनालको *समयको रेखाचित्र,* रणेन्द्र बरालीको *इतिहासको एक पैका,* धनराज गिरीको *अनन्त पाइला,* अमर न्यौपानेको *सेतो धरती,* जलेश्वरी श्रेष्ठको *नियति चक्र* लाई प्रतिनिधि उपन्यासका रूपमा लिइएको छ । यी उपन्यासहरूले हाम्रो सामाजिक, आर्थिक, बौद्धिक अवस्थालाई स्पष्ट रूपमा चित्रण गरेका छन् । यिनमा समाजमा हुने गरेका कुप्रथा, कुसंस्कार, अन्याय, अत्याचार, शोषण, दमन, गरिबी, लैङ्गिक विभेद, प्रेम-प्रणयका साथै जनसङ्घर्ष र जनआन्दोलनको समेत चित्रण छ । यिनले समाजलाई मार्गदर्शन गरेका छन् ।

चितवनको उपन्यास लेखनपरम्परामा यी उपन्यासहरू महत्त्वपूर्ण रहेका छन् । यिनले उपन्यास लेखनलाई एउटा निश्चित उचाइसम्म पुऱ्याएका छन् । 'मदन पुरस्कार' प्राप्त गर्नेसम्मको उचाइ र विशिष्टता चितवनको उपन्यासलाई प्राप्त भएको छ । नेपाली उपन्यासको विकास र उचाइ थप्नमा यी उपन्यासहरूको समेत ठूलो योगदान रहेको हुनाले यी प्रतिनिधि उपन्यास कृतिहरूको अध्ययनलाई शोधकार्यको विषय बनाई 'चितवनका प्रतिनिधि उपन्यास कृतिहरूको अध्ययन' शीर्षक चयन गरी अध्ययन-विश्लेषण गरिएको छ ।

# सन्दर्भ सामग्रीसूची


अर्याल, उषा (२०६८). 'साहित्यकार रणेन्द्र बरालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन'. अप्रकाशित स्नातकोत्तर तह शोधप्रबन्ध. चितवन : त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग ।

काफ्ले, फणिन्द्रराज (२०६४). *साहित्यका केही सैद्धान्तिक पक्ष.* काठमाडौँ : लेखक स्वयम् ।

कोइराला, चिरञ्जीवी नेपाली (२०७०). *सुशिला.* चितवन : चितवन साहित्य परिषद ।

खनाल, हरिहर (२०५५). "चितवनको साहित्य : एक बिहङ्गम दृष्टि". *चितवन महोत्सव स्मारिका.* (अङ्क १, पौष-माघ). पृ. ४९-५७ ।

खनाल, हरिहर (२०५७). "चितवनको साहित्यिक प्रकाशन". *चितवन महोत्सव स्मारिका.* (अङ्क : २, पौष-माघ). पृ. ८५-८७ ।

खनाल, हरिहर (२०६५). *उज्यालोको खोजीमा.* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

खनाल, हरिहर (२०६५). *समयको रेखाचित्र.* काठमाडौँ : पालुवा प्रकाशन ।

गिरी, धनराज (२०६८). *अनन्त पाइला.* चितवन : खेमलाल हरिकला लामिछाने प्रतिष्ठान ।

गौतम, लक्ष्मणप्रसाद (२०५२). *चितवनको साहित्य : सर्वेक्षण र विश्लेषण.* चितवन : चितवन वाङ्मय प्रतिष्ठान ।

गौतम, लक्ष्मणप्रसाद. (२०५७). "चितवनको साहित्य : यात्रा र प्रवृत्ति". *चितवन महोत्सव स्मारिका* (अङ्क : २, पौष-माघ). पृ. ९५-९८ ।

गौतम, लक्ष्मणप्रसाद (२०६०). "प्रजातन्त्र पुनर्स्थापनापछिको चितवनको साहित्य". *वेणी स्वर्ण स्मारिका.* (अङ्क ५०). पृ. १६७-१७१ ।

गौतम, लक्ष्मणप्रसाद (२०७०). "चितवनको साहित्य : विगत र वर्तमान". *मारुनी स्वर्ण महोत्सव विशेषाङ्क.* (अङ्क ५०). पृ. ११५-१५२ ।

घिमिरे, मीनादेवी (२०५९). 'रविकिरण निर्जीवको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन'. अप्रकाशित स्नातकोत्तर तह शोधप्रबन्ध. चितवन : त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग ।

घिमिरे, रामबाबु (२०३४). *रित्तो आकाश.* चितवन : लेखक स्वयम् ।

घिमिरे, सुमन. (२०७३). *मौनता.* काठमाडौँ : गोरखा पब्लिकेशन इन्क ।

चापागाईं, नारायणप्रसाद. (२०६१). 'कथाकार हरिहर खनालको कथाकारिताको अध्ययन'. अप्रकाशित स्नातकोत्तर तह शोधप्रबन्ध. चितवन : त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग ।

चालिसे, कृष्ण सुदामा 'घायल'. (२०५५). *जय-पराजय.* चितवन : जोशिलो प्रकाशन ।

जोशी, सरला. (२०५८). *अन्तिम स्वीकार.* वाराणसी : मुकेश प्रकाशन ।

ढुङ्गाना, शारदा. (२०६२). *अन्तिम द्वन्द्व.* काठमाडौँ : नारी साहित्य प्रतिष्ठान ।

ढुङ्गाना, शारदा. (२०६३). *अचानो परेको जीवन.* काठमाडौँ : नारी साहित्य प्रतिष्ठान ।

ढुङ्गाना, शारदा. (२०६५). *प्रश्न चिह्न.* काठमाडौँ : नारी साहित्य प्रतिष्ठान ।

ढुङ्गाना, शारदा. (२०६९). *दुखेका दिन.* काठमाडौँ : ब्रह्म-वसुन्धरा प्रतिष्ठान ।

ढुङ्गाना, निरूपा प्रसुन. (२०६६). *अभिषेक.* काठमाडौँ : ज्योति साहित्य प्रतिष्ठान ।

तिमिल्सिना, लक्ष्मीप्रसाद. (२०६७). *थोते जर्नेल.* चितवन : लेखक स्वयम् ।

तिमिल्सिना, लक्ष्मीप्रसाद. (२०६८). *अर्काकी स्वास्नी.* चितवन : लेखक स्वयम् ।

थारू, मनोज अज्ञात. (२०७५). *टुकी,* काठमाडौँ : नेपाली बुक्स पब्लिकेसन ।

दवाडी, पूर्णप्रसाद. (२०६६). 'धनराज गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन'. अप्रकाशित स्नातकोत्तर तह शोधप्रबन्ध. चितवन : त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग ।

दाहाल, मोहन पी. (सन् १९९३). *आधुनिक नेपाली उपन्यास* (सर्वेक्षण र अध्ययन). दार्जिलिङ : ग्रन्थकार सहकारी समिति ।

नन्दन, प्रेमविनोद. (२०७१). "चितवनको साहित्य : विगत, वर्तमान र आगत". *प्रलेश* (अङ्क : ३). पृ. ७७ ।

निर्जीव, रविकिरण (२०५६). *कालो कर्णालीको सेतो छायाँ.* चितवन : लेखक स्वयम् ।

निर्जीव, रविकिरण (२०७१). "चितवनको साहित्य : विगत, वर्तमान र आगत". *प्रलेश* : अङ्क ३, पृ. ७९ ।

निर्जीव, रविकिरण (२०७२). *आमाको दूधको धारा.* चितवन : प्रेमबहादुर, डम्बरकुमारी पण्डित, साहित्य प्रतिष्ठान ।

न्यौपाने, अमर. (२०६८). *सेतो धरती.* काठमाडौँ : फाइनप्रिन्ट आइ.एन.सि. ।

न्यौपाने, अमर. (२०७२). *करोडौँ कस्तुरी.* काठमाडौँ : फाइनप्रिन्ट बुक्स ।

न्यौपाने, अमर. (२०७६). *गुलाबी उमेर.* काठमाडौँ : फाइनप्रिन्ट बुक्स ।

पोखरेल, डी.आर. (२०६८). "चितवनमा पुस्तक र पत्रिकाहरूको नालीबेली". *शैक्षिक महोत्सव स्मारिका* (अङ्क ४). पृ. ५९-६६ ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.). (२०५५). *नेपाली बृहद शब्दकोष.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौडेल, नारद. (२०५३). *यात्रा नै जीवनसाथी.* चितवन : लेखक स्वयम् ।

पौडेल, विष्णुप्रसाद. (२०७२). 'चितवनका नारी स्रष्टाका औपन्यासिक कृतिहरूको अध्ययन'. अप्रकाशित स्नातकोत्तर तह शोधप्रबन्ध. चितवन : त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग ।

प्रधान, कृष्णचन्द्रसिंह. (२०५२). *नेपाली उपन्यास र उपन्यासकार* (ते.सं.). ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र. (२०६६). *उपन्यास-सिद्धान्त र नेपाली उपन्यास.* ललितपुर : साझा प्रकाशन ।

बराली, रणेन्द्र. (२०६६). *इतिहासको एक पैका.* काठमाडौँ : नेपाल दलित साहित्य तथा संस्कृति प्रतिष्ठान ।

बराल, ऋषिराज. (२०५६). *उपन्यासको सौन्दर्यशास्त्र.* ललितपुर : साझा प्रकाशन ।

आमोदी, भट्टराई, केशवराज र लीलामणि. (२०४७). *हिमाल रुन्छ.* चितवन : लेखकहरू स्वयम् ।

भट्टराई, रामजी. (२०६२). 'साहित्यकार रामबाबु घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन'. अप्रकाशित स्नातकोत्तर तह शोधप्रबन्ध. चितवन : त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग ।

राना, शोभा (२०५२). *बेवारिसे.* चितवन : नवीन राना ।

राना, शोभा (२०५६). *शिकार.* चितवन : लेखक स्वयम् ।

राई, इन्द्रबहादुर (२०६७). *नेपाली उपन्यासका आधारहरू* (चौ.सं.). ललितपुर : साझा प्रकाशन ।

रेग्मी, सरस्वती (२०६७). 'कथाकार हरिहर खनालको अस्तित्वको खोजी कथासङ्ग्रहको कृतिपरक अध्ययन'. अप्रकाशित स्नातकोत्तर तह शोधप्रबन्ध. चितवन : त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग ।

लामिछाने, यादवप्रकाश (२०६३). *नेपाली कथा-उपन्यास सिद्धान्त र समीक्षा.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लुइटेल, लीला (२०६८). *नेपाली महिला उपन्यासकार.* ललितपुर : साझा प्रकाशन ।

विनोदी, गोविन्दराज. (२०६७). "चितवनका स्रष्टा र साहित्य". *चितवन महोत्सव स्मारिका.* (अङ्क : ७, पौष-माघ). पृ.४१-४५ ।

शर्मा, रह. (२०७५). *ईप्सान्त.* काठमाडौँ : शिखा बुक्स ।

श्रेष्ठ, जलेश्वरी (२०६९). *नियति चक्र.* काठमाडौँ : सहयोगी प्रकाशन ।

श्रेष्ठ, रमेश प्रभात (२०६४). "चितवनका साहित्यिक कृतिहरूको अभिरेखाङ्कन". *रामेश्वर स्मारिका.* (अङ्क ?). पृ. १२५-१३९ ।

श्रेष्ठ, रमेश प्रभात (२०७१). "सेतो धरती उपन्यासमा अभिव्यञ्जित अमरको कला".*सप्तप्रवाह* (रजत वर्ष). : पृ. २३२-२४० ।

सापकोटा, पार्वती (२०६७). 'साहित्यकार शारदा ढुङ्गानाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन'. अप्रकाशित स्नातकोत्तर तह शोधप्रबन्ध. चितवन : त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग ।

सुवेदी, राजेन्द्र (२०६३). *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति.* ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र र तेजविलास अधिकारी (२०७०). *समालोचकका आँखामा हरिहर खनाल.* काठमाडौँ : जनसाहित्य प्रकाशन ।